ISSN 2594-3480

सम्पूर्ण कर्मचारीहरू एक जुट होऔं ।

पेशागत हकहित र संस्थाको समवर्द्धन गरौं

# लक्ष्ययात्रा

# २०८०



## राष्ट्रिय वाणिज्य बैंक
## कर्मचारी संघ नेपाल


DIGITAL DASHAIN TIHAR
करोडपति
बनौं
विदेशबाट पठाएको रकम IME PAY वालेट, आइएमई काउण्टर वा
बैंक खाता मार्फत प्राप्त गर्दा बन्न सक्नु हुनेछ "करोडपति"
IME Pay मा रकम पठाउँदा
हरेक महिना रु 1 लाख
साथै दशैं, तिहार र छठको
अवसरमा आकर्षक उपहारहरु जितौं
*शर्तहरु लागु हुनेछ ।
IME
International Money Express
IME pay
GET IT ON Google Play
Download on the App Store
SCAN & DOWNLOAD

# लक्ष्ययात्रा

(वार्षिक मुखपत्र २०८०)

ISSN 2594-3480


## सल्लाहकार

लक्ष्मीप्रसाद पाण्डेय

## सम्पादन समिति

संयोजक: श्री बद्रीप्रसाद तिमल्सिना

### सदस्यहरू

श्री ईश्वर उप्रेती

श्री लूजः श्रेष्ठ

श्री ऋषिराम ज्ञवाली

श्री सुश्मा सापकोटा

## व्यवस्थापन समिति

संयोजक: श्री लक्ष्मी ज्ञवाली

### सदस्यहरू

श्री रविन्द्रप्रसाद चौंलागाईं

श्री श्रवण कुमार सिंह

श्री पेशल नेपाल

श्री कविराज वराल

श्री रेनुका न्यौपाने

श्री कृष्णप्रसाद लम्साल

श्री सुष्मा ज्ञवाली

श्री उषा दुलाल

श्री लिना यादव



## राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल

### केन्द्रीय समिति

सिंहदरबार प्लाजा, काठमाडौं, फोन: ०१-४२५८८५१, ४२५२५९५, EXT.: ११११

**E-mail:** rbbea@rbb.com.np, **Website :** www.rabbea.org.np

मुद्रण: ग्लोबल प्रिन्ट कनेक्सन प्रा.लि. कमलादी, काठमाडौं | कम्प्युटर सज्जा: सन्तोष भट्ट | सहयोग रु. ५००/-

# हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

**लक्ष्मीप्रसाद पाण्डेय**
अध्यक्ष
तथा

**राष्ट्रिय वाणिज्य बैंक**
**कर्मचारी संघ नेपाल**
केन्द्रीय समिति परिवार

श्रम विभाग द.प.सं.: ९/०६५/०६६

(ट्रेड युनियन ऐन २०४९ बमोजिम स्थापित ट्रेड युनियन महासङ्घ)

# पेसागत महासङ्घ नेपाल
**Confederation of Nepalese Professionals (CONEP)**

## शुभकामना



पेसागत महासंघ नेपाल (CONEP) को वित्तीय क्षेत्रसँग सम्बन्धित श्रमिकहरुको ट्रेड युनियन बैंक, बिमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ नेपाल (BIFU) को एक सशक्त र क्रियाशील राष्ट्रियस्तरको प्रतिष्ठान राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल हो । आफ्ना राष्ट्रियस्तरका प्रतिष्ठानस्तरीय सङ्गठनहरुमध्ये राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल क्रियाशीलता, सदस्यता र सशक्तताका दृष्टिकोणले पहिलो प्रतिष्ठान हो । यस संघले ट्रेड युनियन आन्दोलनमा खेलेको भूमिका नेपालको सार्वजनिक ट्रेड युनियनका क्षेत्रमा अनुसरण गर्न योग्य भएको महसुस गरेको छु ।

गौरवपूर्ण विगत भएको यस संघलाई आफ्ना सदस्यहरुका हकहित, अधिकार प्राप्ति र तिनीहरुको सुरक्षा, संरक्षण र संस्थाको सम्बर्धनका लागि निरन्तरता दिने कार्यलाई अघि बढाउँदै संघको वार्षिक मुखपपत्र लक्ष्ययात्रा-२०८० प्रकाशन गर्न लागेकामा हर्ष व्यक्त गर्दछु । लामो समयदेखि प्रकाशन हुँदै आएको लक्ष्ययात्रामार्फत यस क्षेत्रसँग सम्बद्ध प्रकाशित लेख, रचना, सूचना लगायतका सामाग्रीहरु सबैका लागि उपयोगी हुने विश्वास लिएको छु । प्रकाशनको निरन्तरताको अपेक्षासहित सफलताको शुभकामना ।

**पुण्यप्रसाद ढकाल**
अध्यक्ष

Prasauti Marg, Thapathali, Phone : 015910798, 015910799
Email : conepnepal1@gmail.com, www.conpnepal.org.np

"राजनीतिक अधिकार सहितको ट्रेड युनियन अधिकार
सक्षम वित्तीय संस्था, [illegible] व्यवस्थापन, अनुशासित ट्रेड युनियन [illegible] स्वाधिन [illegible] नीति हाम्रो [illegible]"
(पेशागत महासंघ नेपालसँग आवद्ध)
**बैंक, बीमा तथा वितीय क्षेत्र कर्मचारी संघ, नेपाल**
**Bank, Insurance & Finance Unions-Nepal (Bifu-Nepal)**
राष्ट्रिय समिति
**National Committee**
काठमाडौं
२०५२
(1995)

# शुभकामना



राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालले आर्थिक, मौद्रिक विषयमा लेखिएका लेखरचना तथा परीक्षा उपयोगी सामग्री समावेश गरी लक्ष्ययात्रा-२०८० प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई खुशी लागेको छ। "सम्पूर्ण कर्मचारी एकजुट होऔं। पेसागत हकहित र संस्थाको सम्बर्धन गरौं" भन्ने मूल नाराका साथ राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालले बैंकमा आम कर्मचारीहरु माझ सिर्जनशील, सशक्त र जुझारु ट्रेड युनियनका रुपमा स्थापित भई कर्मचारीहरुका हकहितका साथै संस्थाको सम्बर्धन एवम् सुदृढीकरणका सवालमा अविच्छिन्न रुपमा महत्त्वपूर्ण भूमिका खेल्दै आइरहेको तथ्य सबैमा सर्वविदितै छ।

अन्तमा, लक्ष्ययात्रा-२०८० को प्रकाशनले बैंक, कर्मचारी, ग्राहक, सर्वसाधरण जनता एवम् राष्ट्रकै समृद्धि हासिल गर्न उपयोगी उपयोगी बौद्धिक खुराक प्रदान गरी बैंकिङ क्षेत्रमा योग्य जनशक्ति विकास गर्न र समग्र नेपाली समाजलाई दिशानिर्देश गर्न सकोस् भन्ने हार्दिक शुभेच्छासहित प्रकाशनको पूर्ण सफलताको कामना गर्दछु।

**धर्मराज मैनाली**
अध्यक्ष

राष्ट्रिय वाणिज्य बैंक लि
RASTRIYA BANIJYA BANK LTD
ने.रा.बै. 'क' वर्गको इजाजत पत्र प्राप्त संस्था



# राष्ट्रिय वाणिज्य बैंक लि.

**केन्द्रीय कार्यालय**
**प्रमुख कार्यकारी अधिकृतको कार्यालय**
**सिंहदरबार प्लाजा, काठमाडौं**

## *शुभकामना*

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी सङ्घ नेपालले हरेक वर्षझैं यस वर्ष पनि आफ्नो मुखपत्रका रुपमा **लक्ष्ययात्रा-२०८०** नामक पुस्तक प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई खुसी लागेको छ । यस मुखपत्रका माध्यमबाट प्रतिष्ठान तथा सङ्गठनका विभिन्न गतिविधि, क्रियाकलाप एवम् कामकारवाहीलाई कर्मचारी मित्र तथा सरोकारवाला समक्ष सूचना पुऱ्याउन धेरै हदसम्म सघाउ पुग्ने छ भन्ने मैले विश्वास लिएको छु ।

राज्यले श्रम तथा रोजगार क्षेत्रका नीति, नियम, ऐन र कानुनको समसामयिक परिमार्जन र प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्दै मुलुकभित्र उत्पानदनमूलक रोजगारीको अवसर सिर्जना गरिरहेको सन्दर्भमा यस बैंकले पनि राज्यले लिएको नीतिलाई सघाउ पुग्ने गरी मुलुकको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउँदै आइरहेको छ। यसका अतिरिक्त राष्ट्रिय वाणिज्य बैंकमा विगतदेखि नै व्यवस्थापन र युनियनहरुविचको सुमधुर औद्योगिक सम्वन्ध भई श्रमको सम्मान गर्ने संस्कृतिको विकास भएको कुरामा म विश्वस्त छु। साथै, बैंकको कर्मचारी उत्पादकत्व वृद्धि तथा बैंकिङ सेवालाई अझ वढी विश्वसनीय, भरपर्दो र चुस्त वनाउने तर्फ पनि युनियनहरुको विशेष ध्यान जाने विश्वास लिएको छु। अन्तमा, विविध समस्याका बावजुद पनि लामोसमयदेखि सङ्घले **लक्ष्ययात्रा**को नियमित प्रकाशन गर्दै आउनु प्रशंसनीय कार्य हो । यस प्रकारको सिर्जनशील प्रयत्नको निरन्तरता एवम् प्रकाशनका लागि हार्दिक शुभेच्छासहित पूर्ण सफलताको कामना गर्दछु ।

(किरणकुमार श्रेष्ठ)
प्रमुख कार्यकारी अधिकृत

# सम्पादकीय

“सम्पूर्ण कर्मचारीहरू एक जुट होऔँ, पेसागत हक, हित र संस्थाको सम्वर्द्धन गरौँ” भन्ने मूल नाराका साथ वि.सं. २०४७ साल श्रावण ६ गते स्थापना भएको राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल राष्ट्रिय वाणिज्य बैंक लिमिटेडभित्र क्रियाशील ट्रेड युनियनहरूमध्ये सबैभन्दा जेठो र सशक्त ट्रेड युनियन हो । संघले कर्मचारीहरूको पेसागत हक, हित र संस्थागत सम्वर्द्धनका लागि सक्रिय र जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्दै आएको कुरा सर्वविदितै छ । संस्थाभित्र हुने विकृति, विसङ्गति, अनियमितता जस्ता गतिविधि विरुद्ध खबरदारी गर्दै नेपाली जनतालाई सहज, सर्वसुलभ र गुणस्तरीय बैंकिङ सेवा प्रदान गर्ने अभियानमा जिम्मेवारीपूर्वक लाग्न सम्पूर्ण सदस्यहरुलाई एक जिम्मेवार ट्रेड युनियनका हैसियतले संघ हार्दिक आह्वानसमेत गर्दछ ।

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड विगतको कमजोर वित्तीय स्वास्थ्यलाई सुधार गरी सुदृढ र सशक्त संस्था बन्ने क्रममा रहेको छ । बैंकिङ सेवालाई गुणस्तरीय बनाउँदै नेपाली नागरिकलाई अत्याधुनिक बैंकिङ सुविधाहरु दिँदै गुणस्तरीय कर्जा लगानीलाई अझ विस्तार गरी अन्तर्राष्ट्रिय विवेकशील नियमनहरुको अनुपालना गर्नुपर्ने आवश्यकता छ । संस्थाको निरन्तरता र दिगो मुनाफा आर्जनका लागि उत्प्रेरित मानव संशाधन अपरिहार्य विषय हो । सरकारी बैंकका नाताले सरकारी नीति अनुरूपको सेवा सुविधा जनतालाई उपलब्ध गराउनु बैंकको दायित्व हो तर ऐनअनुसार स्वायत्त संस्था भए पनि आवश्यक नीतिगत निर्णयहरूमा सरकारबाट स्विकृतीका नाममा अनावश्यक अङ्कुश लगाइनु बैंकको स्वायत्तता माथिको हस्तक्षेप हो । बैंकमा क्रियाशील ट्रेड युनियनहरू र बैंक व्यवस्थापनबिच भएका सहमतिहरू समयमा कार्यान्वयन नहुनु, निजी लगानीका बैंकको तुलनामा कम बोनस वितरण गरिनु जस्ता गतिविधि माथि हाम्रो गम्भीर चासो रहेको छ ।

अन्त्यमा, साङ्गठनिक दायित्वलाई शिरोपर गरी पेसागत हक-हितका क्षेत्रमा अग्रमोर्चामा रहेको हाम्रो राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालले संघका वार्षिक गतिविधिहरू, समयसामयिक विषयमा लेखिएका लेखरचनाहरु आफ्नो मुखपत्र लक्ष्ययात्रामार्फत प्रकाशन गर्दै आएको छ । यसलाई स्तरीय पाठ्यसामग्री बनाउने प्रयास गर्दागर्दै पनि कतिपय कमीकमजोरी भएका हुन सक्छन् । यसमा पाठकहरुको रचनात्मक सुझावको अपेक्षा गर्दछौँ । यसमा प्रकाशित लेखहरूमा अभिव्यक्त विचार लेखकका निजी विचार रहेको समेत जानकारी गराउँदछौँ ।

लक्ष्ययात्रा-२०८० प्रकाशनलाई मूर्तरूप दिने क्रममा शुभकामना दिनुहुने पेसागत महासंघ नेपालका अध्यक्ष श्री पुण्यप्रसाद ढकालज्यू, बैंक, बिमा तथा वित्तीय क्षेत्र कर्मचारी संघका राष्ट्रिय अध्यक्ष श्री धर्मराज मैनालीज्यू, बैंकका प्रमुख कार्यकारी अधिकृत श्री किरणकुमार श्रेष्ठज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ । सल्लाह सुझाव तथा लेखरचना उपलब्ध गराई सहयोग गर्नुहुने आदरणीय अग्रज नेतृत्व, लेखक वर्ग, विज्ञापन उपलब्ध गराउनुहुने विज्ञापनदाताहरू, डिजाइन तथा मुद्रण कार्य गर्ने ग्लोबल प्रिन्ट लगायत यस प्रकाशन कार्यमा प्रत्यक्ष-परोक्ष सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति संघ हार्दिक धन्यवाद प्रकट गर्दछ ।

धन्यवाद ।

# विषय सूची


| क्र.सं. | विषय | नाम | पृष्ठ |
|---|---|---|---|
| १ | संघको अध्यक्षज्यूको अन्तर्वार्ता | लक्ष्मीप्रसाद पाण्डेय | १ |
| २ | अन्तर्वार्ताः वित्तीय क्षेत्रमा क्रियाशील ट्रेड युनियनहरु तुलनात्मक रुपमा बढी व्यावसायिक हुने गरेको छ | डा. नीलम ढुङ्गाना तिम्सिना | ९ |
| ३ | राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका महासचिव श्री रविन्द्रप्रसाद चौलागाईंले प्रस्तुत गर्नुभएको साङ्गठनिक गतिविधिसम्बन्धी प्रतिवेदन | रविन्द्रप्रसाद चौलागाईं | १९ |
| ४ | संविधानपछिको राष्ट्रिय राजनीति, वर्तमान आर्थिक अवस्था र समृद्धिको बाटो | प्रदीप ज्ञवाली | ४७ |
| ५ | अर्थतन्त्रको शल्यक्रिया र उपचारका उपाय | डा. चन्द्रमणि अधिकारी | ६५ |
| ६ | अर्थतन्त्रको वर्तमान अवस्था र बैंकिङ क्षेत्रका चुनौती | डा. प्रकाशकुमार श्रेष्ठ | ७९ |
| ७ | नेपालमा वैदेशिक सहायता परिचालनको अवस्था र चुनौती | रमेश अर्याल | ८९ |
| ८ | नेपालको योजनाबद्ध आर्थिक विकास (Development Planning) | वासुदेव शर्मा | १०१ |
| ९ | पुँजी बजार : अर्थतन्त्रको मेरूदण्ड यससम्बन्धी जनचेतना वृद्धि आजको आवश्यकता | डा. दिबाकर बशिष्ठ | ११३ |
| १० | चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ र कार्यान्वयनको सन्दर्भ | दुर्गाकुमारी कँडेल | १२१ |
| ११ | नेपालको बाह्य अर्थतन्त्र | डा. सुमनकुमार रेग्मी | १३५ |
| १२ | जोखिममा आधारित आन्तरिक लेखापरीक्षण : आवश्यकता र कार्यान्वयनको अवस्था | भोलानाथ पौडेल | १५१ |
| १३ | वित्तीय बजारमा डिजिटल बैंकिङ र यसको यात्रा | ऋषि राम ढकाल | १५९ |
| १४ | ट्रेड युनियनमा आर्थिक स्रोत परिचालन | शिव अधिकारी | १६७ |

| क्र.सं. | विषय | नाम | पृष्ठ |
| --- | --- | --- | --- |
| १५ | आयकर : अवधारणा, उद्देश्य, विशेषता, समस्या र समाधानका उपायहरु | रामबहादुर के.सी. | १७५ |
| १६ | वाणिज्य बैंक व्यवस्थापन | सुरेस शिवाकोटी | १८९ |
| १७ | नेपालमा मौद्रिक नीतिको अभ्यास र सुधारका सवालहरु | नन्द कुमार ढकाल | २०३ |
| १८ | ज्ञान व्यवस्थापन (Knowledge Management) | हरिबाबु आचार्य | २१५ |
| १९ | कर्जा लगानी प्रकृयाका आधारभूत पक्षहरु | युवराज घिमिरे | २२३ |
| २० | सम्पत्ति शुद्धीकरण निवारण र नेपाली बिमा क्षेत्र | रमेशकुमार पोखरेल | २३३ |
| २१ | बैंक वा वित्तीय संस्था किन टाट पल्टिन्छन् ? बैंक टाट पल्टिए जनताको निक्षेप के हुन्छ ? | ईश्वर उप्रेती | २४१ |
| २२ | आन्तरिक नियन्त्रण प्रणाली र बैंकिङ क्षेत्र | चन्द्रप्रसाद तिमिल्सेना | २४९ |
| २३ | संघ, प्रदेश र स्थानीय तहको सबलीकरण : वित्तीय क्षेत्रलाई अवसर | रिसव गौतम | २५९ |
| २४ | वित्तीय साक्षरता : नेपालको सन्दर्भ | ध्रुव पाण्डे | २६७ |
| २५ | संघीयतापछिको समृद्धिको आशा | ऋषि ज्ञवाली | २७७ |
| | **English Section** | | |
| २६ | Strategic Planning and Management | Keshav Prasad Lamsal | २८५ |
| २७ | Emotional Intelligence: Nurturing Success in the Workplace | Pushpa Poudel | ३०३ |
| २८ | Central Bank Digital Currency (CBDC): Opportunities and Risks in Nepal | Krishna Kumar Paul | ३१७ |
| २९ | Responsible banking | Prakash K. Barnawal | ३३१ |

अन्तर्वार्ता

# संघले आफ्ना प्रभावकारी गतिविधिबाट बैंकभित्रको अगुवा ट्रेड युनियनका रूपमा आफ्नो छवि स्थापित गरेको छ



**लक्ष्मीप्रसाद पाण्डेय**
*अध्यक्ष*
*राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल*

**१. राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको ११ औं महाधिवेशन सम्पन्न भएको एक वर्ष पूरा भएको छ । युनियनको पहलकदमी, सक्रियता एवम् संस्था सुधारका पक्षमा गएको वर्षलाई कसरी मुल्याङ्कन गनुभएको छ ?**

हामीले पोखरामा ११ औं महाधिवेशन सम्पन्न गरेको मात्रै १ वर्ष पूरा भएको छ। हामीले यस कार्यकाललाई नीति र विधि निर्माणको कार्यकालका रूपमा अगाडि बढाउने घोषणा गरेका थियौं । हाम्रा क्रियाकलापहरू त्यसै प्रति केन्द्रित समेत छन् । व्यवस्थापनको ढिलासुस्तिका कारण अपेक्षित सुधार गर्न नसके तापनि यस अवधिमा कर्मचारीका पक्षमा हुने गरी हामीले अवकाश कोष कार्यसञ्चालन नियमावली, कर्मचारी सुविधा कार्यविधि लगायत केही नीतिहरू निर्माण गरेका छौं। साथै हामीले घोषणा गरेका बाँकी विधि निर्माण गर्ने विषयमा व्यवस्थापनलाई तीव्र दबाब दिँदै आएका छौं। साथै बैंकमा नयाँ भर्ना भई आउनुभएका आधाभन्दा बढी कर्मचारीहरुले स्वेच्छाले यो संघको सदस्यता लिनुभएको छ भने विभिन्न शाखाहरुमा संघका पदाधिकारीहरु गई कर्मचारीहरुको समस्या सुन्ने तथा संस्था सुधारका लागि राय सुझावहरु लिने र त्यसलाई व्यवस्थापनसँग छलफल गरी कार्यन्वयनमा ल्याएका छौं । संघको साँगठानिक, प्रशासन तथा आर्थिक पक्षलाई मजबुत बनाउने कार्य गरेका छौं। यस हिसाबले गएको एकवर्षलाई सन्तोषजनक रुपमा मुल्याङ्कन गरेका छौं ।

**२. कर्मचारी संघ नेपालको वर्तमान अवस्था र गतिविधिहरूका बारेमा बताइदिनुहोस् न ?**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल राष्ट्रिय वाणिज्य बैंकभित्रको अग्रणी ट्रेड युनियन हो । बैंकमा कार्यरत बहुसङ्ख्यक कर्मचारीहरू सदस्य रहेको संघमा बैंकमा कार्यरत कुल कर्मचारीहरूको ५१ प्रतिशतभन्दा बढी कर्मचारीको सदस्यता नवीकरण गरेका छौं । संघका ८ वटै प्रदेश समितिहरू क्रियाशील अवस्थामा छन् । हामीले गत वर्ष संघका नियमित गतिविधिका अतिरिक्त वार्षिकोत्सवका अवसरमा RBBEA Relief Fund सहयोगार्थ सांस्कृतिक कार्यक्रमसमेत आयोजना गऱ्यौं । त्यसबाट प्राप्त आम्दानीबाट हामीले रु. ५ लाखको अक्षयकोष खडा गरेका छौं भने यस अवधिमा हामीले हाम्रा सहकर्मी स्वर्गीय विष्णु खड्काकी छोरीलाई मासिक रु. २ हजारका दरले रु. २४,०००।- र शाखा कार्यालय दिपायलमा कार्यरत सुरक्षागार्ड मानबहादुर कठायतकी छोरीको उपचारका लागि रु. ११,०००।- कोषबाट आर्थिक सहायता समेत प्रदान गऱ्यौं ।

साथै यस अवधिमा महाधिवेशनबाट पराजित साथीहरूले संघको अखण्डता र गरिमामाथि धावा बोल्दै बैंकभित्र दर्ता गर्न खोजिएको कथित राष्ट्रिय वाणिज्य बैंक कर्मचारी युनियन नेपाल नाम गरेको ट्रेड युनियन दर्ता प्रक्रिया खारेज गराई राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाललाई बिखण्डन गर्ने दुस्साहसलाई निस्तेज पार्ने कामसमेत गऱ्यौं । संघको मुखपत्र लक्ष्ययात्रामार्फत संघलाई बिखण्डन गर्ने कदमलाई असफल पार्न आफ्नो तर्फबाट भूमिका खेल्ने संघ सबै कमिटीहरू, सतिसालझैं अडिग रहने सबै सदस्यहरू तथा बैंकका सबै कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**३. श्रम ऐनअनुसार कर्मचारीहरूका तर्फबाट युनियनहरूले पेस गरेको आर्थिक, प्रशासनिक र व्यवस्थापकीय विषयमा सहमति भएको थियो । ती विषयहरूको कार्यान्वयनको अवस्थाका बारेमा बताइदिनुहोस् न ?**

हामीले महाधिवेशनपश्चात् बैंक व्यवस्थापनसँग ७३ बुँदे आर्थिक व्यवस्थापकीय, प्रशासनिक र विनियमावलीसँग सम्बन्धित विषयमा सहमति गरेका थियौं । यीमध्ये केही विषयहरू कार्यान्वयन भएका छन् भने केही विषयहरू कार्यान्वयन हुन सकेका छैनन् । विशेषतः आर्थिक विषयमा हामीले गरेका केही सहमतिहरू कार्यान्वयनमा आएका छन् । हामीले सहमति गरेका विषयहरू हुबहु कार्यान्वयनमा

नआए तापनि अहिले देशको बिग्रँदो आर्थिक अवस्थाका बाबजुद अर्थ मन्त्रालयबाट विभिन्न विषयमा स्वीकृति प्राप्त भई कार्यान्वयनमा जानु सुखद् पक्ष हो । यसलाई विगतमा भएका सामूहिक सौदाबाजी र सोको कार्यान्वयनसँग तुलना गर्दा विगतमा एकै पटक यति आर्थिक सुविधा वृद्धि भएको देखिँदैन । हामीले यसै अवधिमा अवकाश कोष कार्यसञ्चालन नियमावली पारित गरी अवकाश कोषको मुनाफासमेत वितरण गरेका छौं । विनियमावलीका केही आवश्यक विषयहरू संशोधन भई पदपूर्ति प्रक्रिया सुरु भएको छ । सहमति भई कार्यान्वयन हुन बाँकी रहेका विषयहरू कार्यान्वयनका लागि हामीले व्यवस्थापनलाई दबाब सृजना गरिरहेका छौं । म व्यवस्थापनलाई समेत सहमति कार्यान्वयनमा इमान्दारितापूर्वक लाग्न आग्रह गर्दछु ।

**४. कर्मचारीहरूको हकहित र संस्थाको सम्वर्द्धन गरौं भन्ने मूल उद्देश्यमा कटिबद्ध भइरहन कस्ता जटिलता देख्नुभएको छ ?**

हामी कर्मचारीको हकहित र संस्थाको सम्वर्द्धन गरौं भन्ने संघको मूल उद्देश्यमा अडिग छौं र हाम्रा गतिविधिहरूलाई समेत यसैअनुरूप अगाडि बढाइरहेका छौं । कहिलेकाहीँ व्यवस्थापनका षड्यन्त्रमूलक गतिविधि र अन्य क्रियाशील ट्रेड युनियनहरूको अस्वस्थ प्रतिस्पर्धाको मानसिकताले हामीलाई कहिलेकाहीँ समस्यामा पार्ने गरेको छ । तर ती सबै कुराहरूलाई सामना गर्दै हामी आफ्नो उद्देश्य प्राप्तिका लागि अविचलित भएर अगाडि बढिरहेका छौं ।

**५. बैंकको कर्मचारी सेवा विनियामावली, २०७० मा पछिल्लो पटक भएको संशोधन प्रति कर्मचारीहरूको गुनासो सुनिन्छ । आम कर्मचारीहरूलाई न्याय हुने गरी विनियमावली संशोधन गर्नका लागि व्यवस्थापनसँग भएको वार्ताको वस्तुस्थितिका बारेमा बताइदिनुहोस् न ?**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी सेवा विनियमावली २०७० बने पश्चात् नै विनियमावलीमा समस्या देखिरहेका छन् । सुरुमा तेस्रो तहबाट चार तहमा बढुवा हुने व्यवस्था नै नराखी निर्माण गरिएको विनियमावली सुरुदेखि नै विवादरहित हुन सकेन । विनियमावली सातौं संशोधनसम्म आइपुग्दा प्रतिशत निर्धारण, सेवा समूह परिवर्तन, शैक्षिक योग्यताको अङ्क, बढुवाका लागि आवश्यक न्यूनतम सेवा अवधि लगायतका तमाम विषयमा कर्मचारीहरूका असन्तुष्टि रहेका छन् ।

त्यसैले अब विनियमावलीको संशोधनले मात्र यी समस्या समाधान हुन सक्दैनन् भन्ने संघको बुझाई रहेको छ । तसर्थ हामीले बैंक व्यवस्थापनसँग अहिले विनियमावली संशोधनभन्दा पनि त्यसलाई पुनर्लेखन गरी आम कर्मचारीको अपेक्षा सम्बोधन हुने गरी नयाँ विनियमावली निर्माण गर्नुपर्दछ भन्ने माग गरिरहेका छौँ ।

**६. बैंकमा लामो समयदेखि पारिश्रमिक टहलुवाका रूपमा कार्यरत ज्यालादारी कर्मचारीहरूको सेवाको सुरक्षा हुन सकिरहेको छैन । संघले उनीहरूको सेवाको सुरक्षाका लागि व्यवस्थापन समक्ष लामो समयदेखि कार्यविधि निर्माण गरी लागू गर्न आवाज उठाइरहेको छ । यो विषयमा भएको प्रगतिका बारेमा बताइदिनुहोस् न ?**

बैंकमा हाल करिब ५२० जना कर्मचारी दैनिक ज्यालादारीमा कार्यरत छन् । नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकमा बिहान ७ बजेदेखि करिब १२ घण्टा काम गरिरनुपरेको अवस्था छ । बिरामी भई १ दिन कार्यालयमा उपस्थित नहुँदा ज्याला नपाउने अवस्था छ । हामीले विगत लामो समयदेखि यस्ता कर्मचारीहरूको व्यवस्थापनका लागि आवाज उठाउँदै आएका छौँ । तर अपेक्षित प्रगति हुन सकिरहेको छैन । श्रम ऐन २०७४ जारी भइसकेपश्चात् सबै कर्मचारी सामाजिक सुरक्षाको दायरामा आउनुपर्दछ भन्ने ऐनको बाध्यकारी व्यवस्था रहेको छ । हाल बैंक व्यवस्थापन र युनियनबिच श्रम ऐन २०७४ ले व्यवस्था गरेका सुविधा प्रदान गर्ने गरी कर्मचारी व्यवस्थापन गर्ने सहमति भएको छ । उक्त सहमति इमान्दारिताका साथ यथाशीघ्र कार्यान्वयन हुने अपेक्षामा छौँ । यो सहमति कार्यान्वयनका लागि केही प्रक्रिया अगाडि बढेको समेत पाएका छौँ ।

**७. सबै कर्मचारीहरूको साझा युनियनका रूपमा कर्मचारी संघलाई एकीकृत ट्रेड युनियनका रूपमा विकास गर्ने उद्देश्यका साथ कार्य गर्न सकिने अवस्था देख्नुभएको छ ?**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल २०४७ सालमा बैंकभित्र एक साझा युनियनका रूपमा स्थापित भएको युनियन हो । देशमा बहुदलीय व्यवस्था कायम भएपछि विभिन्न राजनीतिक आस्थाबाट प्रेरित भई अन्य युनियन दर्ता भए । यद्यपि हामीले स्थापनाकालको साझा युनियनको अवधारणालाई हालसम्म कायमै

राखेका छौं। धेरै ट्रेड युनियन हुँदा व्यवस्थापनले एक आपसमा खेल्ने तथा अस्वस्थ प्रतिस्पर्धा बढ्ने भएकाले कर्मचारी हकहितमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । त्यसैले म सबै ट्रेड युनियनकर्मीहरूलाई वैचारिक सङ्कीर्णताबाट बाहिर निस्केर कर्मचारीका हितमा एकीकृत ट्रेड युनियन आन्दोलन निर्माणमा अगाडि बढ्न आग्रह गर्दछु ।

**८. विगतदेखि नै बैंकमा कृयाशील ट्रेड युनियनहरूमध्ये संघले निर्वाह गर्ने भूमिकाप्रति आम कर्मचारीहरूको अधिक विश्वास रहेको छ । आगामी दिनमा ट्रेड युनियनको विश्वसनीयता अझै सशक्त बनाउन संघले खेल्नुपर्ने भूमिकालाई यहाँले कसरी हेर्नुभएको छ ?**

हामीले कर्मचारी साथीहरूबाट अपार माया पाएका छौं । बैंकमा तीन वटा ट्रेड युनियन क्रियाशील रहँदा पनि बहुसङ्ख्यक कर्मचारी साथीहरू संघको सदस्य हुनुहुन्छ । अन्य साथीहरूको पनि संघप्रति सद्भाव नै पाएका छौं । यो माया, सद्भाव र विश्वास त्यति सजिलै र सहजै प्राप्त भएको भने होइन । हामीले विगतमा कर्मचारी वर्गका पक्षमा गरेका गतिविधिहरूले नै कर्मचारीको यति धेरै विश्वास जित्न सफल भएका हौं । हामीले आफ्ना प्रभावकारी गतिविधिबाट राष्ट्रिय वाणिज्य बैंकभित्रको अगुवा ट्रेड युनियनका रूपमा आफ्नो छवि स्थापित गरेका छौं । यसअनुरूप आगामी दिनमा समेत संघको प्राप्त गरिमामा आँच नआउने गरी आफ्नो भूमिकालाई सशक्त एवम् प्रभावकारी ढङ्गले अगाडि बढाउनुपर्ने छ ।

**९. राष्ट्रिय वाणिज्य बैंकभित्र सधैँ CBA निर्वाचन चर्चामा रहने गरेको छ । यस विषयमा के भइरहेको छ र संघको धारणा के हो ?**

राष्ट्रिय वाणिज्य बैंकभित्र सधैँ चर्चामा रहने CBA निर्वाचन व्यवस्थापन र युनियनबिच मिति २०८०।०८।२८ गते गर्ने सहमति भए तापनि व्यवस्थापन र अन्य ट्रेड युनियनहरूले चासो नदिंदा समयमा हुन सकेन । ट्रेड युनियनमाथि भइरहेका प्रहार तथा आलोचनालाई कम गर्न, कर्मचारीहरूको युनियनप्रतिको विश्वास बढाउन तथा बैंकका नीतिहरूको निर्माणमा युनियनको भूमिका बढाउन बैंकभित्र CBA निर्वाचन आवश्यक छ । सहमति भएको मितिमा CBA निर्वाचन सम्पन्न हुन नसके पनि पुनः सहमति यथाशीघ्र CBA निर्वाचन गर्न पनि आग्रह गर्दछु ।

**१०. अन्त्यमा, बैंकमा कार्यरत कर्मचारीहरूलाई के सन्देश दिन चाहनुहुन्छ ?**

बैंकिङ क्षेत्रमा अहिले केही समस्याहरू देखापरेका छन् । ती समस्याबाट राष्ट्रिय वाणिज्य बैंक अछुतो रहन सक्दैन । बैंकमा काम गर्ने साथीहरूले अत्यन्त मेहनतपूर्वक काम गरिरहनुभएको छ । हामीले आफ्नो कार्यदक्षता तथा कार्यकुशलताबाट बैंकिङ क्षेत्रमा देखिएका समस्याहरूलाई समाधान गर्दै राष्ट्रिय वाणिज्य बैंकलाई अझ उचाइमा लैजानु छ । त्यसैले कार्यक्षेत्रमा रहनुभएका तमाम साथीहरूलाई इमान्दारितापूर्वक आफ्नो कार्यसम्पादन सम्पन्न गर्न आग्रह गर्दछु । बैंकभित्र रहेका कर्मचारीका समस्याहरू समाधान तथा बैंकमा संस्थागत सुशासन कायम गराउन संघ सदैव तपाईंहरूको साथमा रहेको समेत विश्वास दिलाउन चाहन्छु ।

बैंकभित्र संघले गर्ने दैनिक कार्यहरू, राखेका मागदाबीहरू, सहमति गर्दा खेलेका भूमिकाहरू, अन्तर्क्रियाहरू, विनियमावली संशोधनमा राखेका अडानहरू, तमाम कामहरू, निर्णय कार्यान्वयनहरू तथा तपाईंहरूले पाउने आर्थिक सुविधाहरू आदि सवालमा विनाआग्रह सूक्ष्म ढङ्गले विश्लेषण गरी बैंकमा क्रियाशील ट्रेड युनियनमध्ये कुन ट्रेड युनियन कर्मचारी र बैंकको पक्षमा छ भन्ने सूक्ष्म अध्ययन गर्नुभयो भने हामीले गर्ने कार्यको यथार्थ मुल्याङ्कन भई यहाँहरूले न्याय गरेको ठहरिने छ । तसर्थ, यिनै सवालहरूका बारेमा निष्पक्ष अध्ययन गरी पेसागत हकहित र संस्थाको संवर्धन गर्ने कार्यमा हातेमालो गरी अगाडि बढ्न पुनः आह्वान गर्दछु ।


INNOVATIVE
INTERIOR PRIVATE LIMITED
Perfection, eligance and style!
आकर्षक इन्टेरियर डिजाईन तथा डेकोरेशन (फर्निचर–फर्निसिङ, रङ्गरोगन,आल्मोनियम,फलाम,स्टिल) सम्बन्धी अन्तराष्ट्रिय स्तरको गुणस्तरीय, भरपर्दो र सुपथ मूल्यमा काम गर्नु परेमा हामीलाई सम्झनुहोस ।
innovative.interior@yahoo.com
Bidur Shant Rai
Managing Director
Kapan-10,Saattale
Kathmandu, Nepal
+977-01-4821875
+977-9841634901

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं।

प्रोपाइटर : **अर्जुन थापा**

**अन्नपूर्ण बुक्स एण्ड स्टेसनरी**

खादबारी-३, संखुवासभा
मोवाइल नं. ९८५२०५१५९४

यहाँ बुक्स तथा सम्पूर्ण स्टेसनरीका
सामानहरु सुपथ मुल्यमा खरिद  विक्री
वितरण गरिन्छ।



## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं।

प्रोपाइटर : **केशव वस्ती**

**अंजली इन्टरप्राइजेज**

इनरुवा-१, सुनसरी
मोवाइल नं. ९८५२०४१५६६

रेमिट सम्बन्धी कार्य गरिन्छ।








## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं।



अन्तर्वार्ता

# वित्तीय क्षेत्रमा क्रियाशील ट्रेड युनियनहरू तुलनात्मक रूपमा बढी व्यावसायिक हुने गरेका छन्



**डा. नीलम ढुङ्गाना तिम्सिना**
*डेपुटी गभर्नर*
*नेपाल राष्ट्र बैंक*

**१. अहिलेको नेपालको बैंकिङ क्षेत्रलाई राष्ट्र बैंकका तर्फबाट यहाँले कसरी हेरिरहनुभएको छ ?**

नेपालको बैंकिङ क्षेत्रमा पछिल्लो २ दशकमा ठूलो परिवर्तन भएको छ। यसबिचमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको वार्षिक औसत १९.३ प्रतिशतले वृद्धि भएको र निक्षेप १८.३ प्रतिशतले वृद्धि भएका कारण हाल बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेप आ.व. २०७९/८० को अनुमानित कुल गार्हस्थ्य उत्पादनभन्दा बढी र कुल कर्जा रकम कुल गार्हस्थ्य उत्पादनको हाराहरीमा रहेको छ। हाम्रा छिमेकी मुलुकहरूका तुलनामा नेपालका बैंक तथा वित्तीय संस्थाहरूको कुल निष्क्रिय कर्जा कम छ। त्यसै गरी समग्रमा बैंक तथा वित्तीय संस्थाहरूको पुँजी पर्याप्तता अनुपात बासेल-३ ले निर्धारण गरेको सीमाभन्दा बढी छ। यसरी सूचाकाङ्कहरू हेर्दा नेपालको बैंकिङ क्षेत्र समग्रमा बलियो छ। हाल ७५३ स्थानीय तहहरूमध्ये ७५२ स्थानीय तहमा वाणिज्य बैंकका शाखा पुगेका छन्। वित्तीय पहुँच अत्यधिक बढेको छ साथै कोभिड-१९ पछि विद्युतीय भुक्तानीमा ठूलो परिवर्तन आएको छ। कनेक्ट आइपिएस, क्युआर जस्ता सुविधा समेतका कारण वित्तीय पहुँच बढेको छ। नेपाल राष्ट्र बैंकले अवलम्बन गरेको बैंक तथा वित्तीय क्षेत्रसम्बन्धी नीतिका कारण वित्तीय क्षेत्रको आकार र पहुँचमा उल्लेखनीय सुधार भएको छ।

**२. तरलता अभाव भएको समयमा कर्जाको माग नहुनु स्वाभाविक मानिन्छ तर अहिले बैंकमा तरलता छ, ब्याजदर पनि घट्दो अवस्थामा छ, कर्जाको माग नै छैन । यो अवस्थालाई राष्ट्र बैंकले कसरी हेरिरहेको छ ?**

कर्जाको माग ब्याजदरमा मात्र निर्भर नभई अन्य कारणले प्रभावित हुन्छ । वर्तमानमा रुस र युक्रेनबिचको युद्ध, मध्यपूर्वमा जारी सङ्कटलगायतका कारण अन्तर्राष्ट्रियस्तरमा नै लगानीको वातावरणमा असर परेको छ । केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको आर्थिक वर्ष २०७९/८० को वार्षिक राष्ट्रिय लेखा तथ्याङ्कको प्रारम्भिक अनुमानअनुसार निर्माण, थोक तथा खुद्रा व्यापार लगायतका क्षेत्रहरूको वृद्धिदर ऋणात्मक रहेको छ । चालु आ.व. को पहिलो त्रैमासको तथ्याङ्क हेर्दा आयात र निर्यात पनि उल्लेख्य रूपमा बढ्न सकेको छैन । यसरी बजारमा समग्र माग नै घटेका कारण कर्जाको माग कम भएको हुन सक्छ । यद्यपि चालु आ.व.को पहिलो त्रैमासमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा २.३ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा कर्जाको माग बढ्ने अनुमान गरिएको छ । वर्तमान मौद्रिक नीतिले समेत साना तथा मझौला उत्पादनशील व्यवसायमा कर्जा प्रवाहलाई प्राथमिकतामा राखेको छ । साथै नेपाल राष्ट्र बैंकले कर्जा तथा सोको धितो सुरक्षणबिचको अनुपात (Loan to Value Ratio) बढाएको छ । अटो कर्जा, रियलस्टेट कर्जा र मार्जिन कर्जाको जोखिम भारसमेत घटाएको छ । नेपाल राष्ट्र बैंकको यस प्रकारको निर्देशनका कारण आगामी दिनहरूमा कर्जाको माग बढ्ने अपेक्षा गरिएको छ ।

### ३. अहिलेको बैंकिङ क्षेत्रका मुख्य चुनौती के के हुन् ? यसलाई कसरी सामना गर्न सकिन्छ ?

अहिले बैंकिङ क्षेत्रको मुख्य चुनौती भनेको कर्जाको गुणस्तर थप बिग्रन नदिनु नै हो । इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूको चालु आ.व. को पहिलो त्रैमासको वित्तीय विवरणलाई आधार लिँदा खराब कर्जा बढेको देखिएको छ । त्यसै गरी हालको आर्थिक शिथिलताको अवस्थामा कर्जाको ब्याजदर थप कम गर्नु पनि बैंक तथा वित्तीय संस्थाहरूलाई निकै चुनौतीपूर्ण छ । अन्तर्राष्ट्रिय रूपमा नै आपूर्ति शृङ्खलामा देखिएको समस्याका कारण व्यापार व्यवसायमा परेको प्रभावले पनि नेपालको बैंकिङ क्षेत्रमा चुनौती थप गरेको छ ।

नेपाल राष्ट्र बैंकले अवलम्बन गरेको नीतिका कारण नेपालको बैंकिङ क्षेत्रमा त्यति ठुलो सङ्कट उत्पन्न भएको छैन । कम उत्पादनशील क्षेत्रमा जाने

कर्जा निरुत्साहन गर्न नेपाल राष्ट्र बैंकले कर्जा र सोको धितो सुरक्षणबिचको अनुपात, जोखिमभारसम्बन्धी नीतिमा परिवर्तन गर्ने गरेको छ । त्यसै गरी कर्जाको गुणस्तर कायम गर्न र कर्जाको हरितीकरण निरुत्साहन गर्न कर्जा स्तरोन्नतिसम्बन्धी परिपत्र माघ १ गते देखि लागू हुने गरी जारी गरिएको छ । उत्पादनशील तथा प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह हुने कर्जाको ब्याजदर कम गरी उद्यमशीलता प्रोत्साहन गर्ने नीति राष्ट्र बैंकले लिएको छ । त्यसै गरी होटल तथा रेस्टुरेन्ट, पशुपंक्षीपालन, निर्माण (सिमेन्ट, डन्डी, इँटा/ब्लक, पाइप्स् एन्ड फिटिङ्सलगायतका उद्योगमा प्रवाहित कर्जा समेत), शिक्षा, स्वास्थ्य क्षेत्रसँग सम्बन्धित कर्जा तथा बाढी, पहिरो, भूकम्प जस्ता प्राकृतिक प्रकोपबाट प्रभावित भएका परियोजनामा लगानीमा रहेको कर्जा र रु. ५ करोडसम्म अन्य सबै क्षेत्रमा प्रवाह भएका कर्जाहरूलाई पुनर्तालिकीकरण र पुनर्संरचना गरी वर्तमान आर्थिक अवस्थामा व्यवसायलाई थप राहत प्रदान हुने गरी निर्देशन जारी गरिएको छ ।

**४. बहुबैंकिङ प्रणाली लघुवित्तमा वित्तीय सङ्कटको अवस्था आएको राष्ट्र बैंकको अध्ययनले देखाएको छ । यसले समग्र वित्तीय प्रणालीमा कस्तो प्रभाव पर्ने सङ्केत देख्नुभएको छ ?**

लघुवित्त वित्तीय संस्थाहरूका समस्या र समाधानसम्बन्धी अध्ययन प्रतिवेदनअनुसार करिब १८ प्रतिशत ऋणीहरूले एकभन्दा बढी लघुवित्त वित्तीय संस्थाहरूबाट कर्जा लिएको पाइएको छ । यद्यपि लघुवित्त वित्तीय संस्थाका ऋणीहरूमा अधिक ऋणग्रस्तताको अवस्था मुख्य समस्या रहेको भन्ने प्रतिवेदनको निष्कर्ष छ । हाल लघुवित्त वित्तीय संस्थाका ऋणीलाई एउटा मात्र लघुवित्त वित्तीय संस्थाले तोकिएको सीमा ननाघ्ने गरी कर्जा दिनुपर्ने व्यवस्था गरिएको छ । साथै 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाहरूबाट कर्जा लिएका ऋणी लघुवित्त वित्तीय संस्थाबाट कर्जा लिन योग्य नहुने व्यवस्था रहेको छ । त्यसै गरी अध्ययन समितिका अन्य सुझावहरू क्रमशः कार्यान्वयन गर्दै लगिने छ । यस प्रकार समग्र लघुवित्त वित्तीय क्षेत्र र वित्तीय प्रणाली थप सुदृढ हुँदै जाने छ ।

**५. बैंकिङ क्षेत्रमा कार्यरत कर्मचारीको सेवा सुविधामा विभेद भएका गुनासाहरू सुनिन्छन् । बढी समय काम लगाउने तर सेवा सुविधामा भने माथिल्लो तह**

**र तल्लो तहका कर्मचारीबिच विभेद हुने गरेको विषयलाई राष्ट्र बैंकले कसरी हेरिरहेको छ ?**

बैंकिङ क्षेत्रमा कार्यरत कर्मचारीको सेवा सुविधामा विभेद भएका गुनासाहरू नसुनिएको भने होइन । यो विषयमा राष्ट्र बैंक धेरै नै संवेदनशील छ । यस्ता विभेदहरू न्यूनीकरण गर्न राष्ट्र बैंकले विभिन्न नीतिगत तथा संस्थागत व्यवस्थाहरू गरेको छ । पहिलो, यस बैंकले जारी गरेको एकीकृत निर्देशनमा कर्मचारी सेवा सुविधा समिति गठन गर्न निर्देशन दिइएको छ । उक्त समितिको काम, कर्तव्य तथा उत्तरदायित्वसमेत उल्लेख गरिएको छ । उक्त समितिलाई संस्थाको पारिश्रमिक निर्धारण नीति तर्जुमा गर्नका लागि सहयोग गर्ने, उक्त नीतिबमोजिम पारिश्रमिक निर्धारणका लागि सिफारिस गर्ने जस्ता जिम्मेवारी दिइएको छ । दोस्रो, कार्यकारी प्रमुखहरूको सेवा सुविधा निर्धारण गर्नका लागि समेत बैंकले मार्गदर्शन जारी गरेको छ । यस्ता निर्देशनहरूको कार्यान्वयनबाट हाल सेवा सुविधामा देखिएका विभेदहरू कम हुँदै जाने अपेक्षा यस बैंकको छ । तेस्रो, यस बैंकअन्तर्गत रहेका विभिन्न सुपरिवेक्षण विभागहरूले बैंक तथा वित्तीय संस्थाको निरीक्षण तथा सुपरिवेक्षण गर्ने सिलसिलामा समेत उक्त विषयहरूलाई सूक्ष्म रूपले हेर्ने गरेका छन् । चौथो, कर्मचारीद्वारा सेवा सुविधामा विभेद भएको भनी गुनासो प्रेषित भएमा बैंकअन्तर्गत रहेको वित्तीय साक्षरता तथा ग्राहक संरक्षण महाशाखाले उक्त गुनासाहरूको सुनुवाइ गर्ने गरेको छ ।

**६. वित्तीय क्षेत्रमा लामो समयदेखि ट्रेड युनियनहरू क्रियाशील रहेका छन् । व्यवस्थापन र ट्रेड युनियनबिचको भूमिकालाई यहाँले कसरी मूल्याङ्कन गर्नुभएको छ ?**

वित्तीय क्षेत्रमा क्रियाशील ट्रेड युनियनहरू र व्यवस्थापनबिचको भूमिका अहिलेको अवस्थामा निकै सुमधुर रहेको मेरो विश्लेषण छ । नेपालका अन्य व्यावसायिक क्षेत्रसँग तुलना गर्ने हो भने वित्तीय क्षेत्रमा व्यवस्थापन र ट्रेड युनियनको सम्बन्ध निकै सौहार्दपूर्ण रहेको पाइन्छ । यस क्षेत्रका ट्रेड युनियनले कर्मचारीका हकहित तथा अधिकार संरक्षणका साथसाथै संस्थागत सुधार र सुशासनका पक्षमा समेत व्यवस्थापनलाई घचघच्याइरहेका हुन्छन् । यस्ता विषयले कर्मचारीहरूको वृत्ति विकास तथा संस्थाको समग्र सुधारका लागि निकै नै सहयोग पुऱ्याएको पाइन्छ ।

वित्तीय क्षेत्रमा क्रियाशील ट्रेड युनियनहरू तुलनात्मक रूपमा बढी व्यावसायिक (Professional) हुने गरेको तथा ट्रेड युनियनहरूले कर्मचारीको हकहित एवम् अधिकार संरक्षणका विषयमा उठाएका आवाजलाई व्यवस्थापनले समेत यथोचित ढङ्गले सम्बोधन गर्ने गरेको हुँदा यस क्षेत्रमा धेरैको आकर्षण बढेको हो । आजका दिनमा धेरै फ्रेस ग्राजुयटहरूले बैंकिङ क्षेत्रमा आफ्नो पेसा (Career) बनाउन चाहनुको मुख्य कारण पनि यही नै हो ।

**७. देशमा राजनीतिक परिवर्तन भएपश्चात् ट्रेड युनियनहरूको भूमिका पनि अब परिवर्तन हुनुपर्ने आवश्यकता औँल्याइएको छ । वर्तमान अवस्थामा ट्रेड युनियनको भूमिका कस्तो हुनुपर्ला जस्तो लाग्दछ ?**

कर्मचारीका हकहित तथा अधिकारको संरक्षण गर्दै व्यवस्थापनसँग सुमधुर सम्बन्ध कायम गर्नु ट्रेड युनियनको प्राथमिक भूमिका हो । देशमा राजनीतिक, सामाजिक र शैक्षिक वातावरणमा आएको परिवर्तनसँगै ट्रेड युनियनहरूका ती परम्परागत भूमिकाहरूमा परिवर्तन हुनु जरुरी देखिन्छ । सर्वप्रथम, एक संस्था एक ट्रेड युनियनको अवधारणाअनुरूप प्रत्येक संस्थामा चुनावमार्फत एकल युनियन चयन गर्ने व्यवस्थाको सुरुवात गर्नुपर्ने देखिन्छ । दोस्रो, आधुनिक ट्रेड युनियनहरूले व्यवस्थापनको पहरेदार मात्र होइन, साझेदारका रूपमा व्यवस्थापनसँग सहकार्य गर्नुपर्छ । संस्थाका नीतिगत व्यवस्थाको सञ्चार तथा सम्प्रेषण गरी कर्मचारीहरूलाई परिवर्तन व्यवस्थापन (Change Management) का लागि तयार गर्ने, कर्मचारीहरूका लागि कल्याणकारी गतिविधिहरू (Employee Welfare Activities) सञ्चालन गर्ने, कर्मचारीहरूलाई सुरक्षाका उपायहरू लगायतका प्राविधिक सिप तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने एवम् दैनिक जीवनमा आइपर्ने समस्या समाधान गर्न तथा असल अभ्यासहरूका सम्बन्धमा अध्ययन अनुसन्धान गरी व्यवस्थापनलाई अनुपोषण प्रदान गर्न ट्रेड युनियनहरूले साझेदारी भूमिका निर्वाह गर्न सक्ने देखिन्छ । तेस्रो, संस्था रहेमात्र कर्मचारी रहने हुँदा ट्रेड युनियनहरूले कर्मचारीभन्दा पहिले कार्यरत संस्थालाई केन्द्रबिन्दुमा राख्नुपर्छ । संस्थागत सुशासन तथा संस्थाको दिगो विकास सुनिश्चित हुने गरी मात्र कर्मचारीका हकहित तथा अधिकार संरक्षणका विषयहरू अघि सार्नुपर्छ । कर्मचारीहरूका सेवा सुविधामा वृद्धिको माग गर्दा संस्थाले उक्त सुविधाहरू धान्न

सक्छ कि सक्दैन र उक्त वृद्धिले कर्मचारीको उत्पादकत्वमा कसरी वृद्धि गर्छ भन्ने विषयलाई ध्यान दिएर मात्र सेवा सुविधाको वृद्धिको माग अघि सार्नुपर्छ। चौथो, ट्रेड युनियनले छोटो अवधिका लागि फाइदा दिने मौद्रिक सुविधाभन्दा पनि दीर्घकालीन सुविधा तथा वृत्ति विकासमा ध्यान दिनु आवश्यक हुन्छ। पाँचौं, कर्मचारीहरूबाट उच्च मनोबलका साथ कार्यसम्पादन गराउन उनीहरूको कार्यजीवन गुणस्तर (Quality of Work Life) सुधारमा ट्रेड युनियनले सक्रिय भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ।

**ट. अन्त्यमा, यस संघमार्फत् बैंकिङ क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई केही सन्देश दिन चाहनुहुन्छ ?**

बैंकिङ क्षेत्र आफैमा एउटा विशिष्ट प्रकृतिको क्षेत्र हो। यस क्षेत्रले मूल्य स्थायित्व कायम राख्दै वित्तीय स्थायित्व एवम् समग्र आर्थिक स्थायित्व कायम राख्न निकै महत्त्वपूर्ण भूमिका खेल्ने गरेको हुन्छ। यस कारणले यस क्षेत्रमा काम गर्ने कर्मचारीहरू अझ बढी संवेदनशील, विवेकशील एवम् जिम्मेवार हुनु आवश्यक रहेको हुन्छ। विशेषतः बैंकिङ क्षेत्रमा काम गर्ने कर्मचारीहरूले बैंकिङ क्षेत्रसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित सरोकारवालासँग सौहार्द सम्बन्ध कायम राख्न सक्नुपर्दछ। कर्जाग्राहीलाई उचित एवम् उत्पादनशील क्षेत्रमा मात्रै कर्जा उपभोग गर्न अभिप्रेरित गरी उनीहरूमाझ बैंकिङ क्षेत्रको समुचित प्रयोजनको उजागर गर्न सक्नुपर्दछ। यति मात्र नभई वित्तीय क्षेत्रको महत्त्व एवम् बैंकिङ चेतना आम सर्वसाधारणमाझ फैलाउनसमेत अग्रसर रहनुपर्दछ।

## "सुरक्षित भविष्यको लागि निवृत्तभरण र सञ्चय कोष"

**कर्मचारी सञ्चय कोषबाट सञ्चयकर्तालाई आ.व. २०८०/८१ मा उपलब्ध सेवाहरु :**

(क) **सञ्चय कोष र निवृत्तभरण कोष रकममा ब्याज प्रदान** : २०८० श्रावण १ गतेदेखि ७.५० प्रतिशत

(ख) **मुनाफा प्रदान** : सञ्चय कोषका सञ्चयकर्ता तथा निवृत्तभरण कोषका योगदानकर्तालाई आर्थिक वर्ष २०७८/७९ को शुरु मौज्दात रकममा १.२० प्रतिशत ।

(ग) **सापटी सुविधाहरु :**

- ***विशेष सापटीमा :*** ब्याजदर ८.६० प्रतिशत,
- ***सञ्चयकर्ता घर सापटी, शैक्षिक सापटी र घर मर्मत सापटीमा :*** ब्याजदर ९.२५ प्रतिशत,
- ***सञ्चयकर्ता जग्गा खरिद सापटी र सरल चक्रकर्जा :*** ब्याजदर ९.७५ प्रतिशत,

(घ) धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रुपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको हकमा सम्बन्धित त्रैमासमा पोकेको ब्याजमा ०.२५ प्रतिशतले रिवेट (छुट) दिने ।

(ङ) **सामाजिक सुरक्षा सुविधाहरु :**

- ❑ ***दुर्घटना क्षतिपूर्ति :*** सेवाकालमा सञ्चयकर्ताको दुर्घटनामा परी मृत्यु भएमा वा पूर्ण अंगभंग भएमा रु २ लाख ।
- ❑ ***काजकिरिया अनुदान योजना :*** सेवाकालमा सञ्चयकर्ताको मृत्यु भएमा रु.४० हजार ।
- ❑ ***सञ्चयकर्ता स्वास्थ्योपचार योजना :*** सञ्चयकर्ता अस्पताल भर्ना भई उपचार गरेको साधारण रोगमा रु.१ लाख सम्म र घातक रोगमा रु.१० लाखसम्मको औषधोपचार खर्चको शोधभर्ना कोषबाट हुनेछ ।
- ❑ ***सुत्केरी तथा शिशु स्याहार सुविधा :*** प्रति प्रसुति रु.७ हजार ५ सयका दरले बढीमा दुई पटक गरी रु.१५ हजार ।

**कर्मचारी सञ्चय कोष**

**पुल्चोक, ललितपुर ।**

Website : www.epfnepal.com.np

Call center : 015970041

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**राजन चौलागाई**
**शाखा प्रबन्धक**
**शाखा कार्यालय पशुपतीनगर, ईलाम**
मोबाइल नं. ९८५२६८०३०३

...तपाईको आफ्नै बैंक

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रोपाइटर : **रमेश पौडैल (दिनेश)**
**पि.आर. कन्स्ट्रक्सन**
दिक्तेल रुपाकोट मझुवागढी-१, खोटाङ
मोवाइल नं. ९८५२८४९१४८

यहाँ निर्माण सम्वन्धीत सम्पूर्ण
हार्डवयरका सामानहरु सुपथ मुल्यमा खरिद
विक्री गरिन्छ ।

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४,
छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**प्रोपाइटर**
**ई.मिलन विश्वकर्मा, सब ई.इशाक राई**
**अरूण भ्याली ईन्जीनियरिङ्ग प्रा.लि.**
खादबारी-१, संखुवासभा
मोबाइल नं. ९८४२४१५५४८/९८१२३७२४७९

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**पशुपतिनाथ कलवार जैशवाल**
प्रोपाइटर
**चण्डि निमार्ण सेवा**
कोटहिमाई -३, रुपन्देही

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**बिष्णु पोख्रेल**
शाखा प्रबन्धक
**राष्ट्रिय वाणिज्य बैंक लि.**
शाखा कार्यालय भैरहवा परीवार

...तपाईको आफ्नै बैंक

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**विमला कुमारी तिवारी पाण्डे**
प्रोपाइटर
**मनिषा इन्टरप्राइजेज**
**धनगढी रोड अत्तरिया कैलाली**

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**यज्ञराज भट्ट**
प्रोपाइटर
**उग्रतारा जनरल स्टोर एण्ड मेटल उद्योग**
**गोदावरी रोड कैलाली**

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**शोभा कुमारी पाण्डे**
प्रोपाइटर

**ममता आयल सेन्टर**

**कमलामाई न.पा.११, भिमान, सिन्धुली**
**मोबाइल नं. ९८५४०२०१८२**

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।




## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**सत्यम कम्प्युटर सप्लायर्स**

**प्रतापपुर- २, सेमरी, नवलपरासी**
**फोन नं.: ९८५७०३३०५४**
**ईमेल:** sku003@yahoo.com

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।



# राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका महासचिव श्री रविन्द्रप्रसाद चौलागाईंले प्रस्तुत गर्नुभएको साङ्गठनिक गतिविधिसम्बन्धी प्रतिवेदन



**रविन्द्रप्रसाद चौलागाईं**
*महासचिव*

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको मिति २०७९ मङ्सिरदेखि हालसम्मका साङ्गठनिक गतिविधि

### १. लक्ष्ययात्रा - २०७९ प्रकाशन

विगतमा झैँ २०७९ मा पनि संघको वार्षिक मुखपत्र लक्ष्ययात्रा - २०७९ प्रकाशन भयो । लक्ष्ययात्रा - २०७९ मा संघका अध्यक्षको अन्तरवार्ता, महासचिवद्वारा प्रस्तुत संघका गतिविधिसहितको प्रतिवेदन, आर्थिक, व्यवस्थापन तथा बैंकिङ् सम्बद्ध समसामयिक बहुउपयोगी लेखरचना समावेश गरिएका छन् । संघका सम्पूर्ण कमिटी तथा समर्थक शुभेच्छुकको सहकार्यमा प्रकाशन गरिएको लक्ष्ययात्रामा विज्ञापन प्रकाशनबापत प्राप्त रकमबाट संघको आर्थिक अवस्थामा उल्लेखनीय सुधार भएको छ ।

### २. संघको वार्षिक कार्ययोजना लागू एवम् कार्यप्रगति मूल्याङ्कन र समीक्षा

संघका कार्यलाई थप व्यवस्थित बनाउन संघका महासचिवले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७९/८० को वार्षिक कार्ययोजना कार्यकारिणी र केन्द्रीय समितिले पारित गरी लागू गरेको छ । साथै आर्थिक वर्षको अन्त्यमा कार्यप्रगति मूल्याङ्कन तथा समीक्षा गरियो भने आर्थिक वर्ष २०८०/८१ का लागि वार्षिक कार्यतालिकासमेत तय गरिएको छ ।

### ३. केन्द्रीय प्रशिक्षण कार्यक्रम सम्पन्न

संघका पदाधिकारी तथा सदस्यलाई प्रशिक्षित तथा थप क्रियाशील बनाउन संघको केन्द्रीय प्रशिक्षण विभागको आयोजनामा मिति २०८०/०९/१५ गते राष्ट्रिय समाचार समितिको भवन, काठमाडौँमा केन्द्रीय प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । संघको केन्द्रीय समितिका पदाधिकारी तथा सदस्य र प्रदेश समितिका पदाधिकारी सहभागी प्रशिक्षण कार्यक्रममा पूर्वमन्त्री तथा नेकपा एमालेका उपमहासचिव क.

प्रदीप ज्ञवालीको प्रमुख आतिथ्य रहेको थियो । उक्त कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य माधव ढुङ्गेलले 'मार्क्सवाद, लेलिनवाद जनताको बहुदलीय जनवादको आधाभूत ज्ञान', संघका पूर्व अध्यक्ष तथा नेकपा एमाले लेखा आयोग सचिव शिवकुमार अधिकारीले 'पेसागत आन्दोलन र संघको इतिहास', संघका महासचिव रविन्द्रप्रसाद चौलागाईंले 'बैठक सञ्चालन तथा माइन्युट लेखन' र डा. मदन विष्टले 'रूपान्तरणकारी नेतृत्व (Transformational Leadership) ' शीर्षकमा प्रशिक्षण दिनुभएको थियो ।

## ४. नवप्रवेशी कर्मचारीलाई स्वागत तथा बधाई ज्ञापन कार्यक्रम

२०७९ मङ्सिरदेखि राष्ट्रिय वाणिज्य बैंकको विभिन्न पदको खुला प्रतियोगितामा सफल भई सेवामा प्रवेश गर्नुभएका नयाँ कर्मचारीहरूका लागि सञ्चालन गरिएको पूर्व-सेवाकालीन तालिममा नवप्रवेशी कर्मचारीहरूलाई संघका तर्फबाट स्वागत तथा बधाई ज्ञापन कार्यक्रम सम्पन्न भएको छ । संघका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेयको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रमको सञ्चालन संघका महासचिव रविन्द्रप्रसाद चौलागाईंले गर्नुभएको थियो भने संघका वरिष्ठ उपाध्यक्ष बद्रीप्रसाद तिमल्सिनाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । उक्त कार्यक्रममा संघको सदस्यता तथा बधाई प्रमाणपत्रसमेत वितरण गरिएको थियो । तह ४ देखि तह ७ सम्मका कर्मचारी सम्मिलित उक्त कार्यक्रममा ५५ प्रतिशतले संघको सदस्यता ग्रहण गर्नुभएको थियो ।

## ५. बैठक, प्रदेशगत भेला, भ्रमण, प्रशिक्षण तथा वनभोज कार्यक्रम सम्पन्न

यस बिचमा संघको केन्द्रीय समितिका पाँच ओटा र कार्यकारिणी समितिका सत्ताइस ओटा बैठक सम्पन्न भए । साथै वार्षिक कार्यतालिकाअनुसार देहायअनुसारका प्रदेशगत भेला, प्रशिक्षण तथा वनभोज कार्यक्रम सम्पन्न भएका छन् ।

### *क. कोशी प्रदेश*

मिति २०८०/०४/२७ गते कोशी प्रदेश कमिटीको दोस्रो पूर्ण बैठकमा सहभागी भई २०८०/०४/२८ गतेदेखि २०८०/०४/३२ सम्म संघका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेयको नेतृत्वमा संघका महासचिव रविन्द्रप्रसाद चौलागाईं, सल्लाहकार समिति सदस्य दिपेन्द्र भट्टराई, लगायत प्रदेश समितिका पदाधिकारीहरूबाट तेह्रथुम, धनकुटा, सुनसरी, मोरङ, झापा र इलाम जिल्लाका शाखाहरूको भ्रमण गरिएको थियो ।

### *ख. मधेश प्रदेश*

मधेश प्रदेश कमिटीको आयोजनामा मिति २०७९ फागुन २० गते महोत्तरीको बर्दिबासमा मधेश प्रदेशको भेला, प्रशिक्षण तथा वनभोज कार्यक्रम सम्पन्न भयो । ८० जना सहभागी रहेको उक्त कार्यक्रममा संघका केद्रीय समिति अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेय, वरिष्ठ उपाध्यक्ष बद्रीप्रसाद तिमल्सिना, महासचिव रविन्द्रप्रसाद चौलागाईं, उपमहासचिव श्रवणकुमार सिंह, सचिव कृष्णप्रसाद लम्साल र कोषाध्यक्ष ऋषी ज्ञवालीले संघका गतिविधि तथा कार्ययोजना र भावी दिनमा संघले खेल्नुपर्ने भूमिकाका विषयमा प्रशिक्षणात्मक मन्तव्य राख्नुभएको थियो । त्यस कार्यक्रमका दौरान मधेश प्रदेशका बारा, रौतहट, महोत्तरी, धनुषा जिल्लाका शाखाहरूको भ्रमणसमेत गरिएको थियो ।

### *ग. बागमती प्रदेश र केन्द्रीय कार्यालय विशेष (संयुक्त)*

बागमती प्रदेश कमिटी र केन्द्रीय कार्यालय विशेष कमिटीको संयुक्त आयोजनामा २०८० वैशाख १६ गते काठमाडौंको गोकर्णमा भेला, प्रशिक्षण तथा वनभोज कार्यक्रम सम्पन्न भयो । संघका अध्यक्ष, बैंकका प्रमुख कार्यकारी अधिकृत, उपकार्यकारी अधिकृतहरू, विभागीय प्रमुखहरू, संघका वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरू, महासचिव, उपमहासचिव, सचिवहरू, कोषाध्यक्ष, केन्द्रीय सदस्यहरू लगायत करिब १५० जना सहभागी रहेको उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले शुभकामना मन्तव्य दिनुभएको थियो भने संघको केद्रीय समितिका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेय, वरिष्ठ उपाध्यक्ष बद्रीप्रसाद तिमल्सिना, महासचिव रविन्द्रप्रसाद चौलागाईंले संघका गतिविधि तथा कार्ययोजना र भावी दिनमा संघले खेल्नुपर्ने भूमिकाका विषयमा प्रशिक्षणात्मक मन्तव्य राख्नुभएको थियो ।

### *घ. बागमती प्रदेशको हेटौँडा भेला*

बागमती प्रदेश कमिटीको आयोजनामा मिति २०८० वैशाख ३० गते मकवानपुरको हेटौँडामा सिन्धुली-मकवानपुर-चितवनको भेला, प्रशिक्षण तथा वनभोज कार्यक्रम सम्पन्न भयो । ५९ जना सहभागी रहेको उक्त कार्यक्रममा संघका केद्रीय समिति अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेय, वरिष्ठ उपाध्यक्ष बद्रीप्रसाद तिमल्सिना, उपाध्यक्ष ईश्वर उप्रेती, महासचिव रविन्द्रप्रसाद चौलागाईं, उपमहासचिव पेशल नेपालले संघका गतिविधि तथा कार्ययोजना र भावी दिनमा संघले खेल्नुपर्ने भूमिकाका विषयमा प्रशिक्षणात्मक मन्तव्य राख्नुभएको थियो । सो कार्यक्रमपश्चात् सिन्धुली जिल्लास्थित शाखा कार्यालयहरूको भ्रमणसमेत गरिएको थियो ।

### ङ. गण्डकी प्रदेश

गण्डकी प्रदेश कमिटीको आयोजनामा मिति २०८० वैशाख ०९ गते कास्कीको पोखरामा गण्डकी प्रदेशको भेला, प्रशिक्षण तथा वनभोज कार्यक्रम सम्पन्न भयो । ६० जना सहभागी रहेको उक्त कार्यक्रममा संघका केंद्रीय समिति अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेय, वरिष्ठ उपाध्यक्ष बद्रीप्रसाद तिमल्सिना, महासचिव रविन्द्रप्रसाद चौलागाईं, सचिवद्वय कविराज बराल र रेणुका न्यौपानेले संघका गतिविधि तथा कार्ययोजना र आगामी दिनमा संघले खेल्नुपर्ने भूमिकाका विषयमा प्रशिक्षणात्मक मन्तव्य राख्नुभएको थियो । सो अवसरमा गण्डकी प्रदेशको पोखरा उपत्यकाका शाखा कार्यालयहरूको भ्रमण गरिएको थियो भने संघका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेयको नेतृत्वमा प्रदेश समितिका पधादिकारीहरूको सहभागितामा पर्वत, म्याग्दी, बाग्लुङ, स्याङ्जा र मुस्ताङ जिल्लामा रहेका वाणिज्य बैंकका शाखा कार्यालयहरूको अवलोकन भ्रमण गरिएको थियो

### च. कर्णाली प्रदेश

कर्णाली प्रदेश कमिटीको आयोजनामा मिति २०७९ चैत्र १६ गते सुर्खेतको बुलबुल तालमा कर्णाली प्रदेशको भेला, प्रशिक्षण तथा वनभोज कार्यक्रम सम्पन्न भयो । ४० जना सहभागी रहेको उक्त कार्यक्रममा संघको केंद्रीय समितिका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेय र महासचिव रविन्द्रप्रसाद चौलागाईंले संघका गतिविधि तथा कार्ययोजना र संघले भावी दिनमा खेल्नुपर्ने भूमिकाका विषयमा प्रशिक्षणात्मक मन्तव्य राख्नुभएको थियो । त्यस बखत कर्णाली प्रदेशका सुर्खेत जिल्लाका शाखाहरूको भ्रमणसमेत गरिएको थियो ।

## ६. संघको विधान प्रकाशन

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको विधान-२०५० (एघारौं केन्द्रीय महाधिवेशन-२०७९ ले गरेको संशोधनसहित) कम्पाइल गरी प्रकाशन गर्ने कार्य सम्पन्न भएको छ ।

## ७. संघको वेबसाइट सार्वजनिक

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको सूचना तथा गतिविधिका विषयमा सूचना तथा जानकारी प्रवाह गर्नका लागि मिति २०८०/०२/२३ संघको आफ्नै वेबसाइट rabbea.org.np निर्माण गरी सञ्चालनमा ल्याइएको छ । साथै भविष्यमा संघको नयाँ सदस्यता दर्ता तथा नवीकरणसमेत वेबसाइटमार्फत नै गर्ने योजनासमेत रहेको छ ।

## ८. नेपाल सरकारका राजस्व सचिव र लोकसेवा आयोगका माननीय अध्यक्षसँग भेटघाट

पेसागत महासंघ नेपालको पहल र बिफु नेपालको संयोजनमा बैंकमा क्रियाशील ट्रेड युनियन बैंक व्यवस्थापनबिच मिति २०७९/०८/१८ मा भएको आर्थिक सहमतिका विषयहरू मिति २०७९/१०/०६ गते बैंकको सञ्चालक समितिले पास गरी नेपाल सरकार अर्थ मन्त्रालयमा पठाए पनि मन्त्रालयले स्वीकृत नगरेकाले मिति २०७९/१२/३१ मा संघका वरिष्ठ उपाध्यक्ष बद्रीप्रसाद तिमल्सिना र महासचिव रविन्द्रप्रसाद चौलागाईंले राजस्व सचिवज्यूसँग भेट गरी सेवा सुविधाबारे संघका तर्फबाट ध्यानाकर्षण गराउनुभएको थियो । साथै, मिति २०८०/०१/१० गते संघका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेय र वरिष्ठ उपाध्यक्ष बद्रीप्रसाद तिमल्सिनाले लोकसेवा आयोगका माननीय अध्यक्षज्यूलाई भेट गरी विनियमावलीका विषयमा बैंक र कर्मचारीलाई परेको असहजता एवम् असुविधाका सम्बन्धमा संघका तर्फबाट प्रस्ट पार्नुभएको थियो । फलस्वरूप नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०८०/०३/३१ को च.नं. ८८५ को पत्रद्वारा कर्मचारीहरूले पाउने आर्थिक सुविधामा वृद्धि भयो भने विनियमावली संशोधन सम्बन्धमा समेत आंशिक रूपमा सम्बोधन भएको छ ।

## ९. पेसागत महासंघ नेपालको महाधिवेशन, मे डे र बिफु नेपालको कार्यक्रममा सहभागिता

पेसागत महासंघ नेपालको मिति २०७९/१२/२३ र २४ गते ललितपुरको जावलाखेलमा सम्पन्न सातौं महाधिवेशन र 'मे' डेमा संघका तर्फबाट सक्रियतापूर्वक सहभागिता जनाइएको थियो । मिति २०८०/०२/१३ गते मोरङको विराटनगरमा भएको बिफु कोशी प्रदेशको अधिवेशनमा संघका महासचिव रविन्द्रप्रसाद चौलागाईंले सम्बोधन गर्नु भयो । उक्त अधिवेशनले संघका केन्द्रीय सल्लाहकार सदस्य दिपेन्द्र भट्टराईको अध्यक्षतामा सर्वसम्मत कमिटी निर्वाचित गर्‍यो । साथै मिति २०८०/०६/१२ गते कास्कीको पोखरामा भएको बिफु नेपालको गण्डकी प्रदेशको अधिवेशनमा संघका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेयले सम्बोधन गर्नु भएको थियो ।

## १०. राबिया क्यालेन्डर - २०८० प्रकाशन

नयाँ वर्षको उपलक्ष्यमा प्रकाशन गरिने क्यालेन्डर सदाझैँ यस वर्ष पनि प्रकाशन गरी संघका सबै प्रदेश समितिमार्फत बैंकका विभाग, प्रदेश कार्यालय तथा शाखा कार्यालयहरूमा वितरण गर्ने कार्य सम्पन्न भयो । कुल ६००० प्रति छापिएको राबिया क्यालेन्डरमा प्रकाशित विज्ञापनबापत प्राप्त रकमले संघको आर्थिक अवस्था सुधारमा सहयोग भएको छ ।

## ११. अल्टिमेटम तथा धर्ना कार्यक्रम

बैंकमा क्रियाशील ट्रेड युनियन र बैंक व्यवस्थापनबिच मिति २०७९/०८/१८ मा १९ बुँदे व्यवस्थापकीय, १६ बुँदे प्रशासनिक, ११ बुँदे कर्मचारी सेवा विनियमावली र २७ बुँदे आर्थिक विषयमा गरी जम्मा ७३ बुँदे मागदाबी सम्बन्धमा सहमति भएको व्यहोरा सर्वविदितै छ । लामो समयसम्म वार्ता भई सहमति भएका विषयहरू करार, पारिश्रमिक, ज्यालादारी, स्थायी कर्मचारीको आर्थिक सेवा सुविधा वृद्धि, व्यवस्थापकीय, प्रशासनिक र कर्मचारी सेवा विनियमावलीका विषयमा भएका सहमति कार्यान्वयन गर्न बैंक व्यवस्थापन उदासीन देखिएकाले उक्त सहमति कार्यान्वयन गराउन ट्रेड युनियन अधिकारको प्रयोग गर्दै राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल र नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि.का तर्फबाट सयुंक्त रूपमा बैंक व्यवस्थापनलाई २१ दिने (२०८०/०२/२४) अल्टिमेटम दिइएको थियो । उल्लिखित समयावधिभित्र पनि समस्या समाधान नभएकाले ट्रेड युनियन अधिकारको प्रयोग गरी निम्नबमोजिमका चरणबद्ध आन्दोलनका कार्यक्रमहरू सञ्चालन गरिएको थियो ।

***पहिलो चरणको आन्दोलनको कार्यक्रम***

- २०८०/०२/२४ गतेदेखि २०८०/०२/३१ सम्म दुवै युनियनका केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरूले हातमा कालोपट्टी बाँधी नियमित कार्य गर्ने ।

***दोस्रे चरणको आन्दोलनको कार्यक्रम***

- २०८०/०२/३२ गतेदेखि २०८०/०३/०६ सम्म दुवै युनियनका केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरू र प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरूले हातमा कालोपट्टी बाँधी नियमित कार्य गर्ने ।
- दोस्रो चरणको आन्दोलनको कार्यक्रमअन्तर्गत मिति २०८०/०२/३२

गतेदेखि २०८०/०३/०६ गतेसम्म दुवै युनियनका केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरू र प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरूले हातमा कालोपट्टी बाँधी नियमित कार्य गर्ने रहेकोमा मिति २०८०/०३/०७ गतेदेखि २०८०/०३/१३ सम्म दोस्रो चरणको कार्यक्रम यथावत राख्ने ।

***तेस्रो चरणको आन्दोलनका कार्यक्रम***

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल, नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि. ले संयुक्त रूपमा मिति २०८०/०२/२४ गतेदेखि कालो पट्टी बाँधेर दैनिक कामकाज गर्ने गरी आन्दोलनका कार्यक्रम निरन्तर सञ्चालन गरिआएको र नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन रा.वा.बैंक लिमिटेडको मिति २०८०/०२/२६ गतेदेखि आन्दोलन स्थगित रहेको सन्दर्भमा हालसम्म पनि बैंक व्यवस्थापन सहमति कार्यान्वयनमा उदासीन देखिएकाले मिति २०८०/०३/१७ गते बैंकमा क्रियाशील तीन वटै युनियनको बृहत् छलफलले सहमति पूर्ण कार्यान्वयन गर्न धर्ना कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेकाले तपसिल बमोजिमका संयुक्त रूपमा थप दबाबमूलक कार्यक्रम सञ्चालन गरिएको थियो ।

- प्रमुख कार्यकारी अधिकृतको कार्यालयमा मिति २०८०/०३/१७ देखि दैनिक १० बजेदेखि ११:३० बजेसम्म क्रियाशील ३ वटै युनियनका केन्द्रीय समितिका पदाधिकारीहरू तथा सदस्यहरूले धर्ना दिने ।
- प्रमुख कार्यकारी अधिकृतको कार्यालयमा मिति २०८०/०३/२४ देखि दैनिक १० बजेदेखि १:०० बजेसम्म क्रियाशील ३ वटै युनियनका केन्द्रीय समितिका पदाधिकारीहरू तथा सदस्यहरूले धर्ना दिने ।

**धर्ना कार्यक्रम स्थगन**

सहमति कार्यान्वयनका लागि बैंकमा क्रियाशील ३ वटै ट्रेड युनियनहरूका केन्द्रीय समितिका पदाधिकारीहरू तथा सदस्यहरूले मिति २०८०/०३/१७ गतेदेखि प्रमुख कार्यकारी अधिकृतको कार्यालयमा दैनिक १० बजेदेखि धर्ना दिने कार्यक्रम प्रभावकारी रूपमा सन्चालन भइरहेकोमा आर्थिक वर्ष २०८०/८१ को वार्षिक खाताबन्दीलाई मध्यनजर गर्दै बैंकमा जिम्मेवार र व्यावसायिक युनियनका हैसियतले मिति २०८०/०४/०१ सम्मको धर्ना कार्यक्रम स्थगन गरिएकोमा सो समयावधि २०८०/०४/०७ सम्मका लागि थप गरिएको थियो ।

यसै सम्बन्धमा बैंकमा क्रियाशील ट्रेड युनियन र बैंक व्यवस्थापनबिच मिति २०७९/०८/१८ मा भएको ७३ बुँदे सहमति नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०८०/०३/३१ को च.नं. ८८५ को पत्रद्वारा कर्मचारीहरूको आर्थिक सुविधा वृद्धि भयो। साथै विनियमावली संशोधनमा समेत आंशिक रूपमा सम्बोधन भएको भनी बैंक व्यवस्थापनको मिति २०८०/०४/०५ को पत्रमार्फत वार्ता आह्वान भई वार्ता चलिरहेकाले संघको कार्यकारिणीको मिति २०८०/०४/१४ गतेको २० औं बैठकको निर्णयअनुसार जारी आन्दोलन स्थगन गरिएको थियो।

## १२. संघको ३४ औँ वार्षिकोत्सव सम्पन्न

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालले आफ्नो स्थापना दिवसका अवसरमा हरेक वर्ष श्रावण पहिलो हप्ता साताव्यापी रूपमा विभिन्न कार्यक्रमसहित मनाउँदै आएअनुरूप यस वर्ष पनि ३४ औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा निम्नबमोजिमका कार्यक्रम आयोजना गरी भव्यताका साथ सम्पन्न गरेको छ।

### म्युजिकल चेयर खेल प्रतियोगिता

संघको वार्षिकोत्सवका अवसरमा मिति २०८०/०४/०३ गते बैंकको केन्द्रीय कार्यालय परिसरमा बैंकका महिला कर्मचारीहरूबिच म्युजिकल चेयर खेल प्रतियोगिता सञ्चालन गरिएको थियो। संघका उपाध्यक्ष लक्ष्मी ज्ञवालीको संयोजकत्वमा सम्पन्न भएको उक्त खेलमा प्रथम वसन्ता पन्थी, द्वितीय भावना शर्मा र तृतीय गङ्गा भुर्तेल हुनुभएको थियो। खेलका विजयी प्रतियोगीहरूलाई मूल समारोहमा प्रमुख अतिथिबाट पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो।

### रक्तदान कार्यक्रम

'रक्तदान जीवन दान' भन्ने नाराका साथ मानवहितका लागि संघको वार्षिकोत्सवका अवसरमा मिति २०८०/०४/०४ गते बैंकको केन्द्रीय कार्यालय परिसरमा संघका वरिष्ठ उपाध्यक्ष बद्रीप्रसाद तिमल्सिनाको संयोजकत्वमा रक्तदान कार्यक्रम सम्पन्न भयो। सो रक्तदान कार्यक्रममा ७१ जना बैंक कर्मचारीहरूले रक्तदान गर्नुभएको थियो।

### ३४ औँ वार्षिकोत्सव मूल कार्यक्रम

नेकपा एमालेका महासचिव शङ्कर पोखरेलले एक समारोहका बिच ३४ औं वार्षिकोत्सव मूल कार्यक्रमको समुद्घाटन गर्नुभयो। सो अवसरमा महासचिव पोखरेलले ट्रेड युनियनहरूले कर्मचारीहरूका हकहित र कार्यरत संस्थालाई सबल

बनाउन भूमिका निर्वाह गर्नुपर्ने बताउँदै देशको तत्कालीन राजनीतिक तथा आर्थिक अवस्थाको बारेमा चित्रण गरी अर्थतन्त्रको सुधार र मुलुकको समुन्नतिमा राज्यले खेल्नुपर्ने भूमिकाका साथै त्यसमा वित्तीय संस्था र कर्मचारी वर्गको भूमिका अहम् हुने कुरा व्यक्त गर्नुभयो ।

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेयको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा अध्यक्ष पाण्डेयले बैंकमा क्रियाशील ट्रेड युनियनहरूले राखेका माग आंशिक रूपमा सम्बोधन भएकोमा थप मागको सम्बोधनका लागि संघले बैंकमा क्रियाशील ट्रेड युनियनहरूसँग सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै आम कर्मचारी वर्गमा थप ऊर्जाका साथ बैंकको व्यवसाय विस्तारमा लागी पर्न आह्वान गर्नु भयो । संघका महासचिव रविन्द्रप्रसाद चौलागाईले सञ्चालन गर्नुभएको सो कार्यक्रममा वरिष्ठ उपाध्यक्ष बद्रीप्रसाद तिमल्सिनाले स्वागत मन्तव्य दिनुभएको थियो । नेकपा एमालेका महासचिव शङ्कर पोखरेलको प्रमुख आतिथ्य रहेको कार्यक्रममा पेसागत महासंघ नेपालका अध्यक्ष, बैंक, बिमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ (BIFU) नेपाल राष्ट्रिय समितिका अध्यक्ष, नेकपा एमाले उपत्यका विशेष प्रदेश कमिटीका अध्यक्ष, बैंकको सञ्चालक समितिका अध्यक्ष, बैंकका प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृतहरू, उपकार्यकारी अधिकृतहरू, विभागीय प्रमुखहरू, संघका पूर्व अध्यक्षहरू, विभिन्न प्रतिष्ठानस्तरका ट्रेड युनियनका अध्यक्षहरू, बैंकमा क्रियाशील ट्रेड युनियनका अध्यक्षहरू, बैंकका शाखा प्रबन्धकहरू, संघका पदाधिकारीहरू लगायत कर्मचारीको उत्साहजनक उपस्थिति रहेको थियो । सो कार्यक्रममा पेसागत महासंघ नेपालका अध्यक्ष पुण्यप्रसाद ढकाल, बैंक, बिमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ (BIFU) नेपालका राष्ट्रिय समितिका अध्यक्ष धर्मराज मैनाली, बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, कर्मचारी संघ नेपालका पूर्व अध्यक्ष शिवप्रसाद अधिकारी, नेपाल वित्तीय संस्था कर्मचारी संघ, राष्ट्रिय वाणिज्य बैंक लि.का अध्यक्ष ईश्वरबहादुर सिंह, नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन, राष्ट्रिय वाणिज्य बैंक लि.का अध्यक्ष दीपेन्द्र कार्कीले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा पेसागत हकहित तथा संस्थाको संवर्धनका विषयमा संघको भूमिकाका विषयमा व्यापकरूपमा विषयहरू उठान गरिएको थियो ।

## आजीवन सदस्य पदक वितरण

संघको ३४ औं वार्षिकोत्सवका अवसरमा संघका मिति २०८९/०४/०७ देखि मिति २०८०/०४/०६ गतेभित्र सेवा निवृत्त तपसिलका आजीवन सदस्यहरूलाई खादा ओढाई चाँदीको पदक वितरण गरियो ।

- ज्ञानसिंह चौधरी
- दिवाकरप्रसाद गुप्ता
- धनबहादुर श्रेष्ठ
- भोजराज अधिकारी

### *उत्कृष्ट प्रदेश समिति रनिङ सिल्ड*

संघका प्रदेश समितिहरूलाई थप क्रियाशील बनाउन र प्रदेश समितिहरूका बिचमा प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्न राबिया नेपाल रनिङ सिल्डलाई यस वर्ष पनि निरन्तरता दिइयो । संघका उपाध्यक्ष लुजः श्रेष्ठको संयोजकत्वमा गठित कार्यविधि निर्माण, मूल्याङ्कन र सिफारिस समितिको सिफारिसमा उच्चतम अङ्क (६८) ल्याउने गण्डकी प्रदेश समितिलाई नेकपा एमालेका महासचिव शङ्कर पोखरेलका हातबाट ३४ औं वार्षिकोत्सव मूल कार्यक्रममा वितरण गरियो ।

### *राबिया नेपाल सांस्कृतिक साँझ*

अतिरिक्त गतिविधमा समेत संघको क्रियाशीलता वृद्धि गर्नुका साथै राबिया नेपाल रिलिफ फन्डको सहयोगार्थ संघको ३४ औं वार्षिकोत्सवका अवसरमा मिति २०८०/०४/०६ गते प्रज्ञा भवन कमलादी, काठमाडौंमा बृहत् राबिया नेपाल सांस्कृतिक साँझ-२०८० सम्पन्न भयो । संघका उपमहासचिव, युवा तथा अतिरिक्त क्रियाकलाप विभाग प्रमुख पेशल नेपालले संयोजन गर्नुभएको कार्यक्रममा राष्ट्रियस्तरका वरिष्ठ सङ्गीतकार, गायक, हास्यव्यङ्ग्य कलाकारहरू मनोज गजुरेल, टीका भण्डारी, ज्ञानु राणा, बद्री पङ्गेनी, रचना रिमाल, सुजिल कर्माचार्य, सुमन कार्की, धर्मेन्द्र सेवान र रोसा फुयाँलको प्रस्तुति रहेको थियो भने उपत्यकाभित्र र बाहिरका करिब १००० कर्मचारी र अन्य व्यक्तिहरूको उपस्थिति रहेको थियो । उक्त ऐतिहासिक कार्यक्रमबाट आम कर्मचारीले मनोरञ्जन प्राप्त गर्नुका साथै राबिया नेपाल रिलिफ फन्डको सञ्चितिमा समेत वृद्धि भयो ।

**राबिया गीत (राबिया एन्थम)** : राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको

इतिहास, वर्तमान र यसका उद्देश्य झल्किने गरी राबिया गीत बनाउने संघको निर्णयअनुरूप सार्वजनिक रूपमा रचना माग गरी प्राप्त रचनालाई वरिष्ठ सङ्गीतकार टीका भण्डारीको संयोजन, सङ्गीत र स्वरमा संघको ३४ औं वार्षिकोत्सवका अवसरमा मिति २०८०/०४/०६ गते प्रज्ञा भवन कमलादी, काठमाडौंमा आयोजित बृहत् राबिया नेपाल सांस्कृतिक साँझ- २०८० मा विमोचन गरियो । संघको राबिया गीतका रचनाकार निम्नबमोजिम रहनुभएको छ ।

*रचनाकार*

- ईश्वर उप्रेती
- रविन्द्रप्रसाद चौलागाईं
- कृष्णप्रसाद लम्साल
- दिपेन्द्र भट्टराई
- भोजराज काफ्ले
- शान्ति दाहाल

सङ्गीत, स्वर, संयोजन : वरिष्ठ सङ्गीतकार टिका भण्डारी

### १३ संघ विभाजनको प्रयास निरस्त

संघको ११ औं केन्द्रीय महाधिवेशन मिति २०७९ भाद्र ३० र ३१ गते पोखरामा देशभरबाट आएका करिब ७०० महाधिवेशन प्रतिनिधि तथा पर्यवेक्षकहरूको उपस्थितिमा प्रजातान्त्रिक विधिद्वारा नेतृत्व चयन गर्दै सम्पन्न भएको विषय आम कर्मचारी मित्रहरूलाई अवगत नै छ । लोकतान्त्रिक विधिद्वारा नेतृत्व चयन हुँदा त्यसको परिणामबाट अत्तालिएर ट्रेड युनियनको मर्म, भावना र मान्यता विपरीत हुने गरी केही व्यक्तिहरूले पराजित मानसिकताको उपजस्वरूप संघको विधि, पद्धति र अनुशासन तोड्दै बैंकभित्र अर्को सङ्गठन दर्ता गर्ने प्रयोजनका लागि संघ तथा बैंकमा क्रियाशील अन्य ट्रेड युनियनहरूका सदस्यलाई फकाई, झुक्याई तथा दबाबमा पारी दस्तखत सङ्कलन गरेको र कतिपयको किर्ते दस्तखत समेत समावेश गरी संघ विभाजन गर्ने हेतुले राष्ट्रिय वाणिज्य बैक कर्मचारी युनियन नामक नयाँ ट्रेड युनियन दर्ता प्रयास भएको थियो ।

श्रम तथा रोजगार कार्यालय टेकुको मिति २०८०।०४।१४ च.नं. १२२ को पत्रअनुसार सो दर्ता प्रक्रिया सबै खारेज भएको व्यहोरा अवगत गराउँदै संघको

नेतृत्वको सुझबुझपूर्ण निर्णय, समन्वय तथा अथक मेहनतलाई सार्थक तुल्याउन पेसागत महासंघ नेपाल, बैंक, बिमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ (बिफु) नेपाल, नेपाल निजामती कर्मचारी सङ्गठन, बैंकमा क्रियाशील समकक्षी ट्रेड युनियन, यस महाअभियानमा दिलोज्यान दिई लाग्ने संघको केन्द्रीय कमिटी तथा प्रदेश कमिटीका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू, बैंकमा कार्यरत संघका सम्पूर्ण सदस्य तथा आम कर्मचारीहरूको साथ, सहयोग र सद्भाव महत्त्वपूर्ण रहेको र यसका लागि सबै पदाधिकारी तथा सङ्गठन धन्यवादका पात्र रहेका छन् । साथै संघको कार्यकारिणी समितिले संघको बृहत्तर एकतालाई ध्यानमा राख्दै बैंकमा नयाँ ट्रेड युनियन दर्ता गर्न र संघको मूल प्रवाहबाट बाहिरिन खोज्नुभएका सबै साथीहरूलाई खुला हृदयले हार्दिक स्वागत गर्न संघ सदैव तयार रहेको निर्णयसहित सबै साथीहरूलाई आफ्नो मूल घर फर्कन हार्दिक आह्वान गर्दै यस कार्यमा हदैसम्मको लचकता अपनाउन र आवश्यक छलफल, सहकार्य तथा समन्वय गर्नका लागि संघका तर्फबाट तपसिल बमोजिमको कार्यदलसमेत गठन गरी वार्ताको प्रयास गरिएको थियो ।

***तपसिल***

| | |
|---|---|
| १. वरिष्ठ उपाध्यक्ष श्री बद्रिप्रसाद तिमिल्सेना | संयोजक |
| २. उपाध्यक्ष श्री लक्ष्मी ज्ञवाली | सदस्य |
| ३. उपाध्यक्ष श्री ईश्वर उप्रेती | सदस्य |
| ४. उपाध्यक्ष श्री लूजः श्रेष्ठ | सदस्य |
| ५. महासचिव श्री रविन्द्रप्रसाद चौलागाईं | सदस्य |

## १४. राबिया नलेज सेयरिङ कक्षा

राष्ट्रिय वाणिज्य बैंकको लि.को आन्तरिक तथा खुला प्रतियोगिताका विभिन्न तहका परीक्षाको तयारी केन्द्रित राबिया नलेज सेयरिङ कक्षा सञ्चालन गरियो । संघका उपाध्यक्ष ईश्वर उप्रेतीले संयोजन गर्नुभएको उक्त कक्षामा १५० जनाको सहभागिता रहेको थियो । आधुनिक प्रविधि जुममार्फत सञ्चालन गरिएको कक्षामा पाठ्यक्रमअनुसारका ४५ ओटा कक्षा सञ्चालन गरिएको थियो ।

## १५. तिज विशेष शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल, केन्द्रीय महिला विभागको आयोजनामा २०८० भाद्र २९ गते राष्ट्रिय वाणिज्य बैंकको थापाथली भवनमा नेपाली

महिलाहरूको महान् चाड तिजका शुभ अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो । संघका उपाध्यक्ष तथा केन्द्रीय महिला विभाग प्रमुख लक्ष्मी ज्ञवालीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन केन्द्रीय महिला विभागका सचिव भावना शर्माले गर्नुभएको थियो । कार्यक्रमको प्रमुख आतिथ्य संघका पूर्व सचिव तथा राष्ट्रिय सभा सदस्य माननीय सुमित्रा बि.सि.ले गर्नुभएको थियो भने बैंकको सञ्चालक समितिका सदस्य रोमिला ढकाल, बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, पेसागत महासंघ नेपाल, बैंक, बिमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ (BIFU) नेपाल र राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष तथा पदाधिकारीहरूको आतिथ्य रहेको थियो । उपत्यकाभित्रका करिब ६०० कर्मचारीहरू उपस्थित सो कार्यक्रममा, महिला सशक्तीकरण, work life balance तथा कार्यालयभित्र हुने लैङ्गिक विभेद समन्यायीकरणका विषयमा विषयहरू उठाइनुका साथै दर खाने कार्यक्रम र मनोरञ्जनका कार्यक्रमसमेत गरिएको थियो ।

### १६. संयुक्त शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम सम्पन्न

बैंकमा क्रियाशील अन्य ट्रेड युनियनहरू नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि. र नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन राष्ट्रिय वाणिज्य बैंक लि. को सहकार्यमा २०८० सालको दशैं, तिहार, छठ तथा न्हुँ दयाँ भिन्तुना ११४४ लगायत नेपालका विशिष्ट चाडपर्वलाई लक्षित गरी २०८० कार्तिक ३ गते केन्द्रीय कार्यालय परिसरमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत, नायब महाप्रबन्धकहरू, विभागीय प्रमुखहरू, शाखा प्रबन्धकहरू लगायत कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

### १७. राबिया नेपाल रिलिफ फन्ड

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालले रु. ५१ हजारबाट सुरु गरेको राबिया नेपाल रिलिफ फन्डमा बैंकका तपसिल बमोजिमका कर्मचारीहरूले आफ्नो जन्मदिन लगायत अन्य शुभअवसरमा स्वेच्छाले रकम जम्मा गर्नु भयो । साथै राबिया नेपाल रिलिफ फन्ड सहयोगार्थ आयोजना गरिएको राबिया सांस्कृतिक साँझ - २०८० सञ्चालन गर्दा बचत भएको रु. ५,००,०००।- (अक्षरुपी पाँच लाख) को राबिया नेपाल रिलिफ फन्डका नाममा मुद्दती खातासमेत खोलिएको छ ।

## तपसिल

रा.वा.बैंक कर्मचारी संघ नेपाल

- कविराज बराल
- ईश्वर उप्रेती
- भावना शर्मा
- लक्ष्मी ज्ञवाली (आचार्य)
- रविन्द्रप्रसाद चौलागाईं
- सुरेशबहादुर अमात्य
- पूर्णप्रसाद उपाध्याय
- श्रवणकुमार सिंह
- सुजन ददेल
- राजेश सुनार
- नवीन दुवाडी
- लक्ष्मीप्रसाद पाण्डेय
- पेशल नेपाल
- सुष्मा ज्ञवाली
- लुजः श्रेष्ठ
- बद्रीप्रसाद तिमल्सिना
- सरोज बस्नेत
- सचिन श्रेष्ठ
- भावेश प्रधानाङ्ग

## १८. सदस्यता नवीकरण

संघको आधार भनेकै संघको सदस्यता हो । लामो समयसम्म अवरुद्ध सदस्यता नवीकरणको कार्यलाई लयमा फर्काइएको छ। यो कार्य संघका प्रदेश समितिहरूको क्रियाशीलतामा सम्पन्न भएको छ। यस कार्यमा तदारुकताका साथ लाग्नुभएकोमा सम्पूर्ण प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरू धन्यवादका पात्र हुनुहुन्छ ।

**संघको विद्यामान केन्द्रीय समिति**

| सि. नं. | पद | नाम | कार्यरत कार्यालय | मोबाईल नं. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री लक्ष्मीप्रसाद पाण्डेय | प्रमुख कार्यकारी अधिकृतको कार्यालय | ९८४८३०६३०५ |
| २ | वरिष्ठ उपाध्यक्ष | श्री बद्रीप्रसाद तिमल्सिना | प्रमुख कार्यकारी अधिकृतको कार्याल | ९८५११८३७६६ |
| ३ | उपाध्यक्ष | श्री लक्ष्मी ज्ञवाली | संस्थागत तथा साना मझौला विभाग | ९८५१२११४३७ |

| सि. नं. | पद | नाम | कार्यरत कार्यालय | मोबाईल नं. |
|---|---|---|---|---|
| ४ | उपाध्यक्ष | श्री ईश्वर उप्रेती | प्रमुख कार्यकारी अधिकृतको कार्याल | ९८५५०६८१८२ |
| ५ | उपाध्यक्ष | श्री लूजः श्रेष्ठ | ब्रान्च अपरेसन विभाग | ९८५११७७१४४ |
| ६ | महासचिव | रविन्द्र प्रसाद चौलागाईं | सूचना प्रविधि विभाग | ९८५५०३०७०४ |
| ७ | उप-महासचिव | श्री श्रवणकुमार सिंह | कर्जा अ.पु. विभाग | ९८४९१५१२४७ |
| ८ | उप-महासचिव | श्री पेशल नेपाल | पुर्वाधार तथा सह वित्तीयकरण कर्जा विभाग | ९८४२१०७४३१ |
| ९ | सचिव | श्री कविराज बराल | वित्त विभाग | ९८४९९८५८७९ |
| १० | सचिव | श्री रेनुका न्यौपाने | कृ.सा.बैंकिङ विभाग | ९८४००५६८५४ |
| ११ | सचिव | श्री कृष्णप्रसाद लम्साल | बागमती प्र.का. | ९८४१८६९३६१ |
| १२ | सचिव | श्री सुष्मा ज्ञवाली | ब्रान्च अपरेसन विभाग | ९८५७०६६३४१ |
| १३ | सचिव | श्री उषा दुलाल | ट्रेजरी विभाग | ९८४९५१२२४८ |
| १४ | कोषाध्यक्ष | श्री ऋषि ज्ञवाली | उपभोक्ता बैंकिङ विभाग | ९८५१०१८३९३ |
| १५ | सह-कोषाध्यक्ष | श्री लिना यादव | कोशी प्र.का. | ९८४२०८७९६१ |
| १६ | केन्द्रीय सदस्य | श्री शोभा शर्मा | बनेपा शाखा | ९८४५१३३४५८ |
| १७ | केन्द्रीय सदस्य | श्री पूर्णप्रसाद उपाध्याय | वीरेन्द्रनगर शाखा | ९८४८०५११०८ |
| १८ | केन्द्रीय सदस्य | श्री दिपा शर्मा | बर्दघाट शाखा | ९८५१२१३३३१ |
| १९ | केन्द्रीय सदस्य | श्री रविन कुमार ढकाल | गाईघाट शाखा | ९८४१५४२९२१ |

| सि. नं. | पद | नाम | कार्यरत कार्यालय | मोबाईल नं. |
|---|---|---|---|---|
| २० | केन्द्रीय सदस्य | श्री सुन्दरप्रसाद श्रेष्ठ | कोटिहवा शाखा | ९८५१०१३८६८ |
| २१ | केन्द्रीय सदस्य | श्री नारायण कुँवर | महेन्द्रनगर शाखा | ९८४८७९८५७७ |
| २२ | केन्द्रीय सदस्य | श्री जयराम पौडेल | बागमति प्र.का. | ९८५१२०९१०४ |
| २३ | केन्द्रीय सदस्य | श्री सुरेश बस्नेत | बेलबारी शाखा | ९८४१६३२९१९ |
| २४ | केन्द्रीय सदस्य | श्री सपना के.सी | सानोठिमी शाखा | ९८४९०२७९०९ |
| २५ | केन्द्रीय सदस्य | श्री शान्ता पाखिन | मु.शा.का. | ९८४१५५६८५९ |
| २६ | केन्द्रीय सदस्य | श्री सञ्जीव महर्जन | सूचना प्रविधि विभाग | ९८५११२२८६३ |
| २७ | केन्द्रीय सदस्य | श्री सागर लामिछाने | हेटौंडा शाखा | ९८४५०७४९७९ |
| २८ | केन्द्रीय सदस्य | श्री विनय श्रेष्ठ | रत्ननगर शाखा | ९८५५०६३७८१ |
| २९ | केन्द्रीय सदस्य | श्री सुजन ददेल | नेपालगञ्ज शाखा | ९८५८०४२५६१ |
| ३० | केन्द्रीय सदस्य | श्री क्रेडिट सुवाल | सूचना प्रविधि विभाग | ९८४१०४८५६५ |
| ३१ | केन्द्रीय सदस्य | श्री राजेशकुमार आचार्य | सुर्खेत शाखा | ९८४३७७८१० |
| ३२ | केन्द्रीय सदस्य | श्री अनु मोक्तान | लेटाङ शाखा | ९८६२०६९६९४ |
| ३३ | केन्द्रीय सदस्य | श्री कविताकृष्ण यादव | पिडारीचोक शाखा | ९८६२५६५४५५ |
| ३४ | केन्द्रीय सदस्य | श्री सुदिप कुमार बरई | भैरहवा शाखा | ९८४०६७७४२९ |
| ३५ | केन्द्रीय सदस्य | श्री राजेश सुनार | खजुरा शाखा | ९८४८०३२०४५ |
| ३६ | केन्द्रीय सदस्य | श्री ईश्वरराज रेग्मी | अमरसिंह चोक शाखा | ९८४६०९६४१३ |
| ३७ | केन्द्रीय सदस्य | श्री वेदप्रसाद बास्तोला | लम्की शाखा | ९८५८४२३९२० |
| ३८ | केन्द्रीय सदस्य | श्री एकेन्द्र ओझा | लहान शाखा | ९८४८६०४४५८ |
| ३९ | पदेन केन्द्रीय सदस्य | श्री नविनराज पौडेल | गण्डकी प्र.का. | ९८५६०७४००० |
| ४० | पदेन केन्द्रीय सदस्य | श्री कृष्णप्रसाद बराल | कोशी प्र.का. | ९८५२०८०२५० |

| सि. नं. | पद | नाम | कार्यरत कार्यालय | मोबाईल नं. |
|---|---|---|---|---|
| ४१ | पदेन केन्द्रीय सदस्य | श्री गोविन्द पौडेल | लुम्बिनी प्र.का. | ९८४८०९८४६० |
| ४२ | पदेन केन्द्रीय सदस्य | चन्द्रप्रकाश बराल | कर्णाली प्र.का. | ९८४११८५२६३ |
| ४३ | पदेन केन्द्रीय सदस्य | श्री राजेन्द्रबहादुर विष्ट | सु.प्र.का | ९८४८५४१९९१ |
| ४४ | पदेन केन्द्रीय सदस्य | श्री दिपेश गुरुङ | कर्पोरेट शाखा | ९८५६०४१२८५ |
| ४५ | पदेन केन्द्रीय सदस्य | श्री राहुलकुमार ओझा | मधेश प्र.का. | ९८५५०८६०११ |
| ४६ | पदेन केन्द्रीय सदस्य | श्री मनोज सुनार | बागमती प्र.का. | ९८४१७६८८४१ |

## लेखा समिति

| सि. नं. | पद | नाम | कार्यरत कार्यालय | मोबाईल नं. |
|---|---|---|---|---|
| १ | लेखा समिति संयोजक | श्री सुष्मा सापकोटा | बागमती प्र.का. | ९८५१२५३७१० |
| २ | लेखा समिति सदस्य | श्री उमा घर्ती | नेपालगंज शाखा | ९८४९९४०७९० |
| ३ | लेखा समिति सदस्य | श्री यशोदा घिमिरे | पुतलीसडक शाखा | ९८५८०३३९०० |

## केन्द्रीय सल्लाहाकार समिति

| सि. नं. | पद | नाम | कार्यरत कार्यालय | मोबाईल नं. |
|---|---|---|---|---|
| १ | के. सल्लाकार समिति सदस्य | श्री दिपेन्द भट्टराई | कोशी प्र.का. | ९८५२०५१७४४ |
| २ | के. सल्लाकार समिति सदस्य | श्री प्रतिभा भण्डारी | सु.प. प्र.का | ९८५११८०२७१ |

## संघका विद्यामान प्रदेश समितिहरू

### कोशी प्रदेश समिति

| सि. नं. | पद | नाम | कार्यरत कार्यालय | मोबाईल नं. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री कृष्णप्रसाद बराल | कोशी प्रादेशिक कार्यालय | ९८५२०८०२५० |
| २ | उपाध्यक्ष | श्री अनिल लिम्बु | इनरुवा | ९८४२२६२०९९ |
| ३ | सचिव | श्री प्रेमबहादुर धिमाल | कोशी प्रादेशिक कार्यालय | ९८५२०८५१३३ |
| ४ | उपसचिव | श्री अस्मिता उप्रेती | पथरी | ९८४२५७२९३३ |
| ५ | उपसचिव | श्री नारायण खत्री | खादबारी | ९८५२०५८८०१ |
| ६ | कोषाध्यक्ष | श्री सुजन न्यौपाने | उर्लाबारी | ९८५२६८२१८९ |
| ७ | सह-कोषाध्यक्ष | श्री नैनमाया राई | दमक | ९८४२६६२३६७ |
| ८ | सदस्य | श्री प्रकाश कार्की | इलामबजार | ९८५२६५८६३३ |
| ९ | सदस्य | श्री विनोद लिङ्देन | बिर्तामोड | ९८१५०९९८४४ |
| १० | सदस्य | श्री रबिना निरौला | दमक | ९८०४९२९४४९ |
| ११ | सदस्य | श्री ममता के.सी. | कोशी प्रादेशिक कार्यालय | ९८४२०४८१८६ |
| १२ | सदस्य | श्री जीवनकुमार खवास | सु.ब.विराटनगर | ९८१७३९४८८९ |
| १३ | सदस्य | श्री ओसन दाहाल | इटहरी | ९८६२०६०४०३ |
| १४ | सदस्य | श्री सुबास पोखरेल | इनरुवा | ९८४२३७४६१८ |
| १५ | सदस्य | श्री जानकी तिम्सिना | इनरुवा | ९८५२०७६४४४ |
| १६ | सदस्य | श्री केशव बुढाथोकी | धनकुटा | ९८४२४२५०४० |

### मधेश प्रदेश समिति :

| सि. नं. | पद | नाम | कार्यरत कार्यालय | मोबाईल नं. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री राहुलकुमार ओझा | मधेश प्रादेशिक कार्यालय | ९८५५०८६०११ |
| २ | उपाध्यक्ष | श्री बरुण गुप्ता | शाखा | ९८४५१३७१९८ |

| | | | | |
|---|---|---|---|---|
| ३ | उपसचिव | श्री विनोदकुमार ठाकुर | जनकपुर | ९८५४०२०४०६ |
| ४ | उपसचिव | श्री मुना भट्टराई | लालबन्दी | ९८४९८२३८०१ |
| ५ | कोषाध्यक्ष | श्री नेल्जा तामाङ | निजगढ | ९८४१४०७७८८ |
| ६ | सह-कोषाध्यक्ष | श्री रामप्रसाद कुशवाहा | विरगंज | ९८४५२३३५३८ |
| ७ | सदस्य | श्री प्रमोद उप्रेती | निजगढ | ९८६१६१२८७५ |
| ८ | सदस्य | श्री सुनिलकुमार साह | सिराहा | ९८४०९०७८४१ |
| ९ | सदस्य | श्री अमरकुमार दास | बलवाबजार | ९८४९५४८९०० |
| १० | सदस्य | श्री अनुज कटवाल | लालबन्दी | ९८४९४६५८५८ |
| ११ | सदस्य | श्री चन्द्रबहादुर खत्री | सिमरा | ९८६६१२७४९१ |
| १२ | सदस्य | श्री राजेश्वरप्रसाद जैसवाल | कलैया | ९८४५१२८८९६ |

## बागमती प्रदेश समिति

| सि. नं. | पद | नाम | कार्यरत कार्यालय | मोबाईल नं. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री मनोज सुनार | बागमती प्रदेश कार्यालय | ९८४१७६८८४१ |
| २ | उपाध्यक्ष | श्री कैलाश तामाङ | पुतलीसडक | ९८४११७३४९५ |
| ३ | सचिव | श्री विनोद तण्डुकार | टेकु | ९८४३४५२७५६ |
| ४ | उपसचिव | श्री स्वाती अर्याल | पुतलीसडक | ९८४१०३०८८० |
| ५ | उपसचिव | श्री सुनिता पौडेल | पुल्चोक | ९८४९०९७२३० |
| ६ | कोषाध्यक्ष | श्री सगुनबहादुर कार्की | नक्साल | ९८४३६२६७१० |
| ७ | सह-कोषाध्यक्ष | श्री हरि भट्टराई | गौशाला | ९८४२०७७२९६ |
| ८ | सदस्य | श्री रविना सिंह | ठमेल | ९८४९९१६२९१ |
| ९ | सदस्य | श्री कल्पना दाहाल | बानेश्वर | ९८५१०१२१२० |
| १० | सदस्य | श्री राजेशकुमार क्षेत्री | भोटाहिटी | ९८५६०२८१२२ |

| सि. नं. | पद | नाम | कार्यरत कार्यालय | मोबाईल नं. |
|---|---|---|---|---|
| ११ | सदस्य | श्री झरना नेपाल | टेकु | ९८४२१०७८९७ |
| १२ | सदस्य | श्री कृष्णप्रसाद शर्मा | थापाथली | ९८४१७०४२२५ |
| १३ | सदस्य | श्री गणेश आचार्य | धुलिखेल | ९८४१३९२४७६ |
| १४ | सदस्य | श्री कौशल्या चालिसे | बनेपा | ९८४९४०७२२९ |
| १५ | सदस्य | श्री राजु खतिवडा | चरिकोट | ९८४९१०१९४१ |
| १६ | सदस्य | श्री अस्मिता अधिकारी | भरतपुर | ९८५१२२५४७३ |
| १७ | सदस्य | श्री नितु श्रेष्ठ | धादिङ | ९८६९८३६९८२ |
| १८ | सदस्य | श्री अन्जली शर्मा दाहाल | ललितपुर | ९८०८२०८२१ |
| १९ | सदस्य | श्री अमृता शर्मा | बालाजु | ९८४६२१९७६१ |
| २० | सदस्य | श्री जयन्ती तामाङ | कीर्तिपुर | ९८५१२६०३८६ |

## गण्डकी प्रदेश समिति

| सि. नं. | पद | नाम | कार्यरत कार्यालय | मोबाईल नं. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नविनराज पौडेल | ग.प्र.का | ९८५६०७४००० |
| २ | सचिव | सन्तोष ढुङ्गाना | ग.प्र.का | ९८४६१२२११२ |
| ३ | उपसचिव | हेमराज भण्डारी | आबुखैरेनी | ९८४८०८९८८७ |
| ४ | कोषध्यक्ष | अनिता पौडेल | पृथ्वीचोक | ९८४११५८००३ |
| ५ | सह-कोषाध्यक्ष | देवी थापा | पृथ्वीचोक | ९८४५२०९४७ |
| ६ | सदस्य | रोशन भण्डारी | पार्दी | ९८४६३८५१२५ |
| ७ | सदस्य | भेषराज पाण्डे | आरुघाट | ९८५७०२४१२६ |
| ८ | सदस्य | धर्मसिंह फाल मगर | कावासोती | ९८६५२४९७४८ |
| ९ | सदस्य | अनिता अछामी | दमौली | ९८४६६१५०३४ |
| १० | सदस्य | कमला गुरुङ | अम्मरसिंह चोक | ९८६१३९१९४५ |

| सि. नं. | पद | नाम | कार्यरत कार्यालय | मोबाईल नं. |
|---|---|---|---|---|
| ११ | सदस्य | अनुजा अधिकारी | पार्दी | ९८४६७५५१३४ |
| १२ | सदस्य | मोहनबहादुर कार्की | स्याङ्जा बजार | ९८४६११०९७५ |

## लुम्बिनी प्रदेश समिति

| सि. नं. | पद | नाम | कार्यरत कार्यालय | मोबाईल नं. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री गोविन्द पौडेल | लुम्बिनी प्र.का. | ९८४८० ८४६० |
| २ | उपाध्यक्ष | श्री श्रीभक्त श्रेष्ठ | भैरहवा | ९८४७०३२८०४ |
| ३ | सचिव | श्री दिपेन्द्र चापागाईं | बुटवल खस्यौली | ९८६७२३०९०८ |
| ४ | उपसचिव | श्री वसन्त कार्की | सन्धिखर्क | ९८५७०८६३१९ |
| ५ | उपसचिव | श्री रामकृष्ण थारु | नेपालगञ्ज | ९८४४८२१७१८ |
| ६ | कोषाध्यक्ष | श्री पशुपति अधिकारी | नेपालगञ्ज | ९८४९६०३०८२ |
| ७ | सह-कोषाध्यक्ष | श्री बबिता लामिछाने | राजमार्ग चैराहा | ९८४९५९४४८१ |
| ८ | सदस्य | श्री कशिष पौडेल क्षेत्री | गुलरिया | ९८६८६४३२७८ |
| ९ | सदस्य | श्री अमित गुभाजु | कोहलपुर | ९८४८०४३८६५ |
| १० | सदस्य | श्री आशिष ज्ञवाली | नेपालगञ्ज | ९८४८२५१५०६ |
| ११ | सदस्य | श्री विष्णु रोक्का | नारायणपुर | ९८६६९३९५१७ |
| १२ | सदस्य | श्री मन्जु के.सी. | घोराही | ९८४७९६२७३९ |
| १३ | सदस्य | श्री सुशील खनाल | ठाडा | ९८४९१४००२९ |
| १४ | सदस्य | श्री टुम्ला प्रधान | बुटवल खस्यौली | ९८४७१९०१३६ |
| १५ | सदस्य | श्री मदनकुमार बरई | सुख्खा बन्दरगाह, भैरहवा | ९८४७०१७९९८ |
| १६ | सदस्य | श्री कुमुद थापा | राजमार्ग चैराहा | ९८६७३३१९६३ |
| १७ | सदस्य | श्री विजय भण्डारी | गुल्मी | ९८४७१६४२८९ |

## कर्णाली प्रदेश समिति

| सि. नं. | पद | नाम | कार्यरत कार्यालय | मोबाईल नं. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री चन्द्रप्रकाश बराल | कर्णाली प्रदेश कार्यालय | ९८४११८५२६३ |
| २ | उपाध्यक्ष | श्री मुनबहादुर बुढा | कर्णाली प्रदेश कार्यालय | ९८५८३२२६७० |
| ३ | सचिव | श्री विष्णु पौड्याल | सुर्खेत | ९८४८०६९०३२ |
| ४ | उपसचिव | श्री दिनेश घर्ति | सुर्खेत | ९८५११७८४५७ |
| ५ | उपसचिव | श्री सीता डाँगी | सुर्खेत | ९८४८२२७९३४ |
| ६ | कोषाध्यक्ष | श्री भिमाकुमारी थापा | वीरेन्द्रनगर | ९८४४८७०७३६ |
| ७ | सह-कोषाध्यक्ष | श्री सम्झना के.सी. | सुर्खेत | ९८४८०३९५६७ |
| ८ | सदस्य | श्री नवराज पौडेल | सुर्खेत | ९८४८११८२६० |
| ९ | सदस्य | श्री निशा कँडेल | वीरेन्द्रनगर | ९८६८१२०५७५ |
| १० | सदस्य | श्री रिमप्रकाश घर्ति | चौरजहारी | ९८४८१८६८५२ |
| ११ | सदस्य | श्री नम्रता चपाई | सुर्खेत | ९८६८१६५१४९ |
| १२ | सदस्य | श्री अन्जु चौधरी | वीरेन्द्रनगर | ९८४८१६६४३६ |
| १३ | सदस्य | श्री प्रेमबहादुर खत्री | कर्णाली प्रदेश कार्यालय | ९८४१९१००५० |

## सूदुर पश्चिम प्रदेश समिति :

| सि. नं. | पद | नाम | कार्यरत कार्यालय | मोबाईल नं. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | राजेन्द्रबहादुर बिष्ट | सु.प.प्र.का. धनगढी | ९८४८५४१९९१ |
| २ | उपाध्यक्ष | जीवन चौधरी | भजनी | ९८४८५२०८०१ |
| ३ | सचिव | दिपेन्द्रप्रसाद अवस्थी | धनगढी | ९८४८४९४०१६ |

| | | | | |
|---|---|---|---|---|
| ४ | उपसचिव | जनकराज जोशी | महेन्द्रनगर | ९८६८७३७४७० |
| ५ | उपसचिव | चादनी ठकुराँठी | अत्तरिया | ९८४८८५८०१५ |
| ६ | कोषाध्यक्ष | मंगलराज अवस्थी | दिपालय | ९८६८५५४०८१ |
| ७ | सह-कोषाध्यक्ष | सरोज पन्थी | क्याम्पस रोड | ९८४८६२३६४१ |
| ८ | सदस्य | भागीराम चौधरी | बैतडी | ९८६८५५६०७३ |
| ९ | सदस्य | भावनाकुमारी बोहरा | बाजुरा | ९८६५७६३८९९ |
| १० | सदस्य | मदनबहादुर साउद | डडेल्धुरा | ९८६६५९१६८३ |
| ११ | सदस्य | अशोक थापा | धनगढी | ९८६५६४८३५६ |
| १२ | सदस्य | लोकेन्द्र भट्ट | महेन्द्रनगर | ९८४२८७३६६६ |
| १३ | सदस्य | शोभाकुमारी बुढा | लम्की | ९८४८५७२१७२ |
| १४ | सदस्य | चन्द्रकला चन्द | श्रीपुर बेलोरी | ९८४८९००८८५ |
| १५ | सदस्य | बविता पाण्डेय | बैतडी | ९८४३०२७४७९ |
| १६ | सदस्य | राजुदेव चौधरी | धनगढी | ९८४८४२०११२ |
| १७ | सदस्य | मिनाकुमारी चौधरी | धनगढी | ९८४८४२१०१२ |
| १८ | सदस्य | भुवनराज भट्ट | बझाङ | ९८४८८३१०३० |
| १९ | सदस्य | बालकृष्ण जोशी | धनगढी | ९८४८४३४२०४ |

## केन्द्रीय कार्यालय विशेष प्रदेश समिति

| सि. नं. | पद | नाम | कार्यरत कार्यालय | मोबाईल नं. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | दिपेश गुरुङ | कर्पोरेट शाखा | ९८५६०४१२८५ |
| २ | उपाध्यक्ष | उमा बस्नेत | वित्त विभाग | ९८५१२४८१९३ |
| ३ | सचिव | भावना शर्मा | उपभोक्ता बैंकिङ विभाग | ९८५११४५७९२ |
| ४ | उपसचिव | स्वेता शाही | मुख्य शाखा कार्यालय | ९८५१२४०८६३ |
| ५ | उपसचिव | उर्मिला मालबुल | कर्पोरेट शाखा | ९८४६०९८७२१ |

| सि. नं. | पद | नाम | कार्यरत कार्यालय | मोबाईल नं. |
|---|---|---|---|---|
| ६ | कोषाध्यक्ष | निशा न्यौपाने | भुक्तानी तथा फर्स्यौट विभाग | ९८४५२९६२३६ |
| ७ | सह-कोषाध्यक्ष | सुमित शाक्य | अवकाश कोष | ९८६१५१९२०३ |
| ८ | सदस्य | लविता थापा | कर्जा प्रशासन विभाग | ९८०३३५१४४३ |
| ९ | सदस्य | विदुश नेपाल | कर्पोरेट शाखा | ९८४१३२३२३४ |
| १० | सदस्य | अञ्जली श्रेष्ठ | मुख्य शाखा कार्यालय | ९८४३५६६१३४ |
| ११ | सदस्य | रोशन खड्गी | मुख्य शाखा कार्यालय | ९८४१३४५०२२ |
| १२ | सदस्य | दिपेश पौडेल | डिजिटल बैंकिङ विभाग | ९८४६७५७४४३ |
| १३ | सदस्य | सन्ध्या श्रेष्ठ | कर्जा प्रशासन विभाग | ९८६७८१३८५७ |
| १४ | सदस्य | विजय शाही | डिजिटल बैंकिङ विभाग | ९८४३६९८२५२ |
| १५ | सदस्य | पवित्रा चाम्लागाई | कम्प्लायन्स विभाग | ९८२४९७४१५४ |
| १६ | सदस्य | एलिसा के.सी. | कम्प्लायन्स विभाग | ९८४३४५१४०८ |
| १७ | सदस्य | रिना गुरुङ | जोखिम व्यवस्थापन विभाग | ९८५१२२५१८४ |
| १८ | सदस्य | मनिशा सिजापति | मानव संशाधन विभाग | ९८४१९३७०१० |
| १९ | सदस्य | शान्तिका नेपाल | सामान्य सेवा विभाग | ९८४१४६४९०३ |
| २० | सदस्य | झलक आचार्य | सिकाइ तथा विकास विभाग | ९८५८०६०४१४ |
| २१ | सदस्य | नविन दाहाल | डिजिटल बैंकिङ विभाग | ९८४९५६२५७२ |

राष्ट्रिय वाणिज्य बैंक
कर्मचारी सङ्घ नेपाल
केन्द्रीय समिति

# वार्षिक कार्य योजना २०८०/८१

| क्र. सं. | कार्ययोजना | क्रियाकलाप | कार्य सम्पन्न गर्ने निकाय | समयावधि | सङ्ख्या | सूचाङ्क/मापन |
|---|---|---|---|---|---|---|
| १ | सङ्गठनात्मक कार्य | क. सदस्यता विस्तार, नवीकरण | सङ्घका सम्वद्ध समितिहरू र सदस्यहरू | निरन्तर | १% वृद्धि, नवप्रवेशीको ५५% | सदस्यता सङ्ख्यामा वृद्धि |
| | | ख. अधिवेशन | प्रारम्भिक समितिहरू/जिल्ला समितिहरू | निरन्तर | सङ्घको सबै सदस्यहरू | कमिटीहरु अद्यावधिक हुने |
| | | अ. प्रारम्भिक अधिवेशन/जिल्ला अधिवेशन | प्रदेश समितिहरू | २०८० चैत्र सम्म | | |
| | | ग. आजीवन सदस्यता वितरण | प्रदेश समितिको सिफारिसमा केन्द्रीय समिति | निरन्तर | ५० जना | आजीवन सदस्यता वृद्धि हुने |
| | | घ. प्रशिक्षण | | | | |
| | | अ. केन्द्रीयस्तर | केन्द्रीय समिति/प्रदेश पदाधिकारी | ०८० फागुन र ०८१ जेष्ठ | १०० जना | महिला प्रशिक्षणसमेत |
| | | आ. प्रदेशस्तर | प्रदेश समितिहरू | प्रदेश समितिहरूको कार्ययोजनाअनुसार २०८० पौषदेखि २०८१ जेष्ठ | सबै क्षेत्र | साङ्गठनिक कृयाशीलतामा वृद्धि हुने |
| | | ङ. प्रदेशगत भ्रमण | प्रदेश समितिहरू | प्रदेश समितिहरूको कार्ययोजनाअनुसार निरन्तर | सबै क्षेत्र | सदस्यहरू उत्प्रेरित हुने |
| | | च. केन्द्रीय समितिको बैठक | केन्द्रीय समिति | २०८० मङ्सिर, फागुन, २०८१ वैशाख, जेष्ठ | ४ पटक | सङ्घको कृयाशीलतामा वृद्धि तथा समस्याको पहिचान |
| | | छ. प्रदेश समितिको मूल्याङ्कन | केन्द्रीय कार्यकारिणी/केन्द्रीय समिति | २०८१ असार | १ पटक | साङ्गठनिक साथै सङ्घको भावी रणनीतिको जानकारी हुने |
| | | ज. CONEP day | सङ्घका सबै सदस्यहरू | २०८१ जेष्ठ २ | १ पटक | राष्ट्रिय कार्यक्रममा सहभागी |
| | | झ. वार्षिक कार्ययोजना समीक्षा | केन्द्रीय कार्यकारिणी/केन्द्रीय समिति | २०८० श्रावण | १ पटक | कार्य व्यवस्थित हुने |
| | | ञ. केन्द्रीय परिषद् | केन्द्रीय परिषद् सदस्य | २०८१ वैशाख | १ पटक | नीति निर्माण |
| २ | अतिरिक्त क्रियाकलाप | क. मे-१ को कार्यक्रम | सङ्घका सबै सदस्यहरू | २०८१ वैशाख | २०० जना | राष्ट्रिय कार्यक्रममा सहभागी |
| | | ख. कालो दिवस | केन्द्रीय समिति | २०८० चैत्र ८ | | विगतका आन्दोलनको सम्झना |
| | | ग. शुभकामना आदानप्रदान कार्यक्रम | केन्द्रीय समिति | पदपूर्ति पश्चात् | | |
| | | घ. लक्ष्ययात्रा २०८० | केन्द्रीय समिति | २०८० मङ्सिर मसान्तसम्म | १००० थान | आर्थिक सङ्कलन तथा प्रचार-प्रसार हुने |
| | | ङ. २०८१ सालको क्यालेन्डर | केन्द्रीय समिति | २०८० चैत्र | ६००० थान | सङ्घको आर्थिक अवस्था मजबुत हुने |
| ३ | प्रकाशन | क. विज्ञापन सङ्कलन ( लक्ष्ययात्रा र क्यालेन्डर) | केन्द्रीय/प्रदेश समिति | २०८० पौष र चैत्र | १५ लाख | सङ्घको आर्थिक अवस्था मजबुत हुने |
| | | ख. आजीवन सदस्यता वितरण | प्रदेश समितिको सिफारिसमा केन्द्रीय समिति | निरन्तर | १५० जना | आर्थिक अवस्थामा वृद्धि हुने |

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**सागर राजधामी**
**शाखा प्रबन्धक**
**शाखा कार्यालय मधुमल्ला, मोरङ**
मोबाइल नं. ९८५२०५२३०४

...तपाईको आफ्नै बैंक

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**महेश मण्डल**
**शाखा प्रबन्धक**
**शाखा कार्यालय लेटाङ, मोरङ**
मोबाइल नं. ९८५२०४३५५६

...तपाईको आफ्नै बैंक

# हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार
लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**श्री केदार भण्डारी**
मेयर

**श्री अग्नि प्र. अधिकारी**
प्रमुख प्रशासकिय अधिकृत

**श्री अशोक कु. मेहता**
लेखा अधिकृत

**इनरूवा नगरपालिकाको कार्यालय**
इनरुवा, सुनसरी

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

**छबीराम लूइटेल**

**शाखा प्रबन्धक**

**शाखा कार्यालय चकचकी, झापा**

मोबाइल नं. ९८५२६८६५८७

...तपाईको आफ्नै बैंक

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

प्रो. **होमबहादुर प्रधान**

**शुभ बिहानी निमार्ण सेवा**

बाह्रदशी-४, झापा

मोवाइल नं. ९८५२६२०६९१

# हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार
लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

**प्रोपाइटरः रामकाजी खत्री**

मोबाइल नं. ९८५२८४९३४०

**लाहुरे हार्डवयर सप्लायर्स एण्ड ट्रेडर्स**

दिक्तेल रूपाकोट मझुवागढी-१, खोटाङ

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रो. **बिशेश्वर खड्का**

**चेतनशील बिजुली भण्डार**

मेचीनगर-१०, झापा

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रो. **रेशकुमार थापा**

**ओमशान्ती ट्रेडर्स**

चौदण्डीगढी-७, उदयपुर
मोवाइल नं. ९८६३७५८९९२

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रो. **सुरेश खडका**

**न्यू त्रिशक्ति हार्डवयर**

चौदण्डीगढी-७, उदयपुर
मोवाइल नं. ९८४५१०१३५०

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रो. **जनक बिष्ट**

**सहअस्तित्व बहुउद्देशीय पशुपंक्षी तथा कृषि फर्म**

चौदण्डीगढी-४, उदयपुर
मोवाइल नं. ९८५११००६२४

# संविधानपछिको राष्ट्रिय राजनीति, वर्तमान आर्थिक अवस्था र समृद्धिको बाटो



**प्रदीप ज्ञवाली**
*उपमहासचिव, नेकपा एमाले*

## संविधान निर्माण : ऐतिहासिक घुम्ती

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनासँगै नेपाली राजनीतिको नयाँ यूग सूरु भयो। संविधान जारी भइसकेपछि अधिकारप्राप्तिको संघर्षले मञ्जिल प्राप्त गऱ्यो। लोकतान्त्रिक आन्दोलनको राजनीतिक अभिभारा मूलतः पूरा भयो। प्रतिक्रान्तिका खतरालाई निरपेक्ष ढङ्गले अस्वीकार गर्न त सकिँदैन, तर वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति र विद्यमान शक्ति सन्तुलनभित्र लोकतन्त्र खोसिने सम्भावना भने ज्यादै न्यून छ।

क्रान्तिले सत्ता र शासन प्रणाली मात्रै बदलेर पुग्दैन, सामाजिक आर्थिक संरचना पनि बदल्नुपर्छ। अर्थात् सामाजिक आर्थिक रूपान्तरण गर्न सक्नुपर्छ। राजनीतिक क्रान्ति यदि समृद्धि, समानता र न्यायमा अनुवाद हुन सकेन भने त्यो खोक्रो हुने छ। नेपालको लोकतान्त्रिक क्रान्तिले पूरा गर्नुपर्ने यो अभिभारा भने अझै बाँकी छ।

पार्टी, संस्था या व्यक्तिहरूको सान्दर्भिकता इतिहास मात्रैले स्थापित गर्दैन । बरु, उनीहरूको वर्तमानमा भूमिका र भविष्यतिर डोऱ्याउन सक्ने नेतृत्वदायी सामर्थ्यले तय गर्छ । अबको लोकतान्त्रिक पार्टी तथा नेतृत्वको सान्दर्भिकता, वैधता र औचित्य उनीहरूले समृद्धि प्राप्तिको नयाँ अभियानमा निर्णायक भूमिका खेल्न सक्छन् कि सक्दैनन्, जनताका अपेक्षा पूरा गर्न सक्छन् कि सक्दैनन् भन्ने कुरामा निर्भर रहने छ।

## विरोधाभाषपूर्ण तस्बिर

नेपालको सात सालको क्रान्तिभन्दा तीन वर्ष अगाडि चीन हजारौँ वर्ष पुरानो सामन्ती बन्धनबाट स्वतन्त्र भयो । भारत सात सालको क्रान्तिभन्दा तीन वर्ष अगाडि मात्रै उपनिवेशबाट मुक्त भयो । कोरिया पनि त्यसै हाराहारीमा मुक्त भएको थियो । आज उनीहरू कहाँ पुगे र हामी कहाँ छौँ ? चीनले विभिन्न

मुलुकहरूका घेराबन्दी तथा सांस्कृतिक क्रान्तिकालीन उथलपुथल, भारतले विभाजनको पीडा र कोरियाले अमेरिकी आक्रमणको समेत सामना गरेका छन् । तर सबै अवरोध छिचोल्दै उनीहरूले गरेको प्रगति कल्पनातीत छ ।

छयालिसको आन्दोलनकै हाराहारी दक्षिण अफ्रिका रङ्गभेदबाट मुक्त भयो भने फिलिपिन्सले मार्कोसको, इन्डोनेसियाले सुहार्तोको र चिलीले पिनोसेको त्रासदीबाट मुक्ति पाए । दुई दशकमा दक्षिण अफ्रिकाले द्वन्द्वको सफल रूपान्तरणमात्र गरेको छैन, संविधान निर्माण, आर्थिक समृद्धि र इतिहासका घाउ पुर्ने काममा महत्त्वपूर्ण उपलब्धि हासिल गर्दै G-20 मा प्रवेश गर्न सफल भएको छ । फिलिपिन्स, इन्डोनेसिया र चिलीको प्रगति पनि इर्ष्यालाग्दो छ। गृहयुद्धको विभीषिका भोगेका कम्बोडिया र रुवान्डाको प्रगति पनि आश्चर्यजनक छ ।

तर ठुलो राजनीतिक परिवर्तनपश्चात् पनि हाम्रो सामाजिक-आर्थिक क्षेत्रको अवस्था भने दयनीय छ। यद्यपि सामाजिक क्षेत्रका केही सूचकाङ्कमा आशालाग्दो प्रगति पनि भइरहेको छ । तर समग्र आर्थिक विकास सूचकाङ्क निराशाजनक छ । दैनिक १७ सय युवाहरू कामको खोजीमा बाहिरिँदै गरेको अवस्था (अझ भारतमा जाने र अवैध ढङ्गले प्रवासिनेको त तथ्याङ्कसमेत छैन) ले चुनौतीपूर्ण तस्बिर प्रस्तुत गर्छ । भ्रष्टाचार बढ्दो छ । परनिर्भरता कहालीलाग्दो छ । उत्पादनमा ह्रास र विदेशी ऋण बढ्दो ग्राफमा छन् ।

यी सबैका कारण जनतामा चिन्ता छ ।

## आर्थिक-सामाजिक विकासका चुनौती

निरङ्कुश राजतन्त्रका कारण टाक्सिएको अर्थतन्त्रले २०४६ सालको परिवर्तनपछि विकासका सम्भावना बोकेको थियो । तर काङ्ग्रेस सरकारले विश्वव्यापीकरण, उदारीकरण र निजीकरणका नाममा अवलम्बन गरेका कतिपय गलत आर्थिक नीति र भ्रष्टाचारका कारण त्यो सम्भावना क्षीण भएर गयो । माओवादी सशस्त्र द्वन्द्वले अर्थतन्त्रको आधारशीला तहसनहस पारिदियो । सीमित उद्योगधन्धाहरू पनि बन्द हुँदै जानु, पुँजीको तीव्र पलायन, विदेशी लगानी भित्रिने वातावरण बिग्रिनु, श्रम शक्तिका मुख्य आधारका रूपमा रहेका युवाहरूको विदेश पलायन र ग्रामीण क्षेत्रबाट विस्थापनको तीव्र बेगका कारण अर्थतन्त्रले चौतर्फी सङ्कटको सामना गर्नुपर्‍यो । द्वन्द्वका कारण सुरक्षा निकायको बढ्दो आकार र यसले वृद्धि गरेको सुरक्षा खर्चले विकास निर्माण र सामाजिक क्षेत्रमा लगानी सङ्कुचन

गर्दै लग्यो । समानान्तर आर्थिक गतिविधिले अर्थतन्त्रको विकासमा थप समस्या सिर्जना भयो ।

कैयौँ वर्ष यता आर्थिक वृद्धिदर ५ प्रतिशतभन्दा न्यून रहँदै आएको छ । आ.व. २०७४/७५ पछि लगातार ७ प्रतिशतको हाराहारीमा वृद्धि भएको अर्थतन्त्र त्यसपछि ओह्रालो लाग्न सुरु गर्‍यो । आज त अर्थतन्त्रका धेरै सूचक जोखिमपूर्ण छन् । रेमिट्यान्सले गरेको २५ प्रतिशत योगदानलाई अलग गरेर हेर्ने हो भने हाम्रो आर्थिक वृद्धिदर नगण्य छ । अर्थतन्त्रमा उद्योगको हिस्सा निरन्तर साँघुरिदै गएको छ ।

युवा श्रम शक्तिको विदेश पलायनले गाउँबस्तीहरू खालि हुँदै जाँदा निर्वाहमुखी खेतीमा आश्रित जनसङ्ख्यासमेत बजारमाथि निर्भर हुँदै गएको छ । यसले खाद्यान्नमा समेत परनिर्भरतालाई बढाएको छ । कृषिको वृद्धिदर सन्तोषजनक छैन । कृषिको व्यवसायीकरण हुन नसक्नु, औद्योगिक अर्थतन्त्र साँघुरिँदै जानु, विदेशी लगानी अपेक्षित मात्रामा भित्रिन नसक्नु र मुलुकमा राजनीतिक अस्थिरता लम्बिँदै जानुले रोजगारीका अवसर सीमित हुँदै गएका छन् ।

मुलुकको कुल निर्यातले पेट्रोलियम पदार्थ खरिद गर्न पनि नपुग्ने जस्तो बिडम्बनापूर्ण तस्बिर र निरन्तर बढ्दो व्यापार घाटाले नेपाललाई आर्थिक रूपमा झन्-झन् परनिर्भर बनाउँदै लगेको छ । गाउँबाट सहरतिर, पहाडबाट तराइतिर र पछिल्लो समय स्वदेशबाट विदेशतिर बसाइँसराइको क्रम तीव्र देखिएको छ । कुल १७ प्रतिशत भूभाग रहेको तराइमा कुल जनसङ्ख्याको ५३ प्रतिशतभन्दा बढी हिस्सा बसोबास गर्नु भनेको सामाजिक सन्तुलन, जमिन लगायत प्राकृतिक साधन स्रोतको उपयोग, दीर्घकालीन राजनीतिक सन्तुलनका दृष्टिले पनि चुनौतीपूर्ण हो ।

अव्यवस्थित सहरीकरण र सहरमा जनसङ्ख्याको चापले सूरक्षा, सामाजिक सेवा र आधारभूत आवश्यकतामा समेत चूनौती थपिँदै गएका छन् । विकासका असमानताहरू टड्कारो गरी देखा परेका छन् । भौगोलिक दृष्टिले कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भेग नेपालको औसत विकासको स्थितिभन्दा धेरै तल देखिएका छन् भने मधेस प्रदेश अविकासको अर्को क्षेत्रका रूपमा देखा परेको छ ।

आर्थिक विषमता चुनौतीको विषय बनेको छ । नेपाल जीवनस्तर मापन सर्वेक्षण (२०११) का अनुसार २० प्रतिशत गरिब (वार्षिक ८४९८।- रुपियाँभन्दा कम कमाउनेहरू) को समग्र अर्थतन्त्रमा ४.१ प्रतिशत हिस्सामात्र रहेको र २०

प्रतिशत धनी (वार्षिक १,१७,०६३।- भन्दा बढी कमाउने) सँग अर्थतन्त्रको ५६.२ प्रतिशत हिस्सा रहेको, अझ सबैभन्दा धनी १० प्रतिशतले ३९.५ प्रतिशत हिस्सा ओगटेको अवस्था छ ।

कुल १ करोड २० लाख बचतकर्ताको निक्षेपबाट ८ लाख ऋणीले मात्रै लाभ लिन पाएका छन् । एउटा अनौपचारिक रिपोर्टले त्यो ऋणको ८० प्रतिशत भन्दा बढी हिस्सा झण्डै १०० औद्योगिक र व्यापारिक घरानाले दोहन गरेको तथ्य उद्घाटित गरेको छ ।

कृषि क्षेत्रमा असमानताको टड्कारो छ । २०६८ को जनगणना अनुसारको कुल ५४ लाख परिवार मध्ये ३८ लाख (करीब दुई तिहाई) परिवार कृषिमा सङ्लग्न भए पनि जमिनको आकार खुम्चिएर २०५८ को ०.८० हेक्टरको तुलनामा २०६८ मा आइपुग्दा ०.६८ हेक्टरमा झरेको तर कित्ताको सङ्ख्या भने १० लाख बढेर १ करोड २० लाख पुगेको तथ्यले जमिनको खण्डीकरण बढ्दै गएको देखाउँछ । सहरीकरणको बढ्दो प्रक्रियामा भवन, सडक, जग्गाको प्लटिङ आदिले खेतीयोग्य जमिन झन्डै डेढ लाख हेक्टर घटाएको छ । बाली सघनतामा वृद्धि नगण्य (१० वर्षको अवधिमा ०.०२ प्रतिशत मात्र) बढेकाले कृषि उपजमा परनिर्भरता बढ्दो अवस्थामा छ । कृषि आर्जनबाट ६ महिना पनि खान नपुग्ने ३७ प्रतिशत परिवार गरिबीको रेखामुनि छन् । खाद्य अधिकार र खाद्य सुरक्षाको प्रसङ्ग टड्कारो बन्दै गएको छ । जग्गाविहीन कृषक परिवारको सङ्ख्या १ लाख १५ हजार पूगेको छ । ०.१ हेक्टरभन्दा कम जमिन हूने १२.३० प्रतिशत निर्धनतम कृषि परिवार सीमान्त गरिबीमा बाँच्न विवश छन् । झन्डै ६० प्रतिशत किसानहरू आज पनि बैङ्क या सहकारीबाट होइन, साहुकहाँबाटै ऋण लिन बाध्य छन् । लोकततान्त्रिक गणतन्त्र स्थापना भइसक्दा पनि मिटरब्याजको समस्याले किसानहरू पिरोलिन बाध्य छन् ।

दुईतिहाइ घर परिवार आश्रित कृषिले समग्र अर्थतन्त्रमा एकतिहाइमात्रै योगदान गर्नु र त्यही क्षेत्रमा सर्वाधिक गरिबी देखा पर्नु हाम्रो विकासको सबैभन्दा ठुलो चुनौती हो । भूमिसुधार, कृषि क्षेत्रको समग्र पुनःसंरचना र कृषिको व्यवसायीकरणलाई तीव्रता दिएर त्यस क्षेत्रमा टाक्सिएको उत्पादक शक्तिलाई प्रस्फुटित हुने वातावरण सिर्जना गर्नु हाम्रो मुख्य दायित्व बन्न पुगेको छ ।

भ्रष्टाचार विस्तार हुँदै जानु, तिनले हाम्रो राजनीतिक, कानुनी, सुरक्षा र न्यायिक निकायलाई गाँज्दै लैजानु तथा तिनले सामाजिक मूल्यहरूको विघटनलाई तीव्र

पार्नु गम्भीर चुनौतीका रूपमा देखा परेको छ । प्रदेशसभा र स्थानीय तहमा समेत भ्रष्टाचार विस्तार हुँदै जाने र त्यहाँ विनियोजन भएको विकास बजेट ‘किन्ने’ प्रवृत्ति बढ्दै गएको छ ।

निर्वाचनमा साधन स्रोतहरूको अनियन्त्रित प्रवाहले परिणामलाई समेत प्रभाव पार्न थालेको अवस्था छ । मिडियामा अपारदर्शी लगानी र तिनले जनमतलाई गलत ढङ्गले प्रभावित गरिरहेको स्थिति छ। तस्करी, कालोबजारी, कमिसनतन्त्र र करछलीबाट रातारात धनी हुने र तिनले कतिपय निर्णय प्रक्रियालाई समेत असर गरिरहेको स्थिति चिन्ताजनक छ । यसले सामाजिक मूल्यहरूको विघटनलाई गम्भीर रूपमा असर गरेको छ र समाजलाई नै प्रदूषित बनाइरहेको छ ।

विद्यालय जाने उमेरका झन्डै २ प्रतिशत बालबालिका विद्यालय पुग्न नपाउनु, बिचैमा कक्षा छाड्ने समस्या नियन्त्रण नहुनु, निजी र सामुदायिक शिक्षाबिच ठुलो भेद र दुई खाले वर्ग जन्माइरहेको अवस्था, शिक्षाको व्यापारीकरण, उच्च शिक्षाको खस्किँदो स्तर र निरन्तर अस्थिरता पनि त्यस्तै ठुला समस्याका रूपमा रहेका छन् ।

महिलाविरुद्ध विभिन्न प्रकृतिका हिंसा बढ्दै जानु गम्भीर चुनौतीको विषय बनेको छ । सरदर दिनमा तीन जना महिलामाथि बलात्कारका घटना घट्नु, बालिका, वृद्धा र अपाङ्गता भएका महिलासमेत बलात्कारको सिकार बन्नुले मानव सभ्यताकै उपहास गरिरहेको छ । दाइजोका नाममा महिलालाई ज्युँदै जलाउने, बोक्सीको आरोपमा महिलामाथि क्रूर र नृशंश ढङ्गका दुर्व्यवहार हुनुले समाज गम्भीर विकृतिको सिकार बनिरहेको भन्ने यथार्थ टड्कारो छ । सूचना प्रविधि, सहरी क्षेत्रमा विभिन्न पेसा-व्यवसाय तथा वैदेशिक रोजगारीसमेत महिलामाथि हिंसा, यौन दुर्व्यहार र ज्यादतिका माध्यम बन्न थालेका छन् ।

छुवाछुत र जातीय विभेदलाई सामाजिक अपराधका रूपमा दर्ज गरेर विभिन्न कानुनी र संरचनागत प्रबन्धद्वारा त्यसलाई नियन्त्रण गर्न प्रयास गरिए पनि यो समस्या अझै विद्यमान छ । विशेष गरेर मधेस र सुदूरपश्चिम तथा कर्णालीमा टड्कारो समस्याका रूपमा रहेको छ ।

जलवायु परिवर्तन र वातावरणीय विनाशका असरहरू सङ्कटका रूपमा देखिन थालेका छन् । हरितगृह ग्यास उत्सर्जनमा नेपालको भूमिका नगण्य मात्रै (०.०२५ प्रतिशत मात्रै, औसत विश्व दर ३.९ टन प्रतिव्यक्तिका तुलनामा १९७७ केजीमात्रै)

छ। तर पनि एकाधिकारी पुँजीपति वर्ग र ठुला राष्ट्रको अन्धाधुन्ध औद्योगीकरण र तिनले गरेको वातावरण विनाशको मूल्य हामीले चुकाउनुपरेको छ। हिउँ पग्लिँदै जाने, ग्लेसियर र हिमताल विस्फोट हुने, मौसमी चक्रमा अस्वाभाविक परिवर्तन, कृषि प्रणाली धराशायी बन्ने, उच्च हिमाली क्षेत्र, नदी किनार र सिमसार क्षेत्रमाथि आधारित भएर जीविकोपार्जन गर्ने जनताको जीवन कष्टकर बन्न थालेको छ। वनविनाश (हरियाली क्षेत्र ३९.६ प्रतिशतभन्दा कम हुन थालेको), अन्धाधुन्ध निर्माण भइरहेका सडक, वनजन्य इन्धनमाथिको निर्भरता, सुक्दै गएका पानी पँधेरा, घट्दो भूमिगत जलभण्डार, बढ्दो भूक्षय आदि चुनौती बनेका छन्। महिलामाथि थप बोझ थप्दै लगेका छन्। वन्यजन्तुको वासस्थान सङ्कटमा पर्दै गएको छ। चिस्यानको कमीले माटोको उर्बरा शक्तिमा ह्रास आएको छ। अव्यवस्थित सहरीकरणका कारण फोहरमैलाको व्यवस्थापन, वायु प्रदूषण र खानेपानीको अभाव चुनौती बन्न थालेको छ। चुरे क्षेत्रको वातावरणीय विनाश अनिष्टकारी बन्दै गएको छ।

कृषि क्षेत्रमा बिउबिजन र मलमा बढ्दै गएको बहुराष्ट्रिय कम्पनीहरूको बढ्दो प्रभाव चुनौतीका रूपमा छ। मौलिक कृषि उत्पादन, बिउबिजन र प्रविधिमाथि जोखिम बढ्दै छ। किसानहरू हाइब्रिड बिउ एकाधिकार प्राप्त बहुराष्ट्रिय कम्पनीबाट महङ्गो मूल्यमा खरिद गर्न बाध्य छन्। खरिद गरिएका मकैका घोगामा दाना नलाग्ने, नपसाउने र त्यसरी मर्कामा पर्ने किसानले क्षतिपूर्ति पनि नपाउने दुःखद् घटना घटिरहेका छन्।

जमिनमाथिको सामन्ती भूस्वामित्व र अनुपस्थित जमिनदारीको अवस्था कायमै छ। कानुनी रूपमा मुक्त भनिए पनि कमैया-कमलरी प्रथा कुनै न कुनै रूपमा कायमै छ। विभिन्न प्रदेशमा अहिले पनि हलिया, बँधुवा र अन्य शोषणका क्रूर स्वरूपका अवशेष जीवितै छन्। हाम्रो श्रमको सम्पूर्ण चरित्र ज्यालादारीमा रूपान्तरित भइसकेको छैन। सांस्कृतिक क्षेत्रमा सामन्तवादको जबर्जस्त उपस्थिति छ। सामन्ती उत्पादन प्रणालीको वर्चस्व तोडिए पनि सामन्ती अवशेष भने कायमै छन्। मुलुक पुँजीवादको प्रारम्भिक अवस्थामा प्रवेश गरेको छ तर उत्पादनशील र राष्ट्रिय पुँजी भने कमजोर छ। दलाल, आश्रित र विलासी पुँजीको वर्चस्व देखा परेको छ।

## समाजका भर्टिकल र होराइजन्टल विभेद

नेपाली समाजमा 'भर्टिकल' मात्र होइन, 'होराइजन्टल' विभेद पनि रहेको विशेष अवस्था छ । अर्थात् वर्गीयसँगै सामाजिक उत्पीडन पनि विद्यमान हुनु नेपाली समाजको चारित्रिक विशेषता हो ।

नेपाली समाजमा लामो समयदेखि वर्णव्यवस्था रहँदै आयो, जसले समाजलाई श्रेणीकरण गरेको छ । सामन्ती व्यवस्थाले प्रवर्धन गरेको 'एक भाषा', 'एक भेष', 'एक संस्कृति' र 'एक धर्म' जस्ता आधिपत्यकारी नीतिका कारण यहाँको विविधता नामेट हुने, कतिपय भाषा संस्कृति विलोप हुने र राज्यमा सबै जातजाति र भाषाभाषीको सन्तुलित प्रतिनिधित्व नहुने स्थिति रहँदै आएको यथार्थलाई हामीले स्वीकार गर्नै पर्छ । मधेसी मूलको र वर्ण कालो भएकै कारण सच्चा मधेसी नागरिकले समेत पटक-पटक राष्ट्रियतामाथि प्रश्नचिह्नको सामना गर्नूपरेको, इराकमा कूनै मूस्लिम आतङ्ककारीले नेपाली युवाहरूको हत्या गर्दा नेपाली मुस्लिमले मस्जिद र कुरानमाथिको आक्रमण भोग्नुपरेको स्थितिले विगतका यस्तै विसङ्गत अवस्थालाई दर्शाउँछन् । राज्य अत्यधिक केन्द्रीकृत हुनुले कर्णाली लगायतले क्षेत्रीय विभेदको समेत सामना गरिरहेको अवस्था रह्यो ।

जातीय, भाषिक, सांस्कृतिक र लैङ्गिक विभेद हाम्रो समाजको एउटा चूनौतीपूर्ण समस्या हो र हाम्रो आन्दोलनको एउटा अनिवार्य कार्यसूची । यसबाट निरपेक्ष रहेर विशुद्ध वर्गीय मुद्दाले मात्रै हाम्रो आन्दोलनलाई व्यापक, प्रभावकारी र सशक्त बनाउन सक्दैन ।

तर सामाजिक उत्पीडनका स्रोत के हो ? समाधानको सही बाटो कुन हो ? वर्गीय आन्दोलनसँग सामाजिक उत्पीडन विरोधी आन्दोलन तथा पहिचान र प्रतिनिधित्वको आन्दोलनको अन्तरसम्बन्ध के हो ? कुन प्राथमिक हो र कुन दोस्रो ? कुन केन्द्रीय हो र कुन पेरिफेरियल ? कुन निर्णायक हो र कुन सहयोगी ? यी विषयमा स्पष्ट हुन सकिएन भने आन्दोलनले सही दिशा प्राप्त गर्न सक्दैन ।

राज्यको आधारभूत चरित्र निर्धारण गर्ने संरचना उत्पादक शक्ति र उत्पादन सम्बन्धको समष्टि अर्थात् आर्थिक ढाँचा हो । शासन प्रणाली, संविधान/कानून, सूरक्षा र संस्कृति जस्ता अधिसंरचना त्यही आधारका प्रतिबिम्ब मात्रै हून् । त्यस ढाँचालाई तय गर्ने मुख्य शक्ति उत्पादक शक्ति अर्थात् वर्ग हुन् । त्यसैले वर्गहरू नै समाज र राज्यका मुख्य मेरुदण्ड हुन् । जातीय, लैङ्गिक या सांस्कृतिक समूहहरू सहायक प्रवर्ग मात्रै हुन् ।

युएनडिपीको नेपाल विकास प्रतिवेदन २००९ ले अचेलको राजनीतिक 'डिस्कोर्स'मा उत्पीडित समुदायका रूपमा प्रचारित गर्ने गरिएको 'मधेसी समुदाय' कुनै एउटा 'मोनोलिथिक इन्टिटी' होइन भन्ने स्पष्ट पारेको छ । त्यहाँ मानव विकास सूचकाङ्कका दृष्टिले सबैभन्दा माथि कायस्थ रहेको, मारवाडी र ब्राह्मणहरू निकै सम्पन्न रहेको तर मधेसी दलित र मुस्लिम त्यस सूचकाङ्कको पुच्छारमा रहेको देखाउँछ । 'जनजाति' भित्र पनि लगभग सबै जनसङ्ख्या गरिबीको रेखामाथि रहेको थकाली र समृद्धिको शिखरमा रहेको नेवार समूदायदेखि लिएर अझै पनि जङ्गली अवस्थामा रहेका राउटे, कूसूण्डा र चेपाङसम्म छन् । अनि, मध्यपहाडी क्षेत्रका ब्राह्मण क्षेत्रीहरू आर्थिक र राजनीतिक दृष्टिले निकै माथि रहे पनि कर्णाली क्षेत्रमा भने त्यस समुदायको समेत बिजोग छ । अर्थात् कुनै सिङ्गो जातिलाई 'शोषक' र 'उत्पीडक' र कुनै सिङ्गै जातिलाई 'शोषित' र 'उत्पीडित' का रूपमा चित्रित गर्नु गलत हुने कुरा स्पष्ट छ ।

**हेक्का राख्नुपर्ने मुख्य समस्या**

- उत्पादक शक्तिको विकास हुन पाइरहेको छैन । ६० प्रतिशत जनसङ्ख्या आर्थिक रूपमा क्रियाशील हुन सक्ने सम्भावना छ, तर उससँग अवसर छैन ।

- दुईतिहाइ कृषि क्षेत्रमा तर कुल गार्हस्थ्य उत्पादनमा योगदान एकतिहाइ मात्रै छ ।

- ठुलो श्रम शक्ति मुलुक बाहिर छ, तर स्वदेशमा श्रम शक्ति अभाव छ ।

- एकातिर जमिन बाँझा छन्, अर्कातिर भूमिहीन किसानहरू जमिनमा पहुँचबाट बाहिर छन् । पर्याप्त प्राकृतिक स्रोतहरू छन्, तर तिनको उपयोग हुन नसकेको स्थिति छ ।

- गाउँबाट सहरतिर प्रवेश गर्दै गरेको नयाँ श्रम शक्तिको विशाल पङ्क्ति, त्यसको बेरोजगारी र हाम्रो अर्थतन्त्रको यो सङ्कटग्रस्त अवस्थाबिचको अन्तरविरोधलाई प्रभावकारी हस्तक्षेपद्वारा समाधान गर्न नसक्ने हो भने सामाजिक-राजनीतिक अस्थिरताको कारक बन्न सक्छ ।

- शक्तिशाली अर्थतन्त्र भएका छिमेकीहरूबाट लाभ लिन नसके मुलुक अस्थिरता र दीर्घकालीन गरिबीको सिकार बन्ने सम्भावना बढ्दो छ ।

## नवउदारवाद र परम्परागत समाजवादको विफलता

सोभियत संघको पतनपछि एकचोटि निकै व्याप्त भएको 'साम्यवादको मृत्यु', 'मार्क्सवादको समाप्ति' र 'इतिहासको अन्त्य' भन्ने जस्ता पुँजीवादी पण्डितहरूका विश्लेषण र अब बजार अर्थतन्त्रबाहेक अरू कुनै सत्य बाँकी छैन भन्ने भविष्यवाणी गएका बिस वर्षका अभ्यासमा खोक्रो साबित भएको छ । सन् २००८ बाट सुरु भएको विश्वव्यापी आर्थिक मन्दीले पुँजीवादको अन्तरनिहित सङ्कटलाई उदाङ्गो पारिदिएको छ । उदारवाद अबको एकमात्र राजनीतिक व्यवस्था हो र नवउदारवादी अर्थतन्त्र नै एकमात्र आर्थिक सत्य हो भन्ने दाबी निराधार साबित भएको छ । अमेरिकाका ठुला रियल स्टेट, सेयर मार्केट र वित्तीय संस्थाजस्तै खुल्ला बजारले सबै समस्याको समाधान दिन्छ भन्ने चिन्तनको पर्खाल पनि भत्किएको छ । तथाकथित नयाँ विश्वव्यवस्थाले सिर्जना गरेको चरम आर्थिक विषमता, सोभियत समाजवादको पराजयसँगै राजनीतिक विचारधाराको ठाउँमा सुरु भएको जातीय र क्षेत्रीय द्वन्द्व एवम् आर्थिक, सांस्कृतिक र पर्यावरणीय समस्या समाधान गर्न पुँजीवादको असफलताले फेरि एकपल्ट समाजवादको औचित्यलाई पुनर्पुष्टि गरिदिएको छ ।

पुँजीवादको विकल्पको रूपमा खडा गरिएको सोभियत मोडल समाजवाद आफ्नै आन्तरिक कारणले पराजित भएको छ । क्रान्तिका लागि हिंसाको अनिवार्यताको सिद्धान्त, सर्वहारा अधिनायकवाद एवम् फौजी पार्टीका मान्यता खण्डित भएका छन् । कम्युनिस्टका नाममा पोलपोट कलङ्क बने, माओका सांस्कृतिक क्रान्तिकालीन नीतिले चीनमा अस्तव्यस्तता सिर्जना गरे । स्तालिनका गलत नीति र त्यसका परिणामबारे नयाँ तथ्य उद्घाटित हुँदै छन् । साम्राज्यवाद मृत्युशैय्यामा छ भन्ने लेनिनको विश्लेषणसमेत अतिरञ्जना ठहरिएको अवस्थामा समाजवादलाई 'रिभिजिट' गर्नूपर्ने अवस्था सिर्जना भएको छ ।

यसको अर्थ हो - अब 'उदारवादी प्रजातन्त्र' पुरानै रूपमा रहन सक्दैन, समाजवाद पनि पुरानै रूपमा फर्किन सक्दैन । नयाँ परिस्थितिले यी दुवैका सामु नयाँ प्रश्न उपस्थित गरिदिएका छन्, जसले नयाँ जवाफको माग गर्छन् । पुँजीवादी र समाजवादी सिद्धान्तबिच भेद मेटिनु सम्भव छैन । उनीहरूबिच तीव्र प्रतिस्पर्धा जारी छ र पछि पनि रहिरहने छ । तर अब उदार प्रजातन्त्रका पक्षधरले पनि सामाजिक न्याय र साामाजिक-आर्थिक अधिकारका पक्षमा नबोली नहुने परिस्थिति सिर्जना भएको छ । त्यसरी नै, समाजवादीहरूले पनि लोकतन्त्रका विश्वव्यापी मान्यतालाई आत्मसात् गरेर मात्रै अगाडि बढ्न सकिने स्थिति आएको छ ।

## अबको गन्तव्य : सुखी नेपाली र समृद्ध नेपाल

संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाले नेपालमा सामन्तवाद विरोधी राजनीतिक क्रान्तिलाई उत्कर्षमा पुऱ्याएको छ। यसलाई सुदृढ गर्दै सामन्तवादका बाँकी अवशेष समाप्त पार्नु र सामाजिक आर्थिक संरचना परिवर्तन गर्नु हाम्रो मुख्य अभिभारा हो । विश्वको शक्ति सन्तुलन एसियातिर ढल्किँदै गरेको विशेष परिस्थिति र नयाँ आर्थिक शक्तिका रूपमा उदाउँदै गरेका दुई छिमेकी बिचमा अवस्थित नेपालको अस्तित्व र अग्रगति समतामूलक आर्थिक समृद्धिले मात्रै सुनिश्चित गर्न सक्ने स्थिति छ ।

सही राजनीतिबाट निर्देशित नभएको विकासको प्रयास अर्थहीन हुन जान्छ । विकासका लागि तीव्र आर्थिक वृद्धिदर आवश्यक पर्छ । तर मुठ्ठीभर धनीहरू झन् धनी हुँदै जाने र बहुसङ्ख्यक जनता गरिबीको दुष्चक्रमा फस्दै जाने विधिले समग्र समाजलाई समृद्ध बनाउन सक्दैन । तीव्र आर्थिक वृद्धि र न्यायोचित वितरणमा आधारित सन्तुलित विकासको ढाँचा अगाडि बढाउनुपर्ने छ ।

नवउदारवादले बहुसङ्ख्यक श्रमजीवी जनताका समस्याको समाधान दिन सक्दैन । त्यसरी नै, जेसुकै नाममा अभ्यास गरिएको भए पनि एकदलीय अधिनायकवादी व्यवस्था वर्तमान समस्याको समाधान हुन सक्दैन । सामाजिक न्यायसहितको लोककल्याणकारी राज्यव्यवस्था, सहभागितामूलक र समावेशी शासन प्रणालीको पक्षमा हामी उभिनै पर्छ । लोकतन्त्रलाई जनताको बहुदलीय जनवादी व्यवस्था हुँदै समाजवादसम्म विस्तार गर्ने कार्यदिशा अवलम्बन गर्नुपर्छ ।

## अर्थतन्त्रका तीन आधारस्तम्भ

नेपालको आर्थिक विकास सार्वजनिक, सहकारी र निजी क्षेत्रको परिपूरक भूमिका र सन्तुलित सहकार्यमाथि आधारित हुने छ ।

सार्वजनिक क्षेत्रले पूर्वाधारको विकास, आधारभूत शिक्षा, स्वास्थ्य, पिउने पानी, खाद्य सुरक्षा जस्ता मौलिक अधिकारको प्रत्याभूति, सामाजिक क्षेत्रको समन्यायिक विकास, न्यूनतम रोजगारीको प्रत्याभूति, गरिबी न्यूनीकरण, वातावरण संरक्षण र पर्यावरणीय सुधार, क्षेत्रीय सन्तुलन, औद्योगिक सुरक्षा र आर्थिक विकासका लागि उपयुक्त वातावरण निर्माणमा नेतृत्वदायी भूमिका खेल्नुपर्छ । त्यसरी नै छरिएको पुँजी सङ्कलन गरी न्यून आयवर्गका जनताको पहलमा स्थापित उत्पादन, बिक्री वितरण र विविध सेवा क्षेत्रमा सञ्चालित सहकारीमार्फत् ग्रामीण क्षेत्रमा आय वृद्धि

र रोजगारी सिर्जना गर्न सक्नुपर्छ । सहकारीले आम नागरिकहरूको जीवनस्तर माथि उठाउन महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ । समग्र अर्थतन्त्रलाई गति र जीवन दिन, उत्तोलकको रूपमा रहेको निजी क्षेत्रको विकास गर्नुपर्छ । राज्यले सबै उद्यमी व्यवसायीहरूको सम्पत्ति माथिको हकलाई संवैधानिक ग्यारेन्टी गर्नुपर्छ । श्रम र पुँजी लगानीकर्ताबिच सहअस्तित्व कायम गर्नुपर्छ ।

अर्थतन्त्रको समग्र विकासका लागि कृषिको रूपान्तरण, जलस्रोत र भौतिक पूर्वाधारको विकास, पर्यटन र मानव संशाधनको विकासलाई मुख्य क्षेत्र तोक्नुपर्छ । औद्योगीकरण र सेवा क्षेत्रको विकासद्वारा व्यापक रोजगारीको सिर्जना गरी सन्तुलित उत्पादन सम्बन्धबाट उत्पादक शक्तिको विकास गर्नु हाम्रो विकासको केन्द्रविन्दु हुने छ ।

## आजको सन्दर्भमा भूमिसुधार

१ लाख २० हजारभन्दा बढी भूमिहीन किसान र ०.१ प्रतिशत हेक्टरभन्दा कम जमिनसहित सीमान्त गरिबीमा बाँच्न बाध्य गरिब किसानहरूको मुक्तिविना समाजको रूपान्तरण सम्भव छैन । भूमिसुधारको अर्थ जमिनलाई निरपेक्ष रूपमा समान वितरण गर्नु र थप खण्डीकरण होइन । भूमिसुधारका चार आयाम छन् - पहिलो सामन्ती भूस्वामित्वको अन्त्य र वास्तविक जोताहाको हातमा जमिनको स्वामित्वको हस्तान्तरण । दोस्रो, जमिनको उत्पादकत्व वृद्धिमार्फत् निम्नमध्यम र मध्यम किसानहरूको जीवनस्तरमा रूपान्तरण । यसका लागि राज्यले किसानलाई सिचाइँ, मल, बिउ, कृषि ऋण, बजार व्यवस्थापन र पूर्वाधार लगायतमा सहयोग गर्दै अगाडि बढाउने तथा निर्वाहमुखी कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गर्नुपर्छ । तेस्रो, बिचौलिया, बहुराष्ट्रिय निगमहरूको आधिपत्य र नवउदारवादी बजारचक्रको शोषणबाट किसानहरूलाई संरक्षण गर्ने विषय । बिचौलियाको जन्जाल एवम् जैविक विविधताको संरक्षण, बिउबिजन, मल र बजारमा बहुराष्ट्रिय निगमहरूको नियन्त्रणबाट किसानहरूलाई मुक्त गर्ने काम सुनिश्चित हुनुपर्छ । चौथो, कृषिमा टाक्सिएको तर त्यसबाट गुजारा गर्न सम्भव नभएर कठिन जीवन बिताउन बाध्य ठुलो श्रम शक्तिलाई त्यसबाट बाहिर निकाल्ने र उनीहरूलाई स्वरोजगार बनाउने या औद्योगिक क्षेत्रमा रूपान्तरित गर्ने काम गरिनुपर्छ । यसका लागि कृषिजन्य उद्योगहरूको स्थापना र विकास एवम् समग्र राष्ट्रको औद्योगीकरण गर्ने विषय महत्त्वपूर्ण हुन्छ । यी विषयहरूमा सहकारीले निकै ठुलो भूमिका खेल्न सक्छन् ।

एकातिर अब 'जमिन पुनर्वितरणको अर्थ छैन' भन्ने तर्क र अब जमिन बाँड्ने होइन, किसानहरूलाई ज्यालादारी श्रमिक बनाउनुपर्छ भन्ने तर्क दुवै गलत छन् । वास्तविक जोताहालाई जमिनको पहुँच उपलब्ध गराएर उत्पादनका साधनको मालिक बनाउने, साना किसानहरूलाई विभिन्न सहुलियतद्वारा सम्पन्न हुने बाटो देखाउने र सहकारीका माध्यमबाट जमिनको एकाधिकार स्वामित्वको चङ्गुलबाट मूक्त गर्ने बाटो देखाउन सक्नूपर्छ ।

## भू–उपयोग नीति

परम्परागत कृषिमाथि आधारित भएर आजसम्म गरिँदै आएको जमिनको वर्गीकरण (अबल, दोयम, सिम, चाहार) अब असान्दर्भिक भएको छ । अब जमिनलाई कृषि, हरियाली, आवास, औद्योगिक, शैक्षिक/सामाजिक आदिमा वर्गीकरण गरिनुपर्छ । तदनुरूप भूमिको अधिकतम र दिगो सदुपयोग र योजनाबद्ध विकासमा केन्द्रित हुनुपर्छ । व्यवस्थित सहरीकरण र एकीकृत वस्ती विकासमा ध्यान दिनुपर्छ । भूकम्पले गरेको विनाश र नेपाल भूकम्प जोखिम क्षेत्रमा रहेको हुनाले अब हाम्रा बस्तीहरूको विकासमा भौगोलिक मात्रै होइन, भौगर्भिक अध्ययनलाई पनि व्यवस्थित ढङ्गले अगाडि बढाउनू र हेक्का राख्नूपर्छ ।

## राष्ट्रिय अर्थतन्त्रको विकास

नाकाबन्दीले हामीलाई सिकाएको मुख्य पाठ हो - जबसम्म हामी आर्थिक रूपमा आत्मनिर्भर र सबल हुन सक्दैनौँ, तबसम्म हामी हेपिइएकै हुने छौँ र हाम्रो राष्ट्रिय स्वाभीमान माथि उठ्न पाउने छैन । त्यसैले अब आत्मनिर्भरतातिर केन्द्रित हुनै पर्छ । तुलनात्मक लाभका उद्योगहरूमा जोड दिई स्वदेशी लगानीलाई प्रोत्साहन गर्नुपर्छ । स्वदेशी कच्चा पदार्थमा आधारित श्रममूलक उद्योगहरूलाई विशेष सुविधा प्रदान गरिनुपर्छ । बढी रोजगारी सिर्जना गर्ने उद्योग व्यवसायलाई राज्यबाट थप सुविधा, सहुलियत र टेवा प्रदान गरिनुपर्छ । स्वाधीन अर्थतन्त्र निर्माण गर्न राज्यको आधारभूत दायित्व राज्यकै करप्रणालीबाट सुनिश्चित गर्ने नीति अवलम्बन गर्नुपर्छ ।

राज्यको विकासको मार्गचित्र, आर्थिक नीति निर्माण, साधन स्रोत परिचालन र त्यसको प्रतिफलको वितरण नेपालीहरूकै निर्णयमा हुने कुराको सुनिश्चित गर्नुपर्छ । विदेशी सहायतामाथिको निर्भरता क्रमशः हटाउँदै लैजाने दिशा अवलम्बन गर्नुपर्छ । स्वाधीन अर्थतन्त्रको विकास गर्ने लक्ष्य हाम्रो हुनुपर्छ ।

कृषिमा अनुदानमार्फत् प्रतिस्पर्धी क्षमताको अभिवृद्धि गर्ने काम गर्नुपर्छ । प्राकृतिक स्रोतमाथि नेपाली जनताको अक्षुण्ण अधिकारको रक्षा गर्दै जलस्रोतको उपयोगमा राष्ट्रिय हितलाई ध्यानमा राखी बाह्य र बहुपक्षीय सहयोग लिने नीति अवलम्बन गर्नुपर्छ । न्यूनतम ४० प्रतिशत हरियाली (वन) क्षेत्र सुरक्षित गरिनुपर्छ । वन सम्पदाको संरक्षण तथा व्यवस्थापन गरी वन क्षेत्रको उत्पादकत्व बढाउने काम हुनुपर्छ ।

जैविक विविधता तथा पर्यावरण प्रणालीको दिगो संरक्षण गर्ने, जलवायु परिवर्तनका असर कम गर्ने र यसको असरको सामना गर्ने नागरिकहरूको क्षमता अभिवृद्धि गर्ने तथा चुरे क्षेत्र संरक्षण गर्न त्यस क्षेत्रको जोखिमपूर्ण बस्ती र अव्यवस्थित कृषिलाई वैकल्पिक व्यवस्थापन गर्ने, वातावरणीय विनाश हुने खालका उद्योग खोल्न पूर्ण रोक लगाउने र चुरे केन्द्रित सामुदायिक वन व्यवस्थापनलाई तीव्रता दिने र चुरे क्षेत्र वरपरका जनतालाई आधुनिक ऊर्जाको सुविधा उपलब्ध गराउने लगायतका वातावरणसम्बन्धी नीति र योजनालाई अगाडि बढाउनुपर्छ ।

समाजमा वैज्ञानिक चेतना अभिवृद्धि गर्न, परम्परागत प्रविधिको आधुनिकीकरण र क्षमता अभिवृद्धि गर्न, आधुनिक प्रविधिसँग राष्ट्रको विकास प्रकृयालाई आबद्ध गर्न र जनताको जीवनलाई सहज तुल्याउन विज्ञान र प्रविधिको व्यापक विकासलाई प्रोत्साहन गर्ने नीति राज्यको हुनुपर्छ, प्रविधिलाई आर्थिक उत्पादनसँग आबद्ध तुल्याउनुपर्छ ।

निश्चित क्षेत्रमा वैदेशिक लगानीलाई आकर्षण गर्नैपर्छ । प्रविधिका क्षेत्रमा भएका नवीनतम उपलब्धिबाट लाभान्वित हुने नीति पनि आवश्यक पर्छ ।

## समृद्धिको सपना

तीन-तीन वटा विशाल राजनीतिक परिवर्तन हुनु तर जनजीवनमा भने अर्थपूर्ण परिवर्तन आउन नसक्नुले मदन भण्डारीका शब्दमा प्रजातन्त्र 'मिठाइको बास्नाको मोल पैसा बजाएर आएको आवाजले तिरे जस्तै' भएको छ । लोकतन्त्रको च्याम्पियन बनेको हाम्रो नेतृत्व सामु समृद्ध नेपाल निर्माणका स्वप्नद्रष्टा, आर्किटेक्ट र अभियन्ता बन्ने चुनौती छ ।

कतिपय कम्युनिस्ट/समाजवादी सत्ताहरू समृद्धिको सपना व्यापारमा सीमित भएको र यथार्थमा दरिद्रताको वितरणमा खुम्चिएर असफल हुन पुगेको यथार्थबाट गम्भीर पाठ सिक्नुपर्छ ।

आर्थिक विकासका नियमहरूको निषेध या उपेक्षा गर्ने, मनोगत विश्लेषणबाट निर्देशित हूने, निजी क्षेत्र र बजारको भूमिकालाई बेवास्ता गर्ने, उत्पादकत्व अभिवृद्धिमा प्रोत्साहनको अभाव र विज्ञान-प्रविधिको भूमिकाको अवमूल्यन जस्ता कमजोरीले पनि कतिपय देशमा समाजवादको सुन्दर सपना व्यवहारमा असफल भएको कुराबाट शिक्षा लिँदै अगाडि बढ्नुपर्छ ।

हामीले समाजवादी सत्ताहरूको असफलताबाट पाठ सिक्दै समृद्ध नेपाल निर्माणको मौलिक बाटोको अन्वेषण गरेका छौँ । जनताको बहुदलीय जनवादमा रेखाङ्कित ती सोचहरूको पहिलो सफल प्रयोग २०५१ सालमा एमाले सरकारका माध्यमबाट गरिएको छ । गाउँमुखी विकास, जनमुखी बजेट, सामाजिक सुरक्षा र श्रमजीवी पक्षधर नीति त्यसका विशेषताका रूपमा रहेका छन् । स्थानीय निकायमा विजयी प्रतिनिधिहरूले पनि नेपालमा विकास र समृद्धिको नयाँ अभियान अगाडि बढाएका छन् ।

उत्पादक शक्तिको विकास र सबल राष्ट्रिय अर्थतन्त्रको निर्माण मूख्य सर्त हुन् । त्यसका लागि तीव्र आर्थिक वृद्धिदर र न्यायोचित वितरणबिचमा सन्तुलन कायम गरिनुपर्छ। सम्पत्तिको अधिकारको प्रत्याभूति र यसको सामाजिक दायित्वका बिचमा समन्वय गरिनुपर्छ । सामाजिक सुरक्षाका माध्यमबाट श्रमजीवी, सीमान्तकृत र प्रतिस्पर्धामा उत्रिन नसक्ने समुदायलाई न्याय दिने काम गर्नुपर्छ। गाउँलाई खोक्रो पारेर सहरको विकास गर्ने या 'डाउनटाउन' मा केही गगनचूम्बी महल निर्माण गर्दै खोला किनारमा सूकूम्बासीलाई अलपत्र पार्ने विकासको मोडेल होइन, साझा समृद्धिको, न्यायपूर्ण विकासको बाटोबाट मात्रै र स्वदेशी पुँजी निर्माण र बाहृय लगानीबिच समन्वय गरेर मात्रै यस्तो लक्ष्य प्राप्त गर्नु सम्भव छ ।

हामीले वि.सं. २०८० सम्म नेपाललाई अल्पविकसित दर्जाबाट विकासोन्मुख राष्ट्रको तहमा स्तरोन्नत गर्नूपर्ने छ र त्यसपछिका बिस वर्षमा नेपाललाई मध्यमस्तरको विकसित देशको तहमा विकसित गर्न सक्नुपर्ने छ । १०० बर्से अवधिमा नेपाललाई समृद्धिको उचाइमा पुऱ्याउन सकेमात्रै कम्युनिस्ट तथा लोकतान्त्रिक आन्दोलनको सान्दर्भिकता स्थापित हुने छ ।

## जनताको बहुदलीय जनवादको मार्गदर्शन

जनताको बहुदलीय जनवादले समाजको शान्तिपूर्ण रूपान्तरण सम्भव छ भन्ने मान्यता स्थापित गरेको छ । राज्यसत्ताको जन्म बन्दुकको नालबाट हुन्छ भन्ने

मान्यता बोक्नेहरू बन्दुक थन्क्याएर शान्तिपूर्ण बाटोमा आउन र सेना नभएको पार्टी कम्युनिस्ट पार्टी हुनै सक्दैन भन्नेहरू कथित सेनालाई विघटन गर्न बाध्य भएको स्थितिले यसको सहीपनालाई पुष्टि गरेका छन् ।

आजको युगमा जनवादी सत्ता होस् चाहे समाजवादी, बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, विधिको शासन र बहुलवादका मूल्यहरूलाई आत्मसात् गर्नुपर्दछ भन्ने मान्यताको पुनर्पुष्टि भएको छ । बहुदलीय प्रतिस्पर्धा र लोकतान्त्रिक मूल्यहरूलाई संशोधनवादी/दक्षिणपन्थी आरोप लगाउनेहरूसमेत यसलाई पछ्याउन बाध्य छन् ।

खुला बजार अर्थतन्त्र तथा परम्परागत संसदीय प्रणाली मात्रै अन्तिम सत्य हो भन्ने नवउदारवादी शक्तिहरू पनि सामाजिक न्यायसहितको लोकतन्त्रलाई स्वीकार्न आइपुगेको अवस्था छ । विगत दशकमा चलेका तीव्र विचारधारात्मक-राजनीतिक संघर्षमा जनताको बहुदलीय जनवादको सिद्धान्त पुष्टि भएको छ ।

राष्ट्रियता मूलतः राष्ट्रिय हितहरूको पहिचान, रक्षा र सम्वर्द्धनको समष्टि हो । र मुलुकको सम्प्रभुता, प्रादेशिक अखण्डता र राष्ट्रिय स्वाभिमानको रक्षा, पारस्परिक हित र अहस्तक्षेपमाथि आधारित विदेश नीति, छिमेकी मित्र राष्ट्रहरूसँग सुमधुर सम्बन्ध, एक अर्काका संवेदनशीलता र सरोकारको सम्मान तथा सम्बोधन तथा पारस्परिक लाभमाथि आधारित आर्थिक सम्बन्धले राष्ट्रियतालाई सम्वर्द्धन गर्छ । जननेता कमरेड मदन भण्डारीले रेखाङ्कन गर्नुभएको प्रगतिशील राष्ट्रवादको अवधारणाबाट निर्देशित हुँदै राष्ट्रियताको रक्षा र सम्वर्द्धन गर्न तथा सन्तुलित विदेश नीति अवलम्बन गर्नु आवश्यक छ ।

यसका लागि पार्टी र राजनीतिक कार्यकर्ताहरूको भूमिकामा पनि परिवर्तन आवश्यक छ । लोकतन्त्रको च्याम्पियनबाट समृद्धिका च्याम्पियनमा रूपान्तरण गर्न ध्यान दिनुपर्छ । कार्यकर्ताहरूको रूपान्तरण अर्थात् उनीहरूलाई आन्दोलनका संवाहकबाट विकासका संवाहकमा बदल्ने काम गर्नु आवश्यक छ । जनसङ्गठनहरूको भूमिकालाई पनि पुनर्परिभाषित गर्दै आफ्नो समुदायको अधिकतम हितका अभियन्ताका रूपमा अगाडि बढाउनु आवश्यक छ । बदलिँदो भूमिकाको अर्थचाहिँ कार्यकर्ताका रूपमा कुनै व्यक्ति धनी हुने होइन, समाजलाई समृद्ध बनाउने कुराको अगुवाइ गर्ने कुरा हो ।

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

प्रो. **तुलाराम अधिकारी**

**अधिकारी फुटवयर**

पथरी शनिश्चरे-१,मोरङ

मोवाइल नं. ९८१७३३२७१५

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।




## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।




## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**खगेन्द्र कँडेल**

शाखा प्रबन्धक

**एन.एल.जी इन्स्योरेन्स क. लि.**

पथरी शनिश्चरे, मोरङ

मोवाइल नं. ९८५२०२८६२७

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

प्रो. **क्षेत्र बहादुर बोहरा**

**कर्णाली कन्सल्टेन्ट एण्ड ट्रेडिङ्ग सेन्टर**

सुर्खेत, नेपाल

मोवाइल नं. ९८४९६५२९१७

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

प्रो. **गीता कुमारी अधिकारी**

**न्यु राजन ट्रेडर्स एण्ड सप्लायर्स**

सुर्खेत, नेपाल

मोवाइल नं. ९८६८०९८९१७

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

प्रो. **दिल बहादुर सुनार**

**न्यु दैलेखी ज्वाला ज्वैलर्स**

सुर्खेत, नेपाल

मोवाइल नं. ९९८५८०७९१२३

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

प्रो. **इन्द्र आचार्य**

**आइडियल फेशन एण्ड कलेक्शन**

सुर्खेत, नेपाल

मोवाइल नं. ९८४८०७७१०७

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

9852042486
9802745000

9842050986
021- 555486

**अनमोल ट्रेड सेन्टर**



हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**मेघराज गिरी**
**शाखा प्रबन्धक**
**शाखा कार्यालय चैनपुर, संखुवासभा**
मोबाइल नं. ९८५२०५१२०९

...तपाईको आफ्नै बैंक

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रो. **आशिष शाक्य**
**आशिष एण्ड ब्रदर्स**
चैनपुर-६, संखुवासभा

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**राजु काफ्ले**
**शाखा प्रबन्धक**
**शाखा कार्यालय महेन्द्रचोक, मोरङ**
मोबाइल नं. ९८५२०६९५५५

...तपाईको आफ्नै बैंक

# अर्थतन्त्रको शल्यक्रिया र उपचारका उपाय



**डा. चन्द्रमणि अधिकारी**
*वरिष्ठ अर्थशास्त्री, पूर्व सदस्य, राष्ट्रिय योजना आयोग*

## १. पृष्ठभूमि

अहिले अर्थतन्त्रका बाह्य पक्षहरू केही सकारात्मक देखिएका छन्, सन्दर्भ सूचकहरूमा सुधार देखिएको छ । तर अर्थतन्त्रको आधारभूत पक्ष भने शिथिल अवस्थामा छ । बजारमा माग बढ्न सकेको छैन । मागमा कमी आएका कारण सहरी क्षेत्रका व्यापारिक केन्द्र भनिने कतिपय ठाउँका कतिपय सटर बन्द हुन पुगेका छन् भने कतिपय आंशिक रूपमा चलेका छन । कतिपय ठुला सिपङ सेन्टरहरू खुल्नुका कारणले पनि बन्द भएका हुन् । उत्पादन र माग कम भएकाले बेरोजगारीको सङ्ख्या बढेको छ, जुन कुरा सरकारी तथ्याङ्कले पनि पुष्टि गरेका छन् । राज्यबाट हुने विकास खर्च न्यून छ । व्यावसायिक क्षेत्रमा निराशा बढ्दो छ । युवापङ्क्ति विदेशतिर जाने क्रम घट्नुभन्दा बढेको छ । घरजग्गा र सेयर बजारमा सुधार आउन सकेको छैन । बर्सेनि वस्तुको भाउ बढिरहने तर उपभोक्ताको आम्दानी नबढ्ने र क्रयशक्ति कमजोर हुँदा अर्थतन्त्र सुस्ताउँदै गएको छ । तीन दशकदेखि मूल्यवृद्धिले आर्थिक वृद्धिको दरलाई उछिनेको छ । यस्तो चरित्र बोकेको अर्थतन्त्रलाई बलियो भन्न सकिन्न ।

ऊर्जाशील जनशक्तिको ठुलो हिस्सा वैदेशिक रोजगारीमा जानेको सङ्ख्या बढ्नाले विप्रेषण आयमा वृद्धि भई वैदेशिक मुद्राको सञ्चिति बढेका कारण शोधनान्तर अवस्था र चालु खाता बचतमा छन्, सञ्चितिमा रहेको अधिकांश वैदेशिक मुद्रा उपभोगमुखी पैठारीमा खर्च हुने गरेको छ । स्वभावत: नै विप्रेषणको आप्रवाहको उतारचढावको व्यवस्थापनको लगाम विप्रेषण प्राप्त गर्ने देशको हातमा हुँदैन । यी कुराहरू विश्व अर्थतन्त्रमा आएका परिवर्तन र गडबडी तथा श्रम उपयोग गर्ने देशहरूको आर्थिक विकासको गति र त्यहाँको नीतिबाट प्रभावित हुन्छ । त्यसैले सजिलै भन्न सकिन्छ कि विप्रेषण आयमा दिगोपन छैन । यसमा कुनै पनि वेला आँधी, तुफान देखिन सक्छ ।

## २. अर्थतन्त्रको अवस्था र चुनौतीहरू

अर्थतन्त्रको अवस्थाका सम्बन्धमा कुरा गर्दा अहिले मूलतः दुई धार देखिन्छन् । एक पक्षबाट अर्थतन्त्र खत्तम भयो, धराशायी भयो भन्ने कुरा गरिन्छ । अर्को पक्षले अर्थतन्त्रमा सुरधार आयो, लयमा फर्कियो भन्ने गर्छ । यथार्थमा ती दुवै कुरा सत्यबाट टाढा छन् । अहिलेनै अर्थतन्त्र खत्तम भयो, धराशायी भयो भन्ने वाक्य प्रयोग गर्ने वेला भएको छैन । यद्यपि अर्थतन्त्र चुनौतीको घडीमा छ, समस्याहरूको चाङमा छ । अर्थतन्त्रका कतिपय अवयव तथा अङ्गहरू विक्षिप्त अवस्थामा छन् । अर्थतन्त्रको मूलक्षेत्र चुनौतीपूर्ण भएकाले अहिले राम्रो भएको क्षेत्र पनि दिगो छ र यसले निरन्तरता पाउँछ भन्ने कुराको सुनिश्चितता छैन । अझै पनि मुद्रास्फीति दर आर्थिक वृद्धिदरभन्दा दोब्बरभन्दा माथि छ ।

फेरि अर्को ढङ्गले हेर्दा कतिपय क्षेत्रमा राम्रो भएको पनि देखिएका छन् । यद्यपि राम्रो देखिएका क्षेत्र सतहका क्षेत्र हुन् । उदाहरणका लागि अहिले शोधनान्तर बचत राम्रो छ, अघिल्लो वर्षसम्म चालु खाता घाटामा थियो, अहिले बचत छ । वैदेशिक मुद्रा सञ्चिति बढेर झन्डै साढे १० महिनाको वस्तु र सेवा धान्न सक्ने भएको छ । बैंक तथा वित्त संस्थाहरूसँग लगानीयोग्य रकम पनि छ । तर कर्जा लिने र दिनेबिच विश्वासको वातावरण नबन्दा र व्यवसायीको मनोबलमाथि नउठ्दा अपेक्षाकृत लगानी भएको छैन ।

प्राविधिक रूपमा नेपाल राष्ट्र बैंकले हेर्ने मुख्य कुरा भनेको चालु खाता, शोधनान्तर अवस्था, वैदेशिक मुद्रा सञ्चितिको अवस्था, ब्याजदर र लगानीयोग्य रकमको पर्याप्तताका विषय नै हुन् । नेपाल राष्ट्र बैंकको आँखाबाट यी कुरालाई हेर्दा अर्थतन्त्र सुधारतर्फ गएको देखिएको हो । तर यथाथर्थमा भने केन्द्रीय बैंकले पनि आर्थिक लक्षहरू पूरा भइरहेका छन् वा छैनन्, आर्थिक वृद्धि, लगानी, उत्पादन, मुद्रास्फीति, रोजगारी, आय र राजस्वसमेतका विषय सकारात्मक छन् वा छैनन् भनेर हेर्नुपर्छ । अर्थ मन्त्रालय अर्थात् सरकारको नजरले त्यतिमात्रै हेरेर पुग्दैन । उसले त माथिका कुराका अतिरिक्त सामाजिक र स्रोतको न्यायिक वितरणका पक्षसमेतलाई समेटेर समग्रमा हेर्नुपर्दछ । तर, यस दृष्टिकोणबाट हेर्दा अर्थतन्त्रको वृद्धि, लगानी, उत्पादन, मुद्रास्फीति, रोजगारी, आय र राजस्वसमेतका विषय सकारात्मक हुन सकेका छैनन् । आम मानिसको क्रयशक्ति घटेर गएको छ, भुक्तानी प्रणाली झिनो छ । अहिले कसैलाई कहाँबाट खर्च गर्नुहुन्छ ? भन्दा पहिला बैंकको बचत र पर्समा हेर्छन्, त्यो बचत पनि घटेको छ । त्यसपछि अरूलाई दिएको सरसापट पैसा माग्दा उसको पनि क्रयशक्ति र बचत घट्दा ऋण

तिर्न सकेको छैन । त्यसबाहेक पैसा माग्ने अन्तिम विकल्प बैंक हो । तीन-चार महिना पहिलेसम्म बैंकले पैसा छैन भन्थे, अहिले पैसा छ भन्छन्, तर बैंकहरू कर्जा लगानी गर्ने कुरामा विश्वस्त हुन सकेका छैनन् । निष्क्रिय कर्जाको अंश बढ्नाले वित्तीय जोखिम पनि बढेको छ । कतिपय बैंकहरूको सरकारले आन्तरिक ऋण उठाएपछि बैंकहरूले आफुसँग भएको तरल पुँजी सरकारी ऋणपत्र खरिदमा उपयोग गर्न लागेका छन् । जसरी पनि ऋण लगाउनु हो, त्यो सरकारले लिन्छ भने व्यक्तिलाई लगानी गरेर जोखिम किन लिन ? भन्ने मानेविज्ञानले कतिपय अवस्थामा काम गरेको छ ।

माथि उल्लिखित विविध कारणले बजारमा चहलपहल कम छ, क्रय-विक्रय हुन सकेको छैन । अघिल्लो वर्ष पाँच वटा वस्तु किन्ने पैसाले अहिले साढे तीन वटा मात्रै आउँछ । उत्पादन हेर्दा गत वर्ष १.८६ प्रतिशतले आर्थिक वृद्धि भयो । यस वर्ष धेरै हुन्छ कि भनेर आशा गर्दा अन्तर्राष्ट्रिय वित्त संस्थाहरूले लगभग चार प्रतिशत (एसियाली विकास बैंकले ४.१ प्रतिशत र विश्व बैंकले ३.९ प्रतिशत) ले मात्रै आर्थिक वृद्धि हुने आँकलन गरेका छन् । तर, मुद्रास्फीति अझै पनि ८.१९ प्रतिशत छ भनेर नेपाल राष्ट्र बैंकले भनेको छ । नेपालको अर्थतन्त्रको समग्र स्वास्थ्य हेर्‍यो भने औषधीले केही सञ्चो भएको छ, तर पूर्णरूपमा ठिक छैन । विदेशमा रोजगारीमा गएकाले पठाएको पैसाले शोधनान्तर स्थिति अलि बलियो देखिन्छ, बाह्य पक्ष पनि राम्रो देखिन्छ । त्यसलाई सिटामोल मान्ने हो भने अर्थतन्त्रको पाखुरा दुख्न कम भएको हो, तर मुटु कलेजो, फोक्सोमा भएका समस्या अझै बढेर गएका छन् ।

### ३. क्रयशक्तिमा ह्रास हुनुका कारणहरू

सरसर्ती हेर्दा उपभोक्ताको क्रयशक्ति घट्नुका अर्थशास्त्रीय र गैर अर्थशास्त्रीय गरी दुई कारण रहेका देखिन्छन् । अर्थशास्त्रीय कारणहरूमा कतिपय उपभोक्ताको आयस्रोत नै घट्यो भने कतिको आय नघटे पनि मुद्रास्फीतिको अनुपातमा बढ्न सकेन । आय घटेपछि स्वाभाविक रूपमा क्रयशक्ति घट्छ, रकमको दृष्टिले आय नघटे पनि मुद्रास्फीति उच्च भएपछि क्रय शक्ति घटेर समस्या हुनु स्वाभाविक हो ।

मूल्य बढ्नुमा अर्थशास्त्रीय रूपमा पनि दुई कारण छन् । एउटा अन्तर्राष्ट्रिय मुद्राको मूल्य र अर्को इन्धनको मूल्य । अमेरिकी डलरसँग नेपाली मुद्रा कमजोर हुनु र इन्धनसमेतको मूल्य बढ्नु हाम्रो क्रयशक्ति घट्नुका कारण हुन् । यसरी

नेपाली मुद्राको तुलनामा डलर बलियो हुँदा र ढुवानी लागतको माध्यमबाट पैठारी तथा आन्तरिक उत्पादन दुवैमा प्रभाव पार्ने वस्तुका रूपमा रहेको पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि हुँदा अर्थतन्त्रमा दोहोरो चाप परेको छ ।

जहाँसम्म गैरअर्थशास्त्रीय कारण छ, सरकारले प्रभावकारी नियमन नगर्दा कृत्रिम ढङ्गले पनि मूल्य बढेको हो, वस्तु र सेवाको गुणस्तर खस्केको हो, तौलमा कम गर्ने प्रवृत्ति पनि छ । आयातकर्ताहरू सीमित छन् । सीमित व्यवसायीले मूल्य बढाएर सामान बेच्ने, कालोबजारी गर्ने, कम तौल र कम गुणस्तरका वस्तु दिने गर्दा पनि मूल्य बढी तिर्नुपरेको छ, सेवाको स्तर कम भएको छ । अनियमितताका सम्बन्धमा संघ, प्रदेश र स्थानीय सरकारले नियमन गर्ने भनिए पनि त्यसको एकीकृत कानुन बनाइएको छैन । अनुगमन पनि चाडबाड लक्षित भनिन्छ । वास्तवमा अनुगमन र नियमन त चाडबाड लक्षितभन्दा पनि बजार र उपभोक्ता हित लक्षित हुनुपर्दछ, नियमित र निरन्तर चल्नुपर्छ । यो अव्यवस्थाले सीमित व्यवसायीलाई मूल्य बढाउन मद्दत पुगेको छ । व्यापारीहरू विश्वबजारमा मूल्य बढ्नासाथ यहाँ स्टक सामानको मूल्य बढाउँछन् तर मूल्य घट्यो भने घटाउँदैनन् । त्यस्ता कार्यहरूलाई नियन्त्रण गर्ने क्षमता प्रशासनसँग छैन । राजनीतिक दलहरू व्यवसायीहरूसँगै चन्दा लिएर राजनीतिक व्यवस्थापन गरिरहेका छन् । अर्को कुरा, चाडबाडको समयमा बजारलाई चलायमान बनाउने मुख्यतः मध्यम वर्गले नै हो । अहिले त्यही वर्गसँग पैसा कम छ । अर्कोतिर नयाँ-नयाँ मोडेलका इलेक्ट्रोनिक्स सामान, सवारी साधन र जुत्ता, लत्ताकपडा प्रयोग गर्ने वर्ग युवा वर्ग हो । तर १५ देखि ६० वर्ष समूहका ४५ लाख युवावर्ग देश बाहिर छन् । नेपालमा भएका युवासँग धेरै पैसा छैन, भएको पैसा पनि तत्काल खर्च गर्न हुँदैन, समस्या हुन्छ कि भन्ने डर छ । त्यस्तै राज्य, राजनीतिक दल, प्रशासन, व्यापारी कसैलाई पनि एकअर्कासँग विश्वास छैन । विश्वासको सङ्कटले समाजलाई गाँजेको छ । उता अन्तर्राष्ट्रियस्तरका युद्धले भू-राजनीति खल्बल्याउँदै छ । इजरायलको घटनाले तेल र सुनको भाउ उकालो लागेको छ भने सेयर बजार ओर्लेको छ । बजारको यस्तो चरित्रको प्रभावबाट नेपाली जनजीवन अछुतो रहँदैन । यी समग्र कारणले कर्जा लिएर व्यवसाय गर्न मान्छेलाई आत्मविश्वास छैन, ती सबै तत्त्वको प्रभाव हाम्रो अर्थतन्त्रमा देखिएको छ ।

### ४. अर्थतन्त्रमा प्रभाव पार्ने समय र घटनाहरू

नेपालको अर्थतन्त्रको ओरालो यात्रा २०६०/६१ बाटै सुरु भइसकेको थियो । २०४९ सालमा सरकारको लगानीमा ६९ मेगावाटको मर्स्याङ्दी जलविद्युत् आयोजना

निर्माण भएर नेपाल विद्युत् प्राधिकरणलाई हस्तान्तरण भयो। त्यसपछि कालीगण्डकी १ सय ४४ मेगावाटको बनाउने बाहेक सरकारले अरू कुनै ठुला आयोजनामा लगानी गरेन। वैदेशिक लगानी पनि 'सफ्टवेयर' मा आयो, 'हार्डवेयर' मा आएन। त्यो समयदेखि नै नेपालले अर्थतन्त्रलाई सबल बनाउन चाहिने पूर्वाधारको विकास गर्न सकेन। आर्थिक वर्ष २०५१/५२ मा नेपालबाट वैदेशिक रोजगारीमा जानेको सङ्ख्या वार्षिक ३४/३५ सयमात्रै थियो। द्वन्द्वका वेला सर्वसाधारणहरू राज्य पक्ष र माओवादी पक्षको चेपुवामा परेकाले युवाहरू गाउँबाट सहर पसे, सहरबाट विदेश। आ.व. २०६२/६३ मा आइपुग्दा विदेश जानेको सङ्ख्या वार्षिक पाँच लाख पुग्यो। यसपछिको राजनीति विदेशी परनिर्भरता घटाउन, समाज बनाउन, देश बनाउन र त्यसै अनुकूल नीति नियममा परिवर्तन गराउनमा केन्द्रित हुनुपर्ने थियो। तर त्यसो भएन, कोर्स परिवर्तन भएन। आन्दोलनको अगुवा शक्तिबाट पटक-पटक सत्तामा पुग्दा पनि युवालाई देशमा अड्याउने गरी न कुनै आर्थिक परिवर्तन भयो, न त्यो किसिमको भिजन बन्यो।

यसरी हामीले देशको उन्नति गर्न सक्ने जनशक्ति विदेश पठायौँ अनि देशमा भएको पानीलाई उत्पादनसँग जोड्न सकेनौँ। २०७२ सालमा भूकम्प आयो, त्यसले करिब सात खर्ब रुपैयाँको क्षति गर्‍यो। त्यो नोक्सान परिपूर्ति गर्न वैदेशिक ऋण लियौँ, निजी क्षेत्र वा परिवारले समेत पैसा हालेर भत्किएको घर बनायौँ। पुनर्निर्माणका काम भए तर त्यो वेला पनि उत्पादनशील क्षेत्रमा लगानी गर्न सकेनौँ। घरका लागि लगानी गरेको ऋण तिर्न पैसा कमाउन भनी थप युवा विदेश भासिए। गाउँ छोड्ने क्रम घट्नुभन्दा बढ्यो। राज्य पनि ऋणमा पर्‍यो, व्यक्ति र परिवार पनि ऋणमा परे। अहिले हेर्दा भूकम्पको क्षतिपछि बनेका ६० प्रतिशत घर निष्प्रयोजित भएका छन्।

त्यसपछि २०७६ को अन्त्यमा कोरोना सङ्क्रमणको कारण देखाएर देशैभर एकैचोटि लकडाउन गरियो। जनजीवन र अर्थतन्त्र अस्तव्यस्त भयो। कोभिड १९ ले विश्वलाई प्रभावित गर्‍यो। विश्वमा परेको असर हाम्रो अर्थतन्त्रमा पर्नु स्वाभाविक थियो। कोभिड १९ को प्रभाव घटेर उद्योगहरू ४५/५० प्रतिशत क्षमतामा चल्दा नचल्दै रुस र युक्रेन युद्ध सुरु भयो। त्यसैले अहिलेको अवस्था एकै दिनमा सिर्जना भएको होइन। समयको अन्तरालमा समस्या खप्टिँदै आएर अहिलेको अवस्था बनेको हो, चुनौती क्रमशः थपिएका हुन्। यसको समाधान पनि यही पृष्ठभूमिमा खोज्नुपर्दछ।

## ५. उत्पादन र माग बढाउने उपाय

अर्थतन्त्रलाई दिगो रूपले माथि उठाउन उत्पादन, माग र आपूर्तिबिच उचित सन्तुलनको आवश्यकता पर्दछ । माग एकपटक तल ओर्लिएपछि उठाउन धेरै गाह्रो हुन्छ। मागको कुरा सोझै उत्पादनसँग मात्रै जोडिएको हुँदैन। यो घरजग्गा, पूर्वाधारको विकास, कृषि, पुँजी बजारलगायतका धेरै कुरासँग जोडिएको हुन्छ, जसले अर्थतन्त्रलाई दिशा प्रदान गर्दछ। बजार, उत्पादन र आपूर्तिको चरित्रअनुरूप माग निर्धारण हुन्छ ।

सन् १९९१ सम्म विश्वमा अमेरिका पछि राम्रो अर्थतन्त्र भएको देश जापान थियो । सन् १९९१ बाट घरजग्गा र पुँजी बजारमा गिरावट आयो, माग कम भयो। क्रमशः यो रोग अरु क्षेत्रमा पनि सऱ्यो । अहिले यसलाई तेस्रो अर्थतन्त्रको मुलुकका रूपमा लिइन्छ । यद्यपि जर्मनीले यसलाई कहिले उछिन्ने हो भन्न सकिन्न । मूलतः मागमा आएको गिरावटले नै जापान चाँडै उठ्न सकेन, सन् २००१ पछि मात्र सामान्य सुधार भयो। अझै पुर्णरूपले रिकभर हुन सकेको छैन। त्यसैले सन् १९९० को दशकलाई जापानीहरूले लस्ट डिकेड भन्दछन् ।

अहिलेसम्मको अनुभवले के देखाएको छ भने आधुनिक र विशुद्ध पुँजीवाद (पियोर क्यापिटालिज्म) ले सम्पत्ति लगेर एक ठाउँ वा कुनै एक वर्ग वा कुनै देश वा परिवारमा थुपार्छ । जब यसरी सम्पत्ति थुप्रिन्छ, तल्लो र मध्यम वर्गको हातमा पैसा कम हुन गई उनीहरूको क्रयशक्ति घट्छ अनि मागमा कमी आउँछ । त्यसैले कार्ल मार्क्सले पनि बजारमा उत्पादन बढ्न उपभोग बढ्नुपर्छ भनेका थिए । उपभोग बढ्न श्रमिकहरूको पारिश्रमिक बढाएर उनीहरूको हातमा पैसा पुऱ्याउनुपर्छ भन्ने उनको तर्क थियो, जुन वैज्ञानिक तर्क हो। बजार चलायमान बनाउन दैनिक उपभोग बढाउनुपर्छ । तर, जसले किन्ने हो, उसको हातमा पैसा नपुगेपछि कसरी हुन्छ ? त्यही चरित्र सन् १९९१ मा जापानमा देखिएको हो । पूर्ण पुँजीवादमा धनीहरूले पैसा जग्गा र सेयर बजारमा हाल्छन् । बजार चरम सीमामा पुगेपछि त्यसको ओरालो लाग्ने पालो आउँछ । सन् १९३० र २००८ मा संयुक्त राज्य अमेरिकामा आएको सङ्कट र सन् १९९१ मा जापानमा आएको सङ्कट त्यसैको परिणाम हो । त्यसैले सन् २०१६ र सन् २०२३ मा समेत उपभोग बढाउन बिजुलीको बिलमा छुट, करमा छुटसमेतका विभिन्न सुविधाका कार्यक्रम ल्याएको देखिन्छ। सन् २०२३ मा ११३ अर्ब अमेरिकी डलर बराबरको सुविधा प्याकेज ल्याएर उपभोक्ताको मनोबल र क्रयशक्ति उठाई घट्दो मूल्यलाई बढाउने प्रयास गरेको देखिन्छ। मुद्रास्फीति बढाउन ल्याइएका

यस्ता स्टिमुलेट प्याकेजका कारण अहिले जापानको अर्थतन्त्र अलि उक्सिएको अनुभव हुन थालेको छ ।

नेपालमा पनि लागू हुने अर्थशास्त्रीय सूत्र त्यही हो । तर नेपालको चरित्र अलि फरक छ। यहाँ मन्दी भए पनि मूल्य भने बढेको छ। मूल्य बढ्ने तर आय नबढ्ने भएपछि मानिसले खरिद गर्ने वस्तुको परिणाम घटाउनुपर्छ । अनि बजारमा नकारात्मक असर पर्छ । नेपालमा माग किन भएन भन्दा जसले किन्छ, त्यो वर्गको हातमा पैसा छैन र भएको पैसा पनि खुलेर खर्च गर्न सक्ने अवस्था छैन । यसको समाधानका लागि श्रमिकका हातमा पैसा पुऱ्याउने र विदेश गएका युवा फर्काउन सक्ने औद्योगिक चरित्रको सुधारको थालनी गर्नुपर्छ । किनभने, उद्योग नचल्दा रोजगारी हुँदैन, रोजगारी नभएपछि आय हुँदैन, आय नभएपछि हातमा पैसा हुँदैन । पैसा नभएपछि उपभोक्ताले वस्तु र सेवा खरिद गर्न सक्दैनन् र अनि नयाँ वस्तु उत्पादन पनि हुँदैन । त्यस्तै उद्योग चल्यो भने कच्चा पदार्थको आवश्यकता पर्छ अनि अर्को व्यवसाय वा उत्पादन पनि बढ्छ । उता निर्माण व्यवसायीले सरकारबाट पाउनुपर्ने भुक्तानी नपाउँदा परियोजनाहरू चल्न सकेका छैनन् । निर्माणको काम नचली मान्छेको हातमा पैसा हुँदैन । निजी क्षेत्रका अपार्टमेन्ट व्यवसायसमेत शिथिल छन्, नयाँ संरचान बनेका छैनन् । भनौँ अहिलेको भुक्तानी प्रणाली एक ढङ्गले निष्क्रिय छ ।

पैसा भनेको चक्रजस्तै गरी घुम्नुपर्छ । उद्योग र पैसा जति चल्छ, त्यति विकास हुन्छ । तर नेपालमा मात्रै होइन विश्वमै पैसालाई एक ठाउँमा जम्मा गर्ने प्रणाली विकास गरियो । अहिले बजारमा पैसा नभएको होइन, वितरणमा सन्तुलन नभएको हो । सरकारको विकास खर्च न्यून छ । सरकारले बैंकमा पैसा छ भन्छ । बैंकमा भएको पैसा विदेश गएर रेमिट्यान्स पठाउनेहरूको हो । यसको अर्थ अहिले सञ्चितिमा देखिएको वैदेशिक मुद्रा सरकारको पैसा होइन । आर्थिक वर्ष २०७९।८० राजस्व घाटाको वर्ष रह्यो । चालु वर्षमा केही सुधार देखिन्छ, बैंकको कर्जा प्रवाहमा पनि केही सुधार देखिएको छ, तर यसमा दिगोपन छैन । सधैँ यही अवस्थाले निरन्तरता पाउने सम्भावना कम छ । बजेट प्रणाली समेत त्रुटिपूर्ण भएकाले सरकारको खर्च हुन नसकेकाले वैदेशिक सहायता र लागनी दुवै अपेक्षाकृत रूपले आउन सकेन ।

नेपालमा विदेशी मुद्रा आउने मुख्य पाँच वटा स्रोत छन्, जस्तै - वैदेशिक सहायता, वैदेशिक लगानी, पर्यटन आय, निकासी आय र विप्रेषण आय । वैदेशिक सहायताको यथार्थ आप्रवाह अत्यन्तै न्यून छ । गत वर्ष रु.५५ अर्ब अनुदान प्राप्त

गर्ने लक्ष बजेटले लिए पनि रु. ५ अर्बमात्रै प्राप्त भएको देखिन्छ। वैदेशिक लगानी प्रतिबद्धताको ३० प्रतिशतमात्रै आएको छ । लगानीकर्ता लगानी गर्ने प्रतिबद्धता जारी गरेर विश्वको परिदृश्य र अर्थतन्त्र हेर्छन्, उपयुक्त देखेनन् भने लगानी गर्दैनन् । अनुदान सार्वजनिक वा सरकारबाट चल्ने परियोजनासँग सम्बन्धित हुन्छ। परियोजना चलेन भने खर्च हुँदैन र खर्च नभएपछि विदेशी सहायता प्राप्त हुँदैन, यहाँ त्यस्तै भयो। सन् १९९८ मा २० लाख पर्यटक ल्याउँछौँ भनेर पर्यटन वर्ष मनाएको हो । अहिले बल्ल १२ लाख पर्यटक पुग्ने भए भनेर खुसी भएका छौँ । अपेक्षा अनुरूप पर्यटक र पर्यटन आय दुवै बढेको छैन । समग्र सेवा आय घाटामै छ, भ्रमण खर्च हाम्रै बढी गइरहेको छ, निर्यात घटिरहेको छ। यसको अर्थ प्राप्त हुन आएको अधिकांश विदेशी मुद्राको प्रमुख स्रोत विप्रेषण आप्रवाह नै हो, जुन विदेशमा रोजगार गर्नेहरूले पठाएका हुन् । त्यो पैसा उनीहरूका परिवारले खान, लाउन र सामान किन्न खर्च गर्छन्। फेरि, त्यो पैसा विदेशकै सामान खरिद गर्न खर्च हुन्छ र पैसा विदेशिन्छ।

## ६. अर्थतन्त्र लयमा आउन लाग्ने समय

अहिलेको अहम् र आम प्रश्न हो, अर्थतन्त्र लयमा कहिले फर्कन्छ ? भन्ने । यो विषयमा नेपाललाई मात्रै हेरेर हुँदैन । नेपाललाई मात्रै हेरेर भन्ने हो भने उत्पादन बढाउनलाई चाहिने स्रोत भनेको जनशक्ति हो । त्यही जनशक्ति छैन, खोजेको वेला काम गर्ने मान्छे पाइँदैन । जनशक्ति आवश्यक भएको ठाउँमा सिप भएको मान्छे पाइँदैन, सिप भएकालाई थोरै पारिश्रमिकले हुँदैन । यसरी बजारमा रोजगारी र सिप बिचको तालमेल मिलिरहेको छैन । अहिले सक्रिय जनसङ्ख्याको एकतिहाइ अर्थात् ४५ लाख बढी युवा विदेश छन् भने उत्पादन कसरी बढाउन सकिन्छ ? स्वभावतः सकिँदैन नै । आफ्नो देशको श्रमशक्तिलाई देशभित्रै राख्न र बस्न सक्ने वातावरण बनाउन नसक्नु र श्रमशक्ति कम हुने भएपछि त्यसको बदलामा नयाँ प्रविधिबाट श्रमशक्तिको काम लिएर उत्पादन बढाउने गरी प्रविधिजन्य व्यवस्थाको विकल्प बनाउनमा पनि चुक भयो ।

अर्थतन्त्र लयमा आउन माथिका कुरामा सुधार हुनुका साथै विश्व अर्थतन्त्रमा पनि सुधार आउनुपर्छ । केन्द्रीय बैंकहरूले ब्याज घटाउन सुरु गर्नुपर्छ, डलर उकालो लाग्ने क्रम रोकिनुपर्छ, तेलको मूल्य सामान्यस्तरमा आउनुपर्छ। बाह्य र आन्तरिक दुवै तहमा सुधार भयो भने सन् २०२५ पछि आम जनताको दैनिकीमा सहजता आउन सक्छ। सन् २०२५ भन्दा अगाडि नै सुधार आउने अपेक्षा त गर्न सकिन्छ तर सम्भावना न्यून छ। किनभने यसका लागि हामीले आवश्यक आधार

तयार गरेका छैनौं । अहिले पनि आर्थिक मन्दीले निरन्तरता पाएको छ । सरकारले सरकारी दस्तावेजमा मन्दी भन्ने शब्द प्रयोग नगरेको मात्रै हो । तर आर्थिक वृद्धिसमेतका तथ्याङ्कले मन्दीको पुष्टि गरेका छन् । गत वर्ष आ.व.२०७८।७९ को भन्दा १७ प्रतिशत कम राजस्व उठ्यो, अनि आर्थिक वृद्धि दुई प्रतिशतमा सीमित भयो तर मुद्रास्फीति आठ प्रतिशत रह्यो । यसो हुनु भनेको मन्दीको निरन्तरता हो ।

## ७. युवालाई स्वदेशमा अड्याउने कार्य

देशलाई दिगो विकासको गन्तव्यमा डोऱ्याउने हो भने सर्वप्रथम त युवा पलायनको अवस्थामा सुधार आउनुपर्छ । यसका लागि युवाबाटै उत्तर लिन सक्नुपर्छ । विदेश जाने मान्छेलाई किन विदेश जान लागेको भनेर प्रश्न गरौं । शिक्षा, रोजगारी, स्वास्थ्य सुविधाका विषयमा सोधौं । कस्तो किसिमको शिक्षा, सिप, प्रविधि र स्वास्थ्य सेवा तथा रोजगारी पाए बस्ने रहेछन् भनेर बुझौं । उदाहरणका लागि कर्णाली टेक्निकल स्कुलमा पढेका विद्यार्थीको आर्थिक सामाजिक अवस्थाको अध्ययन गर्दा त्यहाँ प्राविधिक शिक्षा लिएका विद्यार्थीको परिवारको अवस्था वा 'स्टाटस'मा व्यापक सुधार भएको पाइयो । त्यस्तै एक जना कपाल काट्ने मान्छे केही वर्ष विदेश बसेर आउँदा उसको समग्र परिवारको आर्थिक अवस्था सुध्रिएको पाइएको छ । उसले सामान्य मान्छेले भन्दा बढी जानेको कुरा भनेको कपाल काट्ने सिप हो । त्यति सिप बढी हुँदा आयस्रोत बढ्छ भने हामीले त्यसैअनुरूप विविध क्षेत्रमा सिप बढाउने नीति र कार्यक्रम बनाई कार्यान्वयनमा किन नल्याउने ? आफ्ना साथी सबै हिंडे भने मान्छे बस्न मान्दैनन्, अहिले भएको त्यस्तै हो । साथी गएपछि विदेश जानु नपर्ने अवस्थाको युवा पनि उतै लाग्यो, यो के कारणले भयो ? यी कुराको मनन हुनुपर्छ ।

युवलाई देशमा अड्याउने कुरा शिक्षा, सिप, स्वास्थ्य, प्रविधि, विद्युतीय प्रविधिको विस्तार, रोजगारी र स्वरोजगारी, यातायात, ढुवानी, भण्डारण, उत्पादन र उत्पादित वस्तु उचित मूल्यमा सहज बिक्रीसमेतका क्षेत्र र कार्यहरूसँग जोडेर हेर्नुपर्छ । काठमाडौंमा पाइने सुविधा गाउँमा पुऱ्याउनुपर्छ, मनोरञ्जनका पूर्वाधार तयार गर्नुपर्छ । त्यसपछि जसरी विदेश जाने क्रम बढेको छ, त्यसरी नै नेपाल बस्ने क्रम बढ्न थाल्छ ।

## ८. अर्थतन्त्रलाई मन्दीबाट उकास्ने उपायहरू

अर्थतन्त्र आफैमा एक जटिल विषय हो । यसमा एकै रातमा सुधार हुन सक्तैन ।

आम जनतालाई राहत दिन, अर्थतन्त्र चलायमान बनाउन र यसलाई मन्दीबाट वृद्धिमा ल्याउन मुख्यतः निम्न कामहरू गर्नुपर्दछ -

१. संविधानले समाजवादका माध्यमबाट समृद्धि हासिल गर्ने नीति लिएको सन्दर्भमा राज्यका तर्फबाट समाजवाद बारेको स्पष्ट संरचनागत धारण र मोडेल तयार गरी जनता सामु ल्याउने,

२. नेपालको प्रमुख स्रोत मान्छे, माटो र पानी भएकाले मान्छे देशमा अड्याउने, पानीलाई धेरै समय देशमा अलमल्याउने र माटोको उच्चतम उपयोग गर्ने राष्ट्रिय दृष्टिकोण, लक्ष्य र कार्यक्रम तथा कार्ययोजना तर्जुमा गरी निश्चित समय अवधिभित्र कार्यान्वयनमा ल्याउने,

३. अर्थतन्त्रका सम्बन्धमा अहिलेको परिस्थिति मूल्याङ्कन गरी तत्काल गर्नुपर्ने कामहरूको पहिचान, परीक्षण र छनोट गर्ने । जस्तै - विकास खर्च बढाउने उपयाहरू अपनाउने । यसका लागि परियोजनाको काम समयमा नहुनु, समयमा ठेक्का आह्वान नहुनु, प्राप्त प्रस्तावको समयमा मूल्याङ्कन नहुनु आदि कुराको कारण पत्ता लगाई अगाडि बढ्ने । विकास खर्च बढाउनासाथ मानिसका हातमा पैसा जान्छ, अर्थतन्त्रमा पनि न्यानोपन आउन थाल्छ,

४. तीन तहका सरकार, संघीय अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र अरू क्षेत्रगत मन्त्रालयका बिच समन्वय र सहकार्यको संस्कृतिको विकास गर्ने,

५. बैंक तथा वित्तीय संस्थाहरू र व्यवसायीबिच देखिएको विश्वासको खाडल कम गर्न आवश्यक पहल गर्ने ।

६. सहकारी क्षेत्रमा देखिएको समस्या एकीकृत रूपले समाधान गर्ने गरी आवश्यक रणनीतिक, योजना र कार्यक्रम अघि बढाउने,

७. बजेट दस्तावेजमा मितव्ययिताका कुरा समेटिएका भए पनि कार्यान्वयनमा आएका छैनन् । तसर्थ सरकारले अनुत्पादनशील क्षेत्रमा जाने खर्चमा व्यापक कटौती गर्ने गरी मितव्ययिता सम्बन्धी विशेष रणनीति अघि सार्ने,

८. बजेट प्रणालीलाई बढी वैज्ञानिक, व्यावहारिक, यथार्थपरक र स्रोत अनुकूल बनाउने गरी यसमा व्यापक सुधार गर्ने,

९. बिजुलीको प्रणालीमा सुधार गरी विद्युत् आपूर्तिलाई नियमित, सहज र गुणस्तरीय बनाउने । ट्रान्समिसन लाइनको निर्माण कार्यलाई तीव्रता दिने र थप लाइन निर्माण गरी उत्पादित बिजुली खेर जान नदिने,

१०. बिजुलीको अहिलेको मूल्यलाई कम्तीमा पनि २५ प्रतिशत घटाएर एलपिजि ग्याससमेतका वस्तुको उपभोग न्यून गर्ने, उत्पादनमूलक उद्योगका लागि बिजुलीको मूल्य ३० प्रतिशतले घटाउने र अन्य क्षेत्रमा दिएको अनुदान यस क्षेत्रमा दिने ।

## ५. निष्कर्ष

अर्थतन्त्रमा अहिलेको अवस्था एकै दिनमा सिर्जना भएको होइन । समयको अन्तरालमा समस्या खप्टिँदै आएर अहिलेको अवस्था बनेको हो । त्यसैले यसको समाधान पनि सोही पृष्ठभूमिमा खोज्नुपर्छ ।

आ.व. २०७६/७७ सम्म कुल गार्हस्थ उत्पादन (जिडिपी) मध्ये कृषिको योगदान करिब २७ प्रतिशत थियो भने अहिले २४ प्रतिशतमा सीमित छ। कृषिमा योगदान घट्दा उद्योगमा बढ्नुपर्ने हो तर त्यस्तो भएन, सेवामा गएर थपियो । सेवा क्षेत्रमा योगदान बढ्नुको अर्थ सबै पैसा एकै ठाउँमा थुप्रिनु हो, अझ धनीको हातमा पैसा पुग्नु हो । कृषिमा परनिर्भरता उति नै रहेको तर लगानी एवम् उत्पादन घट्नु भनेको फेरि गरिबको हातमा पैसा नपर्नु हो । यसो हुनुका प्रमुख कारणहरूमा पहिलेका परम्परागत कृषि औजारलाई समयमै सुधार गरी आधुनिक प्रविधिसँग जोड्न नसक्नु, संसारका सबै उत्पादनलाई नेपालमा आउन पाउने गरी खुला गर्नु, संयुक्त परिवारको संरचना भत्किनु र त्यसको विकल्पमा संस्थागत प्रबन्ध नहुनु, कृषि, वन र पशुपालनबिचको सम्बन्ध टुट्नु, पशुहरको सङ्ख्या नबढ्नु, स्थानीय जल प्रणालीको संरक्षण र उपयोग हुन नसक्नु आदि रहेको देखिन्छ ।

देशको विकास कृषि, जलस्रोत, पर्यटन तथा खनिज क्षेत्रको विकास तथा यस क्षेत्रको औद्योगिक प्रवर्द्धनबाट मात्र सम्भव छ । तसर्थ अबका नीतिगत तथा कार्यगत प्रयास मान्छे, माटो, पानी र प्रविधिलाई एक ठाउँमा ल्याउनमा अभिप्रेरित हुनुपर्छ । यसमा व्यवस्थापन र सुशासनको बलियो आड चाहिन्छ । तसर्थ सबल अर्थतन्त्रको परिकल्पना गर्दा प्रभावकारी व्यवस्थापन र नतिजामूलक सुशासनको पक्षलाई बिर्सनु हुँदैन ।

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**सुदिक्षा जर्घा मगर**
प्रोपाइटर
**दर्शन होटल एण्ड खाजा घर**
कमलामाई न.पा.२, चियावारी, सिन्धुली
मोबाइल नं. ९८४४५२४११२

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**दुर्गा कुमार जर्घा मगर**
प्रोपाइटर
**होटल सगरमाथा**
कमलामाई न.पा.२, चियावारी, सिन्धुली
मोबाइल नं. ९८४४५१७६०१

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**हरिश्चन्द्र पौडेल**
प्रोपाइटर
**नेहा आयल स्टोर्स प्रा.लि.**
कमलामाई न.पा. ८, सिन्धुली
मोबाइल नं. ९८४४००९००६

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

प्रोपाइटरः **बुद्धिमान श्रेष्ठ**
**जनक कस्मेटिक एण्ड गिफ्ट हाउस**
प्रोपाइटरः **देव नारायण श्रेष्ठ**
**आई पि. आर. सप्लायर्स**
कमलामाई न.पा. ६, सिन्धुली
मोबाइल नं. ९८४४१३९४८७
९८४४०४१६३०

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**डिल्ली बहादुर श्रेष्ठ**
प्रोपाइटर
**जीवन कन्स्ट्रक्सन निर्माण सेवा**
कमलामाई न.पा. ४, सिन्धुली
मोबाइल नं. ९८५४०४१४४५

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**Rabindra RaJ Poudel**
*Proprietor*
**व्रिटानिका विस्कुट तथा श्री फुड्सको आधिकारीक विक्रेता**
Pokhara 27, Talchowk, Kaski
Contact: 9856061570

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**GHANSHYAM PARAJULI**
*Proprietor*
**JANASEWA GHADI RADIO CENTER**
ANBUKHAIRENI-3, TANAHUN
Contact: 9846020189

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**Shobha Mohan Subedi**
*Proprietor*
**S. SUBEDI KIRANA PASAL**
Pokhara 30, Sambridi Tole Kaski
Contact: 9846182615

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**SHREEKUMAR MAGAR**
*Proprietor*
**ROYALS HOME RESORT PVT. LTD.**
ANBUKHAIRENI-3, TANAHUN
Contact: 9856060856

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**Badri Paudel**
*Proprietor*
**Sumina Sisa & Ply Suppliers**
Shuklagandaki-6, Khairenitar
Contact: 9856026465

# हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार
लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**Mass Engineering Consultancy**
Siddharthanagar Bhairahawa.

# अर्थतन्त्रको वर्तमान अवस्था र बैंकिङ क्षेत्रका चुनौती



**डा. प्रकाशकुमार श्रेष्ठ**
*कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक*

## १. विषय प्रवेश

अर्थतन्त्र परिवर्तनशील हुन्छ । अर्थतन्त्रले समय समयमा आन्तरिक र बाह्य दबाबहरू सामना गर्नुपर्ने हुन्छ। देशभित्र जनसाङ्ख्यिक बनोट, उपभोक्ता चाहना र प्रविधिमा निरन्तर परिवर्तन आइरहन्छ। यसका अतिरिक्त भूराजनीतिक द्वन्द्व, देशहरूबिचका आफ्ना आफ्ना आर्थिक स्वार्थ, बहुपक्षीय संस्थाहरूका नियममा आउने परिवर्तनले पनि अर्थतन्त्रमा प्रभाव पार्दछ । अर्थतन्त्रको अवस्थाबारे सूक्ष्म रूपमा विश्लेषण गरिरहनुपर्दछ। अर्थतन्त्रको अवस्थाले अर्थतन्त्रको एउटा अङ्गका रूपमा रहेको बैंकिङ क्षेत्रलाई प्रभाव पार्दछ। अर्थतन्त्रको अवस्था राम्रो भएमा बैंकिङ क्षेत्रलाई पनि राम्रो हुन्छ। त्यस्तै, अर्थतन्त्र राम्रो पार्न बैंकिङ क्षेत्रले पनि गहन भूमिका खेल्न सक्छ र खेल्नुपर्ने हुन्छ। यसै सन्दर्भमा नेपालको हालको आर्थिक अवस्था र बैंकिङ क्षेत्रका चुनौतीहरूका बारेमा केही खोतल्ने प्रयास गरिएको छ ।

## २. अर्थतन्त्रको अवस्था

करिब तीन वर्षसम्म महामारीका रूपमा फैलिएको कोभिड अब महामारीकै रूपमा नरहे पनि यस रोगले सिर्जित अप्रत्यक्ष प्रभावहरू अर्थतन्त्रमा अझै पनि रहेका छन् । करिब एक सय वर्षको अन्तरालपछि एक्काइसौँ शताब्दीकै पहिलो विश्वव्यापी महामारीका रूपमा कोभिड-१९ डरलाग्दो रूपमा फैलिएको थियो । यसबाट सबै देशहरू सङ्क्रमित र प्रभावित हुन पुगे । सङ्क्रमणका हिसाबले नेपालमा १० लाख जति मानिसहरू सङ्क्रमित भए भने १२ हजार जति मानिसहरूको यस महामारीका कारण मृत्यु हुन पुग्यो । कोभिड-१९ को सङ्क्रमण रोक्न र यसबाट प्रभावित अर्थतन्त्रलाई पुनरुत्थान गर्न नेपालमा पनि सरकार, नेपाल राष्ट्र बैंक र अन्य संघ संस्थाहरूबाट सक्दो प्रयासहरू भए । आर्थिक सहयोग र नीतिगत लचकताहरू अपनाइए । उद्योग व्यवसायहरूलाई

कर छुट, मौद्रिक नीतिलाई लचक बनाई सस्तो ब्याजदरमा कर्जा उपलब्धता र नियामकीय नीतिहरू लचक बनाई कर्जा तिर्ने समयहरू थपिए । हाम्रो जीवनमा पहिलोपटक भोगिएको यस महामारीमा जीवन रक्षा र आर्थिक पुनरुत्थानका लागि सक्दा प्रयासहरू भए ।

## न्यून आर्थिक वृद्धि

नेपालको औसत आर्थिक वृद्धि ४.५ प्रतिशत जति रहेको छ । कोभिडले गर्दा महामारी सुरु भएको आर्थिक वर्ष (२०७६।७७) मा नेपालको आर्थिक वृद्धिदर २.४ प्रतिशतले ऋणात्मक रहन गयो । तर आर्थिक वर्ष २०७७।७८ (सन् २०२०।२१) मा नेपाली अर्थतन्त्र ४.८ प्रतिशत र २०७८।७९ (सन् २०२१।२२) मा ५.६ प्रतिशतले वृद्धि हुन पुग्यो ।

कोभिड पश्चात्का दुई वर्षको सन्तोषजनक देखिएको आर्थिक पुनरुत्थान आर्थिक वर्ष २०७९।८० मा भने नेपाली अर्थतन्त्र शिथिल हुन पुग्यो । खासगरी विश्व अर्थतन्त्रको प्रतिकूल अवस्थाले सिर्जित बाह्य क्षेत्रमा परेको दबाब सम्बोधन गर्दा अर्थतन्त्र केही शिथिल हुन पुगेको हो । तर पर्यटक आगमन कोभिड पूर्वको अवस्थामा पुगेको र विप्रेषण आप्रवाहको वृद्धिदर उच्च रहेको हुँदा आर्थिक वर्ष २०८०।८१ मा नेपालको आर्थिक वृद्धिदरमा सुधार हुने देखिन्छ । तापनि दिगोरूपमा उच्च आर्थिक वृद्धिदर हासिल गर्न पर्याप्त वित्तीय साधन, सरकार र निजी क्षेत्रमा पर्याप्त क्षमताको अभाव देखिन्छ । उपभोग र आयातमुखी अर्थतन्त्र भएकाले उच्च आर्थिक वृद्धिदर हुँदा बाय क्षेत्रमा दवाव परी ब्याजदर वृद्धिसंगै आर्थिक वृद्धि घट्ने प्रवृति विद्यमान छ ।

## मूल्यवृद्धि

पछिल्लो एक दशकको नेपालको औसत मूल्यवृद्धि ६.३ प्रतिशत रहेको छ । नेपालमा कोभिड-१९ सुरु हुनुभन्दा अगाडि मूल्यवृद्धि ६ प्रतिशतको हाराहारी थियो । कोभिड सुरु भएपछि मागमा आएको कमीले गर्दा मूल्यवृद्धि घट्न सुरु गऱ्यो, जसले गर्दा आर्थिक वर्ष २०७७।७८ (२०२०।२१) मा नेपालको मुद्रास्फीति दर ३.६ प्रतिशत मात्र रहन गयो । कोभिडको समयमा लामो समय बन्द रहेका उद्योग व्यवसायहरूले कोभिड नियन्त्रणमा आउन थालेपछि आर्थिक गतिविधिहरू सुरु गर्न लाग्दा श्रम अभाव र कच्चा पदार्थको आपूर्तिमा व्यवधानहरू खेप्नुपऱ्यो । कोभिडको समयको घाटापूर्ति गर्ने प्रयास गर्दा सिपिङ र हवाइ भाडा महङ्गिन

गयो । अर्कोतर्फ श्रम आपूर्तिको कमीले गर्दा ज्यालादरहरू बढ्न थाले । यसले विश्वव्यापी रूपमा मूल्यमा चाप पर्न सुरु गऱ्यो । विश्वव्यापी मूल्यवृद्धिसँगै नेपालमा पनि सन् २०२१ को जुन (२०७८ जेठ) बाट मूल्य बढ्न थाल्यो । खासगरी २०२२ फेब्रुअरीमा रसिया युक्रेन युद्ध सुरु भएपछि विश्वव्यापी मूल्यवृद्धिसँगै नेपालमा पनि थप मूल्यवृद्धि बढ्न थाल्यो । युद्धले गर्दा पेट्रोलियम पदार्थ, खाद्यान्न र धातुजन्य वस्तुहरूको मूल्य विश्वव्यापी रूपमा बढ्न गए । भूराजनीतिक द्वन्द्व अझै जारी रहेका कारण मूल्यवृद्धिको चाप अझै कायम रहेको छ ।

विश्वव्यापी मूल्यवृद्धि र अमेरिकी डलरसँग अवमूल्यनले गर्दा २०७८।७९ मा मूल्यवृद्धि वार्षिक औसत ६.३ प्रतिशत पुग्यो । मूल्यवृद्धि बढ्ने क्रमले निरन्तरता पाएकाले २०७९।८० मा वार्षिक मूल्यवृद्धि ७.७ प्रतिशत रहन गयो । सन् २०२२ मा दक्षिण एसियाली देशहरूको औसत मूल्यवृद्धि ७.८ प्रतिशत र विश्वको औसत मूल्यवृद्धि ८.७ प्रतिशत थियो । यिनीहरूको तुलनामा नेपालको मूल्यवृद्धि कमै रह्यो । पछिल्लो समय मौद्रिक कडाइका कारण विश्वमा मूल्यवृद्धिमा केही कमी आए पनि भूराजनीतिक द्वन्द्वले गर्दा मूल्यवृद्धिको चाप अझै कायम रहेको छ । विश्वमा औसत मूल्यवृद्धि ७ प्रतिशतभन्दा कम हुन थाले पनि नेपालमा अझै ७ प्रतिशतभन्दा माथि मूल्यवृद्धि छ । विश्व परिदृश्य खासगरी भारतमा मूल्यवृद्धि घट्दै जाने देखिएको सन्दर्भमा नेपालको मूल्यवृद्धिमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गर्न सकिन्छ । आन्तरिक उत्पादन कमजोर रहेको सन्दर्भमा आयातित मुद्रास्फीतिले नेपालको मूल्यवृद्धिलाई बढी प्रभाव पार्ने गरेको छ ।

## कमजोर बाह्य क्षेत्र

नेपालको बाह्य क्षेत्र कमजोर रहेको छ । आयात उच्च छ भने निर्यात ज्यादै कमजोर रहेको छ । विप्रेषण आप्रवाहले आयात भुक्तानी गर्न सहयोग पुऱ्याएको छ । वैदेशिक लगानीको आप्रवाह कम छ । आयात र विप्रेषण आप्रवाहको अवस्थाले शोधनान्तर स्थिति र विदेशी मुद्राको सञ्चितिलाई प्रभाव पार्ने गरेको छ । विदेशी मुद्राको सञ्चितिमा आउने परिवर्तनले बैंकिङ प्रणालीको तरलता र ब्याजदर प्रभावित हुने गरेको छ ।

२०७३।७४ देखि २०७५।७६ सम्म तीन वर्ष नेपालमा आयातको औसत वृद्धिदर २२.६ प्रतिशत रह्यो । यसले गर्दा कोभिड सुरु हुनुभन्दा अघि आर्थिक वर्ष २०७५।७६ मा शोधनान्तर स्थिति रु. ६७.४ अर्बले घाटामा रहेको थियो । बैंकिङ प्रणालीमा तरलता कमी आउन थाली ब्याजदरहरू बढ्न थालेका थिए । राजनीतिक

अस्थिरता सुरु भएको र पुनः निर्माणको काम सकिन थालेसँगै २०७६।७७ को पहिलो महिनादेखि आयात घट्न सुरु गऱ्यो । २०७६ चैत्रबाट कोभिड सङ्क्रमण रोक्न बन्दाबन्दी सुरु भएपछि आयात थप घट्यो । कोभिड पूर्वको मासिक औसत आयात करिब रु. ११५ अर्ब रहेकोमा बन्दाबन्दी सुरु भएपछि रु. ६८ अर्बमा झऱ्यो, जसले गर्दा आर्थिक वर्ष २०७६।७७ मा कुल आयात समग्रमा १५.६ प्रतिशतले घट्यो ।

करिब ६ महिनापछि बन्दाबन्दी खुकुलो भई आर्थिक गतिविधिहरू केही बढ्न थाले । २०७७ असोजमा आयात कोभिड पूर्वको अवस्थामा पुग्न थाल्यो । त्यसपछि आयात थप वृद्धि हुने क्रम जारी रह्यो । आर्थिक २०७८।७९ को पहिलो महिनादेखि आयात तीव्र दरमा थप बढ्न थाल्यो । यसले गर्दा उक्त वर्षको आयात अघिल्लो वर्षको तुलनामा २४.७ प्रतिशतले बढेर रु. १९ खर्ब २० अर्ब बराबरको आयात (मासिक औसत रु. १६० अर्ब) हुन पुग्यो । कोभिड-१९ का वेला अबलम्बन गरेको लचक मौद्रिक र नियामकीय नीतिहरूले गर्दा ब्याजदर घटेको, तरलता प्रभावसँगै कर्जा प्रवाह बढेका कारण आयात बढ्न गएको देखिन्छ । सो वर्ष कोभिड-१९ विरुद्धको खोपको आयातले पनि आयात बढाउनमा केही योगदान गरेको थियो ।

आर्थिक वर्ष २०७८।७९ मा व्यापार र सेवा खाता घाटामा भएको उच्चवृद्धिका कारण चालु खाता रु. ६२३ अर्ब (कुल गार्हस्थ्य उत्पादनको १२.६ प्रतिशत) र शोधनान्तर घाटा रु. २५५ अर्ब (कुल गार्हस्थ्य उत्पादनको ५.२ प्रतिशत) हुन पुग्यो । उक्त आर्थिक वर्षको चालु खाता र शोधनान्तर घाटा हालसम्मको सबैभन्दा उच्च हो । उच्च शोधनान्तर घाटाले गर्दा विदेशी विनिमय सञ्चितिमा तीव्र ह्रास आयो । आर्थिक वर्ष २०७८।७९ को पहिलो ६ महिनामा विदेशी विनिमय सञ्चिति १.९ अर्ब अमेरिकी डलरले (१५.९ प्रतिशत) ले घट्न गयो, जुन ६.६ महिनाको वस्तु तथा सेवा आयातका लागि मात्र पर्याप्त थियो ।

विदेशी विनिमय सञ्चितिको दबाब कम गर्न २०७८।७९ को मौद्रिक नीतिको मध्यावधि समीक्षामा नेपाल राष्ट्र बैंकले नीतिगत दरहरू बढायो । तरलताको कमी र निक्षेप बढ्न नसक्दा बैंक तथा वित्तीय संस्थाहरूले पनि ब्याजदर बढाए । साथै नेपाल सरकारले बाह्य क्षेत्रको स्थायित्व सङ्कटमा पर्न सक्ने जोखिमलाई मध्यनजर राखेर २०७९ को वैशाखमा १० वटा वस्तुहरूको आयातमा प्रतिबन्ध लगायो । यसभन्दा अघि २०७८ को पुस र माघमा नेपाल राष्ट्र बैंकले आयातमा कमी ल्याउन कैयौं वस्तुहरूको आयात गर्दा नगद मार्जिन राख्नुपर्ने व्यवस्था

गरिसकेको थियो । यी सबै नीतिगत व्यवस्थाले गर्दा आयात घटाउन सफल भई २०७९।८० मा शोधनान्तर रु. २९० अर्बले बचत भई विदेशी विनिमय सञ्चिति बढ्न सक्यो, जसले गर्दा नेपाल श्रीलङ्काको जस्तो बाह्य क्षेत्रमा अस्थिरता आउने स्थितिबाट बच्यो । शोधनान्तर बचतसँगै बैंकिङ प्रणालीमा तरलतामा सुधार भई ब्याजदरहरू घट्न सुरु गरेको छ ।

## परिवर्तित व्यापार संरचना

केही वर्ष अगाडिदेखि नै विद्युतीय माध्यमबाट भुक्तानीका अतिरिक्त अनलाइन कारोबारहरू विश्वका विभिन्न देशहरूमा सुरु भइसकेको थियो । नेपालमा पनि केही काम सुरु भएका थिए तर जनविश्वास त्यति थिएन । कोभिडको समयमा यसको सङ्क्रमणबाट बच्न कमभन्दा कम नगद कारोबार गर्नुपर्ने र अन्य मानिसहरूको सम्पर्कबाट टाढा बस्नुपर्ने बाध्यता भयो, जसले गर्दा विद्युतीय भुक्तानी व्यापक रूपमा फस्टाउन थाल्यो । यसका अतिरिक्त मानिसहरू बजारमा सङ्क्रमणको डरले जान नसकेको अवस्थामा घरमै मगाउन सकिने गरी अनलाइन व्यापारको पनि सुरुवात भयो । अनलाइन व्यापार बढ्दै जाँदा परम्परागत व्यापारहरू प्रभावित भएका छन् । अनलाइन व्यापार गर्न मुख्य बजार तथा सडकमा सटरको आवश्यकता रहँदैन । कुनै पनि कुनामा इन्टरनेटका माध्यमबाट जोडिएर व्यापार गर्न सकिन्छ । यसका अतिरिक्त बस्तीहरू विस्तार हुँदै जाँदा बजारहरू पनि बस्ती भएकै ठाँउतिर सर्न पुग्छन् । २०७२ को भूकम्पपछि काठमाडौंमा र संघीय संरचनापछि अन्य प्रदेशहरूमा नयाँ स्थानहरूमा बस्ती तीव्र विस्तार भएको छ । सहरतर्फ व्यापक बसाइँसराइ र सहरीकरणका कारण सबै मुख्य सहरहरूमा बस्ती विस्तार भएका छन् । त्यस कारण अहिले मुख्य बजार केन्द्र मानिएका ठाँउहरूमा कारोबार घट्दो छ, जसले गर्दा सटर र घरहरू खाली भएका छन् । जसले गर्दा परम्परागत रूपमा बजार केन्द्रहरूमा व्यापार गरिरहेकाहरूको कारोबार घटेको स्थिति छ । वास्तवमा इन्टरनेट र यातायातको पहुँच विस्तारसँगै आन्तरिक व्यापारको ढाँचामा परिवर्तन आइरहेको छ र थप आइरहने देखिन्छ ।

## ३. बैंकिङ क्षेत्रका चुनौतीहरू

अर्थतन्त्रको अवस्थाले बैंकिङ क्षेत्रलाई पनि असर पार्दछ, कहिले सकारात्मक त कहिले नकारात्मक । पछिल्लो समय अर्थतन्त्रमा देखिएको शिथिलताले गर्दा बैंकिङ क्षेत्र पनि नकारात्मक रूपमा प्रभावित भएको छ । माथि विश्लेषण

गरिएझैँ आर्थिक वर्ष २०७८।७९ मा बाह्य क्षेत्रमा परेको दबाबलाई कम गर्न मौद्रिक नीति कसिलो बनाउनुपर्दा र शोधनान्तर घाटाले गर्दा विदेशी विनिमय सञ्चिति घटेर तरलतामा कमी आई ब्याजदर बढ्दा ऋणीहरूले ऋण भुक्तानी गर्न सकेका छैनन् । जसले गर्दा पछिल्लो समय निष्कृय कर्जाको अनुपात बढेको छ । वास्तवमा बैंकिङ प्रणालीले उच्चस्तरमा कर्जा जोखिम सामना गर्नुपरिरहेको छ । बैंकिङ प्रणाली विरुद्ध केही उच्छृङ्खल व्यक्तिहरूले अराजक काम गरिरहेका पनि छन् । कर्जा भुक्तानीका समस्यालाई सामना गर्दै बैंकिङ प्रणालीको स्थिरता कायम राख्नुपर्ने चुनौती अहिले बैंकिङ क्षेत्रको रहेको छ ।

बैंकिङ प्रणालीको तरलतालाई बाह्य क्षेत्रको स्थितिले निर्धारण गर्ने गरेको छ । पेग विनिमय दरको अवस्थामा शोधनान्तर बचत हुँदा बैंकिङ प्रणालीमा तरलता बढ्ने र शोधनान्तर घाटा हुँदा घट्ने गरेको छ । त्यसले गर्दा बैंकिङ प्रणालीको तरलतामा उच्च उतारचढाव आउने गरेको छ । नेपालको उत्पादन संरचना र समष्टिगत आर्थिक अवस्थालाई मध्यनजर गरी तरलता व्यवस्थापन गर्नुपर्ने चुनौती रहेको छ ।

नेपालमा उत्पादन र उत्पादकत्व कम रहेको छ । आयातमा आधारित अर्थतन्त्र रहेको छ । बैंकिङ प्रणालीबाट जाने कर्जाको ठुलो अंश आयात भुक्तानीमा जाने गरेको छ । कर्जाको वृद्धिदर बढ्दा आयात बढ्ने गरेको छ । त्यस्तै कर्जा प्रवाह बढ्दा सेयर सूचकाङ्क र घरजग्गाको मूल्य बढ्ने गरेको छ । सम्पत्तिको मूल्य बढ्दा पनि उपभोग बढी आयात बढ्ने गरेको छ । यसले गर्दा कर्जा प्रवाहले उत्पादन र उत्पादकत्व बढाउन नसक्दा बैंकिङ प्रणालीको विस्तारअनुरूप आर्थिक वृद्धिदर बढ्न सकेको छैन । वास्तवमा बैंकिङ क्षेत्रले उपलब्ध वित्तीय साधनलाई सही ठाँउमा प्रयोग हुने गरी कर्जा प्रदान गर्नुपर्ने चुनौती रहेको छ । कर्जामा पर्याप्त पहुँच पुगेको छैन । कर्जा प्रवाहले आर्थिक वृद्धि बढाउन नसक्दा नेपालको अर्थतन्त्रमा तरलता र ब्याजदरमा बढी उतारचढाव आउने गरेको छ ।

सूचना प्रविधिको विकासले बैंकिङ सेवा प्रवाहमा उल्लेख्य रूपान्तरण भएको छ । मोबाइलका माध्यमबाटै बैंकिङ सेवा उपभोग गर्न सकिने भएको छ । यसले बैंकिङ कारोबार सहज रूपमा गर्न सकिने र बैंकिङ सेवाको पहुँच बढाउन सहज भएको छ । तर, यसैसँगै सञ्चालन जोखिम बढेको छ । प्रविधिसँगै बढेको जोखिम व्यवस्थापन गर्नुपर्ने चुनौती बैंकिङ क्षेत्रमा बढेको छ । बैंकिङ सेवा प्रवाहमा आएको परिवर्तनअनुरूप जनशक्तिको व्यवस्थापन गर्नु पनि चुनौतीपूर्ण रहेको छ ।

बैंकिङ प्रणालीको दिगोपनका लागि आर्थिक गतिविधिहरू बढेर आर्थिक वृद्धिदर पनि बढ्नुपर्दछ । तसर्थ बैंकिङ प्रणालीमा वित्तीय मध्यस्थताको काम मात्र गरेर पुग्ने देखिँदैन । आर्थिक गतिविधिहरू बढाउन उद्यमशीलता बढाउने र व्यावसायिक कारोबारलाई सहजता प्रदान गर्नुपर्ने आवश्यकता छ । आर्थिक समृद्धिका लागि वास्तवमा बैंकिङ क्षेत्रले नेतृत्वदायी भूमिका बढाउनुपर्ने चुनौती रहेको छ ।

## ४. निष्कर्ष

पछिल्ला वर्षहरूमा कोभिड-१९ र भूराजनीतिक द्वन्द्वबाट गुज्रिरहेको विश्व अर्थतन्त्रसँगै नेपाली अर्थतन्त्र पनि विभिन्न ढङ्गले प्रभावित हुन पुगेको छ । हालको अवस्था हेर्दा नेपालको अर्थतन्त्रको अवस्था मिश्रित खालको रहेको छ । कोभिडपछि पुनरुत्थान भएको अर्थतन्त्र हालका वर्षमा केही शिथिल भएको छ, मूल्यवृद्धि उच्च छ र कर्जा अझै महँगै रहेको छ । तापनि बाह्य क्षेत्र उच्च दबाबबाट बचेर चालु खाता र शोधनान्तर स्थिति बचतमा पुगेको छ । विगतमा तीव्र दर घटेको विदेशी विनिमय सञ्चिति बढ्दो क्रममा रहेको छ । पर्यटन आगमन कोभिड पूर्वको अवस्थामा पुगेको छ । उल्लेख्य सङ्ख्यामा वैदेशिक रोजगारीमा गएको र विप्रेषण बढाउनका लागि लिएका नीतिहरूले गर्दा विप्रेषण आप्रवाह केही समय उच्च रहने देखिएको छ । बढ्दो विदेशी विनिमय सञ्चितिले गर्दा बैंकिङ प्रणालीमा तरलतामा सुधार भई ब्याजदरहरू घट्ने दिशामा अग्रसर छन् ।

अर्थतन्त्रको परिवर्तित अवस्थाअनुरूप बैंकिङ क्षेत्रले कर्जा असुली, दिगो तरलता व्यवस्थापन, उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह, सूचना प्रविधिले सिर्जित जोखिम व्यवस्थापन, दक्ष जनशक्ति व्यवस्थापन र समग्र अर्थतन्त्रमा आर्थिक वृद्धि बढाउन नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने चुनौती सामना गरिरहेको छ । वास्तवमा, यी चुनौतीहरू सामना गर्न सोअनुरूप बैंकिङ क्षेत्रले उपयुक्त रणनीति र क्षमता बनाउनु आवश्यक छ । बैंकिङ क्षेत्र चनाखो नहुने हो भने वित्तीय सङ्कटको जोखिम बढ्न जान्छ । कर्जामा बढीभन्दा बढी व्यक्तिहरूको पहुँच बढाएर साना तथा मझौला उद्योग व्यवसायहरू विस्तार गरेर अर्थतन्त्र र बैंकिङ प्रणालीको दिगो विकास गर्नु जरुरी रहेको छ ।

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
निर्देशिकाले समेटेका विविध पक्षहरू बैंक तथा वित्तीय संस्थाहरूले एकै पटक अक्षरशः पालना गर्न कत्तिको सम्भव थियो हेर्न बाँकी नै थियो । २०७९।९।२० मा चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ (प्रथम संशोधनसहित) जारी गरियो । यतिले मात्र पनि कार्यान्वयन पक्षमा भएका जटिलताका बारेमा गुनासाहरू कायम रहेकै अवस्थामा मिति २०८०।५।११ मा चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ (प्रथम संशोधनसहित) मा संशोधन सम्बन्धमा जारी भयो र लगत्तै मिति २०८०।०५।१३ मा चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ (दोस्रो संशोधनसहित) जारी गरिएको छ । ग्राहक तथा ऋणी संस्थाहरूमा यसको पूर्णरूपमा कार्यान्वयनले पर्ने प्रभावको मुल्याङ्कन त समयले बताउन बाँकी नै छ । पहिलो र दोस्रो संशोधनले व्यवसायलाई उद्योग र व्यापारमा छुट्याएको छ भने चालु पुँजीलाई चालु र स्थिर गरी छुट्याउनुपर्ने प्रावधानको व्यवस्था गरेको छ । अर्को पक्ष भने औचित्यता पुष्टि भएमा केही सहजता मिल्ने परिस्थिति संशोधनले समेटेको छ । यो मार्गदर्शनभित्र रहेका मुख्य विषय र त्यसको कार्यान्वयन हुँदा तत्काल पर्न सक्ने पक्षहरूलाई यसरी उल्लेख गर्न सकिन्छ ।

चालु पुँजी कर्जाको सीमा निर्धारण तथा मार्गदर्शनले समेट्न खोजेका मुख्य अंशहरू

- समग्र बैंकिङ प्रणालीबाट कुल रकम रु. १ करोडसम्म (उत्पादनमूलक उद्योगका हकमा कुल रकम रु.३ करोडसम्म) यो मार्गदर्शन लागू हुने छैन ।

- बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कुल रकम रु.२ करोडसम्म (उत्पादनमूलक उद्योगका हकमा रु.४ करोडसम्म) चालु पुँजी कर्जाको सीमा निर्धारण - बिक्रीको अधिकतम २० तर बैंक तथा वित्तीय संस्थाले Operating Cycle, Cash Conversion Cycle, Days Sales Outstanding, Inventory Conversion Period, Lead Time, Accounts Payble आदिको विश्लेषण गर्दा औचित्यपूर्ण देखिएमा कर्जा फाइलमा सो कारणहरू उल्लेख गरी बिक्रीको ५० प्रतिशतले हुन आउने रकमसम्म ।
- बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कुल रकम रु.२ करोड (उत्पादनमूलक उद्योगका हकमा रु.४ करोड) भन्दा बढी रकमको कर्जाको सीमा निर्धारणका लागि आवश्यकताको विश्लेषण गर्दा Permanent Working Capital Need / Fluctuating Working Capital Need को पहिचान गर्ने, Fluctuating Working Capital Need का लागि १ वर्षभन्दा कम र Permanent Working Capital Need का लागि ३ देखि १० वर्षको आवधिक कर्जा प्रदान गर्ने ।
- (उद्योग भन्नाले कच्चा पदार्थ वा अर्धतयारी सामानको प्रयोगबाट निश्चित मानव/मेसिनरीको प्रयोग गरी मूल्यअभिवृद्धि गराइ वस्तु उत्पादन गर्ने)
- Fluctuating Working Capital Need कर्जा सीमा निर्धारण बिक्रीको अधिकतम २५ प्रतिशतले हुन आउने रकमभन्दा बढी नहुने गरी गर्ने तर Operating Cycle, Cash Conversion Cycle, Days Sales Outstanding, Inventory Conversion Period, Lead Time, Accounts Payable Period आदिको विश्लेषण गर्दा ठिक लागेमा बिक्रीको अधिकतम ४० प्रतिशतले हुने कर्जा सीमा कायम गर्ने साथै समय १ वर्षको अवधि मात्रै हुने ।
- चालु पुँजीको आवश्यकताका लागि भएकाले यस्तो कर्जा चालु सम्पत्तिको सुरक्षणबाट सुरक्षित हुनुपर्दछ । चालु पुँजी कर्जासम्बन्धी नीतिले कर्जा सुरक्षणका लागि आवश्यक पर्ने चल सम्पत्तिको मात्रा स्पष्ट खुलाउने, स्थिर वा अचल सम्पत्ति सुरक्षणका रूपमा आवश्यक हुने छैन ।

- कर्जाको सीमा निर्धारण गर्दा कम्तीमा ३ वर्षको अनुमानित वित्तीय विवरण र कम्तीमा ३ वर्षको लेखापरीक्षण भएको विवरणका विश्लेषण गरी सीमा निर्धारण गर्ने

- नयाँ अथवा ३ वर्षभन्दा कम अवधि भएका संस्थाका हकमा अनुमानित सञ्चालन खर्च, एवम् अनुमानित कोष प्रवाहका आधारमा वित्तीय संस्थाले आफ्नो कर्जासम्बन्धी नीतिबमोजिम सीमा निर्धारण गर्ने ।

- चालु सम्पत्तिको परीक्षण तथा मूल्याङ्कन गरी कर्जा सीमा र Drawing Power को यथार्थपरक विश्लेषण गरी प्राप्त Drawing Power का आधारमा कर्जा प्रवाहको सीमा निर्धारण गर्दा NTA को ७० प्रतिशत मात्र कर्जा सीमा कायम हुनुपर्ने ।

- कम्तीमा ३ महिनामा एक पटक चालु सम्पत्ति र चालु दायित्वको अनिवार्य निरीक्षण गरी सोको प्रतिवेदन कर्जा फाइलमा राख्ने, यस्तो निरीक्षण वर्षको एक पटक आकस्मिक रूपमा गर्नुपर्दछ। रु. ५ करोडसम्मको चालु पुँजी कर्जाको हकमा ग्राहक स्वयंबाट प्रमाणित त्रैमासिक विवरण र रु.५ करोडभन्दा बढी कर्जाको हकमा ऋणी संस्थाको आन्तरिक लेखापरीक्षक वा लेखापरीक्षकबाट प्रमाणित अर्धवार्षिक विवरण । निरीक्षणको क्रममा मौज्दातमा रहेको मालसामानको परीक्षण गर्नुका साथै VAT रजिस्टर, अन्तःशुल्क रजिस्टर, आसामी खाता तथा साहु खाता आदिको परीक्षण गर्नुपर्दछ ।

- धितोमा रहने मालसामानमा हुन सक्ने जोखिमको विश्लेषणका आधारमा अनिवार्य बिमा हुनुपर्दछ । म्याद सकिनुभन्दा कम्तीमा १५ दिनअघि नै ऋणीलाई बिमा पोलिसी नवीकरण गर्न जानकारी गराउनुपर्दछ ।

- इजाजतपत्र प्राप्त संस्थाले ऋणीको चालु सम्पत्ति र चालु दायित्वको विवरण Core Banking System वा उपयुक्त Management Information System (MIS) मा समावेश गरी निरन्तर अनुगमन हुने प्रणालीको विकास गर्नुपर्दछ ।

- वित्तीय विवरणहरूमा (अनुमानित र लेखापरीक्षण भएको) फरक देखिन आएमा फरक रकमको Variance निकाली २० प्रतिशतसम्मको Variance लाई मान्य हुनेसम्मको प्रावधान रहेको र विगत ३ वर्षको

लेखापरीक्षण भएको वार्षिक कारोबार रकम अनुमानित रकमभन्दा औसतमा २५ प्रतिशतभन्दा बढीले कम भएको पाइएमा चालु पुँजी कर्जा सीमा घटाउनु पर्दछ। कर्जाको सीमा घट्न जाने भएमा ऋणीलाई १ वर्षको समय दिई बढी प्रवाह भएको कर्जा चुक्ता गर्न लगाउनुपर्दछ।

- चालु पुँजी कर्जाको रकम व्यावसायिक प्रयोजनका लागि मात्र प्रयोग भएको यकीन गर्नुपर्दछ । अन्यत्र भुक्तानी भएको पाइएमा कर्जालाई खराब वर्गमा वर्गीकरण गरी शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्दछ ।

- ऋणीको चल्ती खाता र कर्जा खाता छुट्टाछुट्टै सञ्चालन गर्नुपर्ने छ । ऋणीले आफ्नो आवश्यकताअनुसार चल्ती खाताको रकम कर्जा खातामा रकमान्तर गर्न बैंकलाई Standing Instruction दिन सक्ने छन् । मासिक रूपमा कर्जा सीमाको दुई प्रतिशतभन्दा बढी रकम सोझै वा अन्य खातामा रकमान्तर गरेर नगद झिक्न पाइने छैन । चालु पुँजी कर्जाको रकमबाट कुनै पनि किसिमको कर्जा भुक्तानी भएको पाइएमा जुन कर्जा भुक्तानी भएको हो, सो कर्जा भुक्तानी नभएको मानी प्रचलित व्यवस्थाबमोजिम कर्जा वर्गीकरण गर्नुपर्ने र भुक्तानी भएको रकम पुनः चालु पुँजी कर्जा खातामा फिर्ता गर्ने व्यवस्था गर्नुपर्दछ ।

- कर्जाका विभिन्न खाताहरूमध्ये क्यास क्रेडिट कर्जा खातामा आर्थिक वर्षको कुनै एक समयमा कम्तीमा लगातार ७ दिन कर्जा सीमाको १० प्रतिशतभन्दा कम बक्यौता कायम भएको हुनुपर्दछ ।

- पहिलो वर्षका लागि ऋणीले लगातार ७ दिन कुल कर्जा सीमाको ३० प्रतिशतभन्दा कम, दोस्रो वर्षका लागि ऋणीले लगातार ७ दिन कुल कर्जा सीमाको २० प्रतिशतभन्दा कम, तेस्रो वर्षपछि ऋणीले लगातार ७ दिन कुल कर्जा सीमाको १० प्रतिशतभन्दा कम बक्यौता कायम गर्न सक्ने छन् ।

- चालु पुँजी कर्जा नीति र कार्यविधि सञ्चालक समितिबाट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ, जसमा चालु पुँजी कर्जाको प्रकार, सीमा, ब्याजदर, अवधि, नवीकरण र पुनरावलोकन लगायतका विषय, चालु पुँजी कर्जाको गणना गर्ने प्रक्रिया/विधि, भुक्तानी तालिका र असुली

प्रक्रियाको विषय, ऋणीको म्चबधष्लन एयधभच गणना, कर्जा प्रवाह तथा अनुगमन गर्ने पद्धति र समय तालिका, कर्जा स्वपुँजी अनुपात, प्रतिबद्धता शुल्क, ऋण प्रदान गर्ने संस्थालाई ग्राह्य हुने ऋणीको Current Ratio, कर्जाको अनुगमन गर्ने पद्धति र समय तालिका, सदुपयोग नभई निर्धारित उद्देश्यभन्दा अन्यत्रै कर्जाको प्रयोग भएको पाइएमा कर्जालाई खराब वर्गमा वर्गीकरण गर्ने, कर्जा नोक्सानी व्यवस्था गर्ने र कर्जा असुलउपर गर्नेसम्बन्धी विषय, स्टकले कर्जा नखाम्ने देखिएमा ऋणीलाइ कर्जा तिर्न दिने समयावधि र असुल नहुने देखिएमा कर्जा खराब वर्गमा राखी असुली प्रकृया अगाडि बढाउने विषय ।

- Seasonal व्यवसायलाई समेत औचित्यका आधारमा कर्जा प्रवाह गर्न सकिने छ । एक आर्थिक वर्षमा दुई पटकसम्म दिन सकिने र दुई पटकभन्दा बढी आकस्मिक प्रकृतिको कर्जा आवश्यक परेमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिले निर्णय गरी यस्तो कर्जा प्रदान गर्ने ।
- चालु पुँजी कर्जा स्वीकृत भएको ६ महिनाभित्र सीमा पुनरावलोकन गर्न पाइने छैन ।
- यो नियम Credit Purchase/Takeover मा पनि लागू हुने छ ।
- ऋणीले चालु पुँजी कर्जाको प्रयोग गरी पुँजीगत खर्च नगरेको वा स्थिर सम्पत्ति सिर्जना नगरेको सम्बन्धमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले यकीन गरेको हुनुपर्दछ ।
- भुक्तानी नदिएको कच्चा पदार्थलाई चालु सम्पत्तिका रूपमा गणना गर्न पाइने छैन ।
- ऋणीले आफ्ना कानुनी दायित्वहरू, जस्तै - कर्मचारीको तलब, सामाजिक सुरक्षाको रकम, कर, राज्यलाई बुझाउनुपर्ने अन्य शुल्क आदि समयमा भुक्तानी गरे, नगरेको सम्बन्धमा ऋणीसँग स्वघोषणा लिने ।
- अन्य संस्थाबाट रु. १ करोडभन्दा बढी कर्जा उपयोग भएको देखिएमा ती संस्थाबाट No Objection पत्र लिएर मात्र कर्जा प्रवाह गर्नुपर्दछ ।
- ऋणीको कर्जा सूचना लिई समग्र बैंकिङ प्रणालीबाट उपयोग भएको

कर्जासम्बन्धी विवरण अर्धवार्षिक रूपमा अद्यावधिक गर्नुपर्दछ ।

- ग्राहकले एकभन्दा बढी इजाजतपत्र प्राप्त संस्थाबाट कुल रकम रु. १० करोड वा सोभन्दा बढी रकमको चालु पुँजी प्रकृतिको कर्जा उपयोग गरेको देखिएमा त्यस किसिमको कर्जा प्रवाह/नवीकरण गर्नुअघि कर्जा प्रवाह गर्ने संस्थाहरूबिच एक आपसमा पारिपासु सम्झौता भएको हुनुपर्दछ ।
- ऋणीको कारोबारमा समस्या देखिएमा, कर्जा दुरूपयोग भएको पाइएमा यस्तो सूचना एक आपसमा आदान प्रदान गर्नुपर्दछ ।
- प्रत्येक त्रयमासको अन्तिम महिना (असोज, पुस, चैत, असार) मा चालु पुँजीको सीमा वृद्धि गर्न र पुराना ऋणीलाई कुनै पनि शीर्षकमा नयाँ चालु पुँजी कर्जा स्वीकृत गर्न पाइने छैन ।
- नियतवश कर्जा नतिर्ने ऋणीका रूपमा पहिचान गरी कर्जालाई खराब वर्गमा वर्गीकरण गरी शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्दछ र ऋणीलाई कालोसूचीमा राख्नुपर्दछ ।
- लेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरणमा उल्लेख्य त्रुटि देखिएमा वा झुट्टा विवरण पेस भएको पाइएमा यससम्बन्धी उजुरी बैंक तथा वित्तीय संस्थाले नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थामा अविलम्ब दर्ता गर्नुपर्दछ ।
- चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ लागू भएको मिति २०७९/०७/०१ पूर्व प्रवाह भएका चालु पुँजी कर्जाहरूलाई यस मार्गदर्शनअनुसार पहिलो पटक पुनरावलोकन वा नवीकरणको सिलसिलामा कर्जा सीमाहरूलाई Fluctuating Working Capital तथा Permanent Working Capital अन्तर्गतका शीर्षकमा मिलान गर्दा कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्थाको प्रयोजनका लागि पुनर्तालिकीकरण वा पुनर्संरचना भएको मानिने छैन ।
- चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ लागू भएको मिति २०७९/०७/०१ पूर्व प्रवाह भएका चालु पुँजी कर्जाहरूलाई यस मार्गदर्शनअनुसार पहिलो पटक पुनरावलोकन वा नवीकरण गर्नुपर्दा

मार्गदर्शनले तोकेको सीमाभन्दा बढी कर्जा प्रवाह भएको अवस्थामा त्यस्तो रकमलाई २०८२ असार मसान्तसम्म देहायबमोजिम अर्धवार्षिक रूपमा भुक्तानी हुने गरी आवधिक कर्जा शीर्षकमा मिलान गर्नुपर्ने छ ।

- कर्जा चुक्ता गर्नुपर्ने न्यूनतम प्रतिशत २०८० असार मसान्तसम्म १० प्रतिशत ,२०८० पुस मसान्तसम्म २० प्रतिशत, २०८१ असार मसान्तसम्म २० प्रतिशत, २०८१ पुस मसान्तसम्म २० प्रतिशत र २०८२ असार मसान्तसम्म ३० प्रतिशत ।

माथि उल्लेखित व्यवस्थारूले ऋणी र ऋण प्रदायक संस्थाहरूलाई पर्न सक्ने व्यावहारिक पक्षहरू तथा नियामकले चाल्ने आउँदा दिनको बाटो कस्तो हुने हो भन्ने सम्बनधमा :

**ऋणीलाई पर्ने प्रभाव**

आजको समयसम्म आइपुग्दा ओपन सेक्रेट भएको विषय के हो भने व्यवसायीहरूले खरिद बिक्री गर्ने सामानहरू चाहे त्यो कच्चा पदार्थ, अर्धतयारी वा तयारी जुनसुकै होस्, त्यसको अन्डर बिलिङ हुने र त्यसको बजार मूल्य एउटा र भ्याट बिलमा उल्लेख हुने मूल्य अर्को हुने हुँदा कर असुलीमा समेत त्यसको प्रभाव राम्रै परेको स्पष्ट छ । यस्तो परिस्थितिले गर्दा बिक्रीको २० प्रतिशत मात्र वा औचित्यता पुष्टि गरेमा बिक्रीको ५० प्रतिशतसम्म जाने प्रावधानले उद्यमी, व्यवसायीहरूले सहज ढङ्गबाट कारोबार गर्न सक्लान् त ? भन्ने प्रश्न खडा भएको छ । जुन प्रयोजनका लागि लिएको कर्जा हो, सोही प्रयोजनमा मात्र प्रयोग गर्नुपर्छ र अन्यत्र त्यसको प्रयोग गर्नुहुँदैन तथा पाइँदैन भनिरहँदा आजका दिनमा लगानी भइसकेका तर निर्देशिका कार्यान्वयन गर्दा सोही बमोजिम तादात्म्यता नभएका कर्जा सीमा भुक्तानी गर्ने क्षमता ऋणीमा छ कि छैन, भुक्तानी गर्न नसक्दा ऋणीको व्यवसायमा पर्ने प्रभाव कस्तो रहने भन्ने गम्भीर प्रश्न खडा भइसकेको छ ।

ऋणीका खाताहरू भ्याट रजिस्टर परीक्षण गर्ने विषय तीन तीन महिनामा स्टक निरीक्षण र लेखापरीक्षकबाट प्रमाणित गराउने विषय, बिक्रीको निश्चित प्रतिशतको विषय, २५ प्रतिशतको भेरियन्स मात्र मान्य हुने विषय, एन्.टी.ए.को ७० प्रतिशत मात्र कर्जा सीमा हुने विषय, अचल धितो आवश्यक पर्ने छैन भन्ने विषयको कार्यान्वयनले बैंक तथा वित्तीय संस्थाहरूमा एन्.पी.एल्.मा पर्ने

प्रभावको विषय, सब अप्टिमल लोन चुक्ता गर्ने सन्दर्भमा २०८२ असारसम्म कर्जा चुक्ता गर्ने विषय साथै व्यवसाय र मौज्दात रहेको स्थानमा बोर्ड राख्ने विषयहरूको कार्यान्वयन पक्ष कत्तिको सहज होला समयलाई पर्खिनु पर्ने छ ।

## ऋण प्रदायक संस्थालाई पर्ने प्रभाव

आजका दिनसम्म बैंक तथा वित्तीय संस्थाहरूले चालु पुँजी कर्जाको कर्जा लगानी धितो केन्द्रित रहेको छ । व्यवसाय चलोस् नचलोस् घर जग्गा सुरक्षणबाट कर्जा सुरक्षित छ भनी लगानी गरेका कर्जाहरू अबको समयमा माथि उल्लेखित व्यवस्थाहरूलाई अक्षरशः पालना गरिरहँदा वित्तीय संस्थाहरूले गरेको लगानीलाई असल वर्गाको कर्जा बनाउन कति रकम असुल गर्नुपर्ने हो र असुल हुन नसक्दा गर्नुपर्ने कर्जा नोक्सानी व्यवस्थाले एन.पी.ए.को स्तर कति पुग्ने भन्ने एउटा चुनौती पक्कै थपिएको छ भने अर्कोतिर चालु पुँजी कर्जाका लागि स्थिर धितो आवश्यक हुने छैन भनिरहँदा चल धितोमा मात्र कर्जा दिने विषयको कार्यान्वयनले बैंक तथा वित्तीय संस्थाहरूमा एन.पी.एल.मा पर्ने प्रभावको पक्ष, मार्गनिर्देशनबमोजिम कर्जा लगानी गर्दा व्यवसायको तथा ग्राहकको विश्लेषण गर्न सक्ने कर्मचारी क्षमतावान बनाउन कर्मचारीलाई गर्नुपर्ने लगानी बढाउन आवश्यक देखिन्छ । यसका अलावा नयाँ चालु पुँजी कर्जा लगानीको वातावरण कसरी अगाडि बढाउने र कर्जालाई कसरी सुरक्षित हुने हो भन्ने सोचनीय विषय रहेको छ ।

## नियामक निकायको भूमिका

नियामक निकाय नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाहरूका लागि अभिभावक जस्तै हो । अभिभावकले सही बाटो देखाउन सक्नुपर्दछ । समय परिस्थिति हेरेर सूचना, नीति, नियम, सर्कुलर तथा मार्गदर्शन ल्याउन सक्नुपर्दछ। नियामक निकायले चाल्ने कदमहरू सोचविचारसहित आउनुपर्दछ । विगतमा विभिन्न समयमा गरेका केही क्रियाकलापहरूको खासै प्रभावकारिता हुन सकेको देखिँदैन। चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ को विषयको कुरा गर्दा एक वर्षको अन्तरालमा दुई पटक संशोधन त भयो, अझै यसको परिमार्जन आवश्यक देखिन्छ। यसको पूर्ण कार्यान्वयनको अवस्था हेर्न भने बाँकी नै छ। यस्ता विषयहरू एकै पटक सबै पक्षलाई सुधारको पाटोभन्दा विस्तारै एकपछि अर्कोलाई मिलाउँदै लाने वातावरणले प्रभावकारी बन्न सक्छन् । यही वर्षको मौद्रिक नीतिमार्फत

ल्याइएको अनुमानित कर्जा नोक्सानी (इ.सी.एल./आइ.एफ.आर.एस.नौ) के हो ? Expected Credit Loss को गणना गर्दा Probability of Default, Loss Given Default / Exposure at Default जस्ता गहन पक्षका बारेमा जानकारी भएर मात्र गर्न सकिन्छ । यसको गणना गर्ने सिप र क्षमता एकातिर छ भने यसको कार्यान्वयन कसरी होला ? जहाँ खराब वर्गका कर्जालाई पास वर्गमा राखी कर्जा नोक्सानी व्यवस्था कम गरेका वित्तीय संस्थालाई नियामकले नै हरेक वर्ष प्रोभिजन गर्न लगाउँदा हैरानी व्यहोरेको हाम्रा वित्तीय संस्थाको संस्कार जस्तो भइरहेको अवस्थामा कहाँ इ.सी.एल जस्तो बृहत् तथा गहन प्रकृया कसरी र कहिलेसम्म कार्यान्वयनमा आउला समयले बताउने छ ।

मार्गदर्शनमा उल्लेख भएका सबै विषयहरूलाई पूर्णरूपमा कार्यान्वयन गर्न बैंक तथा वित्तीय संस्थालाई कत्तिको सहज रहला ? कर्जा सुरक्षित होला नहोला ? कागजातको पर्याप्तता रहला नरहला ? र मार्गदर्शनको कार्यान्वयनलाई सहयोग पु¥याउने पुनः अर्को संशोधन आउन पर्ला नपर्ला जस्ता जिज्ञासा सरोकारवालाहरूमा अझै पनि रहेको देखिन्छ ।

अन्त्यमा, नियामक निकायको निर्देशन पालना गर्नु बैंक तथा वित्तीय संस्थाहरूको दायित्व रहेको हुनाले यसलाई अगाडि बढाउनुको विकल्प रहँदैन भने ग्राहक जो आजसम्म जुन तरिकाबाट कारोबार भयो त्यो समय अब रहेन । तसर्थ यसलाई आत्मसात् गरी वास्तविक बैंकिङ कारोबारमा लाग्नुपर्दछ । हरेक परिवर्तनले कुनै पक्षलाई सहज र कुनै पक्षलाई असहज हुने र परिवर्तनलाई स्वीकार गर्ने बानी नपर्दासम्म गाह्रो महसुस हुनु स्वाभाविक रहेको हुनाले समयक्रमले यसलाई युज टु बनाउने छ । यो मार्गदर्शनलाई पूर्णरूपमा पालना गर्न सरोकारवाला पक्षहरू यो हाम्रा लागि र राम्राका लागि हो भनी सहज रूपमा लिन सके स्वस्थ व्यावसायिक वातावरणको विकास हुने छ । सँगसँगै लगानीयोग्य कोषको सही सदुपयोग हुने, सरकारलाई कर बापतको आम्दानी बढ्ने, वास्तविक व्यवसाय गर्ने ऋणीलाई व्यवसाय गर्न उत्प्रेरणा मिल्ने, असल नियतले काम गर्नेहरूलाई प्रोत्साहन हुने, लगानी सही स्थानमा प्रयोग हुने हुँदा उत्पादनमूलक व्यवसायमा लगानी बढ्ने, उत्पादन बढेसँगै आयात घट्ने, निर्यात वृद्धि हुने, रोजगारी बढ्ने अवस्थाले व्यावसायिक वातावरण स्वस्थ बन्ने छ । यस्तो परिवेशले समग्रमा अर्थतन्त्रमा त्यसको प्रभाव सकारात्मक रहने अपेक्षा गरिएको छ ।

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

प्रो. **विकाश जालान**

**जालान वस्त्रालय**

जनकपुर १, धनुषा

मोवाइल नं. ९८६९९९५२९७

---

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

प्रो. **प्रमोद कु. साह,विनोद कु. साह**

**न्यू लाभ आधुनिक फिक्स इट्टा उधोग तथा**

**नमस्ते लाभ आधुनिक फिक्स इट्टा उधोग**

जनकपुर धनुषा

मो.नं. ९८५४०२०१९६,९८५४०२८३५४

---

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

प्रोपाइटर : **राज कुमार साह**

**जय हनुमान ट्रेडिङ**

जनकपूर-१३, धनुषा

मोवाइल नं. ९८५४०२४२५१

किराना स्टोर्स(थोक विक्रेता)

---

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

प्रोपाइटर : **विरेन्द्र कुमार साह**

**किरण ईन्टरप्राईजेज**

बर्दिवास-१, महोत्तरी

मोवाइल नं. ९८०४८१३२१४

विभिन्न ब्राण्डका जुत्ता तथा चप्पलहरुको थोक तथा खुद्रा व्यापार

# गाउँपालिकाको जरुरी सूचना

"व्यक्तिगत घटना घटेको ३५ दिन भित्र नि:शुल्क रूपमा घटना दर्ता गरौं"

- जन्म, मृत्यु, विवाह दर्ता र सम्बन्ध विच्छेद एवम् बसाईंसराइ जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं, जरीवानाबाट बचौं ।
- Online मार्फत व्यक्तिगत घटना दर्ता (दिवेदन) मा Online गर्नु पर्दछ ।

**Online दर्ता हुने स्थानमा Online घटना दर्ता हुँदा ध्यान दिनु पर्ने कुराहरू:**

- www.docr.gov.np को online घटना दर्ता (निवेदन) मा Online गर्नु पर्दछ ।
- त्यसपछि घटना घटेको व्यक्तिको सम्पूर्ण यथार्थ विवरण प्रविष्ट गर्नुपर्दछ ।
- प्रविष्ट पछि मोबाइलमा आउने टोकन नम्बर लिई ३० दिन भित्र सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा जानु पर्दछ ।

नेपाल सरकारले वि.सं. २०८० सालसम्ममा जन्मदर्ता शतप्रतिशत र अन्य व्यक्तिगत घटना दर्ता उल्लेख्य रूपमा वृद्धि गर्ने प्रतिवद्धता व्यक्त गरेको छ ।

# हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार
लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**विष्णु बहादुर रोकाया**
अध्यक्ष

**अलैपुरा जैशी**
उपाध्यक्ष

**सुरेश कुमार श्रेष्ठ**
प्रमुख प्रशासकीय अधिकृत

**पलाता गाउँपालिका**
पलाँता कालिकोट, कर्णाली प्रदेश नेपाल
फोन नं.: ९८६८१९२७८६

# हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**ASK INTERNATIONAL PVT. LTD.**

**Gopi Krishna Nagar- 7, Chabahil Kathmandu**
**Phone :** 01-4822475, 9801161381/82/83
**Email** : askint.pvtltd@gmail.com

PLAN DESIGN BUILD FURNISH

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम,
ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**कल्यान सिंह बोहरा**
अध्यक्ष
**अत्तरिया उद्योग वाणिज्य संघ**
अत्तरिया, कैलाली

# नेपालको बाह्य अर्थतन्त्र



**डा. सुमनकुमार रेग्मी**
*पूर्व नायब कार्यकारी निर्देशक, व्यापार तथा निकासी प्रवर्धन केन्द्र*

## १. बाह्य तथा आन्तरिक अर्थतन्त्र : सारांश

अर्थतन्त्रको पछिल्लो अवस्थाका सन्दर्भमा अर्थतन्त्रको दृष्य ठिकै देखिए पनि भित्री अर्थतन्त्र अझै सर्वत्र सुधार उन्मुख हुन सकेको देखिँदैन । अर्थतन्त्र चलायमान राख्न अर्थतन्त्रका सम्पूर्ण आर्थिक सूचक जागरुक हुनुपर्ने निजी क्षेत्रले बहस गरिराखेको छ । हालका वर्षहरूमा निजी क्षेत्रले आ.व. २०८०।८१ र अघिका बजेट तथा मौद्रिक नीतिले पनि अर्थतन्त्रलाई रफ्तार दिन नसक्दा चिन्ता व्यक्त गर्दै आएका छन् । अर्थतन्त्र समृद्धि उन्मुखताका लागि निजी क्षेत्रलगायतले सम्पूर्ण सरोकारहरूसँग सहयोगको भावना आवश्यक देखिन्छ । कोरोना-२०१९ रोकथामपछि अर्थात् सन् २०२३ देखि निजी क्षेत्र सरकारलाई सहयोग गर्ने बताउँदै आएका छन् । निजी क्षेत्र सरकारले गर्ने नीतिगत व्यवस्थाले नेपाली अर्थतन्त्रको चाल सुरु हुँदै आएको भन्दै आइरहेका छन् ।

बाह्य सूचक, पर्याप्त तरलता र घट्दो ब्याजदरको अवस्था रहेको अवस्थामा अर्थतन्त्रको सुस्त गति कायम रहने सम्बन्धित पक्षले बताउँदै आएका छन् । २०८०।८१ को पहिलो तीन महिनामा पनि अर्थतन्त्र सुध्रिने सङ्केत देखिएको छैन । निजी र सरकारी क्षेत्रको संयुक्त प्रयास भए मात्र अर्थतन्त्र सुध्रिँदै जाने हुन्छ । अर्थतन्त्र लचकदार बनाउन र निजी क्षेत्रले देखाएका समस्या समाधान गरेर मात्र अर्थतन्त्र सुदृढ हुन सक्दछ ।

आ.व. २०८०।८१ मा वर्षा ऋतुको सुरुमा यथेष्ट वर्षा नहुनु जस्तो अनियमित मौसम प्रणाली र जनावरमा देखिएको लम्पी स्किनको प्रकोपले कृषि क्षेत्रको अपेक्षित विस्तार नहुने आँकलन गरिएको छ । बाह्य बजारमा कच्चा तेलको वृद्धिमा देखिएको विस्तारमा कमी तथा नेपालको आयातको मुख्य बाटोका रुपमा रहेको देश भारतमा मुद्रास्फीतिमा कमी आएलगतै आ.व. २०८०।८१ को औसत

मुद्रास्फीति २०७९।८० को ७.७ प्रशितको तुलनामा कम भएर ६.२ प्रतिशतमा घट्ने अनुमान रहेको छ ।

मूल्यस्थिरता तथा बाह्य क्षेत्रमा देखिएका केही प्रगतिका बाबजुत बजेटमा चुनौती भने स्थिर रहने अनुमान छ । आ.व. २०८।८१ मा बजेट घाटा कुल गार्हस्थ्य उत्पादनको २.४ प्रतिशत कायम हुने अनुमान छ । यो २०७८।७९ को भन्दा ६.१ प्रतिशतभन्दा कम हो ।

आ.व. २०८०।८१ को आर्थिक परिदृश्यमा रहेका अन्तर्निहित जोखिमका रुपमा भूराजनीतिक कठिनतातर्फ रही अनिश्चिततालाई गहन दृष्टि गर्दै मूल्य व्यवस्थापनका लागि सङ्कुचनकारी आर्थिक नीतिलाई अवलम्बन गर्ने भनिएको छ । यसले उपभोग तथा आन्तरिक उत्पादनमा कमी तथा आर्थिक वृद्धिमा प्रतिकुल असर गर्न सक्ने भनिएको छ ।

वर्तमान अर्थतन्त्र जुन स्तरमा छ, यसले सरकारको लक्ष्यअनुसारको आर्थिक वृद्धि हासिल गर्न कठिन छ भने महँगी पनि ६.५ प्रतिशतमा कायम राख्न सकिँदैन । नीजि क्षेत्रको पहलबाट अर्थतन्त्रले गति लिन सक्छ भने सो कदम चाल्नु आवश्यक छ । अर्थतन्त्रलाई चलायमान बनाउन र बजारमा नगद प्रवाह कसरी बढाउनेबारे छलफल हुनसमेत आवश्यक छ ।

आ.व. २०७८।७९ को तुलनामा २०७९।८० मा नेपालको व्यापार घाटा १५ प्रतिशतले घटेको देखिन्छ । यो अवधिमा आयातमा १६ र निर्यातमा २१ प्रतिशतले कमी आएकाले पनि व्यापार घाटा कम भएको देखिएको हो । २०७९।८० मा रेमिट्यान्स २२ प्रतिशतले बढेको देखिन्छ ।

शब्द कुन्जी (Key Words) : रेमिट्यान्स, विप्रेषणको अवस्था, रेमिट्यान्सको भूमिका र नेपालको वैदेशिक रोजगार, वैदेशिक रोजगार, वैदेशिक लगानी, लगानी सम्मेलन, देशगत रुपमा लगानी प्रतिबद्धता, सम्मेलन अघिका प्रतिबद्धता, नेपालको औद्योगिकीकरण कता तिर, वैदेशिक व्यापार स्थिति ।

## २. मुख्य विषयवस्तुहरू

### २.१ रेमिट्यान्स

देशको विदेशी मुद्रासञ्चितिमा रेमिट्यान्सको योगदान करिब ६७ प्रतिशत देखिएको छ । सन् २०७९।८० मा विभिन्न स्रोतबाट भित्रिएको विदेशी मुद्रामध्येको

सबैभन्दा धेरै ६६.९ प्रतिशत रेमिट्यान्सबाट नेपाल भित्रिएको विवरण रहेको छ। तर २०७८।७९ मा ६७.४ प्रतिशत रहेको थियो। आ.व. २०७९।८० मा भित्रिएको रेमिट्यान्स विवरणअनुसार १२ महिनाको रेमिट्यान्स कुल रकम रु. १२ खर्ब २० अर्ब ५६ करोड रहेको छ।

आ.व. २०८०।८१ को असोज महिनामा मात्र रेमिट्यान्सबाट रु. एक खर्ब ३६ अर्ब भित्रिएको छ। मासिक रुपमा हेर्दा यो २०८०।८१ सम्मको उच्च देखिन्छ। विदेशी मुद्राको स्रोत सम्बन्धमा पछिल्ला पाँच वर्ष (२०७५।७६ देखि २०७९।८०) सम्मको रेमिट्यान्स योगदान औसतमा ६० प्रतिशतभन्दा बढी छ। पछिल्ला वर्षमा विदेशी मुद्रासञ्चितिको योगदान उच्च दरले बढेको छ।

विदेशी मुद्राको अन्य स्रोत निर्यात, पर्यटन सेवा, विदेशी ऋण तथा अनुदानलगायत क्षेत्र अपेक्षित रुपमा सुधार रहन नसक्दा रेमिट्यान्समा नै निर्भर हुनुपर्ने बाध्यता केन्द्रीय बैंकको विवरणहरूले देखाएका छन्। बैंकको तथ्याङ्कअनुसार २०७९।८० मा विभिन्न स्रोतबाट विदेशी मुद्रामध्ये रेमिट्यान्सपछि बढी योगदान वस्तु निर्यातमार्फत भएको देखिन्छ। विदेशी ऋण अनुदान र कूटनीतिक नियोगमार्फत १०.३ प्रतिशत, वस्तु निर्यातमार्फत विदेशी मुद्रासञ्चितिमा ५.२ प्रतिशत, पर्यटनमार्फत ३.६ प्रतिशत, बैंकमार्फत विदेशमा गरेको लगानीको ब्याजमार्फत २.१ प्रतिशत र अन्य प्रयोजनतर्फ ११.९ प्रतिशत योगदान पुगेको देखिन्छ। पछिल्ला पाँच वर्षको विवरण हेर्दा पनि विदेशी मुद्राको मुख्य स्रोतमा सबैभन्दा बढी रेमिट्यान्स नै छ।

शोधनान्तर घाटामा रहेमा आयातका लागि विदेशी विनिमय सञ्चितिबाट रकम घट्दै जाने हुन्छ। विदेशी विनिमय सञ्चितिले ६ महिनाका लागि वस्तु तथा सेवा आयात पनि धान्न नसकेमा त्यसलाई अर्थतन्त्रमा राम्रो मानिँदैन। नेपालको विनिमय सञ्चिति कुनै वेला १० खर्ब ३९ अर्ब रहेको देखिन्छ।

अर्थतन्त्र धान्ने मुख्य स्रोत रेमिट्यान्स आप्रवाहमा कमी, आयात घट्न नसक्नु र पर्यटनमा अपेक्षित सुधार नहुनुलगायतका कारण शोधनान्तरमा विगतमा दबाब परेको देखिन्छ। शोधनान्तर घाटामा रहँदा खास गरी विदेशी लगानी निरुत्साहित हुने हुन्छ। उत्पादनमा नकारात्मक प्रभाव पर्ने भएकाले देशको परनिर्भरता बढ्दछ र विदेशी विनिमय सञ्चितिमा कमी आउँछ। निरन्तरको शोधनान्तर घाटाले देशको आर्थिक परिसुचकमा संरचनात्मक समस्या देखिन जाने हुन्छ।

आ.व. २०८०।८१ को पहिलो दुई महिनामा रेमिट्यान्स बापत १ खर्ब १४ अर्ब ७४ करोड रुपैयाँ भित्रिएको देखिन्छ । व्यापार घाटा बढेको, विदेशी लगानीको लाभांश भुक्तानी उल्लेख्य रुपमा बढेको तथा वैदेशिक अनुदान घटेका कारण चालु खाता घाटामा रहेको राष्ट्र बैंकको अभिलेख पढ्दा देखिन्छ । वार्षिक बिन्दुगत उपभोक्ता मूल्यवृद्धि दर ७.२ प्रतिशत रहेको देखिन्छ ।

### २.१.१. विप्रेषणको अवस्था

कोभिड महामारी-२०१९ पछि विदेश जाने नेपालीको सङ्ख्यामा कमी आए पनि २०७७।७८ मा कुल रु. आठ खर्ब ७० अर्ब ९४ करोड बराबरको विप्रेषण देशभित्र भित्रिएको छ । यस वर्ष विप्रेषण आप्रवाह १२.६ प्रतिशतले बढेको देखिएको छ । तर २०७६।७७ मा विप्रेषण आप्रवाह ३.२ प्रतिशतले घटेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १०.४ प्रतिशतले वृद्धि भई सात अर्ब ३९ करोड पुगेको थियो । तर अघिल्लो वर्ष २०७५।७६ मा यस्तो आप्रवाह ५.२ प्रतिशतले घटेको थियो । विदेश जान श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या ५९.९ प्रतिशतले घटेको थियो । २०७६।७७ मा यस्तो सङ्ख्या १२.४ प्रतिशतले घटेको थियो । २०७७।७८ मा ४७.१ प्रतिशतले घटबढ भएको थियो ।

सन् २०१९ मा ७ प्रतिशत तथा सन् २०२० र २०२१ मा ७.१ प्रतिशत आर्थिक वृद्धि गरी दक्षिण एसियामा सबैभन्दा छिटो आर्थिक वृद्धि गर्ने क्षेत्रमा नेपाल परेको थियो । यो उच्च आर्थिक वृद्धि कायम गर्न निर्यातमा वृद्धि गर्नुपर्ने जनाइएको छ । दक्षिण एसियाको निर्यात केही वर्ष यता क्षमताको तुलनामा घटेको भए तापनि वृद्धि हुने अझ राम्रो सङ्केत र यो अवस्था सधैं कायम राख्नुपर्ने देखिन्छ । सन् २०१९ देखि दक्षिण एसियामा निर्यातभन्दा आयातको दर बलियो देखिएको थियो ।

### २.१.२. रेमिट्यान्सको भूमिका र नेपाल

देशमा आर्थिक मन्दीको अवस्थामा पनि नेपाली अर्थतन्त्रलाई रेमिट्यान्सले साथ दिएको छ । रेमिट्यान्सका कारण नेपाली अर्थतन्त्र शिर उठाएर सुधारतर्फ आउँदै गरेको छ । आ.व.२०७९।८० सम्ममा देशको ढुकुटीमा ११ अर्ब ७४ करोड डलर अर्थात् ने.रु. १५ खर्ब ३९ अर्ब बराबरको विदेशी मुद्रा सञ्चितिमा रहेको छ । नेपाली अर्थतन्त्र धानेको रेमिट्यान्सले २०७९।८० मा रेकर्ड बनाएको छ । नेपालमा २०७९।८० सम्ममा सबैभन्दा धेरै रेमिट्यान्स १२ खर्ब २० अर्ब ५६ करोड रुपैयाँ भित्रिएको थियो । यसबाट नेपालीहरू विदेश बाहिर जाँदा रेमिट्यान्स आय पनि वर्षेनी बढ्दै गएको बुझ्न सकिन्छ ।

आ.व. २०७८।७९ मा रु. १० खर्ब ७ अर्ब बराबरको रेमिट्यान्स आप्रवाह भएको देखिन्छ । अघिल्लो वर्षको तुलनामा २०७८।७९ मा विप्रेषण आप्रवाह ४.८ प्रतिशतले बढेको थियो । नेपालबाट विदेश जाने युवाको सङ्ख्या बढेसँगै रेमिट्यान्समा पनि बढोत्तरी भएको हो । आर्थिक वर्ष २०७९।८० मा वैदेशिक रोजगारका लागि संस्थागत तथा व्यक्तिगत रूपमा नयाँ श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या ४०.३ प्रतिशतले वृद्धि भएको थियो । २०७९।८० मा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या ४ लाख ९७ हजार ७०४ पुगेको छ । २०७९।८० मा वैदेशिक रोजगारीका लागि थप श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या भने १.८ प्रतिशतले घटेको थियो । २०७९।८० मा २ लाख ७७ हजार २७२ जनाले पुनः श्रम स्वीकृति लिएका थिए ।

### २.२ वैदेशिक रोजगार

नेपाल एकीकृत व्यापार रणनीति २०१६ मा सरकारले ५ वर्षमा अर्थात् सन् २०२२ सम्ममा मा वैदेशिक रोजगारीमा गई स्वदेश फर्केर आफ्नै व्यवसाय सुरु गर्ने नेपालीको सङ्ख्या दोब्बर बनाउने कार्ययोजना बनाएको देखिन्छ । आ.व.२०७२/७३ मा विदेश गई फर्केकामध्ये नेपालमा आफ्नै व्यवसाय गर्नेको सङ्ख्या २२ प्रतिशत देखिएको छ । साथै नेपालबाट बाहिर जाने कामदारको सिप-क्षमता बढाउन विप्रेषण आयलाई उत्पादनमूलक क्षेत्रमा खर्च गर्ने सरकारी नीति छ । त्यस कारण सरकारले देशको निकासी सम्भाव्यता सेवामा दक्ष र अर्धदक्ष जनशक्तिलाई प्रोत्साहन गरी त्यस्तो जनशक्ति सन् २०२२ सम्ममा ४० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको थियो । सन् २०२२ सम्ममा रणनीतिमा समेटिएका विभिन्न वस्तु तथा सेवाको निर्यात गरी कुल गार्हस्थ्य उत्पादनमा ४ प्रतिशत योगदान गर्ने लक्ष्य राखिएको थियो । तर २०२३ को नेपाल व्यापार एकीकृत रणनीतिले थोर बहुत फरक पर्ने नै छ ।

### २.३ वैदेशिक लगानी आकर्षण र लगानीमा कमी

आ.व. २०८०।८१ को साउन, भाद्र र असोजमा १६ अर्ब ६० करोड ४३ लाख प्रत्यक्ष विदेशी लगानी प्रतिबद्धता आए पनि ३ अर्ब ३७ करोड ८८ लाख रुपैयाँ मात्र प्राप्त भएको छ । विदेशी विनिमय सञ्चितिले ६ महिनाका लागि वस्तु तथा सेवाको आयात पनि धान्न नसकेमा त्यस्तो अर्थतन्त्रलाई राम्रो मानिदैन । नेपालको विनिमय सञ्चिति कुनै वेला १० खर्ब ३९ अर्ब रहेको थियो, जुन हरेक महिना घट्दै जाने स्थिति देखिएको छ ।

अर्थतन्त्र धान्ने मुख्य स्रोत रेमिट्यान्स आप्रवाहमा कमी, आयात घट्न नसक्नु र पर्यटनमा अपेक्षित सुधार नहुनु लगायत कारण शोधनान्तरमा दबाब परेको देखिन्छ। शोधनान्तर घाटामा रहँदा खास गरी विदेशी लगानी निरुत्साहित हुने हुन्छ। उत्पादनमा नकारात्मक प्रभाव पर्ने भएकाले देशको परनिर्भता बढ्दछ र विदेशी विनिमय सञ्चितिमा कमी आउँछ। निरन्तरको शोधनान्तर घाटाले देशको आर्थिक परिसूचकमा संरचनात्मक समस्या देखिन जाने हुन्छ।

आ.व २०८०।८१ को पहिलो दुई महिनामा रेमिट्यान्स १ खर्ब १४ अर्ब ७४ करोड रुपैयाँ भित्रिएको देखिन्छ। व्यापार घाटा बढेको, विदेशी लगानीको लाभांश भुक्तानी उल्लेख्य रुपमा बढेको तथा वैदेशिक अनुदान घटेका कारण चालु खाता घाटामा रहेको राष्ट्र बैंकको अभिलेखमा उल्लेख भएको छ। वार्षिक बिन्दुगत उपभोक्ता मूल्यवृद्धि दर ७.२ प्रतिशत रहेको देखिन्छ।

### २.४. **लगानी सम्मेलन**

नेपालमा सन् १९८२, १९९२ र २०१७ मा पटक-पटकमा भएका लगानी सम्मेलनका वेला आएको प्रतिबद्धताअनुसार लगानी भित्र्याउन राज्यले दिने सहुलियत, प्राथमिकताप्राप्त क्षेत्रको पहिचान र निरन्तर ताकेता आवश्यक पर्ने हुन्छ। तर विगतमा यस्तो भएको पाइँदैन। बहुदलको पुनःस्थापनापछि सन् २०१७ मा भएको लगानी सम्मेलन दोस्रो लगानी सम्मेलन भएको देखिन्छ। यस सम्मेलनमा चीन, भारत, बङ्गलादेश, श्रीलङ्का, जापान, वेलायत लगायत २३ देशका लगानीकर्ता कम्पनीहरूले लगानी गर्ने प्रतिबद्धता व्यक्त गरी लगानीका लागि जलविद्युत्, ऊर्जा, कृषि, पूर्वाधार, पर्यटन, खानी आदि क्षेत्रमा रुचि देखाएका थिए। उक्त सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सानादेखि बहुराष्ट्रिय कम्पनीहरू सहभागी भई लगानी गर्नुपूर्वका नीतिगत अप्ठ्यारा, ठुला आयोजनामा सरकारी स्पष्टता, एकद्वार प्रणालीको कार्यान्वयनको चरण र हालको प्रकृया, सरकारी-निजी लगानी नीति, नयाँ प्रतिफल दिने प्रस्तावित लगानी तथा प्रविधि हस्तान्तरण ऐन एवम् राजनीतिक धारणा आदिबारे जानकारी लिने-दिने कार्य भएको देखिन्छ।

नेपालका लागि अबको आवश्यकता भनेको उत्पादनमूलक क्षेत्रमा लगानी प्रवर्धन गरी आर्थिक समृद्धि प्राप्त गर्नु हो। स्मरण छ कि कुनै पनि देशको विकासका लागि लगानी अपरिहार्य छ। फेरि नेपालले अर्को लगानी सम्मेलनको तयारी

गरिरहेको छ । अब हुने लगानी सम्मेलन सन् २०१७ पछि अर्थात् गणतन्त्र घोषणापछिको दोस्रो लगानी सम्मेलन हुने छ ।

मार्च ३, २०१७ अर्थात् फागुन २०, २०७३ मा भएको दोस्रो लगानी सम्मेलनमा साढे १४ खर्ब रुपैयाँ लगानी प्रतिबद्धता विदेशी लगानीकर्ताले गरेको देखिन्छ। उक्त परिमाणको रकम त्यो वेलासम्म भएका विदेशी लगानी प्रतिबद्धताको तुलनामा झन्डै ३ गुणा बढी भएको विश्लेषण गरिएको थियो । देशको अर्थतन्त्रसँग तुलना गर्दा यो रकम प्रतिबद्धता कुल गार्हस्थ्य उत्पादनको आकार २२ खर्ब ४९ अर्ब रुपैयाँको रहेको देखिन्थ्यो । उक्त सम्म्लेनमा लगानी बोर्डलाई मात्र १६ कम्पनीले लगानी गर्ने आशयपत्र बुझाएका थिए ।

विगतदेखि नै ठुला प्रतिबद्धता आउने तर व्यवहारमा प्रतिबद्धताबमोजिमको लगानी कार्यान्वयनमा नआउने प्रवृत्तिप्रति सरोकारहरूले जागरुकता नदेखाएको देखिन्छ । यस्तो अवस्थामा युवा उद्यमीहरूले सरकार, अन्य देशका लगानीकर्ताहरू र निष्क्रिय बनेर बसेका पुराना खान्दानी उद्यमीहरूलाई पहल गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### २.४.१. **देशगत रुपमा लगानी प्रतिबद्धता**

लगानी सम्मेलन-२०१७ मा सबैभन्दा बढी चीनले करिब ८ खर्ब ८८ अर्ब अर्थात् ८ अर्ब ३० करोड डलर बराबरको लगानी गर्ने प्रतिबद्धता गरेको थियो । यसै गरी बङ्गलादेशले २ खर्ब ५६ अर्ब अर्थात् २ अर्ब ४० लाख डलर, जापान र वेलायतले १ खर्ब ७ अर्ब अर्थात् १ अर्ब डलर, श्रीलङ्काले ५३ अर्ब अर्थात् ५० करोड डलर र भारतले करिब ३४ अर्ब अर्थात् ३१ करोड ७० लाख डलर बराबरको लगानी प्रतिबद्धता गर्ने जनाएका थिए । उक्त सम्मेलनमा विदेशी र केही नेपाली व्यवसायीको समेत गरी कुल १४ खर्ब ४६ अर्ब ६४ करोड रुपैयाँ अर्थात् १३ अर्ब ५२ करोड डलर बराबरको लगानी प्रतिबद्धता भएको थियो । नेपाली व्यवसायीले मात्र १ अर्ब २० करोडको लगानी प्रतिबद्धता उक्त सम्मेलनमा गरेका थिए ।

### २.४.२. **सम्मेलन अघिका प्रतिबद्धता**

यसअघिसम्म अर्थात् दोश्रो लगानी सम्मेलन २०१७ अघि विभिन्न देशका लगानीकर्ताहरूले कुल ५ खर्ब ३८ अर्बको प्रतिबद्धता जनाएको देखिन्छ । साथै लगानी सम्मेलन अघि नै ३ अर्ब रुपैयाँको प्रतिबद्धता गरिसकिएको समेत बताइन्छ। जे-होस् हालसम्म लगानी सम्मेलन अघि र पछि गरी साढे २६ अर्बको लगानी

थपिई साढे २९ अर्बको वैदेशिक लगानी प्रबिद्धता नेपालमा भएको देखिन्छ । सम्मेलन अघिका औद्योगिक प्रवर्द्धन बोर्ड र लगानी बोर्डमार्फत् पटक-पटक गरेर आएका प्रतिबद्धताको तुलनामा यो सम्मेलनमार्फत् एउटै मञ्चबाट ३ गुणा बढी लगानी घोषणा भएको देखिन्छ। नेपालमा उच्च प्रतिफल देखी लगानीकर्ताले गरेको लगानी प्रयासमा सरकारले लगानी जोखिमलाई कम गर्दै लानुपर्दछ । सरकारले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ अर्थात् फिटा मार्फत विदेशी लगानीको सुरक्षा र आर्जित रकम फिर्ता लाने अर्थात् रिप्याट्रियसनको व्यवस्था गरे पनि नयाँ फिटा ऐन ल्याई कार्यान्वयनमा सहज गर्न लागिएको देखिन्छ। नयाँ औद्योगिक व्यवसाय ऐन, औद्योगिक नीति र सेज ऐन आदि कानुनी तथा नीतिगत व्यवस्थाले लगानी सहज हुँदै जाने आशा गरिएको छ ।

प्रतिबद्धताअनुसार लगानी ल्याउन सरकारले निरन्तर रुपमा लगानीकर्ताहरूसँग सम्पर्कमा रहनुपर्दछ। हालसम्म ६ वटा देशसँग लगानी सम्झौता भएको र गरिने भनिएका करिब ६ वटा थप लगानी सम्झौता नभएमा लगानीमा असर पर्न जान सक्दछ । बढी वस्तु आयात गर्ने देशहरूसँग लगानी बढाउन निरन्तर रुपमा नेपालले लगानी सम्झौता गर्दै जान आवश्यक छ । विदेशी लगानीकर्ताहरूले पनि आयोजना ओगटेर राख्नका लागि लगानीको तत्परता देखाउने तर तोकिएको समयमा काम सम्पन्न नगर्ने र समय थप्दै जाने प्रवृत्ति बढ्दै गएको साथै अन्तिम समयमा लगानी फिर्ता गर्ने गरेको पनि देखिन्छ। यस्ता समस्या समाधान गरी प्रतिबद्धता कार्यान्वयन गर्न राष्ट्रिय योजना आयोगमा नीतिगत सुधार समिति गठन गर्नुपर्ने देखिएको छ।

सन् १९९२ देखि उदारीकरण सुरु भएपछि सरकारबाट उद्योगधन्दा स्थापनाका लागि स्वदेशी तथा विदेशी लगानीकर्ताहरूलाई लगानी गर्न आह्वान गर्दै आएको देखिन्छ। साथै लगानीको वातावरण बनाउन नेपालले ५ वटा देशहरूसँग द्विपक्षीय लगानी सम्झौता अर्थात् बिप्पा गरिसकेको छ। अरू ५ वटा देशहरूसँग लगानीको सम्झौता गरिँदै छ। यस्ता सम्झौताद्वारा दोहोरो कर तिर्ने व्यवस्थालाई हटाइएको देखिन्छ । वैदेशिक लगानीलाई प्रोत्साहन गरी विदेशी लगानीकर्ताहरूलाई आकर्षित गर्न लगानी बोर्डले वैदेशिक लगानी सम्बद्ध नीति-नियमहरूका साथै अन्य आवश्यक व्यवस्थापन गर्दै जानुपर्ने हुन्छ।

### २.४.३ **नेपालको औद्योगिकीकरण कतातिर** ?

नेपालमा वास्तविक औद्योगिकीकरणभन्दा कहिले औद्योगिक क्षेत्र, कहिले कोरिडोर, कहिले औद्योगिक हब, कहिले विशेष आर्थिक क्षेत्र त कहिले के भन्दै औद्योगिकीकरण नेपालमा उधोगतिमा लागिआएको छ । यो वास्तविक र तितो यथार्थ हो । यसो किन भयो त ?

निजी क्षेत्रले नेपालको आर्थिक भारमा ७० प्रतिशतभन्दा बढी हिस्सा लिएको छ । तर पनि निजी क्षेत्रलाई लगानी गर्न समेत समस्या हुने गरेको छ । व्यावसायिक तथा औद्योगिक क्षेत्रका समस्याहरू थुप्रै छन् । मुख्य समस्याहरूमा विद्युत्, बाटोघाटो, यातायात, श्रम समस्या, दक्ष श्रमिकको अभाव, कच्चा पदार्थको परनिर्भरता, वेला-वेलामा हुने बन्द-हड्ताल तथा राजमार्ग अवरोध, छिमेकी देशका आर्थिक नीतिको प्रभाव आदि हुन्, जसले गर्दा देशको उद्योग व्यवसायमा असर परिरहेको छ ।

स्थापित निकासी वस्तुमात्र होइन, एकचोटि राम्रैसँग स्थापित भइसकेका उद्योग पनि बन्द हुँदै गएका देखिन्छन् । नेपालका औद्योगिक उत्पादनहरू समयक्रममा परिवर्तन हुँदै गएका छन् । वि.सं. २०६२ सालसम्म नेपालमा ब्याट्री उत्पादन भइरहेको थियो । पछिसम्म पनि यो वस्तु निकासी हुँदै आएको थियो । कृषिप्रधान देश नेपालमा वि.सं. २०५४ सम्म केही टन कृषि उपकरण उत्पादन हुँदै आएको थियो ।

अर्कोतिर सानादेखि ठुला सबै उत्पादनमूलक उद्योगलाई सरकारले आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार महसुल तथा सरकारी सेवा सुविधामा प्राथमिकता दिने गरी नीति नियम बनाइसकेको छ । कतिपयलाई यी सुविधाबारे थाहा नहुन सक्छ । सूर्तिजन्य, मदिरा र कत्थाबाहेकका उद्योगमा छुटको व्यवस्था देखिन्छ । सरसर्ति हेर्दा उत्पादनमूलक उद्योग खोल्नेलाई आयमा लाग्ने करको बिस प्रतिशत छुटको व्यवस्था छ । विशेष प्राथमिकता प्राप्त यस्ता उद्योगको आयकर दर बिस प्रतिशत छ । अन्य सामान्य व्यवसायको दर भने २५ प्रतिशत देखिन्छ । बैंक तथा वित्तीय संस्थाको आयकर दर भने ३० प्रतिशतसम्म छ ।

औद्योगिक व्यवसाय ऐन २०७३ अनुसार एक अर्बभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने र पाँच सयभन्दा बढीलाई वर्षभरि नै रोजगारी दिने उत्पादनमूलक उद्योगलाई पनि कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म आयकर बुझाउन

पर्दैन । त्यसपछिको तीन वर्षसम्म लाग्ने करको ५० प्रतिशत आयकर छुट हुने छ र उक्त ऐनमा उल्लेख भएअनुसार सञ्चालनमा रहेका यस्ता उद्योगलाई कम्तीमा २५ प्रतिशत जडित क्षमता वृद्धि गरी एक वर्ष पुँजी पुऱ्याई पाँच सयभन्दा बढीलाई वर्षभरि प्रत्यक्ष रोजगारी प्रदान गरे क्षमता वृद्धिबाट प्राप्त आयमा पाँच वर्षसम्म पूर्ण रुपमा आयकर छुट दिइने छ । यस्तो उद्योगलाई पनि त्यसपछिको तीन वर्षसम्म लाग्ने करको ५० प्रतिशत आयकर छुट हुने प्रावधान छ ।

### २.४.४ **वैदेशिक व्यापारको स्थिति**

आ.व. २०८०।८१ को पहिलो तीन महिना अर्थात् असोजसम्म रु. ४ खर्ब ७ अर्ब ७५ करोड ८९ लाखको सामान आयात भएको छ । २०७९।८० को तुलनामा आयात १.६९ प्रतिशतले वृद्धि भएको छ । २०७९।८० को तीन महिनामा ४ खर्ब बढीको वस्तु तथा सेवा आयात गरिएको थियो । सो तीन महिनाको अवधिमा २०७९।८० मा रु. ४० अर्ब बढीको निर्यात भएको थियो । २०७९।८० मा २०७८।७९ भन्दा आयात, निर्यात र व्यापार घाटा कम भएको देखिन्छ । सबै तथ्याङ्कको विश्लेषण गर्दा २०८०।८१ मा २०७८।७९ भन्दा बढी वस्तु निकासी हुने आँकलन गर्न सकिन्छ । २०८०।८१ को आषाढसम्म नेपालको निकासी र अरू आयात र व्यापार घाटा सन्तुलित रुपमा देखापर्ने छ ।

नेपालको २०७९।८० मा साढे १४ खर्बको व्यापार घाटा भएको छ । २०७९।८० मा नेपालको १ खर्ब ५७ अर्ब १४ करोडको वस्तु तथा सेवा निर्यात भएको छ । २०७९।८० मा नेपालको १६ खर्ब बढीको आयात भएको छ । सो वर्ष नेपालले १४ खर्ब बढीको व्यापार घाटा बेहोरेको देखिन्छ । २०७९।८० मा नेपालको सबैभन्दा बढी व्यापार घाटा भारतसँग भएको छ ।

नेपालको कुल वैदेशिक व्यापार २०७९।८० सालमा मा रु. १७६८ अर्ब थियो भने कुल आयात रु. १६११ अर्ब रहेको देखिन्छ । सोही वर्ष नेपालको निर्यात रु. १५७ अर्ब र व्यापार घाटा रु. १४५४ भएको थियो । यस वर्षको आयात अहिलेसम्मकै उच्च हो । समग्र व्यापार नै २०७९।८० मा नेपालको वैदेशिक पनि खस्कियो । तर २०७८।७९ मा निर्यात २ खर्ब नाघेको थियो । निर्यातको उक्त आकार पनि अहिलेसम्मकै उच्च हो । २०७८।७९ मा कुल वैदेशिक व्यापार रु. २१ खर्ब २० अर्ब रहेको थियो । एक वर्षको फरकमा कुल वैदेशिक व्यापार तीन खर्बले घटेको छ । दैनिक रु. ४ अर्बको व्यापार घाटा नेपालले बेहोर्नुपरेको छ । नेपालको

विश्वमा १३७ देशसँग व्यापार घाटा भएको छ भने विश्वका १७१ देशसँग नेपालको वैदेशिक व्यापार रहेको छ। नेपालले व्यापार गरेका मध्ये ३४ देशसँग मात्र नाफा र १३७ देशसँग व्यापार घाटा रहेको छ।

२०७९।८० मा नेपालको निर्यातभन्दा आयात दश गुणा बढी भएको छ। नेपालबाट १ रुपैयाँको वस्तु निर्यात हुँदा १० रुपैयाँ बराबरको वस्तु आयात हुने गरेको पाइएको छ। नेपालको आयात र निर्यातको अनुपात १०.२६ पुगेको हो। आ.व. २०७८।७९ मा एक रुपैयाँको वस्तु निर्यात हुँदा ९ रुपैयाँ ७० पैसाको वस्तु आयात भएको देखिन्छ। आ.व. २०७९।८० को श्रावणदेखि पौष मसान्तसम्म केही वस्तुको आयातमा प्रतिबन्ध कायम रहे पनि कुल आयातमा त्यसको योगदानमा भन्दा बढी नै आयात घटेको पाइयो। व्यापार घाटा घट्नु सकारात्मक देखिए पनि सरकारले आयातमा गरेको कडाइका कारणले आयातमा कमी आएको हो। वनस्पति तेलको आयात र इन्धनको खपत कम हुँदा समग्र आयातमा कमी आएको हो। आयातको तुलनामा निर्यात धेरै घट्दा त्यति राम्रो मानिँदैन।

## ३. निष्कर्ष तथा सुझाव

सन् २०२३ मा नेपालको आर्थिक वृद्धि दर ४.७ प्रतिशतमा सीमित हुने आँकलन गरिएको छ। सन् २०२२ मा नेपालको अर्थतन्त्र ५.८ प्रतिशतले वृद्धि हुने आँकलन गरिएको थियो। एडिबीका अनुसार सन् २०२४ मा वैदेशिक मुद्रामा अझ गिरावट आउने छ। यसले मूल्यवृद्धिलाई अझ बढाउने छ। सरकारले भने वैदेशिक मुद्रा सञ्चिति बढाउन केही वस्तुको आयातमा नियन्त्रण गरेको जिकिर गर्दै आएको छ। सन् २०२२ मा नेपालको आर्थिक वृद्धिदर ४.२ प्रतिशत रहने अनुमान गरिएको थियो। आर्थिक वर्ष २०७९।८० का लागि ८.० प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखिएको थियो।

नेपालको आयातमुखी अर्थतन्त्रले झन् बढावा पाएको छ। नेपालको आन्तरिक उत्पादन घट्ने, प्रतिस्पर्धी बजारमा उत्पादन लागत बढ्नु, रोजगारीका लागि बढ्दो युवा पलायन र नीतिगत व्यवस्था, कार्यक्रम तथा नीति कार्यान्वयनमा विविध चुनौतीहरू क्रमश: बढ्दै गएको सन्दर्भमा संरचनामा सुधारसहित प्रतिस्पर्धात्मक क्षमताको विकासद्वारा आन्तरिक उत्पादन वृद्धि गरी बढ्दो व्यापार असन्तुलनलाई नियन्त्रण गर्न जरुरी देखिन्छ। वि.सं. २०३० को दशकमा नेपालको वस्तु निर्यात जिडिपीको ५.४ प्रतिशतको अनुपात वि.सं. २०६० को दशकदेखि घट्दै आ.व.

२०७५।७६ मा पुग्दा २.८ प्रतिशत कायम हुनुले नेपालको वैदेशिक व्यापारको प्रवृत्ति घट्दो क्रममा देखाउँछ । यो चिन्ताको विषय हो ।

नेपालमा व्यापार क्षेत्रलाई उदार, प्रतिस्पर्धी र बजारोन्मुख बनाउने उद्देश्यले समय-समयमा विभिन्न नीतिगत तथा संस्थागत सुधारका प्रयासहरूलाई अघि बढाउँदै लगिएको छ । यस क्रममा नेपालको विश्व व्यापार सङ्गठनमा प्रवेश, साफ्टा र बिमस्टेक जस्ता क्षेत्रीय व्यापार प्रणालीहरूसँगको आबद्धतासमेतले सिर्जित परिवर्तनलाई सम्बोधन गर्न वाणिज्य नीति-२०७२ र एकीकृत व्यापार रणनीति-२०७९ कार्यान्वयनमा रहेको यसले निकासी प्रवर्धन गरिआएको छ । । यससँगै प्रतिस्पर्धा प्रवर्धन तथा बजार संरक्षण, वित्तीय कारोबार, कम्पनी सञ्चालन, भन्सारसम्बन्धित नयाँ ऐन तथा नियमावलीहरू जारी भई कार्यान्वयनमा छन् । २०७३ देखि २०७५ सालसम्म वाणिज्य तथा व्यापार सम्बद्ध थुप्रै ऐनहरू बने र २०७६ सालमा नीतिहरूसमेत परिमार्जन गरिए ।

## सन्दर्भ सामग्रीहरू

आर्थिक वर्ष २०७८।७९ देखि ८०।८१ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्य ।

आर्थिक सर्वेक्षण २०७।७७ देखि २०७९।८० लगायतका अर्थ मन्त्रालयका प्रकाशनहरू, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

बजेट वक्तव्य, आर्थिक वर्ष २०७७।७८ देखि २०८०।८१, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति, आर्थिक वर्ष २०७६।७७ देखि २०७७।७८ को तथ्याङ्कमा आधारित ।

वैदेशिक व्यापारसम्बन्धी तथ्याङ्क, आ.व. २०७५।७६ देखि २०७९।८०, भन्सार विभाग ।

नेपालको संविधान, २०७२ ।

पन्ध्रौं योजना (२०७६ देखि २०८१), योजना आयोग ।

आन्तरिक तथा बाह्य वित्तीय संस्थाहरूका वेबसाइट तथा प्रकाशनहरू ।

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

**विमल पूडासैनी**

**शाखा प्रबन्धक**

**शाखा कार्यालय पोखरीया**

मोबाइल नं. ९८५५०११०२३

...तपाईको आफ्नै बैंक

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

प्रोपाइटर : **राजेश कुमार रविदास**

**जनक कन्सल्टेन्सी**

जनकपुर-८, धनुषा

मोवाइल नं. ९८४४४५१७६४

हामी कहां विभिन्न डिजाईनका घरहरुको नक्सा तथा जग्गाहरुको मूल्यांकन सहज तथा सूपथ मूल्यमा गरिन्छ

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

**धिरेन्द्र कुमार साह**

प्रोपाइटर

**ग्लोबल ई.कन्सल्टेन्सी**

गौशाला-६, महोत्तरी

मोवाइल नं. ९८४५१९०५२३

हामी कहां विभिन्न डिजाईनका घरहरुको नक्सा तथा जग्गाहरुको मुल्यांकन सहज तथा सूपथ मुल्यमा गरिन्छ ।

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

**रसुल आजम**

प्रोपाइटर

**तराई टेलर्स**

पोखरीया-४

मोवाइल नं. ९८१९२१८२८४

सिलाई कटाई, कपडा, बिक्री, सटिङ, सुटिङ

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रो. **अनिल कुमार बि क**
**धनलाल एण्ड इश्वर सुन चाँदी गहना उधोग**
चपुर-९, रौतहट
मोवाइल नं. ९८४५०९७६४४

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रो. **दिलीप साह**
**दिप ज्योती चिउरा मिल**
धनुषा, महेन्द्रनगर
मोवाइल नं. ९८५४०२८२४२

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**विवेक दहाल**
**शाखा प्रबन्धक**
**शाखा कार्यालय धनुषा महेन्द्रनगर**
मोबाइल नं. ९८५४०२५४२९

...तपाईको आफ्नै बैंक

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रो. **भक्त प्रहलाद सिंह**
**सहाज नेटर्वक प्रा.लि.**
गोलबजार-६, सिराहा
मो.नं. ०३३-५४००००,९८६३०११०००

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**जोगी सोप**
प्रोपाइटर
**सपना सुनचाँदी पसल**
धनगढी रोड, अत्तरिया कैलाली

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**कल्याण सिह बोहरा**
प्रोपाइटर
**निङ्लासैनि ट्रेडर्स एण्ड सप्लायर्स**
धनगढी रोड, अत्तरिया कैलाली
मोबाइल नं. ९८५८४२०४६८

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार
लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**कुन्ती देवी मल्ल**
**प्रोपाइटर**
**मल्ल फ्रुट च्याम्बर**
धनगढी रोड, अत्तरिया कैलाली

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**सुमन बस्याल**
शाखा प्रबन्धक
**राष्ट्रिय वाणिज्य बैंक लि.**
शाखा कार्यालय सुनवल

...तपाईको आफ्नै बैंक



हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रबन्धकः **लक्ष्मण सुवेदी**
शाखा कार्यालय बुटवल
**एनएलजी इन्सुरेन्स क. लि.**
बुटवल, नेपाल



हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**रुपा भुजेल गुरुङ्ग**
प्रोपाइटर
**शान्तिपुरे सप्लायर्स**
तिलोत्तमा-०२, शंकरनगर रुपन्देही



हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**हरी प्रसाद पोखेल**
प्रोपाइटर
**पोखेल निमार्ण सेवा**
सियारी-०४, रुपन्देही

# जोखिममा आधारित आन्तरिक लेखापरीक्षण : आवश्यकता र कार्यान्वयनको अवस्था



**भोलानाथ पौडेल**
*मुख्य प्रबन्धक, राष्ट्रिय वाणिज्य बैंक*

## जोखिम

भविष्यमा आइपर्न सक्ने खतरा र सोबाट उत्पन्न हुन सक्ने सम्भावित क्षति नै जोखिम हो । भविष्य अनिश्चित हुने हुँदा भविष्यमा हुने क्रियाकलापमा कुनै न कुनै प्रकारको जोखिम रहेको हुन्छ । यस्तो जोखिमलाई पूर्णतया निराकरण गर्न सकिँदैन तर जोखिमलाई न्यूनीकरण गर्न भने सकिन्छ । जोखिमको मात्रा सबै अवस्थामा समान किसिमको हुँदैन । त्यसैले जोखिम न्यूनीकरणका लागि गरिने लगानी पनि जोखिमको मात्राअनुसार फरक-फरक हुनुपर्दछ। जुन जोखिमले उच्च क्षतिको सम्भावना देखाउँछ, त्यस्तो क्षेत्रमा जोखिम न्यूनीकरणका लागि उच्च लगानी हुनु आवश्यक छ भन्ने विश्वव्यापी मान्यताबाट नै जोखिम श्रेणीकरण गर्ने प्रचलनको प्रारम्भ भएको पाइन्छ ।

हुन त भविष्यमा आइपर्ने सबै प्रकारका अनिश्चितताहरूबाट उत्पन्न हुने जोखिम न्यूनीकरण गर्नु राम्रो मानिन्छ तर जोखिमको सर्वव्यापकताका कारण व्यावहारिक रूपमा यो सम्भव हुँदैन । त्यसैले हिजोआज जोखिमलाई श्रेणीकरण गरी न्यूनीकरणका उपाय अवलम्बन गर्ने वा ग्रहण गर्ने नीति अपनाउने गरिन्छ । सामान्यतया जुन क्षेत्रमा रहेको जोखिमले भविष्यमा उच्चस्तरको क्षति व्यहोर्नुपर्ने सम्भावना हुन्छ, त्यसका लागि समयमा नै उपयुक्त किसिमको जोखिम न्यूनीकरणका नीति अवलम्बन गर्नु आवश्यक हुन्छ। कतिपय जोखिमहरूको असर तुलनात्मक रूपमा कम पर्ने हुँदा त्यस्ता प्रकारका जोखिमहरूलाई न्यूनीकरण गर्नुभन्दा ग्रहण गर्नु नै उपयुक्त हुन्छ भन्ने मान्यता रहेको पाइन्छ ।

## जोखिम र आन्तरिक लेखापरीक्षण

आजको बदलिँदो समयमा आन्तरिक लेखापरीक्षणको उद्देश्य र क्षेत्रमा समेत परिवर्तन भइरहेको छ । विगतमा आन्तरिक लेखापरीक्षणको क्षेत्र तथा उद्देश्य

अन्तर्गत संस्थाको विगतमा सम्पन्न भएका कारोबारहरू प्रचलित नीति नियम तथा निर्देशनको अधीनमा रही सम्पन्न भएका छन् वा छैनन् तथा संस्थाको विगतमा भएका कारोबारहरूको लेखा अभिलेख र हिसाबकिताब (Historical Transaction Record) को परीक्षण गरी संस्थाको आन्तरिक नियन्त्रणको अवस्था सम्बन्धमा व्यवस्थापनलाई सुझाव दिने कार्यमा जोड दिने गरिन्थ्यो भने आधुनिक समयमा आन्तरिक लेखापरीक्षणले संस्थाको विगतको विद्यमान नीति नियमको पालनाको अवस्था र विगतमा सम्पन्न कारोबारको लेखा अभिलेख तथा हिसाबकिताबको परीक्षण गर्नुका साथै संस्थाको वर्तमान क्रियाकलापहरूले भविष्यमा उत्पन्न हुन सक्ने जोखिमको पहिचान गरी त्यस्ता जोखिम न्यूनीकरणका लागि संस्थाले के कस्तो नीति अवलम्बन गरेको छ, सो पर्याप्त छ, छैन तथा के कस्तो नीति अवलम्बन गर्नु आवश्यक छ भनी संस्थाको व्यवस्थापनलाई सुझाव दिने कार्यसमेत समावेश हुने गर्दछ ।

जोखिममा आधारित आन्तरिक लेखापरीक्षणको प्रमुख उद्देश्य कुनै पनि संस्थाको कारोबारमा निहित जोखिमको स्तरअनुसार संस्थाको कुनै निश्चित अवधिका कारोबारहरूमध्ये संस्थालाई तुलनात्मक रूपमा बढी प्रभाव पार्न सक्ने जोखिमयुक्त कारोबारहरूको पहिचान गरी त्यस्ता कारोबारहरूको परीक्षणमा जोड दिनु हो । जोखिममा आधारित आन्तरिक लेखापरीक्षणले संस्थाको कारोबारमा निहित जोखिमको अवस्था के कस्तो छ, जोखिम व्यवस्थापनमा संस्थाको व्यवस्थापनले अपनाएका उपायहरू पर्याप्त छन् वा छैनन्, संस्थाको कुन क्षेत्र कति जोखिमयुक्त छ जस्ता विषयहरू व्यवस्थापन समक्ष प्रस्तुत गर्ने गर्दछ । यसबाट संस्थाको व्यवस्थापनलाई आफ्ना आन्तरिक नीति, नियमहरूमा आवश्यक परिमार्जन गर्न सहयोग पुग्दछ ।

### बैंक तथा वित्तीय संस्थाहरूमा जोखिममा आधारित आन्तरिक लेखापरीक्षणको आवश्यकता

बैंक तथा वित्तीय संस्थाहरूले गर्ने अधिकांश कार्यहरू आर्थिक कारोबारसँग सम्बन्धित हुन्छन् । वित्तीय सचेतना, सूचना प्रविधिको प्रयोग, सुरक्षा तथा सरलताका कारण वर्तमान समयमा बैंक तथा वित्तीय संस्थाहरूको कारोबारमा व्यापक वृद्धि भएको छ । बैंक तथा वित्तीय संस्थाबाट आर्थिक कारोबार गर्ने प्रवृत्तिमा भएको विकास र सूचना प्रविधिको बढ्दो प्रयोगका कारण बैंक तथा वित्तीय संस्थाहरूको कारोबार सङ्ख्यामा अत्यधिक वृद्धि भएको छ । यसबाट

कारोबारको अभिलेख र हिसाबकिताबमा पनि परिमाणात्मक चाप पर्ने गरेको देखिन्छ। त्यसैले वर्तमान समयमा कारोबारको लेखापरीक्षण विगतमा झैँ सरल र सहज छैन। हुन त संस्थाको कुनै निश्चित अवधिको कारोबारको लेखापरीक्षणका लागि नमुना छनोटको उपयुक्त विधि अवलम्बन गरी छनोट भएका नमुना कारोबारको मात्र परीक्षण गर्ने गरिन्छ। तर जोखिममा आधारित आन्तरिक लेखापरीक्षणमा सर्वप्रथम जोखिमयुक्त क्षेत्रहरूको पहिचान गर्ने र त्यस्ता क्षेत्रसँग सम्बन्धित कारोबारहरूको उपयुक्त सङ्ख्यामा नमुना छनोट गरी परीक्षण गर्ने गरिन्छ। जोखिमको मात्राअनुसार नमुनाको परिमाण फरक फरक हुने गर्दछ। उच्च जोखिमयुक्त कारोबारहरू तुलनात्मक रूपमा मध्यम र कम जोखिमयुक्त कारोबारभन्दा अधिक सङ्ख्यामा नमुना छनोट गरी परीक्षण गर्ने गरिन्छ। यसबाट कारोबारको प्रभाव र जोखिमको सम्भावनाका आधारमा महत्त्वपूर्ण कारोबार हरूको परीक्षण हुन गई संस्थाले भविष्यमा व्यहोर्नुपर्ने सम्भावित क्षति न्यूनीकरण गर्न मद्दत पुग्दछ।

बैंक तथा वित्तीय संस्थाले गर्ने सबै कारोबारको समान महत्त्व हुँदैन। भविष्यमा संस्थाको कार्यसम्पादनमा प्रत्यक्ष रूपमा असर गर्ने जस्ता अधिक महत्त्वका कारोबारहरू परीक्षण हुनबाट छुट्नु र कम महत्त्वका कारोबारहरूको परीक्षणमा समय खर्चिनु संस्थाका लागि लाभदायक हुँदैन। त्यसैले कारोबारमा निहित जोखिम पहिचान गरी महत्त्वपूर्ण कारोबारहरूको परीक्षण नछुट्ने गरी आन्तरिक लेखापरीक्षणको कार्य सञ्चालन गर्नु जोखिममा आधारित लेखापरीक्षणको मुख्य उद्देश्य हो।

नेपालमा सञ्चालित बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना कारोबारहरूको निश्चित समयको अन्तरालमा आन्तरिक लेखापरीक्षण गराउन आवश्यक संयन्त्रको व्यवस्था गर्नुपर्ने प्रावधान प्रचलित ऐन, नियममा रहेको छ। साथै, नेपाल राष्ट्र बैंकले समेत आन्तरिक लेखापरीक्षण गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन नै जारी गरेको छ। जसअनुसार बैंक तथा वित्तीय संस्थामा गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा लेखापरीक्षण समिति गठन गर्नुपर्ने र सो समितिले संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा छलफल गरी व्यवस्थापनलाई आवश्यक निर्देशन दिनुपर्ने व्यवस्था रहेको छ। साथै सो समितिले संस्थाको आन्तरिक लेखापरीक्षण सम्बन्धी विस्तृत कार्यप्रणाली तयार गरी सोका आधारमा

आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्थासमेत रहेको छ। तसर्थ, नेपालका बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो कारोबारको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने कानुनी व्यवस्थाको परिपालना गर्न तथा कारोबारमा निहित जोखिम न्यूनीकरण गरी संस्थाको आन्तरिक नियन्त्रण मजबुत पार्न आन्तरिक लेखापरीक्षण आवश्यक रहेको छ ।

संस्थाको आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी तथा परिणाममुखी तुल्याउन आन्तरिक लेखापरीक्षण प्रणाली समय सान्दर्भिक हुन आवश्यक छ । प्रस्तुत सन्दर्भमा कुनै पनि संस्थाको प्रभावकारी आन्तरिक लेखापरीक्षणका लागि जोखिममा आधारित आन्तरिक लेखापरीक्षण प्रणालीको अवलम्बन गर्नु आजको आवश्यकता भएको छ ।

जोखिममा आधारित आन्तरिक लेखापरीक्षणको कार्यान्वयन र यसका चुनौतीहरू

नेपालका बैंक तथा वित्तीय संस्थाहरूले अवलम्बन गरेको आन्तरिक लेखापरीक्षण प्रणाली जोखिममा आधारित तुल्याउन आवश्यक देखिएको भए तापनि हालसम्म केही निजी लगानीका "क" वर्गका वाणिज्य बैंक र अधिकांश सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकले बाहेक अन्य बैंकले यस्तो प्रणाली अवलम्बन गरेको पाइँदैन । राष्ट्रिय वाणिज्य बैंकले आर्थिक वर्ष २०७९।०८० देखि नै जोखिममा आधारित आन्तरिक लेखापरीक्षण प्रणालीको अवलम्बन गरिरहेको छ । हुन त संस्थाको आन्तरिक लेखापरीक्षण जोखिममा आधारित हुनुपर्ने सम्बन्धमा नियामक निकाय नेपाल राष्ट्र बैंकले समेत स्पष्ट रूपमा निर्देशन दिएको देखिँदैन । यद्यपि बैंक तथा वित्तीय संस्थाको कारोबारमा उत्पन्न जोखिमका कारण यस्ता संस्थाको आन्तरिक लेखापरीक्षण जोखिममा आधारित हुन आवश्यक भइसकेको छ ।

आन्तरिक लेखापरीक्षणको कार्यलाई जोखिममा आधारित तुल्याउन बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो समग्र कारोबारलाई प्राविधिक रूपमा सुदृढ बनाउनुपर्दछ । संस्थाको व्यवस्थापन सूचना प्रणाली विश्वसनीय र सूचनामूलक हुनुपर्दछ । त्यस्तै संस्थाले जोखिम रजिस्टर अद्यावधिक गरेको हुनुपर्ने, जोखिम प्रोफाइल तयार गरेको हुनुपर्ने, कर्जा  जोखिम, सञ्चालन जोखिम लगायतका जोखिमहरूको पहिचान गरी सोको न्यूनीकरण गर्ने नीतिगत व्यवस्था गरेको हुनुपर्ने, जोखिमस्तरको सर्वमान्य मापदण्ड कायम गरिनुपर्ने जस्ता आधारभूत पूर्वाधारहरूको व्यवस्था गर्नु आवश्यक छ । अर्कोतर्फ संस्थाका आन्तरिक लेखापरीक्षकहरूलाई जोखिममा आधारित लेखापरीक्षण सम्बन्धी पर्याप्त तालिम

तथा प्रशिक्षण प्रदान गर्नुपर्ने, अध्ययन भ्रमणको व्यवस्था हुनुपर्ने तथा लेखापरीक्षण कार्यलाई सहज र प्रविधिमैत्री तुल्याउन उच्चस्तरको लेखापरीक्षण सफ्टवेयर प्रयोगमा ल्याउनुपर्ने देखिन्छ ।

नेपालका बैंक तथा वित्तीय संस्थाका ग्राहकहरूसम्बन्धी सूचना तथा जानकारीहरू पर्याप्त नहुनु, भएको सूचना तथा जानकारीसमेत सही किसिमले प्रविष्ट नहुनु, कारोबारसम्बन्धी सबै सूचना तथा जानकारीहरू संस्थाको कोर बैंकिङ सिस्टममा प्रविष्ट नहुनु, लेखापरीक्षण प्रयोजनका लागि आवश्यक सबै सूचना तथा विवरणहरू कोर बैंकिङ सिस्टमबाट प्राप्त गर्न नसकिनु, कोर बैंकिङ सिस्टममा रहेका कतिपय सूचना तथा जानकारीमा लेखापरीक्षकको पहुँच नहुनु, कारोबारमा निहित समान किसिमका जोखिमको स्तरमा समेत एकरूपता नहुनु, जोखिम प्रोफाइल तथा जोखिम रजिस्टर अद्यावधिक हुन नसक्नु जस्ता चुनौतीहरूका कारण हाल प्रयोगमा रहेको जोखिममा आधारित आन्तरिक लेखापरीक्षण प्रणालीसमेत प्रभावकारी र परिणाममुखी हुन सकिरहेको छैन ।

## उपसंहार

बैंक तथा वित्तीय संस्थाहरूको कारोबारमा निहित जोखिमलाई दृष्टिगत गरी जोखिमको स्तरका आधारमा संस्थाभित्रबाट स्वतन्त्र रूपमा कारोबारको नियमित परीक्षण गरिने कार्य नै जोखिममा आधारित आन्तरिक लेखापरीक्षण हो । जोखिममा आधारित आन्तरिक लेखापरीक्षणले संस्थाको आन्तरिक नियन्त्रणको अवस्था उजागर गर्नुका साथै कारोबारमा निहित जोखिम पहिचान गरी सोबाट भविष्यमा उत्पन्न हुन सक्ने क्षतिका बारेमा समेत व्यवस्थापनलाई सुसूचित गराउने कार्य गर्दछ । संस्थामा के कस्ता जोखिमहरू रहेका छन्, जोखिमयुक्त क्षेत्रहरू कुन कुन हुन् ? यस्ता जोखिमबाट संस्थाले व्यहोर्नुपर्ने सम्भावित नोक्सानी के कस्तो हुन सक्छ ? भन्ने सम्बन्धमा जोखिममा आधारित आन्तरिक लेखापरीक्षणबाट व्यवस्थापनले जानकारी लिई समयमा नै नियन्त्रणात्मक उपायहरू अपनाउन मद्दत पुग्दछ । वित्तीय संस्थाको बढ्दो उपस्थिति र बैंकिङ कारोबारप्रति सर्वसाधारणको बढ्दो आकर्षणका कारण कारोबारमा निहित जोखिम पहिचान गरी जोखिमयुक्त क्षेत्रको नियमित परीक्षणमार्फत जोखिम न्यूनीकरणमा संस्थालाई सहयोग पुऱ्याउन जोखिममा आधारित आन्तरिक लेखापरीक्षण आजको आवश्यकता

भएको छ । सूचना प्रविधि र डिजिटल कारोबारमा भएको बढ्दो प्रयोगले वित्तीय कारोबारमा अत्यधिक वृद्धि भएको छ, जसका कारण वित्तीय जोखिम पनि बढ्दै गएको सन्दर्भमा बैंक तथा वित्तीय संस्थाहरूले कर्जा जोखिम, सञ्चालन जोखिम, तरलता जोखिम, बजार जोखिम लगायतका जोखिमहरूका साथसाथै सूचना प्रविधिसम्बन्धी जोखिमको पनि पहिचान र व्यवस्थापन गर्नु आवश्यक रहेको छ । तर यस्ता जोखिमहरूको पहिचान र सोको प्रभाव आँकलन गर्न नसक्दा वित्तीय क्षेत्रमा समय समयमा अनपेक्षित परिस्थितिहरू देखापर्ने गरेको पाइन्छ । अतः आन्तरिक लेखापरीक्षण कार्यलाई जोखिममा आधारित लेखापरीक्षणका रूपमा परिणत गरी प्रभावकारी र परिणाममुखी तुल्याउन संस्थाले आफ्नो कोर बैंकिङ सिस्टमलाई आवश्यक परिमार्जन गरी सुदृढ बनाउने, आन्तरिक लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने, जोखिम प्रोफाइल तथा जोखिम रजिस्टर अद्यावधिक गर्ने तथा प्रविधियुक्त लेखापरीक्षण प्रणालीको विकास र प्रयोग गर्ने कार्यमा विलम्ब गर्न नहुने देखिन्छ ।

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**समिर सिजापती**
प्रोपाइटर
**न्यु शैलेश्वरी सुनचाँदी पसल**
अत्तरिया चौराहा, कैलाली

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

NECO
**नेको इन्सुरेन्स लि.**
शाखा कार्यालय बुटवल

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**दिपनारायण मण्डल**
**शाखा प्रबन्धक**
**शाखा कार्यालय गोलबजार**
मोबाइल नं. ९८५२८६०५१५

...तपाईको आफ्नै बैंक

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**नन्दकिशोर झा,मनिष झा**
सञ्चालक
**श्री पशुपतीनाथ आयुर्वेद भवन**
म्हमदपुर-८, रौतहट
मोवाइल नं. ९८५५०४४२७०

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**दिनेश रजक**
**शाखा प्रबन्धक**
**शाखा कार्यालय बलवाबजार**
मोबाइल नं. ९८१५८५७५१५

...तपाईको आफ्नै बैंक

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**अमर कुमार दास**
**सहायक शाखा प्रबन्धक**
**शाखा कार्यालय बलवाबजार**
मोबाइल नं. ९८४९५४८९००

...तपाईको आफ्नै बैंक

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

प्रो. **रामबावु साह तेली**

**श्रवण हार्डवेयर**

समनपुर-२, रौतहट

मोवाइल नं. ९८४५१७०९५८

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

प्रो. **प्रमोद प्रसाद साह**

**किसान विज भण्डार**

समनपुर-३, रौतहट

मोवाइल नं. ९८५५०४२९२६

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**किरण सापकोटा**

**सहायक शाखा प्रबन्धक**

**शाखा कार्यालय सुखीपुर**

मोबाइल नं. ९८४९६०७९९०

...तपाईको आफ्नै बैंक

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

प्रो. **राम दयाल साह**

**रोशन रौनक ट्रेडर्स**

जनकपुर-१३, पिडारीचौक

मोबाइल नं. ९८५४०२०२४६

# वित्तीय बजारमा डिजिटल बैंकिङ र यसको यात्रा



**ऋषि राम ढकाल**
*मुख्य प्रबन्धक, राष्ट्रिय वाणिज्य बैंक*

## वित्तीय संस्थाहरू डिजिटल बैंकिङको यात्रामा

खासगरी कोरोना सुरु हुनुपूर्व र पश्चात् वित्तीय क्षेत्रमा प्रविधिले गर्दा धेरै परिवर्तन आएको छ । प्रविधिको पहुँचसँगै हालको बैंकिङ बजारमा विभिन्न किसिमका उतारचढावहरू आइरहेका छन् । पहिले ग्राहकहरूले विभिन्न सेवाका लागि बैंक धाउनुपर्दथ्यो भने अहिले घरमै बसेर अधिकांश वित्तीय सेवाहरू प्राप्त गर्न सक्ने भएका छन् । तसर्थ डिजिटल बैंकिङ भन्नाले हात हातमा बैंक वा मोबाइल बैंकिङ भन्ने बुझिन्छ । अहिले अधिकांश बजार क्षेत्र र केही ग्रामीण क्षेत्रका जनतामा इन्टरनेटको पहुँच पुगिसकेको छ भने हात हातमा स्मार्ट फोन पनि छ । नेट र फोनको मद्दतले बैंकका सेवा सुविधाहरू सहजै रूपमा प्राप्त गर्न सकिन्छ । यति मात्र होइन इन्टरनेट नै नभएको ठाउँमा समेत मोबाइल एस्.एम्.एस्.का माध्यमबाट मोबाइल बैकिङ सुविधाहरू पनि प्राप्त गर्न सक्ने प्रविधिको विकास भइसकेको छ । साथै विभिन्न किसिमका फिनटेक कम्पनीहरूमार्फत नयाँ-नयाँ प्रविधिहरू र सो प्रविधिको प्रयोग वित्तीय बजारमा राम्रै देखिन्छ ।

## मोबाइल बैंकिङको बढ्दो प्रयोग (पहिले र अहिले)

अहिले वित्तीय बजारमा विभिन्न किसिमका डिजिटल प्रोडक्टहरू आइरहेका छन् । मोबाइल बैंकिङ र इन्टरनेट बैंकिङ नै अहिलेको प्रविधियुक्त बैंकिङ हो । वित्तीय बजारमा मोबाइल बैंकिङ र इन्टरनेट बैंकिङका साथै POS मेसिन र QR Code पनि बजारमा आइरहेका छन् । Merchant ले यो सेवा प्रयोग गरेबापत कारोबारका आधारमा केही कमिसन तिर्नुपर्ने हुन्छ । हरेक बैंकले ग्राहकलाई अन्य बैंक तथा वित्तीय संस्थाहरूले भन्दा सस्तो दरमा सुविधा दिने होडबाजी नै देखिन्छ । विभिन्न किसिमका सेवा सुविधाहरूमा छुट पाइने हुँदा मरच्यान्टहरूले पनि सबै किसिमका सुविधाहरू लिइरहेका छन् । हाल बजारमा QR Code निःशुल्क भए पनि केही समयपश्चात् Merchant ले यसमा पनि केही कमिसन

तिर्नुपर्ने हुन्छ । यस्तो कमिसन दर बैंकअनुसार फरक-फरक हुन सक्दछ र मरच्यान्टहरूले सकेसम्म सस्तो र भरपर्दो सेवा दीर्घकालसम्म कसको हुन्छ भनेर सोच्नुपर्ने हुन्छ । अहिले बजारमा आक्रामक रूपमा POS / QR Code वितरण भइरहेको छ । Connect IPS, IPS and Online Account Opening तथा अन्य विभिन्न प्रविधिहरूको प्रयोग भइरहेको छ । ग्राहकहरूले बजारमा कार्ड तथा मोबाइल बैंकिङबाट किनमेल कारोबार गर्दा भने शुल्क लाग्दैन । तर कतिपय रकमान्तर गर्ने कारोबारहरूमा भने ग्राहकले केही शुल्क तिनुपर्ने हुन्छ ।

हाल मरच्यान्टहरू बाठा भएका कारण उनीहरू आफ्नो व्यक्तिगत खाताको QR Code देखाएर भुक्तानी लिने गरेका छन्, जसबाट ग्राहकहरूलाई फन्ड ट्रान्सफरबापतका चार्जहरू लागि रहेको हुन्छ, जुन व्यापारीहरूले त्यसो गर्न पाउँदैनन् । वास्तवमा व्यापारीहरूले आफ्नो फर्म वा कम्पनीका नाममा रहेको QR Code बाट भुक्तानी लिनुपर्ने हुन्छ । यसबाट आफ्नो खातामा भुक्तानी लिएको रकम आउन केही समय लाग्ने हुन्छ भने व्यक्तिगत खातामा सोझै भुक्तानी गरेका बखत पैसा आउने हुँदा उनीहरू व्यक्तिगत वा चल्ती खाताको QR Code देखाएर भुक्तानी लिने गर्दछन् ।

नेपाल राष्ट्र बैंकको तथ्याङकअनुसार 'क', 'ख' र 'ग' वर्गका वित्तीय संस्थाहरूमा प्रयोग भएका अनलाइन सुविधाहरू

| क्र. सं. | ग्राहकले लिएको बैंकिङ सेवा | २०७६ आषाढ मसान्त | २०७८ आषाढ मसान्त | २०७९ आषाढ मसान्त | २०८० जेष्ठ मसान्त | ३ वर्षमा वृद्धिदर | ५ वर्षमा वृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| १ | मोबाइल बैंकिङ | ४३४७१८७ | १४१९४८३९ | १८३०७२५५ | २१०९१०५९ | ४८.५८ | ३८५.१७ |
| २ | इन्टरनेट बैंकिङ | ९१७३४४ | ११६०३२१ | १६८४३१० | १८३०४२५ | ५७.७५ | ९९.५४ |
| ३ | डेबिट कार्ड | ६७०८५२१ | ८८३९८५५ | १०८५६३५७ | १२२३४३६६ | ३८.४० | ८२.३७ |

*स्रोत : नेपाल राष्ट्र बैंक*

माथि टेबलमा देखाइएअनुसार सामान्य रूपमा ग्राहकले बढी प्रयोग गर्ने बैकिङ सुविधाका बारेमा चर्चा गरिएको छ । नेपाल राष्ट्र बैंकको तथ्याङकअनुसार पाँच वर्षको डाटा अध्ययन गर्दा मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ र डेबिट कार्ड प्रयोग

गर्ने ग्राहकहरूको सङ्ख्यामा उल्लेख्य रूपमा वृद्धि भएको देखिन्छ, जसअर्न्तगत गत ३ वर्षमा मोबाइल बैंकिङमा ४८।५८ प्रतिशत वृद्धि भएको छ भने गत ५ वर्षमा ३८५।१७ प्रतिशतले प्रयोगकर्ताहरू वृद्धि भएको देखिन्छ । त्यसै गरी गत ३ वर्षमा इन्टरनेट बैंकिङमा ५७।७५ प्रतिशत वृद्धि भएको छ भने गत ५ वर्षमा ९९।५४ प्रतिशत प्रयोगकर्ताहरूको सङ्ख्यामा वृद्धि भएको देखिन्छ । डेबिट कार्डतर्फ गत ३ वर्षमा ३८।४० प्रतिशत वृद्धि भएको छ भने गत ५ वर्षमा ८२।३७ प्रतिशतले प्रयोगकर्ताहरू वृद्धि भएको देखिन्छ ।

माथिको डाटाले के देखाउँछ भने अबको बैंकिङ भनेको नै मोबाइलका माध्यमबाट हुने बैंकिङ हो । ग्राहकहरूलाई सर्वसुलभ तरिकाले सुरक्षित रूपमा कारोबार गराउनु बैंक तथा वित्तीय संस्थाहरूको जिम्मेवारी हो भने आफूले लिएका सेवा सुविधाहरूको कारोबार सुरक्षित रूपमा गर्नु र अन्य कसैलाई पनि आफ्ना बैंकिङ युजरहरूको आई.डी र पासवर्ड नदिनु ग्राहकवर्गको दायित्व हो ।

## नेपाल राष्ट्र बैंकको डाटामा नपरेको Connect IPS

नेपाल राष्ट्र बैंकको वेबसाइटको रिपोर्ट पोर्टलमा नेपालमा Connect IPS का प्रयोगकर्ता कति छन् भन्ने कुरा छायामा परेको छ । हाल बजारमा यसबाट हुने कारोबार ठुलो छ । तसर्थ आगामी दिनहरूमा हरेक बैंक तथा वित्तीय संस्थाका प्रयोगकर्ता कति छन र तिनीहरूबाट के कति कारोबार भइरहेको छ भन्ने कुरा विश्लेषण गर्न जरुरी देखिएको छ । मोबाइल बैंकिङको कारोबारभन्दा सेवा शुल्क केही सस्तो भएको र भुक्तानीमा विविधीकरण भएका कारण पनि यसको लोकप्रियता दिनानुदिन बढ्दै गइरहेको देखिन्छ ।

## डिजिटल वित्तीय साक्षरता

नेपाल राष्ट्र बैंक तथा हरेक बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना ग्राहकहरूका लागि विभिन्न किसिमका वित्तीय साक्षरताका कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । विभिन्न किसिमका सोसल मिडियाद्वारा तथा भौतिक रूपमै उपस्थिति जनाएर पनि यस्ता कार्यक्रमहरू गरिरहेको देखिन्छ । यससँगै डिजिटल वित्तीय साक्षरतालाई पनि जोड दिई सर्वसाधारणमा यसप्रतिको बिश्वास र सुरक्षाको दृष्टिकोणले भरपर्दो छ भन्ने कुराको यकिन दिलाउनु पर्ने अवस्था सिर्जना भएको छ । कतिपयलाई खाता खोल्दा नै सो सुविधाहरू दिने र सो सुविधाका बारेमा ग्राहकहरूमा जानकारी नै नहुने हुँदा पनि केही फ्रड कारोबारहरू यदाकदा हुने गरेको देखिन्छ ।

नेपालमा प्रविधिको प्रयोग बढेसँगै जोखिम पनि बढेको देखिएको छ । नेपालमा प्रविधियुक्त बैंकिङ सेवा प्रयोग गर्ने ग्राहकहरूमा देखिएको उच्च वृद्धिसँगै यसको प्रयोगमा वित्तीय साक्षरता बढाउनुपर्ने खाँचोसमेत देखिएको छ । ग्राहकहरूले यसलाई सहजै रूपमा लिँदा वित्तीय फ्रड सम्बन्धी कारोबारहरू पनि भइरहेका छन् । सामान्य लोभलालच या त्यसबाट पर्न सक्ने जोखिमको आँकलन सही रूपमा गर्न नसक्दा पनि वित्तीय दूर्घटना हुन पुग्दछ । हाल अधिकांश ग्राहकहरू सोसल मिडियाका माध्यमबाट अपरिचित व्यक्तिहरूसँग नजिकिँदै जाने, अनधिकृत रूपमा आएका लिङ्कहरू खोल्ने, यति इतए र एबककधयचम दिँदैमा के हुन्छ र भन्ने हिसाबले पनि धेरै ठगिएको देखिन्छ ।

## चलनचल्तीमा रहेका ग्राहक सुविधाहरू

प्रविधिको युगमा ग्राहकहरूले घरमै बसी भनेजस्तो सेवा सुविधा पाउने वेला आएको छ भने हाल वित्तीय बजारमा ग्राहकहरूका लागि Mobile Banking, Internet Banking, Connect IPS, USSD Banking, Debit card, Credit Card, Prepaid Card, Virtual Card, लगायत विभिन्न किसिमका वालेटहरूका माध्यमबाट समेत कारोबार गर्न सक्ने छन् । हाल विभिन्न प्रविधिहरूको प्रयोग भइरहेको छ । हालको बैंकिङ भन्नु नै मोबाइल बैंकिङ र इन्टरनेट बैंकिङ जस्तो भएकाले यसमा नयाँ नयाँ विशेषताहरू थप हुँदै गएका छन् । अब ग्राहकले आफ्नै मोबाइलबाट सरकारी कर तथा राजस्व र ट्राफिकको जरिवानासमेत तिर्न सक्ने छन् भने अन्य रकमान्तर गर्ने सेवाहरूमा समेत वृद्धि भइरहेको देखिन्छ । विभिन्न किसिमका डिजिटल वालेटहरूमा रकमान्तर गर्न र वालेटबाटै बैंक खातामा रकमान्तरसमेत गर्न सक्ने छन् । अब कुनै पनि बैंकका ग्राहकहरू लामो समयसम्म बैंकमा गई लाइन बस्ने झन्झटबाट मुक्त भइसकेका छन् । यसै गरी बैंकका ग्राहकहरूले घरमै बसी बसी बिजुली, पानी, इन्सुरेन्स प्रिमियम, स्कुल कलेजको फि तिर्ने, टेलिफोन बिल, रिचार्जहरू गर्ने, केबल तथा टिभिका बिलहरू भुक्तानी गर्ने, हवाई टिकट खरिद गर्ने र अन्य बैंक तथा वित्तीय संस्थाहरूमा समेत रकमान्तर गर्न सक्ने छन् । साथै घरमै बसिकन आनन्दले सपिङ गर्न सक्ने लगायत अन्य थुप्रै सुविधाहरू उपभोग गर्न सक्ने छन् ।

यसका साथै अब केही समयपश्चात् ग्राहकहरूले Cross Border Payment समेत गर्न सक्ने छन् । यहि १ जुन, २०२३ मा नेपाल र भारत मिलेर क्रसबोर्डर डिजिटल कारोबार गर्ने विषयमा सम्झौता भई नेपालका तर्फबाट नेपाल क्लियरिङ

हाउस लिमिटेडले आवश्यक व्यवस्था गरिरहेको छ। सम्भवतः केही समयपश्चात् हामीले यसको केही रूपरेखा पनि देख्न सक्ने छौं।

## प्रविधिको जोखिम र ध्यान दिनुपर्ने कुराहरू

प्रविधिको बिकाससँगै जोखिम पनि बढेको छ। यदि आफूले प्रयोग गर्ने सेवाहरूमा सुरक्षित कारोबार गर्ने हो भने ग्राहकले डराउनुपर्देन। तर कहिलेकाहीँ कसैले ललाइफकाइ गरी युजर तथा पासवर्ड र OTP Code हरू अरूलाई दिँदा भने सुरक्षित नरहने सम्भावना रहन्छ। तसर्थ हरेक बैंकका ग्राहकहरूले मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ तथा ATM पासवर्डहरू कसैलाई पनि सेयर गर्न हुँदैन। कहीँ कतै लोभमा परेर यस्ता कोडहरू अरूलाई दिनाले यसबाट फ्रड कारोबार हुने सम्भावना रहन्छ। तसर्थ पनि यस्ता पासवर्डहरू गोप्य राख्नुपर्दछ। यदि आफूबाट कुनै यस्ता लिङ्कहरू खोल्ने, अरूलाई पिन नम्बर भएका म्यासेजहरू पठाउने कार्यहरू भएको शङ्का लागेको अवस्थामा भने छिटोभन्दा छिटो आफ्नो सेवा प्रदायककोमा गई सम्पर्क राख्नुपर्दछ।

## सेवा छनोटमा ग्राहकहरूले ध्यान दिनुपर्ने कुराहरू

अहिले बजारमा अति प्रतिस्पर्धा रहेकाले बैंक तथा वित्तीय संस्थाका सेवाहरू लिँदा दीर्घकालसम्म फाइदा हुने भरपर्दा र सस्तो दरमा सेवा प्राप्त गर्ने कुरामा ग्राहक सचेत रहनुपर्दछ। पहिला बजारका सेवाहरू लिइहाल्ने र पछि त्यसको चर्को सेवा शुल्कका मारमा पर्नुभन्दा अगावै सोचेर सेवा लिनु बेस हुन्छ। तसर्थ ग्राहकहरूले आफ्नो अनुकूलता र तुलनात्मक रूपमा कम सेवा शुल्कमा ढुक्कसंग मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, POS, Debit Card, Credit Card, QR Code, Connect IPS / Online Account Opening जस्ता सेवाहरू लिनसक्ने छन्। यसका लागि ग्राहकहरूले आवश्यकताअनुसार आफ्ना लागि सेवाहरूको छनोट गर्नु पर्ने छ।

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

प्रो. **सहदेव प्रसाद मैनाली**

**शुभ कालिका ट्रेडर्स**

मरिन-६, सिन्धुली

मोवाइल नं. ९८४४०४०६७७

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

**कोनिका डिजिटल कलर ल्याब**

न्युरोड पोखरा- ९

Ram mani Paudel

Email:konicadclab@gmail.com

**पौडेल फोटो फ्रेम उघोग**




## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

**बिजय प्रकाश पौडेल**

**शाखा प्रबन्धक**

**शाखा कार्यालय कोटेश्वर**

मोबाइल नं. ९८५११९५६२६

...तपाईको आफ्नै बैंक

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

प्रो. **उपेन्द्र शर्मा आचार्य**

**आचार्य हार्डवयर**

रत्ननगर-८, बकुलर, चितवन

मोवाइल नं. ९८५५०५९७९८

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

प्रो. **बिष्णु प्रसाद अधिकारी**

**सारदा सप्लायर्स**

रत्ननगर-१, चितवन

मोवाइल नं. ९८५५०६६२०९



हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

प्रो. **शुसन भट्टराई**

**गोकर्णेश्वर इन्जिनियरिङ कन्सल्टेन्सी**

गोकर्णेश्वर-८, जोरपाटी

मोवाइल नं. ९८४९४०९३१९



हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

प्रो. **बिनोद बूढाथोकि**

**रूपकाली कन्ट्रक्सन प्रा.लि**

मन्थली न.पा. १, रामेछाप

मोवाइल नं. ९८५१०४१३६५



हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

प्रो. **लक्ष्मी माया दाहाल**

**दाहाल कार्पेट उद्योग**

गोदावरी-११, ललितपुर

मोवाइल नं. ९८०८२०५३२२

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

प्रो. **संतोष कुमार गुप्ता**

**सतिश गल्ला भण्डार**

जितपुर सिमरा-७, बारा

मोवाइल नं. ९८६१८८८४८४

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।




# हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**नगरबासीलाई अनुरोध**

जन्मदर्ता, विवाह दर्ता, मृत्युदर्ता, बसाइसराई र सम्बन्ध विच्छेदका घटनाहरु ३५ दिनभित्र नै निःशुल्क रुपमा दर्ता गरी आफ्नो हक सुरक्षित गरौं ।

| | | |
|---|---|---|
| **गुमान सिंह अर्याल** | **पद्मा गुरुङ** | **चेतनाथ अर्याल** |
| नगर प्रमुख | उप- प्रमुख | प्रमुख प्रशासकिय अधिकृत |

**वेशिसहर नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय,
वेशिसहर, लमजुङ

# ट्रेड युनियनमा आर्थिक स्रोत परिचालन



**शिव अधिकारी**
*पूर्व अध्यक्ष, राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल*

पैसाको जोहो नगरी कुनै काम हुँदैन । व्यक्तिको जीवन चलाउन, घर चलाउन, सामाजिक काम गर्न मात्र होइन, कुनै पनि संघ, सङ्गठन, राजनीतिक पार्टी र राज्य चलाउनसमेत आर्थिक स्रोतको जरुरत पर्दछ । आर्थिक स्रोतको पहिचान र त्यसको उपयोग कसरी गरिन्छ, त्यस आधारमा सङ्गठनको आर्थिक अवस्था र सामर्थ्यको पहिचान हुन्छ । आर्थिक परिचालनमा एकरूपता, पारदर्शिता, शुद्धता, मितव्ययिता र औचित्यताका आधारमा सङ्गठनको आर्थिक जीवनको गुणस्तरीयताको मापन गरिन्छ ।

ट्रेड युनियन मजदुर, पेसाकर्मी, कामदार वा कर्मचारीहरू, जुनसुकै पदनाम दिइए पनि सबैका लागि श्रमिक शब्दावली प्रयोग गर्ने गरिन्छ । नेपालको संविधानले शारीरिक श्रम गर्ने र रोजगारदाताका लागि बौद्धिक श्रम गर्ने व्यक्तिलाई श्रमिक भनी परिभाषित गरेको छ । श्रमिकहरूको सङ्गठित बलमा ट्रेड युनियनले श्रमिकहरूको हक, हितको संरक्षण र सम्वर्द्धन गर्दै कार्यरत संस्था र रोजगारदाताका पक्षमा समेत सकारात्मक भूमिका निर्वाह गर्दछ । त्यतिमात्र नभएर ट्रेड युनियन सामाजिक परिवर्तन र रूपान्तरणको अभियन्ता पनि हो । नेपालकै सन्दर्भमा हेर्दा विगतमा भएका ठुला राजनीतिक आन्दोलन र परिवर्तनमा ट्रेड युनियनहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । श्रमिकले आफ्नो भू-स्वर्गको परिकल्पना ट्रेड युनियनका माध्यमबाट नै गर्न सक्दछ । श्रमिकको रोजगारी सिर्जना, त्यसको रक्षा, श्रमको उचित मूल्यको खोजी र भविष्यका लागि पर्याप्त सामाजिक सुरक्षाको प्रत्याभूति गराउने कुरामा ट्रेड युनियनले अगुवाइ गर्दछ । श्रमिकको सुनिश्चित भविष्यका लागि समाजवादको बाटोमा अघि बढ्नुपर्ने कुराको वैचारिक अगुवाइ ट्रेड युनियनले गर्दछन् ।

ट्रेड युनियनको आन्तरिक जीवनमा आर्थिक परिचालनले विशेष महत्त्व राख्दछ । आर्थिक व्यवस्थापनका आधारमा नै युनियनका गतिविधिहरू सञ्चालन हुन्छन् ।

सङ्गठन सुदृढीकरण र यसको प्रभावकारिताका लागि आर्थिक परिचालन एक महत्त्वपूर्ण औजार हो । सङ्गठनभित्र आर्थिक अनुशासन र पारदर्शिताले सङ्गठनको शाख निर्माण गर्दछ । साथै उचित आर्थिक परिचालनका माध्यमबाट युनियनले आफ्ना घोषित कार्ययोजनामा सफलता हासिल गर्दछन् । दैनिक कार्यालय सञ्चालन र व्यवस्थापन गर्न, नियमित साङ्गठनिक गतिविधि र अभियान सञ्चालन गर्न, युनियनका नेता कार्यकर्ताहरूको परिचालन गर्न र सदस्यहरूको हितका लागि रचनात्मक काम गर्न समेत आर्थिक स्रोतको पहिचान र परिचालन गर्नुपर्ने हुन्छ । हालसम्मका अभ्यास र अनुभवका आधारमा ट्रेड युनियनका आर्थिक स्रोत र तिनको उचित परिचालनका लागि गर्नुपर्ने आधारभूत काम र ध्यान दिनुपर्ने पक्षहरूबारे यस आलेखमा चर्चा गर्ने प्रयास गरिएको छ ।

विगतमा युनियन निर्माणका प्रारम्भिक दिनहरूमा अग्रजहरूले आर्थिक रूपमा अनेकौं कठिनाइ र प्रतिकूलताहरू भोलेर सङ्गठन निर्माण गरेको पाइन्छ । व्यवस्थापनबाट कुनै सुविधा प्राप्त नहुने, युनियन काज नपाउने, युनियनमा सक्रिय भएबापत आस्थाका आधारमा अपायक सरुवा गर्ने, बढुवा र वृत्ति विकासमा पक्षपात गर्ने लगायतका अनेकौं प्रतिकूलताहरूसँग लड्दै बिदा लिएर आफ्नै खल्तीको पैसा खर्च गरेर त कतिपय अवस्थामा भोकभोकै पनि सङ्गठनको काममा हिँड्नुपर्ने अवस्था थियो । युनियनले सञ्चालन गरेका आन्दोलन र संघर्षमा कैयौंको रोजगारी गुमेको मात्र होइन, जेल, नेल र हत्यासमेत भए । कतिलाई जागिरबाट बर्खास्त गरियो, अनेकौं भुठा मुद्दामा फसाइयो, कारबाही गरियो । युनियन निर्माणका ती प्रारम्भिक दिनहरूमा विशेष गरी अधिकार प्राप्तिको लडाइँमा सङ्गठकहरूले व्यहोरेका त्यस्ता बाधा-व्यवधानहरूलाई छिचोल्नका लागि युनियनको आर्थिक पक्ष अत्यन्त कमजोर थियो । भावनात्मक रूपमा उच्च मनोबलका साथ अभावका ती दिनहरू पार गरेर युनियनहरू आजको सबल अवस्थामा आइपुगेका हुन् । भोलिका दिनमा आउन सक्ने सम्भावित प्रतिकूलताहरूबाट युनियन र यसका सदस्यहरूलाई जोगाउनका लागि समेत आर्थिक पक्ष सबल र व्यवस्थित हुनु जरुरी छ ।

## ट्रेड युनियनको आर्थिक स्रोत

ट्रेड युनियनको मुख्य आर्थिक स्रोत सदस्य लेबी नै हो । श्रमिकको वर्तमान र भविष्यका लागि समेत आस्था, विश्वास र समर्पणको केन्द्र ट्रेड युनियनका लागि यसका सदस्यहरूले उनको आम्दानीको निश्चित रकम नियमित रूपमा योगदान

गर्नुपर्दछ। सरल भाषामा यसलाई लेबी भन्ने गरिन्छ। युनियन निर्माण, परिचालन र व्यवस्थापनमा यसले ठुलो अर्थ राख्दछ। नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट) ले आफ्ना सदस्यहरूबाट १७ पैसा १७ काम भन्ने नारा नै तय गरी दैनिक १७ पैसाका दरले लेबी उठाउने गरेको छ । अन्य ट्रेड युनियनहरूले पनि मासिक-वार्षिक रूपमा सदस्यहरूबाट लेबी उठाउने गरेको पाइन्छ। सदस्यहरूको आर्थिक, भौतिक सहयोगबाट युनियनको नेतृत्वले कसैको अगाडि हात पसार्नु नपर्ने र आर्थिक रूपमा आत्मनिर्भर भई कसैको दबाब र प्रलोभनमा नपरी सदस्यका हितमा काम गर्न सक्षम बन्दछ ।

ट्रेड युनियनको अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्दा श्रीलङ्का, मलेसिया लगायतका मुलुकमा चेकअप प्रणाली (सम्बन्धित प्रतिष्ठानले नै श्रमिकको तलबबाट निश्चित रकम कट्टी गरी युनियनको खातामा सिधै रकम जम्मा गरिदिने प्रणाली) बाट नियमित रूपमा सदस्य लेबी सङ्कलन गर्ने गरिएको पाइन्छ । यो वैज्ञानिक तरिका हो, श्रमिकको तलबबाट नियमित रूपमा सिधैं युनियनको खातामा रकम जम्मा हुने हुँदा रकम सङ्कलन गर्ने झन्झटबाट मुक्त हुने, आर्थिक पारदर्शिता कायम हुने र आर्थिक स्रोतको सुनिश्चितता समेत हुने हुन्छ ।

युनियन सदस्य शुल्कका अतिरिक्त युनियनहरूले आवधिक रूपमा प्रकाशन गर्ने स्मारिका, मुखपत्र, बुलेटिन, क्यालेन्डर लगायतका सामग्रीहरूको बिक्री, ती प्रकाशनहरूमा सङ्कलन गरिने विज्ञापन, सांस्कृतिक कार्यक्रम, चिट्ठा उपहार कार्यक्रम, देउसी भैलो लगायत सांस्कृतिक चाडपर्वमा गरिने कार्यक्रम, संस्थागत लेबी, युनियनका पदाधिकारीहरूबाट विशेष लेबी, गोष्ठी, सेमिनार कार्यक्रममा प्रायोजन, व्यवस्थापनबाट प्राप्त हुने युनियन सहयोग, अधिवेशन/परिषद्हरूमा उठाइने चन्दा सहयोग, परीक्षा तयारी कक्षा सञ्चालन आदि विभिन्न स्रोतका माध्यमबाट युनियनको कोषमा आम्दानी गर्ने गरिएको पाइन्छ ।

युनियनका पदाधिकारीहरू स्वदेश वा विदेश भ्रमणमा जाँदा कुनै अतिरिक्त सुविधा प्राप्त गरेमा त्यसको निश्चित प्रतिशत युनियनको कोषमा जम्मा गर्ने, प्राप्त हुने उपहार युनियनको भौतिक सम्पत्तिमा अभिलेखित गर्ने गर्नु उपयुक्त हुन्छ। त्यसै गरी युनियनको पदाधिकारी संस्थाको कुनै अतिरिक्त लाभ हुने पदको जिम्मेवारीमा गएमा निजबाट निश्चित रकम युनियनको कोषमा जम्मा गर्ने व्यवस्था गर्न सकिन्छ। त्यसै गरी युनियनले कोषको बचत रकम परिचालन गरेर पनि निश्चित आम्दानी गर्न सक्दछन् ।

व्यवस्थापनसँग समान हैसियतमा र समानान्तर रूपमा काम गर्नुपर्ने ट्रेड युनियनले व्यवस्थापनबाट युनियन सहयोग लिनु उचित हो वा होइन भन्ने विषयमा बहस हुने गरेको पाइन्छ । यसबाट औद्योगिक सम्बन्ध, सामूहिक सौदाबाजी र युनियनको स्वतन्त्र सामर्थ्यमा कुनै प्रतिकूल असर पर्छ कि ? यस्ता प्रकारका सहयोग ग्रहण गर्दा युनियन कतै व्यवस्थापनप्रति अनुग्रही त हुँदैन ? भन्ने जस्ता तर्कहरू उठ्ने गरेका छन् भने अर्कोतर्फ युनियनले अधिकारका रूपमा व्यवस्थापनबाट यस्ता सहयोग लिएर त्यसको भरपूर उपयोग गर्नुपर्दछ भन्ने बलियो तर्कसमेत रहेको छ । यस्ता सहयोग लिँदा युनियनको नेतृत्वले उठेका यी प्रश्नमा यथोचित ध्यान दिनु आवश्यक छ ।

## आर्थिक स्रोतको परिचालन

युनियनका सभा, अधिवेशन, परिषद्, बैठक, भेला, प्रशिक्षण, वार्षिकोत्सव, स्थापना दिवस लगायतका नियमित कार्यक्रमहरूमा हुने खर्च, प्रकाशन खर्च, अन्य रचनात्मक कार्यक्रम खर्च, कार्यालय सञ्चालन खर्च, विशेष अभियान तथा आन्दोलन खर्च, भ्रमण खर्च, माथिल्लो कमिटी वा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थालाई आबद्धता शुल्क भुक्तानी, विभिन्न कोष निर्माण र परिचालन, कानुनी उपचार खर्च, प्रचारप्रसार खर्च, अध्ययन तथा अनुसन्धान आदि विभिन्न शीर्षकहरूमा युनियनको कोषबाट खर्च गरिन्छ ।

युनियनको कोषलाई सदस्यको हितमा अधिकतम उपयोग गर्ने कुरामा जोड दिनु आवश्यक छ । यसका निम्ति सदस्यहरूका लागि ट्रेड युनियन शिक्षा र पेसागत एवम् व्यावसायिक सिप विकाससम्बन्धी तालिम, प्रशिक्षण, आकस्मिक दुर्घटना वा विपद्मा उद्धार, राहत तथा सहयोग, आवश्यकताअनुसार कानुनी उपचार, अध्ययन अवलोकन भ्रमण, औषधोपचार सहयोग र सेवा निवृत्त हुँदाका बखत केही फाइदामूलक योजना (Benefit Plan) निर्माण गरी लागू गर्नु आवश्यक छ । जसका कारण सदस्यले युनियनमा आफूले गरेको सहयोग र योगदानबाट आफू लाभान्वित भएको महसुस गर्न सकोस् । युनियनको यस प्रकारको स्रोत परिचालनबाट आम श्रमिकहरूका बिचमा युनियन लोकप्रिय हुने र युनियनले सदस्य खोज्दै जाने होइन कि सदस्यले युनियन खोज्दै आउने परिस्थिति निर्माण गर्न सकिन्छ ।

ट्रेड युनियनको कोष व्यवस्थित रूपमा परिचालन गरी युनियनभित्र आर्थिक

सुशासन कायम गर्न निम्न विषयहरूमा ध्यान दिनु आवश्यक छ :

- युनियनको आर्थिक नीति, नियम, विनियम बनाई लागू गर्ने,
- वार्षिक बजेट बनाई बजेटको सीमाभित्र रहेर मात्र खर्च गर्ने,
- युनियनमा लेखासमितिको व्यवस्था गर्ने, लेखासमितिमार्फत कम्तीमा ६ महिनामा एक पटक आन्तरिक लेखापरीक्षण गराउने,
- नियमित लेखापरीक्षण गराई लेखापरीक्षण प्रतिवेदन युनियनको परिषद् वा अधिवेशनबाट अनुमोदन गराउने,
- अधिवेशन/परिषद्मा आवधिक आर्थिक योजनासहितको आर्थिक प्रतिवेदन पेस गरी पारित गर्ने,
- पूर्ण बैठकमा आर्थिक एजेन्डा बनाई छलफल गर्ने, एक बैठकदेखि अर्को बैठकबिचमा भएको आम्दानी खर्च अनुमोदन गर्ने, आर्थिक पारदर्शिता कायम गर्ने,
- कमिटी प्रमुख प्रत्यक्ष आर्थिक कारोबारमा संलग्न नहुने, प्रमुखले आर्थिक कारोबारको अनुगमन र नियन्त्रण गर्ने,
- जिम्मेवारी हेरफेर हुँदा बरबुझारथ प्रणालीलाई कडाइका साथ अवलम्बन गर्ने,
- भौतिक सम्पत्तिको अभिलेख बनाई ह्रासकट्टी सहित लेखाङ्कन गर्ने,
- माथिल्लो कमिटी तथा निकायमा भुक्तानी गर्नुपर्ने लेबी तथा दायित्व समयमा नै क्लियर गर्ने, बाँकी नराख्ने,
- युनियनलाई तिर्नु बुझाउनुपर्ने शुल्क नबुझाउने, लिएको पेस्की समयमा नै फर्स्योट नगर्ने सदस्यलाई कमिटीको जिम्मेवारी नदिने नीति बनाउने,
- युनियनको कोषको दुरुपयोग गर्ने र आर्थिक अपचलन गर्नेलाई दण्ड सजायको व्यवस्था गर्ने,
- आम्दानी रसिद नियन्त्रण खाता खडा गरी आर्थिक अनियमितता र दुरुपयोग हुनबाट रोक्ने,
- खर्चमा अधिकतम रूपमा मितव्ययिता अपनाउने, भड्किलो र अनावश्यक खर्च नगर्ने,
- खर्च गर्दा कमिटीको निर्णयबमोजिम गर्ने वा कमिटीको बैठकबाट खर्च अनुमोदन गराउने,
- उत्कृष्ट आर्थिक परिचालन गर्ने र दिइएको आर्थिक जिम्मेवारी पूरा गर्ने कमिटी/सदस्यलाई प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गर्ने आदि ।




हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रो. **राजु विश्वकर्मा**
**एन.आई. सप्लायर्स**
टोखा-१०, काठमाडौं
मोवाइल नं. ९८५५०४७०३४

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रो. **अमृत प्रसाद अधिकारी**
**ए.यु. श्रृङ्गार कलेक्सन सेन्टर**
का.म.न.पा-२४, काठमाडौं

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।



## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार
लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रोपाइटरः **रविकेश कुमार पाण्डेय**
मोबाइल नं. ९८५११२९४०७
**सौर्य इन्जिनियरिङ प्रा.लि**
ललितपुर-२, सानेपा



## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

सलिको
SALICO

विश्वासको सम्बन्ध, एकताको प्रतीक



**क्षेत्रिय प्रबन्धकः राम प्रसाद थपलिया**
मोबाइल नं. ९८५४०३५९१७, ९८५१२३७९१७
न्युरोड, काठमाडौं

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रो. **सुदर्शन घिमिरे**
**कालेश्वर फर्म एण्ड डेरी उद्योग**
महांकाल-१, ललितपुर
मोवाइल नं. ९८६५९९२०९४

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रोपाइटर : **अमृत लामिछाने**
**चण्डीकालीका स्यानेटरी एण्ड पेन्टस्**
पुतलीबजार नगरपालिका-०१, स्याङजाबजार
मोवाइल नं. ९८५६०५३५१३

छड, सिमेन्ट, स्यानेटरी तथा सम्पूर्ण हार्डवेरको सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध छ ।

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रो. **रुद्र बहादुर विश्वकर्मा, समिक्षा विश्वकर्मा**
**गौतम सुन चाँदी पसल**
पुतलीबजार नगरपालिका-०१, स्याङ्जा
मो. नं. ९८४६७१४२१२, ०६३४२१०५४

यहाँ ग्राहक वर्गहरुको इच्छा आकांक्षा बमोजिम सुनचाँदी तथा बहुमुल्य पत्थरहरुको गहनाहरु डिजाइन गरी सुपथ मुल्यमा खरिद तथा विक्री गरिन्छ ।

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रोपाइटर : **नवराज शर्मा**
**यूभान इन्जिनियरिङ कन्सल्टेन्सी**
पुतलीबजार नगरपालिका-०१, स्याङ्जा
मो.नं. ०६३४२३१३२, ९८४६०७२३७७

हामी कहां विभिन्न डिजाईनका घरहरुको नक्सा तथा जग्गाहरुको मूल्यांकन सहज तथा सुपथ मूल्यमा गरिन्छ ।

# आयकर : अवधारणा, उद्देश्य, विशेषता, समस्या र समाधानका उपायहरू



**रामबहादुर के.सी.**
*प्रमुख कर अधिकृत, ठूला करदाता कार्यालय, हरिहरभवन*

## विषय प्रवेश

कर राज्यको सार्वभौम अधिकार हो । आयमा लाग्ने कर आयकर हो । व्यवसाय, रोजगारी, लगानी र आकस्मिक लाभमा आयकर लाग्ने गर्दछ । मुलुकको आर्थिक समृद्धिका लागि राजस्वको सङ्कलन प्रकृयालाई अन्तर्राष्ट्रियस्तरको बनाई स्रोत परिचालनलाई अभिवृद्धि गर्न आयकरलाई व्यवस्थित, एकीकृत र समयानुकूल बनाउन तर्जुमा गरिएको कानुन आयकर ऐन हो । आयकरको दर प्रगतिशील रहेको छ । आयकरको दरले लगानी, उत्पादन, उपभोग र निर्यातलाई प्रोत्साहन गर्दछ । नेपालको आयकर स्वयंकर निर्धारण प्रणालीमा आधारित रहेको छ । २०८० आषाढ मसान्तसम्म ५५,२५,९१९ करदाता दर्ता रहेका छन् । यसमा संस्थागत करको हिस्सा बढी रहेको छ । आयकरमा दोहोरो करमुक्ति र भुक्तानीमा करकट्टी सम्बन्धी व्यवस्था रहेको छ । विकसित मुलुकहरूमा आयकरको योगदान उच्च हुन्छ भने अविकसित एवं अल्पविकसित मुलुकहरूमा यसको योगदान न्यून हुन्छ । आयकरको योगदान नेपालमा कम रहेकाले समता, उत्पादन, लगानी प्रोत्साहन गरी स्वतन्त्र, आत्मनिर्भर र उन्नतिशील अर्थतन्त्र निर्माण गर्न चुनौती रहेको छ ।

## आयकरको अवधारणा

विश्वमा आयकर लगाउने प्रथाको सुरुवात युद्धका कारणले भएको हो । युद्धका लागि स्रोत सङ्कलन गर्ने उद्देश्यले आयकर लगाउन थालिएको हो । बाह्रौं शताब्दीमा बेलायतबाट सुरु भएको आयकर सत्रौं शताब्दीमा फ्रान्समा युद्धकै लागि स्रोत जुटाउने उद्देश्यले सुरु गरिएको थियो । संयुक्त राज्य अमेरिकामा सन् १८६० को दशकबाट यो कर लागू भयो । सन् १९१० को दशकमा नियमित गरिएको यो कर सन् १८६० देखि नै भारतमा पनि सुरु भयो । नेपालमा पनि प्राचीन कालदेखि नै खेती, पशुपालन र व्यवसायमा कर

असुली हुन थाल्यो । कानुनी रूपमा वि.सं. २०१७ सालदेखि आयकर प्रचलनमा आएको पाइन्छ । विश्वव्यापी अवधारणामा आयकर लाग्ने गर्दछ । सन् १९८० को दशकदेखि व्यक्तिगत आयकरका दरको सङ्ख्या तथा तहमा कटौती गर्ने प्रचलन सुरु भयो र संयुक्त राज्य अमेरिकाले सन् १९८६ मा करको उच्चतम दर ५० प्रतिशतबाट घटाएर २८ प्रतिशत कायम गरेपछि यस प्रवृत्तिले तीव्रता पायो । त्यस क्रममा विश्वका विभिन्न मुलुकले आयकरको दरको सङ्ख्या तथा तहमा व्यापक कटौती गरे । यसबाट दक्षिण एसिया पनि अछुत रहेन । नेपालमा पनि परापूर्व कालदेखि आयकरको सङ्कलन तथा व्यवस्थापन हुँदै आएको भए तापनि व्यवस्थित रूपमा वि.सं. २०१७ सालदेखि कानुनी रूपमा लागू गरिएको छ । आयकर ऐन, २०५८ ले आयकरसम्बन्धी आधुनिक अवधारणा र सिद्धान्त अवलम्बन गरेको छ ।

### आयकरसम्बन्धी सिद्धान्तहरू

#### (क) उत्पत्ति र विश्वव्यापी सिद्धान्त

***उत्पत्तिको सिद्धान्त :*** आम्दानी जुन देशमा उत्पन्न हुन्छ, सोही देशमा मात्र सो आम्दानीमा कर लगाइनुपर्छ भन्ने मान्यता उत्पत्तिको सिद्धान्तले राख्दछ । यसले आम्दानी उत्पत्ति हुने देशको कर लगाइने अधिकारको व्याख्या गर्छ । यसलाई भौगोलिक, क्षेत्रगत वा ल्भत स्फभकतष्अ एचयमगअत को सिद्धान्त पनि भनिन्छ । यस मान्यताअनुरूप देशको सिमाना भित्रबाट प्राप्त आम्दानीमा कर लाग्छ भने अन्य देशमा गरेको आम्दानीमा कर लाग्दैन । सामान्यतया विकासोन्मुख राष्ट्रहरूमा यो सिद्धान्त अवलम्बन गरिन्छ ।

यस सिद्धान्तका बेफाइदाहरू निम्न छन् ।

- कर छल्ने कार्यमा सहयोग पुऱ्याउँछ ।
- स्वदेशी पुँजी पनि विदेशमा लगानी गर्ने लहर चल्नसक्छ ।
- कर आधार सानो हुन्छ ।
- कर प्रणालीमा न्याय कायम हुँदैन, किनकि विदेशी र स्वदेशी स्रोतको आयलाई फरक व्यवहार गर्छ ।

***विश्वव्यापी सिद्धान्त :*** आफ्नो देशका बासिन्दाले विश्वभर जहाँ आम्दानी गरे पनि स्वदेशमा कर लगाउने व्यवस्थालाई विश्वव्यापी सिद्धान्त भनिन्छ । यसको

विपरीत गैरबासिन्दालाई स्रोतका आधारमा कर लगाइन्छ । यस सिद्धान्तका राम्रा पक्षहरू निम्न छन् ।

- राजस्व वृद्धि गर्छ ।
- कर नियोजन कम बनाउँछ ।
- स्वदेशी लगानी बढ्छ ।
- स्वदेशी र विदेशी स्रोतबाट प्राप्त आयमा समन्याय कायम हुन्छ ।

समग्रमा उत्पत्तिको सिद्धान्त विविध कारणले अप्रिय हुँदै आएको छ भने विश्वव्यापी सिद्धान्त लोकप्रिय देखिन्छ । दुवै सिद्धान्तका तरिका अधिकांश देशहरूले प्रयोग गर्दछन् । बासिन्दा व्यक्तिलाई विश्वव्यापी आधारमा र गैरबासिन्दा व्यक्तिलाई उत्पत्तिका आधारमा कर लगाउने गरिन्छ । नेपालले पनि मिश्रित व्यवस्था अवलम्बन गरेको छ ।

**(ख) एकीकृत तथा स्रोतगत सिद्धान्त**

Global System: आयका सम्पूर्ण स्रोतका आम्दानीहरूलाई एकै ठाउँमा जोडी वा एकमुष्ठ गरी त्यसैका आधारमा कर लगाइन्छ भने त्यो एकीकृत (Global System) सिद्धान्त हो । अर्को शब्दमा सबै स्रोतहरूको आयमा एउटै व्यवहार गरिनु एकीकृत व्यवस्था हो । यसका फाइदा निम्न छन् :

- यो न्यायसङ्गत छ। सबै स्रोतबाट प्राप्त आयलाई समान व्यवहार गर्छ।
- प्रशासनिक दृष्टिकोणबाट सजिलो छ। एउटै आय विवरण दिए पुग्छ।
- कर नियोजनलाई निरुत्साहित गर्छ।

Schedular System: विभिन्न स्रोतका आम्दानीहरूलाई छुट्टाछुट्टै व्यवहार गरिन्छ भने त्यो स्रोतगत व्यवस्था हो । जस्तै : लाभांशमा ५% कर छ भने व्यवसायमा २५% हुनु स्रोतगत व्यवस्थाको उदाहारण हो । यसका फाइदाहरू :

- प्रशासन गर्न सजिलो हुन्छ ।
- फरक फरक आयलाई फरक फरक व्यवहार गर्न सकिन्छ ।

समग्रमा, कर न्याय कायम गर्न पनि एकीकृत व्यवस्था उत्तम मानिन्छ। तर यो प्रणाली लागू गर्न धेरै कठिन हुन्छ । व्यवहारमा हेर्ने हो भने विश्वका अधिकांश राष्ट्रहरूमा कर व्यवस्था स्रोतगत नै हुन्छन्। कुन प्रकारले कर लगाउने

भन्ने विषयमा प्रत्येक राष्ट्रको आर्थिक विकासको स्थिति, कर प्रशासनको स्थिति र कर नीतिको उद्देश्यमा निर्भर रहन्छ । आयकर ऐन, २०५८ ले केही हदमा स्रोतगत व्यवस्था गरे पनि एकीकृत व्यवस्थातर्फ उन्मुख छ । यसले स्रोतमा करकट्टी र पूर्वानुमानित करलाई पनि सीमित पारेको छ ।

## आयकर ऐन, २०५८ का उद्देश्यहरू

- आयआर्जन गर्ने सबै आर्थिक गतिविधिहरूलाई करको बृहत् दायरामा ल्याउने,
- करको दायरा बृहत् र फराकिलो बनाउने,
- आयकरसम्बन्धी सबै छरिएका प्रावधानहरूलाई एउटै ऐनभित्र एकीकृत गर्ने,
- लचिलो र राजस्व उत्पादक कर प्रणाली बनाउने,
- आयकर ऐन स्पष्ट र पारदर्शी बनाई करदातामैत्री करप्रणाली र आधुनिक अर्थतन्त्र अनुकूल बनाउने,
- सरलता, एकरूपता र पारदर्शिता सुनिश्चित गरी कर प्रशासन र कर अधिकारीहरूको विवेकपूर्ण व्याख्याको दायरा घटाउने,
- प्रशासनिक र न्यायिक उत्तरदायित्वहरूको क्षेत्र कानुनबाटै स्पष्ट गर्ने,
- नेपाली कर प्रणालीलाई विदेशी मुलुकको कर प्रणालीसँग एकीकृत गर्ने,
- समान आयमा जस्तोसुकै स्रोत र व्यक्तिको भए पनि समान कर लगाउने,
- आयकरलाई राजस्व उत्पादक (Revenue Productve) तथा लोचक (Elastic) बनाउने,
- विस्तृत, स्पष्ट, पारदर्शी तथा सरल प्रक्रियाको माध्ययमबाट करदातामैत्री (Taxpayer friendly) करप्रणालीको विकास गर्ने,
- करप्रशासनलाई बढी प्रभावकारी तथा उत्तरदायी बनाउने,
- आयकरलाई तटस्थ (Neutral) बनाई आर्थिक लागत घटाउने,
- लेखाप्रणालीमा आधारित विवरणलाई जोड दिने,
- स्वयं कर निर्धारण प्रक्रियालाई जोड दिई करदातालाई जिम्मेवार बनाउने ।

- आयकरसम्बन्धी संवैधानिक र कानुनी व्यवस्था
- नेपालको संविधान : यो सर्वोच्च कानुन हो । नेपालको संसद्ले लागू नगरेसम्म कर लगाउन पाइँदैन ।
- आयकर ऐन, २०५८ : २०५८ चैत्र १९ देखि लागू हुने गरी जारी गरिएको आयकर ऐन, २०५८ आयकर लगाउने प्रचलित ऐन हो । करयोग्य आम्दानी, करको दर, करदाताको अधिकार, कर अधिकृतको अधिकार आदिको गणना गर्न ऐनको दायरा फराकिलो छ ।
- आर्थिक ऐन वा अध्यादेश : आर्थिक ऐन वा अध्यादेश जारी भएको अवधिसम्म लागू हुन्छ । यो सामान्यतया बजेट भाषणको दिन जारी गरिन्छ। आयकर ऐन, २०५८ मा वित्त ऐन वा अध्यादेशले उक्त अवधिका लागि आयकर ऐनको कुनै पनि प्रावधानलाई परिमार्जन/प्रतिस्थापन गर्न सक्ने प्रावधान छ ।
- कर निर्देशनहरू : कर निर्देशनहरू सञ्चालन एजेन्सी कर (आन्तरिक राजस्व विभाग) द्वारा जारी गरिन्छ, जसले आयकरका विभिन्न प्रावधानहरूलाई स्पष्ट गर्दछ । यो आयकर ऐनको दफा १३९ अन्तर्गत जारी गरिएको हुन्छ ।

## आयकर ऐन, २०५८ मा रहेका समस्याहरू

- आयआर्जन गर्ने व्यक्तिहरू करको दायरामा नआउनु, सेवा क्षेत्रमा धेरै नै समस्या रहेको छ ।
- अनौपचारिक कारोबार ठुलो हुँदा औपचारिक करदाता समेत हतोत्साही हुनु,
- विद्युतीय कारोबार बढ्दै जानु,
- साँघुरो दायरा,
- चुहावट नियन्त्रणको कमजोर संयन्त्र, कारबाही गर्ने निकायबिच उचित समन्वय र क्ष्लायच्कबतष्यल क्जबचष्लन नहुनु,
- नगद कारोबार बढी हुनु, Tracking and Tracing प्रमाण जुटाउन समस्या रहेको,
- विश्वमा आयकरको दर क्रमशः न्यून गर्ने प्रतिस्पर्धा बढ्दै गएको छ,

- आयकरको परीक्षण तथा आयकरतर्फको अनुसन्धानको गुणस्तर कमजोर रहेको,
- कर प्रशासनको दक्षता र क्षमता कमजोर रहेको,
- न्यायिक निरूपण समयमा नहुनुले करदाताको लागत वृद्धि हुँदै जाने र सरकारले राजस्व समयमा प्राप्त गर्न नसक्ने तथा उठान भएको Issue Pending हुने अवस्था रहेको,
- आयकर ऐन, २०५८ को पूर्ण जानकारी गराउन नसकिनु,
- स्वयं कर निर्धारण प्रणालीलाई प्रभावकारी बनाउन नसकिनु,
- ह्रासकट्टी व्यवस्थाको दुरुपयोग हुन सक्ने,
- नक्कली बिलबीजकद्वारा खर्च दाबी गर्ने गरेको,
- कृषि क्षेत्र आयकरको दायरा बाहिर रहेको,
- उपयुक्त अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास नभएको,
- आयकर ऐन तथा नियमावलीका कतिपय प्रावधान क्लिष्ट नरहेको,
- आयकरका दरहरू छिमेकी मुलुकसँग प्रतिस्पर्धी नरहेको,

**आयकर ऐन, २०५८ मा गर्नुपर्ने सुधारका लागि सुझावहरू**

- आयकर ऐनको भाषामा द्विअर्थी शब्दहरू र दोहोरिएका प्रावधानहरू सुधार गरी सरलता ल्याउने,
- पुँजीगत सम्पत्तिको मर्मत खर्च पुरै कट्टी गर्न पाउने व्यवस्था गर्ने,
- सूचना र जोखिममा आधारित कर परीक्षण तथा अनुसन्धान गर्ने,
- वार्षिक रूपमा उच्च कर तिर्ने करदातालाई सरकारले पुरस्कृतका साथ सुरक्षा र सम्मान प्रदान गर्ने,
- विश्व बैंकले बहुराष्ट्रिय कम्पनीहरूले आक्रामक रूपमा Tax Planning, Tax Evasion & Tax Avoidance गर्ने हुँदा राजस्व प्रशासनले Medium Term Revenue Strategy (MTRS) तर्जुमा गरी लागू गर्न र आयकरको दर उच्च कायम गर्न सुझाव दिएको छ। यी सुझावहरूलाई आयकर कानुनमा समावेश गरी संशोधन गर्ने,
- बैंकिङ कारोबारलाई प्रोत्साहन गरी व्यवसायलाई थप पारदर्शी, उत्तरदायी

र जवाफदेही बनाउनुपर्ने,

- सबै प्रकारका विद्युतीय कारोबारलाई करको दायमा ल्याउनुपर्ने,
- आयकरमा दिइने छुट सुविधालाई क्रमशः साँघुरो बनाउँदै जाने,
- अन्तर्राष्ट्रिय करका विषयलाई कर कानुनमा स्पष्ट रूपमा समावेश गर्ने,
- कर जागण अभियान संघीय एकाइ (तीन तहका सरकारले) मातहत सञ्चालन गर्ने,
- कर प्रशासनको क्षमता र दक्षता विकास गर्ने,
- न्यायिक निरूपणमा रहेका विषयहरूलाई शीघ्रता कायम गर्ने,
- अफसोर ट्रान्ज्याक्सन (नेपाल बाहिर कारोबार भए पनि नेपालमा कारोबार भएका आधारमा) कर तिर्ने व्यवस्था गर्ने,
- स्वयं कर निर्धारण प्रणालीलाई थप वैज्ञानिक, सरल र जनमैत्री बनाउनुपर्ने,
- VAT लाइ राम्रोसँग Compliance गराउने,
- विवादित करका विषयमा निर्णय गर्ने गरी स्थायी संयन्त्र बनाउने,
- सबै स्रोतहरूबाट प्राप्त आयमा समान किसिमले कर लाग्ने व्यवस्था गर्ने,
- आय आर्जनसँग सम्बन्धित सबै खर्चहरू कट्टी गर्ने व्यवस्था गर्ने,
- आयतर्फ समावेश हुने सबै भुक्तानी र रकमहरूबारे ऐनमा स्पष्ट उल्लेख छ तर खर्चतर्फ कट्टी हुने विषयमा करदाता, आयवर्ष र कारोबारसँग सम्बन्धित जुनसुकै खर्च भए पनि कट्टी हुने एकमुस्ट व्यवस्था गर्ने,
- नोक्सानीलाई आगामी ४ वर्षसम्म सार्न पाउने व्यवस्था भएको छ। बैंक, बीमा तथा दीर्घकालीन करारका हकमा भएको नोक्सानी विगतको सात वर्षसम्म सार्न पाउने व्यवस्था गरिएको छ । समय र आवश्यकताका आधारमा यस अवधिलाई संशोधन गर्ने,
- पूर्वाधार निर्माण, जलविद्युत् आयोजनाहरू तथा विशेष उद्योगहरूलाई सहुलियत व्यवस्थाहरू (Incentives) थप गर्ने,
- पूर्णतया स्वयं कर निर्धारणमा आधारित करप्रणाली अङ्गीकार गरिएकाले अनुसन्धान र कर परीक्षणको दायरा विस्तार गर्ने,

- देवानी तथा फौजदारी कसुरका बिच स्पष्ट विभेद गरी झुट्टा वा किर्ते कागजात वा विवरण भएको खण्डमा अनुसन्धान गरी सरकारी वकिलमार्फत जिल्ला अदालतमा करदातामाथि मुद्दा चलाउने व्यवस्था गरिएको छ । कर, शुल्क र ब्याज करअधिकृतले लगाए पनि दण्ड, जरिवाना र सजाय अदालतको आदेशले मात्र हुन सक्ने व्यवस्था गरिएको छ । यस किसिमको व्यवस्थामा संशोधन गर्ने,
- कर अधिकृतको आदेश वा विभागीय निर्णयहरू उपर चित्त नबुझे महानिर्देशकले प्रशासकीय पुनरावलोकन गर्न सक्ने तर सोमा पनि चित्त नबुझे न्यायिक पुनरावेदनको लागि सो निर्णय उपर राजस्व न्यायाधीकरणमा पुनरावेदनमा जान सकिने व्यवस्था गरिएको छ । तर करदाताहरू सिधै सर्वोच्च अदालतमा रिट दायर गर्न जाने प्रचलन बढेकाले यसको कानुनी व्यवस्थालाई संशोधन गर्ने,
- पुँजीगत लाभबारे छुट्टै परिच्छेदमा व्यवस्था गरी स्पष्ट व्याख्या गरिएको छ। पुँजीगत लाभमा कर लगाइँदा भुक्तानीको आधारको सट्टा कारोबारको आधारमा कर लाग्न गई कर छल्ने योजनालाई न्यूनीकरण गर्न पनि मद्दत मिल्ने हुँदा सोही व्यवस्था अवलम्बन गर्ने,
- लाभांश र मुनाफाको वितरण, अन्तर्राष्ट्रिय कर, नेपाली स्रोतको आय, राख्नुपर्ने लेखाको प्रमाणीकरण, रकमहरूको परिमाणीकरण र चारित्रीकरण, अवकाश कोष र विभिन्न निकाय वा कारोबारसम्बन्धी विशेष व्यवस्थाहरू स्पष्टसँग छुट्टै परिच्छेदहरूमा थप सरलीकृत गरी तयार गर्ने,
- करदाताका अधिकारहरू स्पष्टसँग उल्लेख गरी प्रचारप्रसार गर्ने,
- कर छल्ने उपायहरूको नियन्त्रण गर्न कर मुक्ति विरुद्धको सामान्य नियम -General Anti Avoidance Rule - GAAR) मूल्य हस्तान्तरण नियन्त्रण (Control of Transfer Pricing), आयको खण्डीकरण नियन्त्रण (Control of Thin Capitalization), लाभांश कर घटाउन नदिने व्यवस्था (Control of Dividend Stripping) एवं जानकारी र सूचनामा निर्वाध पहुँचजस्ता व्यवस्थाहरू समावेश गरिएका छन् । यी व्यवस्थाहरूमा थप सुधार गर्ने,

- बासिन्दा व्यक्तिको स्पष्ट परिभाषा गरी विश्वव्यापी आयमा कर लगाउने व्यवस्था (Resident's Global Income) मा हेरफेर गर्ने,
- स्रोतमा करकट्टीलाई आयको भुक्तानीहरूमा सीमित गरी हिसाब मिलान हुने र अन्तिम रूपमा करकट्टी हुने गरी विभक्त सम्बन्धी व्यवस्थालाई थप सरल बनाउने,
- प्रशासनिक स्पष्टता र करदाता सेवाका लागि सार्वजनिक परिपत्र, पूर्वादेश, स्थायी लेखा नम्बर, कागजातको ढाँचा, स्पष्ट कर निर्धारण आदेश, करकट्टी प्रमाण एवम् कर अधिकृतको परिचयपत्रबारे पारदर्शी व्यवस्था गरिएका छन् । यी व्यवस्थाका साथमा कार्यालयबाट प्रदान गरिने सेवा करदाता मैत्री हुने व्यवस्था कायम गर्ने,
- लेखाको सर्वमान्य सिद्धान्त मानिने, कम्पनीले एक्रुअल (Accrual) तथा प्राकृतिक व्यक्तिले नगदमा आधारित लेखा राख्नुपर्ने, छुट्टै कर लेखापरीक्षक राख्नु नपर्ने, कागजातको ढाँचा र सोको प्रमाणीकरण गर्ने तरिका तोकिने, साना तथा मझौला करदातालाई सरल तरिका तोक्न सकिने व्यवस्थाहरू कार्यान्वयन गर्ने,
- प्रदूषण नियन्त्रण एवं अनुसन्धान तथा विकासका लागि गरिने खर्चहरू दाबी गर्न सकिने विशेष व्यवस्थाहरूलाई थप सरल एवं पारदर्शी बनाउने,
- सामूहीकरण (Pool) प्रणालीमा आधारित साविकभन्दा बढी दरले ह्रास खर्च कट्टी सुविधा दिइएको छ । अदृश्य सम्पत्तिहरूका लागि पनि ह्रास खर्च दाबी गर्न सकिने व्यवस्था गरिएको छ । यसमा ह्रासकट्टीको व्यवस्थालाई थप सरल बनाउने,
- शाखा मुनाफा कर (Branch Profit Tax) का रूपमा विदेशी कम्पनीको शाखाले विदेश पठाउने आयमा कर लाग्ने व्यवस्था गरिएको छ। यसको करको दरमा संशोधन गर्ने,
- कर लगाइने व्यक्तिलाई प्राकृतिक व्यक्ति र निकायमा विभेद गरी निकायभित्र कम्पनी, साझेदारी, ट्रस्ट, सङ्गठित संस्था, संयुक्त उद्यम, सरकारी निकायजस्ता संस्थाहरूको परिभाषा गरिएको छ । यस व्यवस्थालाई थप सरल बनाउने,

### निष्कर्षमा

कानुनले आयकर छुट भनी तोकेका व्यक्ति वा निकायबाहेकलाई रोजगारी, लगानी, व्यवसाय वा पुँजीगत लाभबाट आर्जित गरेको मुनाफामा कानुनले तोकेबमोजिम दरले लाग्ने करलाई आयकर भनिन्छ। नेपालको आयकर प्रणाली जति धेरै कमाई, त्यति धेरै कर बुझाउनुपर्ने भन्ने सिद्धान्तमा आधारित छ। यसले करदाताले आफुले गरेको आयको स्वयं घोषणा तथा स्वयं कर निर्धारण गर्न पाउने व्यवस्था गरेको छ। सरकारले हरेक वर्ष आर्थिक ऐनमार्फत आयकरको दर परिवर्तन गरिरहेको हुन्छ। व्यक्तिको आय निर्धारण गरी वास्तविक कर लगाउन कठिन भए पनि कर प्रणालीमा प्रगतिशीलता कायम गर्न, आयको असमान वितरणमा कमी ल्याउन, राजस्वको आवश्यकता पूर्ति गर्न, आयकरलाई महत्त्वपूर्ण अस्त्रका रूपमा विश्वव्यापी रूपमा अवलम्बन गरिएको छ। राज्यको आर्थिक वृद्धि, आर्थिक विकास र समतामूलक सामाजिक न्याय कायम गर्न आयकर अति आवश्यक छ।

नेपाल सन् २०२६ मा एलडिसि ग्रेजुयसनको सँघारमा रहेको छ। आयस्तरमा वृद्धिको सूचक नेपालले हालसम्म हासिल गरेको छैन। आयकरको दायरा साँघुरो भएकाले डिजिटल अर्थतन्त्र, अनलाइन व्यवसाय लगायतका आर्थिक कारोबार तथा गतिविधिलाई आयकरको दायरामा ल्याई प्रत्यक्ष करको दायरासमेत फराकिलो बनाउनुपर्दछ। आर्थिक वृद्धिका लागि आवश्यक पर्ने आन्तरिक तथा बाह्य लगानीलाई हतोत्साही नहुने गरी आयकरको दर वैश्विक रूपमा प्रतिस्पर्धी कायम गर्न आवश्यक छ। साथै, आयकरसम्बन्धी नीति र कानुनमा संशोधन गरी सरल, आमनागरिकले सोझो अर्थमा बुझ्ने बनाई नागरिकमा करबाट स्ट्रेस होइन कन्फिडेन्स कायम गर्न देशव्यापी आयकर प्रचारसम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक छ।

### सन्दर्भसामग्री


नेपालको संविधान, कानुन किताब व्यवस्था समिति।

पन्ध्रौँ योजना, राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार।

आर्थिक वर्ष २०७९।०८० को बजेट वक्तव्य र आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय सिंहदरबार।

आर्थिक, वित्तीय र मौद्रिक क्षेत्र सुधारसम्बन्धी सुझाव समितिको प्रतिवेदन, २०७९, अर्थ मन्त्रालय ।

आयकर ऐन, २०५८ र आयकर निर्देशिका, २०६६ (संशोधनसहित), कानुन किताब व्यवस्था समिति ।

Mohan, Rakesh, Growth with Financial Stability, Central Bank in an Emerging Market, Oxford collected essays,

Salvatore, Dominik (2003), Microeconomics, Theory and Applications, New York, Oxford University Press,

Musgrave, Richard, Public Finance in Theory and Practice, MC Graw-Hill, Kogakusa.

www.worldbank.org

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

**गुणनिधि भुषाल**

शाखा प्रबन्धक

**राष्ट्रिय वाणिज्य बैंक लि.**

शाखा कार्यालय सन्धीखर्क

...तपाईको आफ्नै बैंक

**गाउँपालिकावासीमा अनुरोध**

- आफ्नो घर आगन सफा राखौं ।
- आफ्ना नानी बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- पसलबाट सामान किन्नु अघि लेबल हेरेर मात्र किन्ने बानी बसालौं ।
- जन्म, मृत्यु, बसाइसराइ, विवाह, सम्बन्ध विच्छेद जस्ता घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गराऔं ।
- खानेपानीका मुहानहरुको संरक्षण गरौं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई सहयोग गरौं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- समृद्ध गाउँपालिका निर्माणमा हातेमालो गरौं ।

**छत्रदेब गाउँपालिका**

**अर्घाखाँची, नेपाल**

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रोपाइटर : **कृष्ण श्रेष्ठ**
**कृष्ण अनु किराना पसल**
पुतलीबजार नगरपालिका-०१, स्याङ्जा
मोवाइल नं. ९८४६०३३५५३

खुद्रा तथा थोक सम्पूर्ण खाद्यान्न सामाग्रिहरु उपलब्ध छ।

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**सुरज कुमार चौधरी**
प्रोपाइटर
**युनिका ट्रेडर्स**
भजनी- ६
महादेउली, कैलाली

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार
लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**प्रोपाइटरः महेश भट्टराई**
मोबाइल नं. ९८५६०५०१८९
**महेश इन्टरप्राईजेज**
गल्याङ-०३, स्याङ्जा

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

प्रोपाइटर : **रामकृष्ण श्रेष्ठ**

**रन्जना स्टोर्स**

वेशीसहर न.पा. ८, भिमसेनस्थान, लमजुङ
मोवाइल नं. ९८५६०४६६१७

यहाँ विभिन्न कम्पनीका मोवाइल सेट, कभर, मेमोरी कार्ड, चार्जर, हेडसेट लगायत सम्पूर्ण इलेक्ट्रोनिक्स सामानहरु सुपथ मूल्यमा पाइन्छ ।

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

प्रोपाइटर : **रमेश कुमार पोखरेल**

**आधुनिक कुर्था सुरुवाल एण्ड टेलरिङ**

सुन्दरवजार न.पा. ७, सुन्दरबजार, लमजुङ
मोवाइल नं. ९८४६०७४६४६

यहाँ साडी, कुर्था, सुरुवाल, लेङगा, चोली तथा पास्नीका सेटहरु सुपथ मुल्यमा पाइन्छ ।

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

प्रोपाइटर : **हरेराम श्रेष्ठ**

**थ्रि ब्रदर्श फेन्सी स्टोर्स**

सुन्दरवजार न.पा. ७, सुन्दरबजार, लमजुङ
मोवाइल नं. ९८४६१८०६६२

यहाँ बालबच्चा, युवादेखि बृद्धसम्मका सबै उमेर वर्गलाई हुने गरी जाडो तथा गर्मी समयमा लगाउन मिल्ने लत्ता कपडा, टिसर्ट, जिन्स पाइन्ट, विद्यालय ड्रेस तथा कुर्था, लेङगा, जुत्ता, चप्पल लगायतका सम्पूर्ण फेन्सी सामानहरु सुपथ मुल्यमा पाइन्छ ।

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

**सन्तोष श्रेष्ठ**

प्रोपाइटर

**मनिषा जनरल अर्डर एण्ड सप्लायर्स**

नारायण न.पा.-६, दैलेख
मोवाइल नं. ९८४८००७५१७

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रोपाइटर : **शाह खालिद मिया**
**खालिद स्टोर्स**
पुतलीबजार नगरपालिका-०१, स्याङ्जा
मोवाइल नं. ९८४६०४५५८९

जुत्ता, चप्पल तथा सम्पूर्ण मेकअपको सामाग्रि

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रोपाइटर : **बिरेन्द्र विश्वकर्मा**
**धनतारा सुनचाँदी पसल**
पुतलीबजार नगरपालिका-०१, स्याङ्जा
मो. नं. ९८४६०७२५२३

यहाँ ग्राहक वर्गहरुको इच्छा आकांक्षा बमोजिम सुनचाँदी तथा बहुमुल्य पत्थरहरुको गहनाहरु डिजाइन गरी सुपथ मुल्यमा खरिद तथा विक्री गरिन्छ ।

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रोपाइटर : **उत्तम कुमार श्रेष्ठ**
**सुजल किराना पसल**
पुतलीबजार नगरपालिका-०३, स्याङ्जा
मोवाइल नं. ९८४४१९८०४१

खूद्रा तथा थोक मूल्यमा सम्पूर्ण खाद्यान्न सामाग्रिहरु उपलब्ध छ।

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रोपाइटर : **अलि मिया**
**सेहनाज फेन्सी स्टोर्स**
पुतलीबजार नगरपालिका-०३, स्याङ्जा
मोवाइल नं. ९८०५८३९५५१

जुत्ता, चप्पल तथा सम्पूर्ण मेकअपको सामाग्रि
फेन्सी सामाग्री

# वाणिज्य बैंक व्यवस्थापन (Management of Commercial Bank)



**सुरेस शिवाकोटी**
*उप-निर्देशक, नेपाल राष्ट्र बैंक*

## १. विषय प्रवेश

प्रभावकारी वाणिज्य बैंक व्यवस्थापन वाणिज्य बैंकको व्यावसायिक सफलता मात्र नभई समग्र वित्तीय प्रणालीको स्थायित्व र दिगो आर्थिक विकासको आधार पनि हो। वाणिज्य बैंकहरूको आधुनिक, रणनीतिक, गतिशील व्यवस्थापनलाई एकातर्फ वाणिज्य बैंकको सफलताको आधार मान्न सकिन्छ भने अर्कोतर्फ ती संस्थाबाट परिचालन हुने स्रोत साधन राष्ट्रिय उत्पादकत्व अभिवृद्धिका क्षेत्रमा परिचालन गर्दा वाणिज्य बैंकको दिगो विकासका साथै समग्र आर्थिक र वित्तीय प्रणालीको स्थायित्वका लागि कोसेढुङ्गा साबित हुन सक्दछ । यस लेखमा वाणिज्य बैंक व्यवस्थापनका महत्त्वपूर्ण आयामहरू, चुनौतीहरू, रणनीतिक अभ्यास, नेपालको वाणिज्य बैंकको व्यवस्थापनको अभ्यास, नियमनकारी व्यवस्था, वाणिज्य बैंक व्यवस्थापनमा देखिएका नवीनतम प्रवृत्ति, वाणिज्य बैंकका आधारभूत कार्य, जोखिम व्यवस्थापन, वित्तीय समावेशिता, अर्थतन्त्रका विभिन्न आयामसँगको अन्तरसम्बन्धका साथै भविष्यको मार्गचित्र तथा प्रस्थानबिन्दुको परिमिति भित्र रहेर समीक्षा गर्ने जमर्को गरिएको छ। यस लेखमा राखिएका विचारहरू नितान्त व्यक्तिगत विचारहरू हुन् ।

## २. वाणिज्य बैंक व्यवस्थापनको अवधारणा

वाणिज्य बैंक व्यवस्थापनलाई बहुपक्षीय प्रक्रियाका रूपमा लिन सकिन्छ, जसमा वाणिज्य बैंकको दूरदृष्टि, लक्ष्य, रणनीतिक दिशा निर्माण, रणनीतिक योजना निर्माण तथा कार्यान्वयन, समन्वय, आधारभूत व्यवस्थापकीय कार्यको प्रभावकारी कार्यान्वयन अर्थात् योजना निर्माण, संरचना निर्माण, नेतृत्व, नियन्त्रण, प्रभावकारी व्यवस्थापन पर्छन् । यो मात्र नभई समग्र सङ्गठन व्यवस्थापनका विशिष्टीकृत प्रकृतिका कार्यहरू जस्तै - वित्तीय स्रोतहरूको विवेकपूर्ण व्यवस्थापन, वासलात व्यवस्थापनअन्तर्गत सम्पत्ति र दायित्वको सन्तुलन, अल्पकालीन र दीर्घकालीन दुवै

दायित्व पूरा गर्न सक्ने गरी तरलताको सन्तुलन, बजारको विश्लेषणसँगै प्रतिस्पर्धी ब्याजदर रणनीतिको अवलम्बन, जोखिम व्यवस्थापन, लागत व्यवस्थापन, आर्थिक अनिश्चितताबाट बैंकलाई जोगाउन आवश्यक रणनीतिको अवलम्बनका साथै परिष्कृत जोखिम व्यवस्थापनका उपकरण र मोडेलहरूको प्रयोग, नियामक र नैतिक मापदण्डहरूको पालना गर्दै संस्थाको वित्तीय, सामाजिक तथा राष्ट्रिय उद्देश्य प्राप्त गर्न रणनीतिहरूको निर्माण र कार्यान्वयन, विभिन्न सरोकारवालाको हितलाई सन्तुलन राख्दै परिवर्तनशील परिवेशमा अनुकूल हुने र दीर्घकालीन सफलताका लागि बैंकले जटिल र अन्तरसम्बन्धित वित्तीय इकोसिस्टममा रही गर्ने सबै कार्यको योगलाई लिन सकिन्छ ।

यसबाट वाणिज्य बैंक व्यवस्थापनअन्तर्गत स्पष्ट रूपमा प्रमुख दुई आयामहरू रहने विश्लेषण गर्न सकिन्छ। एकातर्फ वाणिज्य बैंक सङ्गठनका रूपमा रहने हुँदा सङ्गठनको सफलताका लागि वातावरणीय विश्लेषणबाट परिलक्षित Vision, Mission, Goal, Objectives प्राप्त गर्न अवलम्बन गर्ने रणनीति तथा कार्यनीति, त्यसको प्रभावकारी कार्यान्वयनका लागि गरिने आधारभूत व्यवस्थापकीय कार्यहरूको योजना निर्माण, संरचना निर्माण, नेतृत्व, नियन्त्रण जस्ता कार्यहरूको प्रभावकारी व्यवस्थापनसँगै प्रतिस्पर्धी तुलनात्मक लाभ हासिल हुने गरी सीमित स्रोत साधनको असीमित उपयोग गर्न गरिने सबै व्यवस्थापकीय रणनीतिको समष्टिगत रूप भने अर्कातर्फ वाणिज्य बैंकका कार्यहरू सम्पत्ति र दायित्वको व्यवस्थापन, वित्तीय स्रोत सङ्कलन र उपयोगबिचको सन्तुलन, जोखिम व्यवस्थापन, जोखिम व्यवस्थापनको गतिशील दृष्टिकोणको कार्यान्वयन, जोखिम व्यवस्थापन रणनीतिको प्रयोग, लागत व्यवस्थापन, नियमनकारी निर्देशनको अनुपालन, सरोकारवालाहरूको हितको सन्तुलन, वित्तीय स्रोत साधनको गतिशील परिचालन, ब्याजदर निर्धारण तथा सोको रणनीतिक प्रयोग, शाखा व्यवस्थापन, स्वनियमन तथा प्रभावकारी आन्तरिक नियन्त्रण, प्रभावकारी ट्रेजरी व्यवस्थापन जस्ता कार्यहरूको व्यवस्थापनसमेतलाई वाणिज्य बैंक व्यवस्थापनअन्तर्गत समावेश गर्न सकिन्छ । यसबाट वाणिज्य बैंक व्यवस्थापनमा अन्य सङ्गठन व्यवस्थापनका सबै अवयवहरूका अतिरिक्त सम्बन्धित अर्थतन्त्रको नियमनकारी व्यवस्थापनको परिमितिभित्र रही वाणिज्य बैंकले गर्ने वित्तीय मध्यस्थकर्ताका सबै कार्यहरू तथा अन्य व्यावसायिक कार्यहरूको प्रभावकारी व्यवस्थापनका कार्यहरू समेत पर्दछन् ।

## ३. वाणिज्य बैंक व्यवस्थापनका सैद्धान्तिक मार्गदर्शन

वाणिज्य बैंकको व्यवस्थापनलाई व्यवस्थित, जोखिम न्यूनीकरण सहित दिगो विकास, प्रतिस्पर्धी बनाउन अवलम्बन गर्नुपर्ने आधारहरूलाई वाणिज्य बैंक व्यवस्थापनका सैद्धान्तिक आधारका रूपमा लिन सकिन्छ । सङ्गठन व्यवस्थापनअन्तर्गतका सबै व्यवस्थापनका सिद्धान्तहरूको कार्यान्वयन वाणिज्य बैंक व्यवस्थापनका लागि अपरिहार्य मानिन्छ । स्रोत साधनको दिगो तथा आदर्शतम परिचालन, अधिकार र जिम्मेवारीको सन्तुलन, नवप्रवर्तन, परिस्थितिजन्य व्यवस्थापन, सामाजिक उत्तरदायित्व र नाफाका बिचमा सन्तुलन जस्ता व्यवस्थापनका सिद्धान्तहरूका अतिरिक्त वाणिज्य बैंक व्यवस्थापनको प्रभावकारिताका लागि मार्गदर्शित केही सिद्धान्तहरूलाई निम्नानुसार चर्चा गरिएको छ :

- बैंकको दिगो विकासको सिद्धान्त,
- नाफा र तरलताको सन्तुलनसहितको स्रोत साधन परिचालनको सिद्धान्त,
- बैंकको अन्तर्निहित जोखिम पहिचान, न्यूनीकरणसहित दिगो विकासको सिद्धान्त,
- ग्राहक सम्बन्ध व्यवस्थापनअन्तर्गत ग्राहकमुखी बैंकिङ कार्यान्वयन तथा ग्राहक सन्तुष्टि अभिवृद्धिको सिद्धान्त,
- सम्पत्ति र दायित्वबिचको सन्तुलनको सिद्धान्त,
- पुँजी र पुँजीकोष पर्याप्तता, कानुन तथा नियमनकारी व्यवस्थाको कार्यान्वयनको सिद्धान्त,
- सञ्चालन दक्षता अभिवृद्धि, प्रविधि प्रयोगबाट कार्यगत प्रभावकारिताको सिद्धान्त,
- संस्थागत सुशासन अभिवृद्धि, पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व, सरोकारवालाहरूको हितको सन्तुलन, स्वार्थको द्वन्द्वको न्यूनीकरणको सिद्धान्त,
- मानव पुँजी निर्माण, गतिशील परिचालन, ज्ञान व्यवस्थापन, क्षमता व्यवस्थापनको सिद्धान्त,
- नवप्रवर्द्धन, ब्रान्ड व्यवस्थापन, वित्तीय समावेशिता, वित्तीय साक्षरता अभिवृद्धिको सिद्धान्त,

- प्राविधिक सुरक्षा, व्यावसायिक निरन्तरता, स्वनियमन, प्रभावकारी आन्तरिक नियन्त्रणको सिद्धान्त,
- नवीनतम प्रविधिहरूको प्रयोगबाट आगत प्रभावकारिता, प्रतिस्पर्धी सेवाको विस्तारको सिद्धान्त,
- सामाजिक उत्तरदायित्व वहनको सिद्धान्त ।

***अतः*** गतिशील वाणिज्य बैंक व्यवस्थापनअन्तर्गत मार्गदर्शन प्रदान, वाणिज्य बैंकको संरचना निर्माण, रणनीतिक कार्यहरूलाई व्यवस्थित गर्दै आधुनिकता तथा समावेशी सेवाको विकासमार्फत जोखिम न्यूनीकरण गर्नुका साथै वाणिज्य बैंक व्यावसायिक सङ्गठन रहेकाले आधुनिक व्यवस्थापनका सिद्धान्तहरूलाई समेत वाणिज्य बैंक व्यवस्थापनका सैद्धान्तिक आधारका रूपमा लिन सकिन्छ । यस्ता सिद्धान्तहरूबाट प्रदान गरिएको मार्गदर्शनको प्रभावकारी कार्यान्वयन गर्दै वाणिज्य बैंकले व्यवस्थापकीय शैली, विधि, रणनीतिको प्रयोग गर्न सकेमा वाणिज्य बैंक व्यवस्थापनको प्रभावकारिता बढ्नुका साथै व्यावसायिक सफलता प्राप्त हुन सक्दछ । यसका लागि वाणिज्य बैंक व्यवस्थापनअन्तर्गतका सबै कार्यहरू तथा आयामहरूको व्यवस्थापन गर्दा नाफा अभिवृद्धिसहित जोखिम न्यूनीकरण र बैंकको निरन्तरता, प्रभावकारी जोखिम व्यवस्थापन, ग्राहकमुखी सेवाको विस्तार, नियमनकारी मार्गदर्शनको पालना, वातावरणीय विश्लेषणबाट उपयुक्त रणनीतिको छनोट, प्राविधिक विकासबाट सेवा विस्तारको सरलीकरण, जोखिम न्यूनीकरण र सेवाको लागत न्यूनीकरण, रणनीति छनोटको प्रभावकारिता, समयसापेक्षित, सम्पत्ति र दायित्वको सन्तुलन, नैतिक बैङ्किङ सेवाको विकासको अवधारणाका साथै समावेशी सेवाको विस्तार जस्ता दृष्टिकोणको उपयोग गर्नु आवश्यक देखिन्छ ।

## ४. वाणिज्य बैंक व्यवस्थापनका आयामहरू

वाणिज्य बैंकको नीति, रणनीति, कार्यनीति, संरचना, व्यवस्थापकीय कार्य तथा सङ्गठनात्मक व्यवस्थापनअन्तर्गतका सबै अवयवहरूको व्यवस्थापनका साथै वाणिज्य बैंकका विशेष कार्यहरू अन्य सङ्गठनका व्यावसायिक कार्यभन्दा फरक प्रकृतिका हुने गर्दछन् । जस्तै : सम्पत्ति र दायित्व व्यवस्थापन, वित्तीय स्रोतको परिचालन, वित्तीय मध्यस्थकर्ताको कार्य, ब्याजदर निर्धारण, लागत व्यवस्थापन, जोखिम व्यवस्थापन जस्ता व्यवस्थापनका सबै पक्षहरूलाई वाणिज्य बैंक व्यवस्थापनका आयामका रूपमा लिन सकिन्छ । यी सबै आयामहरूको वैज्ञानिक व्यवस्थापनबाट मात्र वाणिज्य बैंकको व्यवस्थापकीय प्रभावकारिता अभिवृद्धि हुन

सक्दछ । यस खण्डमा वाणिज्य बैंकका सबै पक्षहरूको व्यवस्थापनका प्रमुख आयामहरू र तिनीहरूको प्रभावकारी व्यवस्थापनका लागि अवलम्बन गर्नुपर्ने र समेट्नुपर्ने मुख्य पक्षहरूको विश्लेषण गरिएको छ ।

## ४.१ सङ्गठनात्मक व्यवस्थापकीय आयाम

वाणिज्य बैंक कानुनद्वारा स्थापित व्यावसायिक सङ्गठन हो । यसको प्रमुख उद्देश्य वित्तीय मध्यस्थकर्ता अर्थात् Financial Intermediary को रहेको हुन्छ । निश्चित उद्देश्यसहित स्थापित यस्ता संस्थाको प्रभावकारी व्यवस्थापनका लागि स्पष्ट Vision, Mission को निर्माण तथा त्यस्ता Vision, Mission मा आधारित रही तादात्म्यता हुने गरी उद्देश्य निर्माण, लक्ष्य निर्धारण, उद्देश्य प्राप्तिका लागि आन्तरिक तथा बाह्य वातावरणको विश्लेषणसहित रणनीतिको छनोट, सो रणनीति कार्यान्वयनका लागि संरचना, कार्यक्रम तथा गतिविधिको छनोटपूर्ण उपयोग, साधनलाई साध्यमा रूपान्तरण गर्ने मार्गचित्रको योजना निर्माण, योजनाको कार्यान्वयनका लागि उपयुक्त संरचनाको छनोट तथा कार्यान्वयन, प्रभावकारी नेतृत्व, अनुगमन प्रणाली, नियन्त्रण प्रणाली र त्यसको कार्यान्वयन, यी सबै कार्यलाई प्रभावकारी बनाउन मानव संशाधनको व्यवस्थापन, मानव पुँजीको निर्माण, प्रतिस्पर्धी र तुलनात्मक लाभ हासिल गर्न सुशासन, पारदर्शिता, जवाफदेहिता, कानुनको पालना, ग्राहकमुखी सेवाको विस्तार गर्न नवीनतम प्रविधि तथा सेवा प्रवाहको आधुनिक पद्धतिको अनुसरण, ग्राहक गुनासो व्यवस्थापन गर्न गरिने सबै व्यवस्थापकीय कार्यहरू पर्दछन् । यस आयामअन्तर्गतका प्रायः सबै रणनीति तथा कार्यहरू अन्य व्यावसायिक सङ्गठनको प्रभावकारी व्यवस्थापनका लागि उपयोग गर्ने अभ्याससँग मेल खाने गर्दछन् ।

## ४.२ वाणिज्य बैंकका कार्यगत व्यवस्थापनका आयामहरू

अन्य सङ्गठनात्मक व्यवस्थापनभन्दा वाणिज्य बैंक फरक प्रकृतिका कार्यहरूको प्रभावकारी व्यवस्थापन पर्दछन्, जसअन्तर्गत मुख्यतया जोखिम व्यवस्थापन, सम्पत्ति र दायित्व व्यवस्थापन, तरलता व्यवस्थापन, पुँजीकोषको पर्याप्तता तथा व्यवस्थापन, लागत व्यवस्थापन तथा सञ्चालन दक्षताको अभिवृद्धि, कोष व्यवस्थापन, शाखा व्यवस्थापन, अन्तरबैंक सम्बन्ध व्यवस्थापन, प्रविधि व्यवस्थापन, निक्षेप व्यवस्थापन, कर्जा र लगानी व्यवस्थापन जस्ता पक्षहरू पर्दछन् । यी प्रमुख पक्षहरूको सङ्क्षिप्त चित्रण र प्रभावकारी वाणिज्य बैंक

व्यवस्थापनका लागि यस्ता आयामको व्यवस्थापनमा जोड दिनुपर्ने पक्षहरूलाई यहाँ चर्चा गरिएको छ ।

***जोखिम व्यवस्थापन :*** यसअन्तर्गत वाणिज्य बैंकको व्यवसायसँगै सिर्जना हुने अन्तरनिहित जोखिम, कर्जा जोखिम, सञ्चालन जोखिम, बजार जोखिम, तरलता जोखिमका साथै अन्य जोखिमहरू ख्यातिजन्य जोखिम, मानव संशाधन जोखिम, Compliance Risk आदिको व्यवस्थापन पर्दछन् । यस्ता जोखिम न्यूनीकरणका लागि जोखिम व्यवस्थापनका आधारभूत दृष्टिकोणहरू Risk avoidance approach, Risk transfer approach, Risk sharing approach, Risk Mitigation approach को छनोटपूर्ण उपयोग गर्ने, जोखिमको पहिचान तथा विश्लेषण, जोखिम मूल्याङ्कनपश्चात् जोखिम न्यूनीकरणका रणनीतिको प्रयोग, दबाब परीक्षण, अनुगमन तथा Reporting जस्ता जोखिम व्यवस्थापनका प्रक्रियाहरूको उपयोग गर्नुपर्दछ । वाणिज्य बैंकले प्रभावकारी जोखिम व्यवस्थापनका लागि Risk Function / Business Function को संरचना अलग अलग बनाउने, जोखिम अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने, स्वनियमन अभ्यासको कार्यान्वयन, आन्तरिक नियन्त्रण प्रणालीको सशक्तीकरण, जोखिममा आधारित लेखापरीक्षण, स्रोत सङ्कलन र उपयोग दुवैमा विविधीकरणको रणनीति अवलम्बन गर्नुपर्दछ । यसअन्तर्गत बैंकका अन्तरनिहित जोखिम न्यूनीकरणका लागि अवलम्बन गर्ने सबै रणनीतिहरू, जस्तै - कर्जा जोखिम न्यूनीकरणका लागि कर्जा लगानी गर्दा क्षेत्रगत, ग्राहकगत, कर्जाको सेवाअनुसारको विविधीकरण, वैज्ञानिक विश्लेषण गरी कर्जा प्रवाह गर्ने, कर्जा असुली प्रभावकारी बनाउने, त्यसै गरी सञ्चालन जोखिम न्यूनीकरण गर्न आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता, Dual control system को कार्यान्वयन, कर्मचारीमा नैतिक शिक्षा आचरणको विकास, कर्मचारीको क्षमता विकास जस्ता कार्यहरू लगायत सबै जोखिम न्यूनीकरणका लागि आवश्यक रणनीतिहरूको प्रयोगबाट बैंकको जोखिम व्यवस्थापनसँग सम्बन्धित सबै कार्यहरू पर्दछन् ।

***सम्पत्ति र दायित्व व्यवस्थापन :*** वाणिज्य बैंक व्यवस्थापनको अर्को महत्त्वपूर्ण पक्ष सम्पत्ति तथा दायित्व व्यवस्थापनलाई लिन सकिन्छ । यसअन्तर्गत अल्पकालीन दायित्वका आधारमा अल्पकालीन सम्पत्तिको सिर्जना र दीर्घकालीन दायित्वका आधारमा दीर्घकालीन सम्पत्तिको सिर्जना र सोको सन्तुलन कायम राख्ने, परिवर्तित बजारको प्रवृत्ति, परिस्थिति, आर्थिक प्रवृत्ति, नियमनकारी व्यवस्थाअनुसार सम्पत्ति

दायित्व व्यवस्थापनको रणनीतिको अवलम्बन, कर्जा र निक्षेपको एयचतायष्यि को सन्तुलन, कर्जा र लगानी जोखिम व्यवस्थापन, Deposit Mix को सन्तुलन, Risk Sensitive Assets / Risk Sensitive Liabilities को सन्तुलन, दबाब परीक्षण, कर्जाको हरितीकरण, Insider Lending जस्ता अभ्यासको न्यूनीकरण, सम्पत्ति तथा दायित्व व्यवस्थापनसँग सम्बन्धित नियमनकारी निर्देशनको व्यवस्थाअनुसार विभिन्न अन्तराल विश्लेषण गरी सम्भावित Maturity Mismatch को न्यूनीकरण जस्ता पक्षलाई लिन सकिन्छ । यसरी सम्पत्ति र दायित्व व्यवस्थापनअन्तर्गत बैंकको सम्पत्ति र दायित्व सन्तुलनमा राखी नाफा र तरलता सन्तुलनमा राख्न गरिने सबै कार्यहरूलाई लिन सकिन्छ ।

***तरलता व्यवस्थापन*** : वाणिज्य बैंकले प्रभावकारी व्यवस्थापनको रणनीतिअन्तर्गत तरलता अनुपातलाई आदर्शतम बिन्दुमा राख्न सक्नुपर्दछ । अधिक तरलताले बैंकको नाफा घटाउँदछ भने न्यून तरलताले वाणिज्य बैंकमा तरलता जोखिमको अवस्था सिर्जना गराउँदछ । बैंकले अल्पकालीन दायित्व भुक्तान गर्न सक्ने गरी तरल सम्पत्तिको व्यवस्थापन गर्दै दीर्घकालीन तरलताको अनुमानलाई प्रभावकारी बनाउनुपर्दछ । समग्र बैंकिङ प्रणालीमा रहेको तरलताको अवस्था, अर्थतन्त्रका समष्टिगत परिसूचकमा आउने उतारचढाव र त्यसबाट बैंकलाई पर्न सक्ने प्रभावको विश्लेषण गर्दै Cash Reserve लाई आदर्शतम बिन्दुमा राख्ने, पूर्णरूपमा तरल सम्पत्तिहरू जस्तै - Government Securities, Marketable Securities मा लगानीको सन्तुलन कायम राख्ने, सम्पत्ति र दायित्वको Portfolio मिलाउने, Deposit Mix प्रभावकारी बनाउने, Contingency Funding Plan कायम राख्ने, तरलताको नियमित दबाब परीक्षणलाई जोड दिने जस्ता रणनीति अवलम्बन गर्दै विभिन्न अन्तराल अर्थात् एकीकृत निर्देशनमा भएको व्यवस्थाअनुरूप ०-९० दिन, ९०-१८० दिन, १८०-२७० दिन, २७० दिन-१ वर्ष र १ वर्षभन्दा माथिका अन्तरालहरूमा आउन सक्ने सम्भावित Maturity Mismatch को विश्लेषण गरी सोहीअनुसार तरलता व्यवस्थापन रणनीति अवलम्बन गर्नुपर्दछ । यसका लागि बैंकको सम्पत्ति तथा दायित्व व्यवस्थापन समिति (Assets Liabilities Management Committee - ALCO) को क्षमता अभिवृद्धिका साथै उक्त समितिले स्पष्ट मार्गदर्शन प्रदान गर्न सक्नुपर्दछ। तरलता व्यवस्थापन गर्दा समग्र अर्थतन्त्रको प्रभाव, परिसूचकहरूमा आएका परिवर्तनको असरको सूक्ष्म विश्लेषण गरी सोहीअनुसार रणनीति अवलम्बन गर्नु सान्दर्भिक रहन्छ ।

***पुँजीकोषको पर्याप्तता र व्यवस्थापन :*** वाणिज्य बैंक व्यवस्थापनअन्तर्गत वाणिज्य बैंकको व्यवसायको विस्तारसँगै सिर्जना हुने जोखिम, जोखिम भारित सम्पत्ति र त्यसका आधारमा न्यूनतम पुँजीकोष कायम राख्दै जोखिमका आधारमा द्यगाभच पुँजीकोष कायम राख्नुपर्ने नियमनकारी व्यवस्था, बैंकको आन्तरिक व्यावसायिक वृद्धिको योजनाअनुसार पुँजीकोष अनुपात कायम हुने गरी पुँजीकोष पर्याप्तता, बैंकको समग्र जोखिम अवस्थाको विश्लेषण, त्यस्ता जोखिमलाई Cover गर्ने गरी पुँजीको पर्याप्तता कायम राख्न Internal Capital Adequacy Assessment Process (ICAAP) को कार्यान्वयन, पुँजीका उपकरणहरूको विविधीकरण, अनपेक्षित घाटा सहन गर्न सक्ने गरी Buffer Capital को व्यवस्था, पुँजीकोषसम्बन्धी दबाब परीक्षण, Capital Planning, Basel III को प्रावधानको कार्यान्वयन जस्ता पक्षहरूलाई लिन सकिन्छ ।

***अन्य पक्षहरू :*** वाणिज्य बैंक व्यवस्थापनअन्तर्गत नाफा र तरलताको सन्तुलन, सम्पत्ति र दायित्वको विविधीकरण, शाखाहरूको प्रभावकारी विस्तार तथा व्यवस्थापन, अन्तरबैंक सम्बन्धको प्रभावकारी व्यवस्थापन, स्रोत सङ्कलन र उपयोगमा सन्तुलन, प्रतिस्पर्धी र आधारदर कायम रहने गरी CRR तथा SLR लागत, कोष लागत र सञ्चालन लागतको न्यूनीकरण, कर्जा व्यवस्थापनअन्तर्गत उत्पादनशील कर्जा लगानी विस्तार, कर्जा लगानीका आधारभूत सिद्धान्त जस्तै - जोखिम न्यूनीकरणको सिद्धान्त, नाफाको सिद्धान्त, राष्ट्रिय हितको सिद्धान्त, प्रभावकारी विश्लेषणसहितको कर्जा विस्तारको सिद्धान्त, विविधीकरणको सिद्धान्त कार्यान्वयन हुने गरी कर्जा व्यवस्थापन, deposit Mix को प्रभावकारी व्यवस्थापन लगायतका वाणिज्य बैंकले गर्ने समग्र कार्यको प्रभावकारी व्यवस्थापनअन्तर्गतका सम्पूर्ण पक्षहरूलाई लिन सकिन्छ ।

वाणिज्य बैंक व्यवस्थापनका आयामअन्तर्गत प्राविधिक पक्षको व्यवस्थापन, Financial Technology (Fin.Tech.) को विस्तारबाट सेवाको सहजीकरण, सेवाका लागत न्यूनीकरण, यी सबै पक्षको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत साधनको सिर्जनाकर्ता, उपयोगकर्ता, परिचालनकर्ता, संवेदनशील स्रोत, मानव संशाधनको प्रभावकारी व्यवस्थापन, परिचालन, नेतृत्व विकास जस्ता पक्षहरूलाई समेत वाणिज्य बैंक व्यवस्थापनका पक्षका रूपमा लिन सकिन्छ । यी आयामहरूको चर्चाबाट वाणिज्य बैंक व्यवस्थापनअन्तर्गत कुनै एक पक्षको मात्र नभई समग्रतामा Holistic Approach बाट मूल्याङ्कन

गर्न सकिने देखिन्छ ।

## ५. वाणिज्य बैंक व्यवस्थापनको प्रभावकारिता मूल्याङ्कनका परिसूचक तथा आधारहरू

वाणिज्य बैंक व्यवस्थापनका सबै आयामहरूको व्यवस्थापन प्रभावकारी रूपमा गर्न सकेमा वाणिज्य बैंकको दिगो विकासका साथै जोखिम न्यूनीकरण, सरोकारवालाको सन्तुष्टि अभिवृद्धि, स्वार्थको द्वन्द्वको न्यूनीकरण र व्यावसायिक सफलता प्राप्त हुन सक्दछ । यस परिदृश्यमा वाणिज्य बैंक व्यवस्थापनको प्रभावकारिता वाणिज्य बैंकको वित्तीय स्वास्थ्य, सञ्चालन दक्षता, जोखिम व्यवस्थापनको प्रभावकारिता जस्ता परिसूचकबाट मूल्याङ्कन गर्न सकिन्छ । यसरी मापन गर्ने परिसूचकहरूलाई निम्न समूहमा उल्लेख गरिएको छ ।

***(क) व्यवस्थापकीय प्रभावकारिता मापन परिसूचकहरू :*** यसअन्तर्गतका परिसूचकहरूबाट वाणिज्य बैंकहरूले अवलम्बन गरेका व्यावसायिक रणनीति, व्यवस्थापकीय कार्यको प्रभावकारिता, नेतृत्वको प्रभावकारिता आदिको मापन गरिन्छ । यस्ता परिसूचकको मूल्याङ्कनबाट वाणिज्य बैंकको व्यवस्थापकीय पक्षमा गर्नुपर्ने सुधारहरू र रणनीति परिवर्तनको मार्गचित्रको पहिचान गर्न सकिन्छ । यसअन्तर्गतका केही प्रमुख परिसूचकहरूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

- सुशासन, पारदर्शिता, समावेशिता सहितको व्यवस्थापकीय अभ्यास,
- बैंकका सरोकारवालाको सन्तुष्टि,
- सरोकारवालाको गुनासोको सङ्ख्या,
- नेतृत्व विकासको प्रभावकारिता,
- व्यवस्थापकीय तटस्थताको अवस्था,
- वाणिज्य बैंकको बजार हिस्सामा भएको वृद्धि,
- नियमनकारी निर्देशनको पालनाको अवस्था,
- कर्मचारीहरूले बैंक छोड्ने दर,
- बैंकको व्यवसायको हिस्सामा भएको परिवर्तनको अवस्था,
- सरोकारवालाबिचको स्वार्थको द्वन्द्वको अवस्था ।

***(ख) वित्तीय परिसूचकको मूल्याङ्कन :*** वाणिज्य बैंकको व्यवस्थापनको प्रभावकारिता विभिन्न वित्तीय परिसूचकहरूबाट समेत मूल्याङ्कन गर्न सकिन्छ। यस्ता परिसूचकहरूले वित्तीय स्रोत साधनको प्रभावकारी परिचालन र वित्तीय स्रोतको सङ्कलन तथा परिचालनबिचको असन्तुलनको अवस्थाको मूल्याङ्कन गर्दछन्। यसअन्तर्गत मुख्यतः निम्न परिसूचकहरूलाई लिन सकिन्छ :

- सम्पत्ति र दायित्वको सन्तुलनको अवस्था,
- तरलता र नाफाको सन्तुलन (Trade Off) को अवस्था,
- Non Performing Loan को अनुपात,
- पुँजीकोषको पर्याप्तता,
- Buffer Capital को व्यवस्था,
- सम्पत्तिको गुणस्तर,
- सम्पत्ति तथा दायित्वको विभिन्न अन्तरालमा Maturity Mismatch रहे नरहेको,
- नाफा तथा प्रतिफलका सूचकहरू जस्तै – Return of Assets, Return on Equity, Cost to Income Ratio को अवस्था र त्यस्ता परिसूचकको दिगोपन,
- Capital Adequacy Ratio,
- कर्जा निक्षेप अनुपात,
- कोष लागत,
- सञ्चालन खर्चको अनुपात,
- दबाब परीक्षणको नतिजा,
- नियमनकारी निर्देशनको पालनाको अवस्था,
- Dividend Yield को अनुपात,
- बैंकको सेयर मूल्य,
- व्यवसाय विस्तार,
- ग्राहकको आकार,
- Financial Technology को प्रयोगको विस्तार,
- आधारदर प्रतिस्पर्धी रहे नरहेको।

यसरी वाणिज्य बैंक व्यवस्थापनको प्रभावकारिता विभिन्न व्यवस्थापकीय प्रभावकारिता तथा वित्तीय स्रोत साधन परिचालनको प्रभावकारिता मापनका परिसूचकका आधारमा मूल्याङ्कन गर्न सकिन्छ । यस्ता परिसूचकको निरन्तर मूल्याङ्कन गर्दै सोहीअनुसार वाणिज्य बैंक व्यवस्थापनमा रणनीतिगत गतिशीलता कायम राख्न सक्नुपर्दछ ।

## ६. नेपालमा वाणिज्य बैंक व्यवस्थापनमा रहेका प्रमुख चुनौतीहरू

नेपालको सन्दर्भमा वाणिज्य बैंक व्यवस्थापनका विभिन्न आयामहरूको सन्तुलित व्यवस्थापनमा रहेका केही चुनौतीहरूलाई बुँदागत रूपमा वाणिज्य बैंकको आन्तरिक, व्यवस्थापकीय अभ्यास र बाह्य वातावरणलाई समेत आधार मानी निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- तरलताको प्रमुख स्रोतका रूपमा विप्रेषणमा अधिक परनिर्भरता,
- दोहोरिने प्रवृत्तिको तरलता उतारचढावबाट आउने सम्पत्ति र दायित्वबिचको असन्तुलन न्यूनीकरण गर्न,
- कर्जाको Ever greening, Insider Lending अभ्यासको न्यूनीकरण गर्न,
- बैंकका लगानीकर्ता र व्यवसायी एउटै हुँदा सिर्जना हुने स्वार्थको द्वन्द्वको न्यूनीकरण गर्न,
- AML/CFT को प्रावधानको पूर्ण कार्यान्वयन गर्न,
- Financial Technology को गतिशील प्रयोग र यसबाट सिर्जना हुन सक्ने Cyber Security सम्बन्धी चुनौती समाधान गर्न,
- परिवर्तित ग्राहकको माग बमोजिम Demand Driven Banking सेवाहरूको विकास गर्न,
- कर्जाको विविधीकरण, बजार जोखिमको प्रभावकारी न्यूनीकरण, बढ्दो सञ्चालन जोखिमको प्रभावकारी न्यूनीकरण,
- वित्तीय समावेशिता तथा ग्रामीण अर्थतन्त्रसम्म सन्तुलित रूपमा विकास गर्न,
- नाफा र तरलताको बिचमा सन्तुलन कायम गर्न,
- बैकिङ क्षेत्रको स्रोत साधनलाई राष्ट्रिय उत्पादकत्व अभिवृद्धिका क्षेत्रमा परिचालन बढाउन,

- बैङ्किङ सेवाको Digitalization सँगै Digital Financial Literacy को अभिवृद्धि गर्न,
- दबाब परीक्षणलाई वैज्ञानिक बनाउन,
- जोखिममा आधरित लेखापरीक्षणको प्रभावकारी कार्यान्वयनको दायरा बढाउन,
- वित्तीय साक्षरताको वृद्धि, Data Security को व्यवस्था, स्रोत साधनलाई उत्पादनशील क्षेत्रतर्फ परिचालन, Cashless Banking अभ्यासको कार्यान्वयनको विस्तार जस्ता चुनौतीहरू रहेका छन् ।

## ७. अन्त्यमा

वाणिज्य बैंकको प्रभावकारी व्यवस्थापन बहुआयामिक आयामहरूको एकीकृत प्रयासका रूपमा लिन सकिन्छ । बैङ्किङ परिदृश्यमा वित्तीय जटिलता, नियामक गतिशीलता, वातावरणीय गतिशीलता, प्राविधिक विकास, ग्राहकको अपेक्षामा आएको परिवर्तनलाई मध्यनजर गर्दै कुशल वाणिज्य बैंक व्यवस्थापनमा रणनीतिक कौशलता, विवेकपूर्ण स्रोत परिचालन, परिचालन दक्षताको उपयोग, आर्थिक तथा अन्य वातावरणीय परिवर्तनसँग रणनीतिक तादात्म्यतासहितको व्यवस्थापन आवश्यक रहन्छ । प्रभावकारी वाणिज्य बैंक व्यवस्थापनबाट बैंकको वित्तीय स्वास्थ्य मजबुत रहनुका साथै व्यावसायिक परिसूचकसमेत सकारात्मक रहन्छन् । सञ्चालन दक्षता, नवीनतम प्रविधिको प्रयोगको विस्तार, प्राविधिक जोखिमको न्यूनीकरण, सम्पत्ति र दायित्वबिचको सन्तुलन, नाफा र तरलताबिचको सन्तुलन, नियमनकारी निर्देशनको पूर्ण पालना, मानव पुँजीको निर्माण, परिचालन, वातावरणीय चुनौतीको सामना गर्दै वाणिज्य बैंक व्यवस्थापनका रणनीतिहरूको कार्यान्वयन गर्नुपर्दछ । अतः वाणिज्य बैंक व्यवस्थापनलाई गतिशील र निरन्तर चल्ने कार्य मान्न सकिन्छ, जसको दिगो विकासका लागि औद्योगिक सहकार्य, समन्वय, नैतिक व्यवहारसहितको सेवा विस्तार, सुशासन, पारदर्शिता, परिवर्तनशील बाटोसहितको वाणिज्य बैंक व्यवस्थापनको रणनीति अनुसरण गरिनु आवश्यक छ ।

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रोपाइटर : **प्रकाश वि.क.**
**आकर्षक ज्वेलर्स सुनचाँदी पसल**
वेशीसहर न.पा. ७, लमजुङ
मोबाइल नं. ९८४१७३५२७५

यहाँ ग्राहक वर्गहरुको इच्छा आकांक्षा बमोजिम सुनचाँदी तथा बहुमुल्य पत्थरहरुको गहनाहरु डिजाइन गरी सुपथ मुल्यमा खरिद तथा विक्री गरिन्छ ।

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रोपाइटर : **प्रसन्ना श्रेष्ठ**
**सौर्य इन्टरप्राइजेज एण्ड सप्लायर्स**
वेशीसहर न.पा. ७, लमजुङ
मोवाइल नं. ९८५६०४५०७९

यहाँ निर्माण सम्वन्धीत सम्पूर्ण हार्डवयरका सामानहरु सुपथ मुल्यमा खरिद विक्री वितरण गरिन्छ ।

**"भविष्यको लागि जीवन बीमा गरी निश्चिन्त हुनुहोस् ।"**

हाम्रा सेवाहरुः-

सावधिक, सावधिक (दोहोरो दूर्घटना लाभ समेत),
बालबच्चाको शिक्षा तथा विवाह, बात्सल्य, जीवन साथी, बालउमङ्ग,
जीवन सुरक्षा, म्यादी (मेरो जीवन बीमा र हाम्रो जीवन बीमा)
र सामूहिक सावधिक जीवन बीमा (राष्ट्रसेवक समेत) ।

**राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड**
Rastriya Jeewan Beema Company Limited

(नेपाल बीमा प्राधिकरणबाट इजाजत प्राप्त)

www.rbs.gov.np info@rbs.gov.np प्रधान कार्यालय: रामशाहपथ, काठमाडौं ०१-४२६२५२०

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रो. **सिद्धराज जोशी**
**होटल लर्ड बुद्ध**
दि.सि.न.पा. - ६, डोटी
मोवाइल नं. ९८४८४४८०३३

खान तथा बस्नको लागी
हामीलाई सम्झिनु होला ।

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रो. **प्रेम शंकर भट्ट**
**पि.एस. कन्स्ट्रक्सन**
दि.सि.न.पा.- ६, डोटी
मोबाइल नं. ९८४१२७३३७१

निमार्ण सम्बन्धी कामको
लागि हामीलाई सम्झिनु होला ।

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रो. **महादेव भट्ट**
**जयश्री वासुलिङ्ग**
**ट्रेडर्स एण्ड सप्लायर्स**
अत्तरिया, कैलाली
मोवाइल नं. ९८४८८३२९१७

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रो. **तेजराज पनेरु**
**रत्न एण्ड रोशन ट्रेडर्स**
अत्तरिया, कैलाली
मोवाइल नं. ९८४८५४६६२१

# नेपालमा मौद्रिक नीतिको अभ्यास र सुधारका सवालहरू



**नन्द कुमार ढकाल**
*उप-निर्देशक, नेपाल राष्ट्र बैंक*

## १. पृष्ठभूमि

मौद्रिक नीति केन्द्रीय बैंकले मौद्रिक उपकरणहरूका माध्यमबाट बजार ब्याजदर वा मुद्रा प्रदायलाई प्रभावित पारेर मौद्रिक तथा आर्थिक लक्ष्य हासिल गर्न एक निश्चित संरचनामा रहेर तर्जुमा र कार्यान्वयन गर्ने समष्टिगत आर्थिक नीति हो । नेपालमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले निर्दिष्ट गरेबमोजिम नेपाल राष्ट्र बैंकले मूल्य र शोधनान्तर स्थिरता कायम गर्ने मुख्य उद्देश्यका साथ मौद्रिक नीति तर्जुमा गर्दछ । नेपाल राष्ट्र बैंकले आफूलाई कानुनी रूपमा प्राप्त जिम्मेवारीहरू वित्तीय पहुँच अभिवृद्धि गर्ने, वित्तीय स्थायित्व कायम गर्ने एवम् सुरक्षित, स्वस्थ र सक्षम भुक्तानी प्रणालीको विकास गर्ने दायित्व पूरा गर्न वित्तीय क्षेत्रसम्बन्धी नीति र विदेशी विनिमय व्यवस्थापन नीतिहरूसमेत तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने गर्दछ । नेपाल राष्ट्र बैंकले जारी गर्ने मौद्रिक नीतिको वार्षिक, अर्धवार्षिक वा त्रैमासिक प्रतिवेदनमा उपयुक्त सबै नीतिहरू समेट्ने प्रचलन रहेको छ । यसै सन्दर्भमा यो लेखमा नेपालमा मौद्रिक नीतिका रूपमा समेटिने तीन वटै नीतिहरूको सङ्क्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ ।

## २. मौद्रिक नीतिको अभ्यास

### २.१ मूलभूत मौद्रिक नीतिसम्बन्धी

मौद्रिक व्यवस्थापनका माध्यमबाट बजार ब्याजदर वा मुद्रा प्रदायलाई प्रभावित पारेर मौद्रिक तथा आर्थिक लक्ष्य हासिल गर्न केन्द्रीय बैंकले मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयन एक निश्चित संरचनामा रहेर गर्ने प्रचलन छ । यस्तो संरचनालाई मौद्रिक नीतिको संरचना (Monetary Policy Framework) भन्ने गरिन्छ । अन्तर्राष्ट्रिय मुद्राकोषले मौद्रिक नीतिका संरचनाहरूलाई मौद्रिक लक्ष्यमा आधारित संरचना (Monetary Aggregate Target), मुद्रास्फीति

लक्ष्यमा आधारित संरचना (Inflation Targeting Framework), विनिमय दर मौद्रिक अङ्कुश मान्ने संरचना (Exchange Rate Anchor) र अन्य संरचनाहरू (Other Frameworks) मा वर्गीकरण गरेको छ । नेपाल राष्ट्र बैंकले हाल अवलम्बन गरिरहेको मौद्रिक नीतिको संरचना स्थिर विनिमय दर प्रणाली (Exchange Rate Anchor) मा आधारित रहेको छ (चित्र १) । भारतीय मुद्रासँग नेपाली रुपैयाँको स्थिर विनिमय दर पद्धति रहेको सन्दर्भमा नेपालको मौद्रिक नीतिको संरचना यसै व्यवस्थाले निर्देशित गरेको छ ।

**चित्र १: नेपालमा मौद्रिक नीतिको संरचना**




*स्रोत : आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिमा आधारित ।*

मौद्रिक नीतिको संरचना गतिशील हुन्छ । मौद्रिक नीतिको संरचना विभिन्न मुलुकमा फरक-फरक हुन सक्छ भने उही अर्थतन्त्रमा अर्थतन्त्र र वित्तीय प्रणालीको संरचना र आधारभूत नीतिगत आधारमा परिवर्तन भएसँगै परिमार्जन गर्नुपर्ने हुन सक्छ । नेपालमा मौद्रिक नीतिको औपचारिक अभ्यास आर्थिक वर्ष २०५९/६० को मौद्रिक नीतिबाट भएको हो । त्यस अघि नेपाल राष्ट्र बैंकले मौद्रिक तथा वित्तीय नीतिसँग सम्बन्धित व्यवस्थाहरू निर्देशनहरूमार्फत गर्ने अभ्यास थियो । मौद्रिक नीति सार्वजनिक गर्न सुरु गरे यताको दुई दशकभन्दा लामो अवधिमा मौद्रिक नीतिको संरचना परिमार्जन गरिँदै लगिएको छ । नेपाली रुपैयाँको भारतीय मुद्रासँग स्थिर विनिमयदरको व्यवस्था सुरुवातबाट नै कायम रहेका कारण स्थिर विनिमयदरलाई मौद्रिक नीतिको रणनीतिक अङ्कुशका रूपमा लिने अभ्यास निरन्तर रहिआएको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले यस बैंकलाई मूल्य स्थायित्व कायम गर्ने, बाह्य क्षेत्र स्थायित्व कायम गर्ने, वित्तीय स्थायित्व कायम गर्ने तथा वित्तीय पहुँच अभिवृद्धि गर्ने र समष्टिगत आर्थिक स्थायित्वमा आघात नपर्ने गरी आर्थिक वृद्धिलाई सघाउ पुऱ्याउने जस्ता एकभन्दा धेरै जिम्मेवारी दिएको छ। यी लक्ष्यहरू हासिल गर्न नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको संरचनामा सञ्चालन लक्ष्य, अन्तरिम लक्ष्य र मौद्रिक उपकरणहरू तय गरेको छ। विद्यमान मौद्रिक नीतिको संरचनामा बैंक तथा वित्तीय संस्थाहरूबिचको भारित औसत अन्तरबैंकदरलाई सञ्चालन लक्ष्यका रूपमा लिने व्यवस्था छ। मौद्रिक व्यवस्थापनका विभिन्न उपकरणहरूको प्रयोग गरी केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्थाहरूबिचको भारित औसत अन्तरबैंकदरलाई ब्याजदर करिडोरभित्र राख्ने प्रयत्न गर्दछ। ब्याजदर करिडोरभित्र नीतिगत दरभन्दा तल वा माथि यस्तो अन्तरबैंकदर कायम भएमा त्यसले एकातर्फ मौद्रिक नीतिको वास्तविक अडान लचिलो वा कसिलो भन्ने सङ्केत गरिरहेको हुन्छ भने अर्कोतर्फ उपयुक्त मौद्रिक उपकरणको प्रयोगमार्फत तरलता व्यवस्थापन गर्न सङ्केत गरिरहेको हुन्छ। बैंक तथा वित्तीय संस्थाहरूको भारित औसत अन्तरबैंकदरको अवस्थाले मौद्रिक नीतिको अन्तरिम लक्ष्य तथा उद्देश्य हासिल हुने, नहुनेसमेत सङ्केत गरिरहेको हुन्छ। त्यसैले केन्द्रीय बैंकले मौद्रिक नीतिको सञ्चालन लक्ष्यका रूपमा रहेको औसत अन्तर बैंकदरलाई अपेक्षित स्तरमा राखी अन्तरिम लक्ष्य हासिल गर्ने प्रयत्न गरिएको हुन्छ। मौद्रिक नीतिको संरचनामा स्थिर विनिमय पद्धतिलाई मौद्रिक अङ्कुशको लिएको अवस्थामा यसैलाई अन्तरिम लक्ष्यका रूपमा मान्ने गरिएको छ। मौद्रिक नीतिको प्रतिवेदनमा मौद्रिक यौगाङ्कहरू (मुख्यरूपमा मुद्रा प्रदाय तथा कर्जा विस्तार) को प्रक्षेपण सार्वजनिक गरी नेपाल राष्ट्र बैंकले बजारलाई मौद्रिक नीतिको सङ्केत र कार्यदिशा सञ्चार पनि गरिरहेको हुन्छ।

मौद्रिक नीतिका उपकरणहरूमध्ये खुला बजार सञ्चालनका उपकरणहरूअन्तर्गत रिपो, रिभर्स रिपो, सोझै खरिद, सोझै बिक्री, बोलकबोल र निक्षेप सङ्कलन उपकरण रहेका छन्। त्यसै गरी तरलता व्यवस्थापन गर्ने अन्य उपकरणहरूमा स्थायी तरलता सुविधा, स्थायी निक्षेप सुविधा र ओभरनाइट तरलता सुविधा रहेका छन्। दीर्घकालीन अधिक तरलता व्यवस्थापन गर्न नेपाल राष्ट्र बैंक ऋणपत्रसमेत जारी गर्न सक्ने व्यवस्था रहेको छ। बैंक तथा वित्तीय संस्थाहरूबिचको भारित औसत अन्तरबैंकदरको उतारचढावलाई कम गर्न स्थायी तरलता सुविधा दर र

निक्षेप सङ्कलन दर वा स्थायी निक्षेप दरको सीमाभित्र राखी सोमार्फत निक्षेप तथा कर्जाको ब्याजदरमा स्थायित्व कायम गर्ने लक्ष्यका साथ ब्याजदर करिडोर कार्यान्वयनमा ल्याइएको छ । नीतिगत दरले मौद्रिक नीतिको अडान (Policy Stance) लाई सङ्केत गर्ने काम गर्दछ । केन्द्रीय बैंकले मौद्रिक नीतिको नीतिगत दर घटाएर मौद्रिक नीतिको खुकुलो कार्यदिशा लिएको र नीतिगत दर बढाएर कसिलो कार्यदिशा लिएको सङ्केत गरिरहेको हुन्छ ।

**चित्र २ : नेपालमा ब्याजदर करिडोरको प्रारूप**




*स्रोत : आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिमा आधारित ।*

## २.२ वित्तीय क्षेत्रसम्बन्धी नीतिगत व्यवस्था

वित्तीय स्थायित्व कायम गर्न बैंक तथा वित्तीय संस्थाको नियमन तथा सुपरिवेक्षणसँग सम्बन्धित विभिन्न नीतिगत व्यवस्थाहरू प्रचलनमा छन् । नेपाल राष्ट्र बैंकलाई बैंक तथा वित्तीय संस्थाको नियमन तथा सुपरिवेक्षण गर्ने जिम्मेवारी कानुनी रूपमा प्राप्त भएको सन्दर्भमा यस बैंकले वित्तीय स्थायित्वलाई केन्द्रमा राखेर वित्तीय क्षेत्रसम्बन्धी विभिन्न नीतिगत व्यवस्था गर्दै आएको छ । बैंक तथा वित्तीय संस्थाको नियमन तथा सुपरिवेक्षणमार्फत वित्तीय प्रणालीमा सङ्कट आउन नदिने, अस्वस्थ प्रतिस्पर्धा सिर्जना हुन नदिने, वित्तीय प्रणालीप्रति जनविश्वास कायम राखी अनौपचारिक वित्तीय बजारलाई निरुत्साहित गर्ने र बैंक वा वित्तीय संस्था सङ्कटमा परेमा सुधार गरी पुनः सञ्चालनमा ल्याउने प्रयत्न भइरहेको हुन्छ । यसका अतिरिक्त प्रभावकारी सुपरिवेक्षणमार्फत ग्राहक

लगानीकर्ताको हित संरक्षण गर्ने, कुशल र प्रभावकारी वित्तीय संस्थाको विकास गर्ने र वित्तीय बजारलाई प्रभावकारी, प्रतिस्पर्धी, पारदर्शी र व्यावसायिक बनाउने प्रयत्न गरिँदै आएको छ ।

बैंक तथा वित्तीय संस्थाको सुपरिवेक्षणलाई व्यवस्थित बनाउन वासल कमिटी अन बैंकिङ सुपरभिजन (Basel Committee on Banking Supervision) ले प्रतिपादन गरेका अन्तर्राष्ट्रिय मापदण्डहरू अनुसरण गरिन्छ । वासल-१ मापदण्ड सन् १९८८ मा ल्याइएको थियो, जसले कर्जा जोखिमलाई बढी ध्यान दिएको थियो । यसले सम्पत्तिलाई पाँच जोखिम वर्गमा वर्गीकरण गरेको थियो भने न्यूनतम पुँजी पर्याप्तता अनुपात सम्पत्तिको जोखिम भारको ८ प्रतिशत कायम गर्न सुझाएको थियो । वासल-२ मापदण्ड सन् २००४ मा ल्याइएको थियो । यसले बैंक तथा वित्तीय संस्थाको पुँजी संरचनालाई न्यूनतम आवश्यक पुँजी, सुपरिवेक्षकीय रिभ्यु र Market Disclosure गरी तीन स्तम्भमा वर्गीकरण गरेको थियो । साथै यसले कर्जा जोखिमका अतिरिक्त बजार जोखिम र सञ्चालन जोखिमलाई समेत ध्यान दिन सुझाएको थियो । पछिल्लो मापदण्डका रूपमा सन् २०१० बाट आएको वासल-३ ले विद्यमान सुपरिवेक्षकीय मापदण्डमा व्यापक परिमार्जन गरेको देखिन्छ । वासल-३ ले तरलता जोखिमलाई ध्यान दिने, पुँजी नियमनमा थप तह र कसिलो व्यवस्था गर्ने, काउन्टर साइक्लिकल क्यापिटल बफरको व्यवस्था गर्ने र सिस्टेमिकल्ली इम्पोर्टेन्ट बैंकको व्यवस्था गर्ने जस्ता सुधार सिफारिस गरेको थियो ।

वित्तीय प्रणालीको स्थायित्वका लागि सूक्ष्म र समष्टिगत विवेकशील नियमनको प्रचलन छ । सूक्ष्म र विवेकशील नियमनले बैंक वा वित्तीय संस्थालाई जोखिममा पर्नबाट सुरक्षित राख्ने मापदण्ड तय गरेको हुन्छ भने समष्टिगत विवेकशील नियमन तथा सुपरिवेक्षण नीतिले समग्र वित्तीय क्षेत्रको स्थायित्वलाई केन्द्रमा राखेको हुन्छ । पछिल्लो समय नेपाल राष्ट्र बैंकले वित्तीय स्थायित्वका लागि विभिन्न समष्टिगत विवेकशील नीतिका औजारहरू प्रयोगमा ल्याएको छ । यी औजारहरू कर्जा, पुँजी, तरलता आदिसँग सम्बन्धित रहेको देखिन्छ (तालिका १) । नेपाल राष्ट्र बैंकले समष्टिगत विवेकशील नीति र मौद्रिक नीतिका व्यवस्थाहरूसँग तादात्म्यता हुने गरी नीतिगत व्यवस्था गर्दै आएको छ ।

**तालिका १ : समष्टिगत विवेकशील नीतिका औजारहरू**

| कर्जा सम्बन्धी | पुँजी सम्बन्धी | तरलता सम्बन्धी | अन्य |
|---|---|---|---|
| कर्जा-मूल्य अनुपात सीमा | पुँजी पर्याप्तता | नगद मौज्दात अनुपात | दबाब परीक्षण |
| ऋण-आय अनुपात सीमा | काउन्टर साइक्लिकल पुँजी | खुद तरलता अनुपात | अन्तिम ऋणदाता सुविधा |
| एकल ग्राहक कर्जा सीमा | - | - | - |
| क्षेत्रगत कर्जा सीमा | - | - | - |
| विदेशी मुद्रामा लगानी सीमा | - | - | - |
| चालु पुँजी कर्जा सीमा | - | - | - |

*स्रोत : एकीकृत निर्देशन, २०८० मा आधारित ।*

### २.३ विदेशी विनिमय नीतिसम्बन्धी नीतिगत व्यवस्था

नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार विदेशी विनिमय व्यवस्थापनसँग सम्बन्धित नेपाल राष्ट्र बैंकका काम, कर्तव्य र अधिकारमा विदेशी विनिमय नीति निर्माण गर्ने तथा सो नीति कार्यान्वयन गर्ने, गराउने, विनिमय दर पद्धति निर्धारण गर्ने र विदेशी विनिमय सञ्चितिको व्यवस्थापन र सञ्चालन गर्ने रहेका छन् । यस बैंकले उक्त काम, कर्तव्य र अधिकार पूरा गर्न नेपाल राष्ट्र बैंक ऐन, २०५८ का अतिरिक्त विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९, विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१, विनिमय अधिकार पत्र ऐन, २०३४, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५, सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५, आर्थिक ऐन र अन्य सम्बन्धित ऐनहरूलाई आधार मान्नुपर्ने हुन्छ । त्यसै गरी विभिन्न नियमावली, विनियमावली, नीति, निर्देशनहरूले समेत बैंकलाई मार्गनिर्देश गरिरहेको हुन्छ । सन् १९९० को दशकमा आर्थिक उदारीकरणको नीति अवलम्बन गरिएसँगै नेपालमा चालु खाता क्रमश: खुला गरिएको, बैंक तथा वित्तीय संस्थालाई विनिमय दर माग तथा आपूर्तिका आधारमा निर्धारण गर्न लचकता अपनाइएको, विदेशी मुद्रामा निक्षेप खाता खोल्न दिने व्यवस्था गरिएको, नेपाल

राष्ट्र बैंक ऐनमा संशोधनमार्फत केन्द्रीय बैंकको स्वायत्तता बढाइएको देखिन्छ ।

विद्यमान कानुनी व्यवस्थाबमोजिम नेपाल राष्ट्र बैंकले विदेशी विनिमय व्यवस्थापन नीतिमा समयानुकुल परिमार्जन गर्दै आएको छ । मुलुकको बाह्य क्षेत्र स्थायित्व कायम गर्ने र विदेशी विनिमय सञ्चितिको व्यवस्थापन गर्ने जिम्मेवारी पूरा गर्ने गरी नेपाल राष्ट्र बैंकले विदेशी विनिमय व्यवस्थापन गर्दै आएको छ । विदेशी लगानी आप्रवाहलाई सहजीकरण गर्न लगानीका क्षेत्र र लगानी रकमको न्यूनतम सीमा पुनरावलोकन हुँदै आएको, तोकिएका क्षेत्रहरूबाट विदेशी मुद्रामा ऋण लिन खुला गरिएको, गैरआवासीय नेपालीहरूलाई बचत तथा मुद्दती बैंक खाता खोल्न, निक्षेप जम्मा गर्न र फिर्ता लैजान सहजीकरण गरिएको, विप्रेषण आप्रवाहलाई प्रोत्साहित गरिएको, बैंक तथा वित्तीय संस्थालाई विदेशमा बैंक शाखा खोल्न सहजीकरण गर्ने र नेपालीलाई विदेशमा लगानी गर्न प्रतिबन्ध लगाइएको छ । मुलतः विद्यमान विदेशी विनिमय व्यवस्थापन नीति बाह्य स्रोत परिचालन बढाउने र विदेशी विनिमय खर्चमा मितव्ययिता अपनाउने प्रकारको छ । नेपालमा स्थिर विनिमय दर पद्दतीअनुरूप विदेशी विनिमय व्यवस्थापन गर्ने अभ्यास छ । नेपाल राष्ट्र बैंकले मौद्रिक नीति र वित्तीय नीतिसँग तादात्म्यता हुने गरी विदेशी विनिमय व्यवस्थापन नीति अवलम्बन गर्दै आएको छ ।

## ३. नीतिगत सुधारका सवालहरू

नेपाल राष्ट्र बैंकले त्रैमासिक रूपमा प्रकाशन गर्ने मौद्रिक नीति प्रतिवेदनमा मौद्रिक नीति, वित्तीय क्षेत्र तथा विदेशी विनिमय व्यवस्थापनसम्बन्धी नीतिहरू समेट्ने गरेकाले उक्त प्रतिवेदनलाई सोही रूपमा बुझ्न उपयुक्त हुन्छ । आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिमा यसलाई स्पष्ट पारिएको छ । यद्यपि पछिल्लो समय नेपालमा केन्द्रीय बैंक तथा मौद्रिक नीतिप्रति सरोकारवाला र सर्वसाधारणको अपेक्षा अत्यन्तै बढेको सन्दर्भमा मौद्रिक नीतिले समेट्ने विषयहरू, मौद्रिक नीतिका औजारहरू र यसका सीमाहरूबारे थप प्रस्ट पार्नुपर्ने देखिएको छ ।

अर्थतन्त्रको संरचनामा आएको परिवर्तन र वित्तीय प्रणालीमा भएको विकासलाई ध्यानमा राखी मौद्रिक नीतिको संरचनालाई समयसापेक्ष सुधार गर्दै लैजानुपर्ने हुन्छ । पछिल्लो समय नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको तर्जुमा गर्दा तथ्याङ्कमा आधारित हुने, मौद्रिक उपकरणहरूलाई स्वचालित बनाउने, मौद्रिक उपकरण थप गरी मौद्रिक नीतिको संरचनालाई पूर्णता दिने र मौद्रिक नीति तर्जुमाको पृष्ठभूमिसमेत प्रस्ट पार्ने प्रयास गरेको छ । तथापि, मौद्रिक नीतिको संरचनामा

भएको सुधारको नतिजा प्राप्त गर्न केन्द्रीय बैंकको सञ्चालन स्वायत्तता सुनिश्चित हुन, बैंक तथा वित्तीय संस्थाहरूको व्यवहारमा अपेक्षित सुधार आउन, सरकारको खर्च, राजस्व र ऋण परिचालन अनुमानयोग्य र नियमित हुन जरुरी छ । मौद्रिक व्यवस्थापनका माध्यमबाट अल्पकालीन ब्याजदरको उतारचढावलाई कम गर्दै वाञ्छित सीमाभित्र राख्दै दीर्घकालीन ब्याजदरलाई उपयुक्त स्तरमा स्थायित्व दिने केन्द्रीय बैंकको हालको मौद्रिक रणनीति प्रभावकारी हुन अल्पकालीन ब्याजदर र दीर्घकालीन ब्याजदरबिच बलियो सम्बन्ध हुनुपर्ने हुन्छ ।

वित्तीय क्षेत्रसम्बन्धी नियामकीय तथा सुपरिवेक्षकीय व्यवस्थाहरू अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप रहेका छन् । यद्यपि तिनको अनुपालनामा बैंक तथा वित्तीय संस्थाहरू थप जिम्मेवार हुनुपर्ने देखिएको छ । बैंक तथा वित्तीय संस्थाहरूले नियामकीय निकायबाट जारी हुने कतिपय नीति निर्देशनहरूका व्यवस्था तथा आशयबमोजिम व्यवहार नहुँदा नियामकबाट एकातर्फ साना-साना विषयमा निर्देशन जारी गर्नुपर्ने बाध्यता छ भने अर्कोतर्फ अति नियमन र आन्तरिक व्यवस्थापनमा हस्तक्षेपको आरोपसमेत भोग्नुपरेको छ । वास्तवमा सकेसम्म कम नियमन तथा सुपरिवेक्षण हुनु र अझ स्व-नियमन तथा स्व-सुपरिवेक्षण हुनु राम्रो हो । तर नेपालमा वित्तीय क्षेत्र उदारीकरणपश्चात्को बैंकिङ अभ्यास एवम् अनुभव, बैंक तथा वित्तीय संस्थाहरूको व्यवहार, नेपाली समाजको वित्तीय सचेतनाको स्तर साथै अर्थतन्त्रको वस्तुस्थितिसमेतले वित्तीय क्षेत्रको नियमन तथा सुपरिवेक्षणलाई थप प्रभावकारी बनाउनुपर्ने देखाएको छ ।

बढ्दो भूमण्डलीकरण र भुक्तानी प्रणालीमा भएको विकास तथा वित्तीय प्रविधिको बढ्दो प्रयोग र वैदेशिक पुँजी र प्रविधिको आवश्यकताले विदेशी विनिमय व्यवस्थापन नीतिमा उदार हुँदै जानुपर्ने अवस्था छ । सन् १९९० को दशकबाट आर्थिक उदारीकरण नीति अवलम्बन गरिएसँगै वैदेशिक रोजगारी बढेको, आयातमा विस्तार भएको तर निर्यात भने बढ्न नसकेको अवस्था छ । अर्थतन्त्रमा विदेशी विनिमय व्यवस्थापनका लागि दिगो स्रोत विस्तार गर्न उत्पादन अभिवृद्धिमार्फत निर्यात वृद्धि र विदेशी लगानी तथा पर्यटन प्रवर्द्धन गर्ने नीतिगत उपाय अवलम्बन गर्नुपर्ने अवस्था छ ।

### ४. निष्कर्ष

नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले निर्दिष्ट गरेबमोजिम नेपाल राष्ट्र बैंकले मूल्य र शोधनान्तर स्थिरता कायम गर्ने मुख्य उद्देश्यका साथ मौद्रिक नीति तर्जुमा

गर्दछ । कानुनीरूपमा प्राप्त जिम्मेवारी पूरा गर्न नेपाल राष्ट्र बैंकले वित्तीय पहुँच अभिवृद्धि गर्न, वित्तीय स्थायित्व कायम गर्न एवम् सुरक्षित, स्वस्थ र सक्षम भुक्तानी प्रणालीको विकास गर्न वित्तीय क्षेत्रसम्बन्धी नीति र विदेशी विनिमय व्यवस्थापन नीतिसमेत तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने गर्दछ । नेपालमा स्थिर विनिमयदरलाई मौद्रिक नीतिको रणनीतिक अङ्कुशका रूपमा लिने अभ्यास निरन्तर रहिआएको छ । नेपाल राष्ट्र बैंकले भारित औसत अन्तर बैंकदरलाई सञ्चालन लक्ष्यका रूपमा लिई यसलाई स्थायी तरलता सुविधा दर र न्यूनतम निक्षेप सङ्कलन दरको सीमाभित्र राखी सोमार्फत निक्षेप तथा कर्जाको ब्याजदरमा स्थायित्व कायम गर्ने प्रयत्न गर्दछ । खुला बजार सञ्चालनका उपकरणहरूअन्तर्गत रिपो, रिभर्स रिपो, सोझै खरिद, सोझै बिक्री बोलकबोल, निक्षेप सङ्कलन उपकरणका साथै स्थायी तरलता सुविधा, स्थायी निक्षेप सुविधा, ओभरनाइट तरलता सुविधा जस्ता मौद्रिक उपकरणहरू रहेका छन् । नेपाल राष्ट्र बैंकले अवलम्बन गर्ने वित्तीय नीतिले बैंक तथा वित्तीय संस्थाको स्वस्थ प्रतिस्पर्धा विकास गर्ने, वित्तीय प्रणालीप्रति जनविश्वास बढाउने, वित्तीय स्थायित्व प्रवर्द्धन गर्ने, ग्राहक लगानीकर्ताको हित संरक्षण गर्ने, कुशल र प्रभावकारी वित्तीय संस्थाको विकास गर्ने र वित्तीय बजारलाई पारदर्शी र व्यावसायिक बनाउने प्रयत्न गरिरहेको हुन्छ । वित्तीय प्रणालीको स्थायित्वका लागि सूक्ष्म र समष्टिगत विवेकशील नियमनका औजारहरूको प्रयोग गरिन्छ । मुलुकको बाह्य क्षेत्र स्थायित्व कायम गर्ने र विदेशी विनिमय सञ्चितिको व्यवस्थापन गर्ने जिम्मेवारी पूरा गर्ने गरी नेपाल राष्ट्र बैंकले विदेशी विनिमय व्यवस्थापन गर्दै आएको छ । नेपालको विदेशी विनिमय व्यवस्थापन नीति बाह्य स्रोत परिचालन बढाउने र विदेशी विनिमय खर्चमा मितव्ययिता अपनाउने प्रकारको छ। नेपालमा स्थिर विनिमय दर पद्धतिअनुरूप विदेशी विनिमय व्यवस्थापन गर्ने अभ्यास छ । मौद्रिक नीतिको संरचना गतिशील हुने भएकाले यसलाई समयसापेक्ष सुधार गर्दै लैजान आवश्यक हुन्छ । मौद्रिक नीतिको प्रभावकारिता बढाउन केन्द्रीय बैंकको सञ्चालन स्वायत्तता सुनिश्चित हुन, बैंक तथा वित्तीय संस्थाहरूको व्यवहारमा अपेक्षित सुधार आउन, सरकारको खर्च, राजस्व र ऋण परिचालन अनुमानयोग्य र नियमित हुन आवश्यक छ । वित्तीय क्षेत्रसम्बन्धी नियामकीय तथा सुपरिवेक्षकीय व्यवस्थाहरूको अनुपालनामा बैंक तथा वित्तीय संस्थाहरू थप जिम्मेवार हुन आवश्यक छ । अर्थतन्त्रको दिगो विकासका लागि विदेशी विनिमय व्यवस्थापन नीतिमा उदार हुँदै जानुपर्ने अवस्था छ ।

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**भोजराज भट्ट**
अध्यक्ष तथा प्रबन्ध निर्देशक

**आलोक मल्टी कन्सर्न प्रा.लि.**

धनगढी उपमहानगरपालिका- ४
चटकपुर, कैलाली
फोन नं. ०९१-५९०४३०

सम्पूर्ण किसिमका फर्निचर सम्बन्धी कामको लागि हामिलाई सम्झिनु होला



## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**श्री कृष्ण इंटरप्राइजेज**

Shree Krishna ENTERPRISES

091-410122 | Shree Krishna Enterprises

हाम्रो यहाँ विभिन्न ब्राण्डका LED TV, फ्रिज, AC, कुलर, माईक्रोओभन, राईस कुकर मिक्सर, पंखा, हिटर, मोबाईल सेट, घडी आदी ईलेक्ट्रोनिक्सका सम्पूर्ण सामानहरू होलसेल तथा खुद्रा रेटमा उपलब्ध छन।



## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार
लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

| | |
|---|---|
| **सुशीला शाही** | **जुना चौधरी** |
| प्रमुख | उपप्रमुख |

**लम्कीचुहा नगरपालिकाको कार्यालय**

भल्का, कैलाली

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**राजेन्द्रसिंह धामी**
शाखा प्रबन्धक
**राष्ट्रिय वाणिज्य बैंक लि.**
शाखा कार्यालय लम्की
मोवाइल नं. ९८५८४२२१६७

...तपाईको आफ्नै बैंक

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

प्रो. **देवेन्द्र बहादुर रावल**

**न्यू सन्देश फेन्सी स्टोर**
लम्कीचुहा- १, लम्की, कैलाली
मोवाइल नं. ९८४८४३०१०७

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार
लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**कर्ण बहादुर कुँवर**
अध्यक्ष

**गणेशराज गिरी**
उपाध्यक्ष

**अर्जुनसिंह कार्की**
प्रमुख प्रशासकीय अधिकृत

**बर्दगोरिया गाउँपालिकाको कार्यालय**
कैलाली

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं।

प्रो. **सुरज सुनार वि.क.**

**सुरज तारा सुनचाँदी पसल**

लम्कीचुहा- १, लम्की, कैलाली
मोबाइल नं. ९८६७८६९८८९

हामीकहाँ आधुनिक डिजाइनका आकर्षक गरगहनाहरु पाउनुका साथै अर्डर अनुसार तयार तथा खरिद विक्री पनि गरिन्छ।

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं।

प्रो. **पुष्पराज ढकाल**

**ढकाल एण्ड सन्स**

लम्कीचुहा- १, लम्की, कैलाली
मोबाइल नं. ९८४८४२९६७६

# हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार
लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं।

**गजेन्द्र चौधरी**
प्रोपाइटर (मोबाइल : ९८४८४७१०२१)

**सिटिटप मोबाइल एण्ड कम्प्युटर सेन्टर**

एल.एन. चोक, धनगढी

# ज्ञान व्यवस्थापन (Knowledge Management)



**हरिबाबु आचार्य**
*बरिष्ठ प्रबन्धक, राष्ट्रिय वाणिज्य बैंक*

## विषय प्रवेश

हाम्रो व्यक्तिगत तथा सामाजिक जीवनका हरेक क्रियाकलापहरूलाई सुन्दर, आकर्षक, प्रभावकारी र व्यवस्थित बनाउन त्यस्ता कार्यहरूलाई व्यवस्थापन गर्न जान्नुपर्दछ । त्यस्तै गरी व्यावसायिक तथा प्रशासनिक हरेक कार्यहरूलाई पनि उचित व्यवस्थापन गर्न सकिएमा मात्र त्यो व्यवसायले प्रगति गर्न र लक्ष्य हासिल गर्न सक्दछ। व्यावसायिक तथा प्रशासनिक निकायहरूका अधिकांश कार्यहरू मानव संशाधनको उपयोगमार्फत हुने गर्दछ । त्यस्तो मानव संशाधन/जनशक्तिभित्र रहेका बौद्धिक क्षमता (ज्ञान) को पहिचान गरी त्यसलाई व्यवस्थापन गर्न सकिएमा त्यसबाट संस्थाले कम लागतमा बढी लाभ लिन सक्दछ । सामान्य अर्थमा ज्ञान व्यवस्थापन भन्नाले कुनै व्यक्तिमाथि बुद्धि, श्रम र साधन लगानी गरी आर्जित एवम् विकसित बौद्धिक सम्पदालाई वर्तमान र भविष्यमा उपयोग गर्न सक्ने गरी उपयुक्त किसिमबाट सङ्ग्रह गर्ने र प्रबन्ध मिलाउने कार्यलाई ज्ञान व्यवस्थापन भन्ने गरिन्छ । यसलाई अलिक विस्तृत रूपमा बुझ्ने हो भने कुनै व्यक्ति विशेषको मन मस्तिष्कमा रहेको चेतना, बुद्धि, विवेक र ज्ञानलाई पहिचान गरी त्यसलाई सही समय, स्थान र तहमा उपयोग गर्न सक्ने गरी व्यवस्थापन गर्ने कार्य नै ज्ञान व्यवस्थापन हो । यसले भइरहेको ज्ञानलाई मात्रै नभएर त्यो ज्ञानलाई अझै निखार ल्याउन र समय सान्दर्भिक उत्कृष्टता प्रदान गर्न थप श्रम, साधन र पुँजीको लगानी गर्न समेत लगाउँदछ । ज्ञान व्यवस्थापनले एकै प्रकारको ज्ञान र सिपलाई सङ्ग्रह र परिचालन गर्नेभन्दा पनि जुन स्थान र समयमा जुन ज्ञानलाई उपयोग गर्दा बढी प्रभावकारी हुन्छ, त्यसको उपयोग त्यसरी नै गर्न सक्ने गरी मिलाउनुपर्दछ भन्ने कुरामा जोड दिन्छ । ज्ञानको पहिचान, सृजना, सम्मिलन, आदानप्रदान, र उपयोग गरी जम्मा ५ चरणहरूबाट यसको व्यवस्थापन गर्न सकिन्छ । कुनै पनि सङ्गठनको कार्यसम्पादन क्षमतामा

सुधार ल्याउन र उत्पादकत्व वृद्धि गर्न ज्ञान व्यवस्थापनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सङ्गठनको कार्यप्रकृति जस्तो किसिमको हुन्छ, त्यसैअनुरूपको प्रविधि, प्रकृया र जनशक्तिको क्षमताबिच उचित समन्वय कायम गरिन्छ । ज्ञान व्यवस्थापनलाई संस्थागत र दिगो बनाउन संस्थाभित्रका हरेक व्यक्तिहरूको क्षमता, मनसाय, प्रेरणा, सामाजिक व्यवहार, संस्कृति, सिक्ने रुचिका साथै सङ्गठनका सदस्यहरूमा पारस्परिक विश्वास आवश्यक हुन्छ । सही ढङ्गबाट ज्ञान व्यवस्थापन हुन नसकेमा उपलब्ध ज्ञानको उपयोग हुन नसक्नु मात्रै होइन कार्यरत कर्मचारीले सङ्गठन छोडेर जाँदा उसले आर्जन गरेको ज्ञान र सिप पनि ऊ सँगै जाने र संस्थागत संस्मरण कमजोर हुँदै जाने अवस्था हुन जान्छ । त्यसैले कुनै कर्मचारीमा रहेको ज्ञानलाई संस्थागत गर्न र भविष्यमा उपलब्ध हुन सक्ने गरी बौद्धिक सम्पत्तिका रूपमा सञ्चय र सङ्ग्रह गर्न ज्ञान व्यवस्थापन आवश्यक हुन्छ ।

**उद्देश्यहरू**

१. संस्थाको हित र प्रतिस्पर्धात्मक लाभ सुनिश्चित गर्ने,
२. उपलब्ध मानव संशाधन र बौद्धिकताको उच्चतम उपयोग गर्ने,
३. योग्य र सक्षम जनशक्तिलाई प्रोत्साहन र हौसला प्रदान गर्ने,
४. सङ्गठनिक कार्यसम्पादनमा सुधार गर्ने र प्रभावकारिता बढाउने,
५. संस्थागत नीति तथा कार्यक्रम तर्जुमामा सुधार गरी मितव्ययी बनाई उत्पादकत्व बढाउने ।

**आवश्यक तत्त्वहरू**

ज्ञान व्यवस्थापन प्रणालीलाई संस्थागत तथा भरपर्दो बनाउनका लागि निम्न तत्त्वहरू आवश्यक पर्दछन् :

*(१)* ***रणनीति (Policy)*** *:-* संस्थाले आफ्ना पूर्व निर्धारित उद्देश्यहरू हासिल गर्न ज्ञान व्यवस्थापनका सिद्धान्त र अभ्यासहरूलाई कसरी कार्यान्वयन गर्न चाहन्छ, त्यसको विस्तृत योजनालाई नै ज्ञान व्यवस्थापन रणनीति भनेर बुझ्नुपर्दछ । यसले ज्ञान व्यवस्थापन प्रणालीलाई सहभागितामूलक बनाउने, संस्थाका सबै कार्यहरूको स्वामित्व ग्रहण गर्ने, कार्यसम्पादनमा सुधार गर्ने, ज्ञान आदान-प्रदान गर्ने संस्कृतिको विकास गर्ने र बौद्धिक जनशक्तिको उच्चतम उपयोग गर्ने आधार तयार गर्दछ ।

*(२) मानव संशाधन* **(Human Resources)** :- ज्ञान भन्ने कुरा केवल चेतनशील प्राणीमा मात्र सीमित रहने तत्त्व हो । त्यस्तो चेतनशील क्षमता मानिसमा मात्रै हुने भएकाले जहाँ जहाँ मानवको उपस्थिति हुन्छ, त्यहाँ चेतना, ज्ञान र सिपको समेत प्रतिनिधित्व हुन्छ । संघ संस्थाहरूको मेरुदण्डका रूपमा त्यहाँको सक्रिय जनशक्तिले काम गरिरहेको हुन्छ । त्यसरी काम गर्ने कर्मचारी स्वयंले आफ्नो ज्ञान र सिपको विकास गर्न विभिन्न प्रयासहरू गरिरहेको हुन्छ भने संस्थाले पनि उनीहरूको क्षमता तथा उत्पादकत्व वृद्धि गर्न थप लगानी गरिरहेको हुन्छ । यी दुवै माध्यमबाट सिके जानेका कुराहरूलाई व्यवहारमा ल्याउने, सहकर्मीहरूलाई हस्तान्तरण गर्ने, अभिलेखीकरण गर्ने र भविष्यमा पनि उपयोग गर्न सक्ने गरी सुरक्षित सङ्ग्रह गर्ने व्यवस्था मानव संशाधनले नै मिलाउनुपर्दछ । यदि ज्ञानलाई व्यवस्थापन गर्न सकिएन भने संस्थाभित्रको ज्ञान विस्तारै हराउँदै र मर्दै जान्छ ।

*(३) प्रकृया र पूर्वाधार* **(Process and Infrastructure)** :- जसरी कुनै पनि सार्वजनिक कार्यलाई व्यवस्थित, मर्यादित, विभेदरहित र समन्वयात्मक ढङ्गले सञ्चालन गर्न निश्चित प्रकृया र पूर्वाधार तयार पार्नुपर्दछ, त्यसरी नै ज्ञान व्यवस्थापनलाई पनि संस्थागत गर्न केही निश्चित प्रकृयाहरू र पूर्वाधारहरू आवश्यक हुन्छ । ज्ञान व्यवस्थापन कार्यमा सकारात्मक सहयोग पुऱ्याउने त्यस्ता प्रकृया तथा पूर्वाधारअर्न्तगत निम्न कुराहरू पर्दछन् :

- संस्थागत संरचना तयार गर्ने,
- जिम्मेवारी किटान गर्ने,
- निर्देशिका तयार गर्ने,
- तथ्याङ्क सङ्कलन, व्यवस्थापन र अभिलेखीकरण गर्ने,
- अवसर प्रदान गर्ने,
- ज्ञान सुरक्षित राख्न भौतिक पूर्वाधार तयार गर्ने आदि ।

*(४) प्रविधि* **(Technology)** :- सूचना तथा सञ्चार प्रविधिले ज्ञान सम्पदाको व्यवस्थापन गर्न र उपयोगिता बढाउन उल्लेख्य योगदान पुऱ्याउँदछ । हिजोआजको समयमा विद्युतीय माध्यमहरूले ज्ञानको खोजी तथा विस्तार गर्नमा अभूतपूर्व योगदान गरिरहेका हुन्छन् । त्यसैले ज्ञान व्यवस्थापनलाई सुदृढ गर्न प्रविधिको उच्चतम उपयोग गर्नु आवश्यक देखिन्छ ।

## प्रकृया

ज्ञान व्यवस्थापन कार्यलाई व्यवस्थित र संस्थागत बनाउनका लागि सङ्गठनभित्र केही निश्चित प्रकृयाहरू पालना गर्नुपर्दछ । त्यस्ता प्रकृयाहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

*(१) **ज्ञानको पहिचान र नक्साङ्कन*** ***(Knowledge Identification and Mapping)*** :- सर्वप्रथम आफ्नो संस्थालाई आवश्यक पर्ने ज्ञान र कुशलता के कस्ता हुन् भन्ने कुराको पहिचान हुनु आवश्यक छ, जुन कुरा संस्थाको कार्यप्रकृतिमा निर्भर गर्दछ । ज्ञान व्यवस्थापनका सन्दर्भमा नक्साङ्कनको मुख्य धेय सङ्गठनको उद्देश्य हासिल गर्न आवश्यक पर्ने ज्ञान कुन ठाउँमा छ भन्ने जानकारी दिनु हो । संस्थाले गर्नुपर्ने काम, त्यो कामका लागि आवश्यक पर्ने ज्ञान र सिप, त्यस्तो ज्ञानलाई कस्तो भौगोलिक तथा पदीय स्थान एवम् भूमिकामा उपयोग गर्न सकिन्छ भन्ने कुराको लेखाङ्कन र नक्साङ्कन गर्नुपर्दछ ।

*(२) **ज्ञानको लेखापरीक्षण (Knowledge Audit) :-*** लेखापरीक्षण केवल अङ्कगणितीय लेखाको मात्रै परीक्षण होइन । हिजोआज System Audit, HR Audit, Management Audit, Cost Audit आदि जस्ता विभिन्न विषयगत Audit गर्ने प्रचलन बढ्दै आएको छ । त्यसै मुताबिक आफ्नो संस्थाभित्र के कस्ता ज्ञान, सिप र कुशलता भएका जनशक्तिहरू कति छन् र कुन अवस्थामा रहेका छन् भन्ने कुराको स्थलगत अध्ययन गरी प्रतिवेदन पेस गर्ने उद्देश्यले गरिने Audit लाई नै Knowledge Audit भनिन्छ । यसले संस्थाभित्रको ज्ञानको यथार्थ अवस्थालाई चित्रण गर्दछ । त्यसैले ज्ञान व्यवस्थापनका लागि ज्ञानको लेखापरीक्षण गर्नु आवश्यक हुन्छ ।

*(३) **ज्ञानको अन्तरविश्लेषण (Gap Analysis) :-*** ज्ञान व्यवस्थापन गर्ने सवालमा सङ्गठन कुन अवस्थामा रहेको छ भन्ने कुराको निष्पक्ष समीक्षा हुन जरुरी हुन्छ । आफ्नो सङ्गठनलाई आवश्यक पर्ने ज्ञान र सिपको पहिचान र त्यसको नक्साङ्कनसहितको आवश्यकता एकातिर र अर्कोतिर ज्ञानको लेखापरीक्षणले देखाएको वास्तविक स्थितिबिचमा के कस्तो अन्तर छ ? त्यो Gap पत्ता लगाउने र त्यसले संस्थागत कार्यसम्पादन प्रभावकारितामा कस्तो प्रभाव पार्न सक्दछ, भन्ने कुराको विश्लेषण गर्नुपर्दछ । यस क्रममा आवश्यकता र उपलब्धताबिचको अन्तरसम्बन्ध पत्ता लगाई त्यसबाट उत्पन्न हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्दै दुवै तत्त्वहरूबिचको अन्तर कम गर्ने उपायहरूसमेत सुझाउनुपर्दछ ।

*(४) नीतिगत व्यबस्था* ***(Policy Making) :-*** ज्ञानको अन्तरविश्लेषणबाट निस्किएका सुझावहरूका आधारमा अब सङ्गठनले ज्ञान व्यवस्थापनलाई कार्यान्वयनमा उतार्न आवश्यक पर्ने नीतिगत व्यवस्था मिलाउनुपर्दछ । त्यसका लागि जिम्मेवारी किटान गर्ने, निर्देशिका तयार गर्ने, सङ्गठनात्मक संरचना तयार गर्ने र मानवीय तथा भौतिक एवम् वित्तीय प्रबन्ध गर्ने जस्ता कार्यहरू गर्नुपर्दछ ।

*(५) क्षमता वृद्धि* ***(Raise Capacity) :-*** संस्थाभित्र रहेको जनशक्तिलाई नै उपयोग गरी ज्ञान व्यवस्थापन गर्न सकिने अवस्थामा त्यस्ता सम्भावित र योग्य जनशक्ति छनोट गरी तिनीहरूलाई थप प्रशिक्षण र अध्ययन गराई प्रशिक्षित तथा अनुभवी बनाउन सङ्गठनले थप समय तथा बजेट खर्च गर्नुपर्दछ । यस्तो कार्य पटक पटक नियमित रूपमा सधैँ गरिरहनुपर्ने नियमित कार्य हो । तर यदि त्यस्तो जनशक्ति संस्थाभित्र नरहेको अवस्थामा भने बाहिरबाट ल्याएर भए पनि ज्ञान व्यवस्थापन गर्नुपर्ने हुन्छ । यसले सङ्गठनमा ज्ञान निर्माण तथा विकास गर्ने कार्यलाई सहयोग पुऱ्याउँदछ ।

*(६) उपयुक्त विधिको विकास* ***(Develop appropriate Method) :-*** सङ्गठनमा ज्ञान निर्माण तथा विकास गरेर मात्रै ज्ञान व्यवस्थापन कार्य सम्पन्न हुँदैन । त्यसलाई उचित समय र स्थानमा उपयोग गर्न सकियो भने मात्रै त्यो ज्ञानको सदुपयोग हुन्छ । अतः ज्ञानको उपयोग र वितरणका लागि उपयुक्त साधन तथा विधिको विकास गर्न सक्नुपर्दछ । त्यसका लागि ज्ञान उपयोग गर्ने उपयुक्त ढाँचा (Modality) तयार गर्ने, आवश्यक पर्ने स्रोत र साधनहरूको प्रबन्ध गर्ने र उपयोग तथा विकास गर्ने विधि (Method) तयार गर्ने (जस्तै : तालिम तथा प्रशिक्षण, प्रत्यक्ष सिकाई, गोष्ठी तथा सेमिनार आयोजना गराई ज्ञान हस्तान्तरण गर्न लगाउने आदि) जस्ता तरिकाहरूमार्फत ज्ञानको विकास तथा विस्तार गर्न सकिन्छ । उदाहरणका रूपमा बैंक तथा वित्तीय संस्थाहरूमा निम्नानुसारका विधिहरू प्रयोग गर्न सकिन्छ :

- कुनै पनि विषयमा Research & Development सँग सम्बन्धित कार्य गर्न गराउन सकिन्छ ।
- IT सँग सम्बन्धित ज्ञान भएका जनशक्तिलाई भौगोलिक Cluster बनाएर पदस्थापन गर्न सकिन्छ ।
- प्रदेशगत रूपमा विषयगत तालिम दिने प्रशिक्षक तयार गर्न सकिन्छ ।

- सुन कर्जा, कृषि कर्जा, परियोजना कर्जा र L/C कर्जा जस्ता विशेष प्रकृतिका कर्जाहरूको विशेषज्ञ तयार गर्न सकिन्छ ।
- न्यायिक निकायहरूमा गएर बहस पैरवी गर्ने जनशक्ति तयार गर्न सकिन्छ ।
- सञ्चार क्षेत्रमा काम गर्न सक्ने विशेषज्ञ तयार गर्न सकिन्छ ।
- तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण जस्ता कार्यहरू गर्न सक्ने विशेषज्ञ तयार गर्न सकिन्छ ।

***(७) अनुगमन तथा मूल्याङ्कन (Monitoring and Evaluation) :-*** सङ्गठनभित्र ज्ञान व्यवस्थापन गर्ने सिलसिलामा माथि उल्लेख गरिएअनुसार कार्यान्वयन गर्दै जाँदा सङ्गठनको उद्देश्यअनुसार कार्यसम्पादन भए नभएको अनुगमन तथा त्यसको प्रभाव विश्लेषण गर्ने कार्य ज्ञान व्यवस्थापनको अन्तिम कार्य हो । सङ्गठनको उद्देश्य हासिल हुनमा यसको प्रभाव कस्तो रह्यो र ज्ञान व्यवस्थापन प्रणालीले सङ्गठनको समग्र व्यवस्थापनलाई कस्तो प्रभाव परेको छ भन्ने कुराको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ। यसरी गरिएको अनुगमन तथा मूल्याङ्कनले सङ्गठनलाई पृष्ठपोषणको सहयोग प्राप्त हुन्छ । त्यसैले अनुगमन र मूल्याङ्कनलाई जवाफदेहिता प्रवर्धन गर्ने, कार्यसम्पादनमा सुधार गरी दक्षता र प्रभावकारिता बढाउने एवम् उत्तम व्यावसायिक अभ्यास पहिल्याउने महत्त्वपूर्ण माध्यम मानिन्छ ।

## उपसंहार

विशेष गरी सरकारी, सार्वजनिक तथा सङ्गठित क्षेत्रमा ज्ञान व्यवस्थापनको महत्त्यपूर्ण भूमिका रहेको हुन्छ । यस्ता निकायहरूले ज्ञान सम्पदाको समुचित व्यवस्थापन र उपयोग गर्न नसकेमा संस्था स्वयं एवम् राष्ट्रले समेत ठुलो मूल्य चुकाउनुपर्ने हुन्छ । तर पनि यी क्षेत्रहरूमा ज्ञान व्यवस्थापनतर्फ पर्याप्त ध्यान पुगेको देखिँदैन । ज्ञान व्यवस्थापन व्यक्तिगत रुचि वा चाहनाको विषय हो । त्यसैले बाह्य पक्षले यसमा केही गर्न सक्दैन भन्ने बुझाइ सरोकारवालाहरूको देखिन्छ । तर सरकारी तथा सार्वजनिक निकायहरूलाई दक्ष र प्रभावकारी बनाई मितव्ययी व्यवस्थापन प्रणालीको विकास गर्न ज्ञानको व्यवस्थापन प्रथमिकतामा पर्नुपर्दछ । सान्दर्भिक र ऐतिहासिक सूचना जानकारीलाई व्यवस्थित गरेर राख्न नसक्नाले वा त्यसबारेमा गम्भीर नहुनाले बाह्य पक्षसँग हुने सम्झौता तथा वार्ता आदिमा कमजोर हुनुपर्ने स्थिति हुन्छ। यी सबै पृष्ठभूमिमा ज्ञान सम्पदालाई व्यवस्थित गरेर राख्ने कामलाई एकीकृत दृष्टिकोणबाट अगाडि बढाउनु जरुरी छ ।

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**वासुदेव पन्त**
प्रोपाइटर
**केदार नागार्जुन ट्रेडर्स एण्ड सप्लायर्स**
पुनर्वास नगरपालिका- १
ढक्का, कन्चनपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**राजेन्द्र प्रसाद भट्ट**
प्रोपाइटर
**सिर्जना फर्निचर उद्योग**
डडेलधुरा

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**नर बहादुर रावल**
उपशाखा प्रमुख (मोबाइल : ९८४८०२९९१५)
**नेको इन्सुरेन्स लि.**
लम्की, कैलाली

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**दिनेश बहादुर कुँवर**
प्रोपाइटर
**न्यू खप्तड ट्रेड एण्ड सप्लायर्स**
बेलौरी- ३, गोकुलपुर

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**किसन राम लोहार**
शाखा प्रबन्धक
**राष्ट्रिय वाणिज्य बैंक लि.**
शाखा कार्यालय गोकुलेश्वर

...तपाईको आफ्नै बैंक

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**नारायण प्रसाद खनाल**
प्रमुख प्रशासकीय अधिकृत
**वान्नीगढ जयगढ गाउँपालिका**, अछाम

आर्थिक कारोवार गर्दा सुरक्षित रुपमा बैंक मार्फत गर्नु पर्छ। मोबाइल बैकिङ गर्दा आफ्नो pin र password निश्चित रुपमा परिवर्तन गर्नुहुन र आफ्नो व्यक्तिगत मोबाइल नं. मा आउने कोड अरु कसैलाई नदिन अनुरोध गरिन्छ।

# कर्जा लगानी प्रकृयाका आधारभूत पक्षहरू



**युबराज घिमिरे**
*बरिष्ठ प्रबन्धक, राष्ट्रिय वाणिज्य बैंक*

## १. पृष्ठभूमि (Background)

भविष्यमा ब्याजसहित फिर्ता आउने गरी प्रदान गरिएको रकम कर्जा हो । यो ऋणीका लागि वित्तीय स्रोत व्यवस्थापनको माध्यम हो भने धनीका लागि निश्चित प्रतिफल प्राप्त गर्ने आधार हो । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा "कर्जा भन्नाले बैंक वा वित्तीय संस्थाले व्यक्ति, फर्म, कम्पनी, संस्था वा अन्य व्यावसायिक प्रतिष्ठानलाई निश्चित अवधिभित्र सावाँ, ब्याज वा अन्य दस्तुर बुझाउने गरी प्रवाह गरिएको रकमलाई जनाउँछ" भन्ने उल्लेख छ ।

बैंक तथा वित्तीय संस्थाहरूले गर्ने कार्यहरूमध्ये कर्जा लगानी एक प्रमुख कार्य हो भने यसबाट प्राप्त हुने ब्याज बैंकको आम्दानीको प्रमुख स्रोत पनि हो । बैंकहरूले मागेका बखत भुक्तानी दिने प्रतिबद्धतासहित निक्षेप सङ्कलन गर्दछन् र उक्त निक्षेपको अधिकांश भाग कर्जाका रूपमा लगानी गर्दछन् । कर्जाका रूपमा लगानी गरेको रकम निक्षेपकर्ताहरूले माग गरेका बखत फिर्ता गर्नुपर्ने हुँदा नियमित रूपमा ब्याज भुक्तानी गर्ने र तोकिएको समयमा सावाँ रकम फिर्ता हुने सुनिश्चितताका आधरमा मात्र कर्जा लगानी गर्नुपर्दछ । तसर्थ कर्जा लगानी गर्नुपूर्व कर्जाको प्रयोजन, भुक्तानीको आधार, सुरक्षण, बैंकलाई प्राप्त हुने प्रतिफल, प्रचलित नीति नियमहरू लगायतका आधारभूत पक्षहरूको गहन विश्लेषण गर्नुपर्दछ, जुन रा.वा.बैंकको कर्जा निर्देशिकाको अध्याय २ मा उल्लेख गरिएको छ ।

बैंक र बैंकका ग्राहकहरूबिच एक पक्षीय सूचना (Assymetic Information) हुने गर्दछ । अर्थात् बैंकका बारेमा ग्राहकहरूलाई पत्रपत्रिका, वेबसाइट, विभिन्न Disclose हरूका माध्यमबाट जानकारी प्राप्त हुन्छ भने बैंकलाई आफ्ना ग्राहकहरूका बारेमा सुरुमा केही जानकारी हुँदैन । ग्राहकको व्यक्तिगत आचरण, उसको पेसा व्यवसाय, आर्थिक हैसियत, भविष्यको योजना लगायतका विषयमा

जानकारी नलिई कर्जा लगानी गर्दा फिर्ता नहुने जोखिम बढी हुन्छ। तसर्थ बैंकले कर्जा लगानी गर्नुपूर्व उपरोक्त विषयहरूमा गहिरो विश्लेषण गर्नुपर्दछ। यहाँ कर्जा लगानी प्रकृयाका आधारभूत पक्षहरूका सम्बन्धमा चर्चा गरिएको छ।

## २. कर्जाको उद्देश्य (Purpose of Loan)

ग्राहकलाई सामान्यतया उद्योग, व्यापार गर्न, घर निर्माण गर्न, वित्तीय उपकरणमा लगानी गर्न, स्थिर सम्पत्ति जोड्न, सामाजिक कार्य आदिका लागि कर्जाको आवश्यकता पर्दछ। बैंकहरूले ग्राहकहरूको कर्जाका यस्ता विभिन्न उद्देश्यहरूलाई सामान्यतया व्यावसायिक र व्यक्तिगत गरी दुई उद्देश्यमा बाँडेका हुन्छन्।

***क. व्यावसायिक उद्देश्य (Business Purpose) :*** उद्योग, व्यापार, सट्टेबाजी (Speculation) लगायतका प्रत्यक्ष प्रतिफल प्राप्त हुने कार्यहरू सञ्चालन गर्न माग/प्रदान गरिने कर्जालाई व्यावसायिक कर्जा भनिन्छ। यस्ता कर्जाहरू माग/प्रदान गर्न प्रचलित काननअनुसार फर्म तथा कम्पनी दर्ता भएको हुनुपर्दछ भने कर प्रयोजनका लागि VAT/PAN मा समेत दर्ता हुनुपर्दछ। त्यसै गरी लेखापरीक्षण गरिएका तथा प्रक्षेपित (Projcted) वित्तीय विवरणहरू उपलब्ध गराउनुपर्दछ, जसका आधारमा भविष्यमा व्यवसायको विस्तार कसरी हुने छ र त्यसका लागि कति रकम आवश्यक पर्दछ भन्ने अनुमान गर्न सकिन्छ।

व्यवसायको कारोबारको प्रकृतिका आधारमा अल्पकालीन आवश्यकता पूरा गर्न चालु पुँजी कर्जा, दीर्घकालीन आवश्यकताका लागि टर्म कर्जा जस्ता कोषमा आधारित कर्जा (Funded Loan) हरू प्रदान गरिन्छ भने ठेक्कापट्टा तथा ट्रेडिङ व्यवसायका लागि आवश्यकतानुसार बैंक ग्यारेन्टी, वित्तीय जमानत, प्रतीतपत्र जस्ता गैरकोषमा आधारित कर्जा (Non-funded Loan) प्रदान गरिन्छ। कर्जा निर्देशिका २०७७ को अध्याय ३ मा व्यावसायिक कर्जाहरूका सम्बन्धमा विस्तृतमा उल्लेख गरिएको छ।

***ख. व्यक्तिगत प्रयोजन (Personal Purpose) :*** घर निर्माण, गाडी खरिद, सेयर खरिद, अध्ययन, सामाजिक कार्य जस्ता व्यक्तिगत सम्पत्ति, सुविधा र उद्देश्य परिपूर्ति गर्न माग/प्रदान गरिने कर्जालाई उपभोक्ता कर्जा (Consumer Loan) भनिन्छ। यस्तो उद्देश्यका लागि गरिने कर्जा लगानीबाट प्रत्यक्ष र नियमित रूपमा आम्दानी प्राप्त हुँदैन। तसर्थ यस्ता कर्जाको सावाँ तथा ब्याज भुक्तानी गर्न ग्राहकको छुट्टै व्यक्तिगत आम्दानी हुनुपर्दछ।

बैंकहरूले खास किसिमका व्यक्तिगत उद्देश्यहरू जस्तै - घर खरिद/निर्माण, गाडी खरिद, अध्ययन जस्ता आधिकारिक कागजातहरूका आधारमा पुष्टि गर्न सकिने प्रयोजनका लागि सोही नामका कर्जाहरू प्रदान गर्दछन् भने फर्म दर्ता नगरिकनै गरिने व्यवसाय, सामाजिक तथा धार्मिक कार्यहरू जस्ता आधिकारिक कागजातका आधारमा खर्च पुष्टि गर्न नसकिने प्रयोजनका लागि व्यक्तिगत कर्जा प्रदान गर्दछन् । उपभोक्ता कर्जा निर्देशिका २०७७ मा उपभोक्ता कर्जाहरूका सम्बन्धमा विस्तृतमा उल्लेख गरिएको छ ।

### ३. कर्जा भुक्तानीको स्रोत (Source of Repayment)

ग्राहकलाई प्रदान गरेको कर्जा बैंकले तोकेको समयमा फिर्ता हुनुपर्दछ । कर्जाको प्रकृतिका आधारमा कुनै कर्जाहरू मासिक, त्रैमासिक रूपमा नियमित भुक्तानी (EMI/EQI) गर्दै निश्चित अवधिमा चुक्ता गर्नुपर्दछ भने कुनै कर्जाहरू एकमुस्ठ रूपमा चुक्ता गर्ने प्रकृति (Overdraft) का हुने गर्दछन् । कर्जाको ब्याज पनि मासिक वा त्रैमासिक रूपमा भुक्तानी गर्नुपर्दछ । तोकिएबमोजिम कर्जाको सावाँ ब्याज असुल नभएमा निक्षेप फिर्ता गर्न समस्या पर्न सक्ने हुँदा कर्जा लगानी गर्नुपूर्व ग्राहकका कर्जा भुक्तानी गर्ने आधारहरू के के हुन् अनिवार्य रूपमा एकीन गर्नुपर्दछ । सामान्यतया कर्जाको उद्देश्यअनुसार नै कर्जा भुक्तानी गर्ने स्रोतहरू पनि दुई किसिमका हुने गर्दछन् ।

***क. व्यावसायिक आम्दानी (Business Revenue)*** : व्यावसायिक कर्जाको भुक्तानीको आधार सोही व्यवसायले गर्ने ।

आम्दानी हो । व्यवसायमा थप रकम लगानी गर्दा थप आम्दानी प्राप्त हुन्छ । नयाँ उद्योग/परियोजनाबाट तत्काल आम्दानी प्राप्त नभए तापनि निश्चित अवधिपछि राम्रो प्रतिफल प्राप्त हुने हुँदा सोहीबमोजिम कर्जाको भुक्तानी तालिका बनाउनुपर्दछ । तसर्थ कर्जा लगानी गर्नुपूर्व व्यवसायको प्रकृति कस्तो हो र थप लगानीपश्चात् यसले कसरी थप आम्दानी सिर्जना गर्दछ भन्ने सम्बन्धमा विस्तृत विश्लेषण गर्नुपर्दछ । त्यसको आधार संस्थाको वित्तीय विवरण नै हो । सामान्यतया चालुपुँजी कर्जाको भुक्तानीको स्रोत व्यवसायले चालु वर्षमा आर्जन गरेको आम्दानी हुन्छ भने स्थिर सम्पत्ति जोड्न प्रदान गरिएको टर्म कर्जाको भुक्तानीको स्रोत उक्त सम्पत्तिको क्षयीकरणका लागि गरिएको व्यवस्था (Depreciation) हुने गर्दछ ।

***ख. व्यक्तिगत आम्दानी (Personal Income) :*** व्यक्तिगत प्रयोजनका लागि लगानी गरिएका कर्जाहरूले प्रत्यक्ष रूपमा आम्दानी सिर्जना नगर्ने हुँदा त्यस्ता कर्जाको सावाँ ब्याज भुक्तानी गर्न ग्राहकको व्यक्तिगत आम्दानी आवश्यक पर्दछ । जागिरबाट प्राप्त तलब भत्ता, ग्राहकका नाममा रहेको घर वा अन्य स्थिर सम्पत्तिबाट प्राप्त भाडा, ग्राहकले गरिरहेको व्यवसायबाट प्राप्त नाफा, कम्पनीको सेयरमा गरेको लगानीबाट प्राप्त लाभांश आदि ग्राहकका आम्दानीका स्रोतहरू हुन सक्दछन् ।

प्रायः उपभोक्ता कर्जाहरूको भुक्तानी अवधि दीर्घकालीन हुने हुँदा त्यस्ता कर्जा भुक्तानीका लागि दीर्घकालसम्म पनि आम्दानी सिर्जना भइरहने स्थायी प्रकृतिको आम्दानी हुनुपर्दछ । कतिपय ग्राहकहरूले आम्दानीको आधिकारिकता पुष्टि हुन नसक्ने अनौपचारिक क्षेत्रहरूबाट पनि राम्रो आम्दानी गरिरहेको पाइन्छ । प्रायः त्यस्ता आम्दानीहरू अस्थायी प्रकृतिका हुने र ती आम्दानीहरू यकिन गर्न पनि नसकिने हुँदा संस्थागत रूपमा त्यस्ता आम्दानीहरूलाई स्वीकार गर्न नसकिने हुन्छ ।

## ४. कर्जाको सुरक्षण (Loan Security)

ऋणीले कर्जा फिर्ता भुक्तानी नगरेमा उक्त कर्जा असुल गर्नका लागि गरिने व्यवस्था कर्जा सुरक्षण हो । ऋणीको व्यक्तिगत आम्दानीको स्रोतमा सङ्कुचन आएमा, उसको व्यक्तिगत खर्च अप्रत्यासित रूपमा बढेमा, आर्थिक मन्दी लगायतका कारणले ऋणीको व्यवसाय घटेमा, तोकिएको उद्देश्यमा कर्जा नलगाई कर्जाको दुरुपयोग गरेमा, कर्जा तिर्ने सामर्थ्य हुँदाहुँदै पनि कर्जा भुक्तानी नगरेमा लगायतका अवस्थामा बैंकले वैकल्पिक मार्ग अवलम्बन गरी कर्जा असुल गर्न कर्जाको सुरक्षण गर्नुपर्दछ ।

सामान्यतया जुन प्रयोजनका लागि कर्जा प्रदान गरिएको हो अथवा ऋणीले कर्जाको उपयोग जेमा गरेको छ, सोही वस्तु/सम्पत्ति नै धितोका रूपमा लिने गरिन्छ । जस्तो कि व्यापारिक चालुपुँजी कर्जाको लागि स्टक तथा आसामी खाताहरू, घरजग्गा तथा मेसिनरी खरिदका लागि टर्म कर्जा उपलब्ध गराएको भएमा सोही सम्पत्तिहरू, घर कर्जाका लागि खरिद वा निर्माण गरिएको घर, सुन कर्जाका लागि सुन, मुद्दती कर्जाका लागि मुद्दती रसिद, सेयर कर्जाका लागि सेयर, गाडी कर्जाका लागि गाडी नै कर्जाको धितो सुरक्षणका रूपमा राख्ने गरिन्छ । तर

बैंकहरूले स्टक, आसामी खाताहरू, मेसिनरी जस्ता अस्थिर प्रकारका धितोहरूको समय समयमा अनुगमन गर्न नसक्ने र अनुगन तथा निरीक्षण गरे तापनि त्यसको मूल्य यकिन गर्न नसक्ने र यदि ऋणीको चरित्रमा विचलन आएमा जुनसुकै समयमा पनि त्यस्ता धितोहरू बैंकको स्वीकृती बेगर बेचबिखन गर्न सकिने भएकाले बैंकले त्यस्ता धितोहरूका अलावा अन्य धितोहरू पनि सुरक्षणका रूपमा माग गर्ने गर्दछन्, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

***(क) घरजग्गा (Land & Building)*** : घर तथा जग्गाको मूल्यमा सामान्यतया धेरै उतारचढाव नआउने र  सरकारी तवरबाट आधिकारिक रूपमा रोक्का राखी आवश्यक परेका बखत नियमानुसार बिक्री गरी सहजै कर्जा असुल गर्न सकिने हुँदा घरजग्गालाई कर्जा सुरक्षणका लागि धितोका रूपमा पहिलो ग्राह्यतामा राख्ने गरिन्छ ।

***(ख) जमानत (Guaranttee)*** : ऋणीले कर्जा नतिरेमा तोकिएको निश्चित रकमसम्म कुनै व्यक्ति वा संस्थाले कर्जा भुक्तानी गरिदिने गरी गरेको प्रतिबद्धतालाई जमानत भनिन्छ । कर्जा भुक्तानी गर्ने प्रथम दायित्व ऋणीको हो । तर ऋणीले कर्जा भुक्तानी नगरेमा उक्त दायित्व स्वीकार गर्दछु भनी कुनै व्यक्ति वा संस्थाले कानुनबमोजिम रीतपूर्वक सहीछाप गरी बैंक समक्ष मन्जुरीनामा गरिदिने गर्दछन् । बैंकहरूले ऋणीले कर्जा भुक्तानी नगरेमा र उसको जायजेथाबाट समेत कर्जा असुल नभएमा जमानी दिनेसँगबाट कर्जा असुल गर्ने गर्दछन् ।

***ग. बिमा (Insurance)*** : ऋणीलाई प्रदान गरिएको कर्जाको नियमानुसार बिमा गरिएको भएमा ऋणीले कर्जा भुक्तानी नगरे उक्त रकम बिमा कम्पनीबाट प्राप्त गर्न सकिन्छ । तर यहाँ नेपाल सरकारले लागू गरेको धितोविनाका सहुलियतपूर्ण कर्जाहरूको मात्र यस्तो बिमा गरेको पाइन्छ । कर्जासँग सम्बन्धित बिमा कर्जाको बिमा र कर्जा सुरक्षण (धितो) को बिमा गरी दुई प्रकारका हुने गर्दछन् । कर्जाको बिमा गर्नु भनेको ऋणीले कर्जा भुक्तानी नगरेमा नियमानुसार बिमा कम्पनीले कर्जा रकम भुक्तानी गरिदिनु हो भने कर्जा सुरक्षणको बिमा गर्दा विविध कारणले धितोको मूल्य घट्न गएमा सो मूल्य घटेबापतको क्षतिपूर्ति बिमा कम्पनीले दिने गर्दछ ।

धितोका रूपमा के-कस्ता सम्पत्तिहरू स्वीकार गर्ने र विधिहरू अवलम्बन गर्ने भन्ने विषय बैंकहरूको आ-आफ्नो नीतिमा भर पर्दछ । यस सम्बन्धमा नेपाल

राष्ट्र बैंकले पनि समय समयमा बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिने गर्दछ । कर्जा निर्देशिका २०७७ को अध्याय ४ मा धितो सुरक्षण र यससँग सम्बन्धित विषयहरूका बारेमा विस्तृत उल्लेख गरिएको छ ।

## ५. कर्जा स्वीकृतीका प्रक्रियाहरू (Loan Approval Process):

ग्राहकले कर्जा माग गर्नुको उद्देश्य, उक्त कर्जा भुक्तानी गर्ने आधारको सुनिश्चितता र सोका लागि आवश्यक धितो सुरक्षणको जानकारीपश्चात् बैंकलाई कर्जा दिन सकिने लागेपछि कर्जा स्वीकृतीको प्रक्रिया सुरु हुन्छ । ग्राहकबाट कर्जाका लागि आवेदन प्राप्त गर्नु यसको पहिले खुड्किलो हो । उक्त आवेदनमा कर्जा लिनुको उद्देश्य, ग्राहक र निजको एकाघर परिवारको आवश्यक विवरण, सम्पत्ति तथा दायित्वको सङ्क्षिप्त विवरण, आम्दानी तथा खर्चको विवरण, व्यवसाय तथा धितोसँग सम्बन्धित सङ्क्षिप्त विवरणहरू आदि उल्लेख गरिएको हुन्छ । ग्राहकको निवेदन प्राप्त भएपछि निज र निजका एकाघर परिवारका सदस्य र सम्बन्धित संस्थाहरूले विगतमा गरेको कर्जा कारोबारको बारेमा जानकारी लिनुपर्दछ, जसलाई कर्जा (साख) सूचना भनिन्छ । कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश भएका व्यक्ति तथा संस्थाहरूलाई कर्जा दिनु हुँदैन । त्यसै गरी यदि ग्राहक कम्पनी तथा संस्था भएमा आवश्यकतानुसार लेखापरीक्षण गरिएका तथा प्रक्षेपित वित्तीय विवरणहरू प्राप्त गर्नुपर्दछ ।

कर्जा स्वीकृति प्रकृयामा कर्जा लगानी अख्तियारी (Credit Authority Discretion) लाई विशेष ध्यान दिनुपर्दछ । कर्जा स्वीकृत गर्न बैंकको संरचनाअनुसार शाखास्तरीय, प्रदेशस्तरीय, विभागस्तरीय लगायतका विभिन्न तहका कर्जा समितिहरू गठन गरिएका हुन्छन् । उक्त कर्जा समितिहरूलाई नयाँ कर्जा लगानी, पुराना कर्जाहरूहको पुनरावलोकन तथा नवीकरण, धितो सुरक्षण फुकुवा, सर्तहरू परिवर्तन लगायतका कर्जासँग सम्बन्धित निर्णयहरू गर्ने सीमा सञ्चालक समितिले निर्धारण गर्दछ । कर्जा सीमाको अख्तियारी वर्षभरि लगानी गर्न पाउने कुल वार्षिक अख्तियारी र एउटा ग्राहक तथा समूहलाई अधिकतम कर्जा लगानी गर्न पाउने अख्तियारी प्रति ग्राहक कर्जा सीमा गरी दुई किसिमको हुने गर्दछ ।

सम्भावित जोखिमहरूको पहिचान, विश्लेषण तथा मुल्याङ्कन गर्नु कर्जा स्वीकृति प्रकृयाको अर्को महत्त्वपूर्ण पक्ष हो । जोखिमहरू ग्राहक तथा बैंकका

आन्तरिक कारणले तथा बाह्य बजारका कारणहरूले सिर्जना हुने गर्दछन् । त्यस्ता जोखिमहरू कर्जा स्वीकृत गर्नुपूर्व र स्वीकृतिपश्चात् पनि आउन सक्दछन् । तिनीहरूको पहिचान तथा विश्लेषण गर्न SWOT Analysis, PEST Analysis जस्ता विधिहरू अपनाउन सकिन्छ भने मुल्याङ्कनका लागि व्यवस्थापनले विशेष प्रकारका विधि अवलम्बन गर्न सक्दछ ।

फर्म, कम्पनी तथा संस्थाहरूका नाममा कर्जा स्वीकृत गर्नुपूर्व अनिवार्य रूपमा वित्तीय विवरणहरूको विश्लेषण गर्नुपर्दछ । यसबाट ग्राहकको वित्तीय सूचनाहरू, वित्तीय स्वस्थता, व्यापारिक आवृत्ति तथा गति थाहा पाउन सकिन्छ । त्यसका लागि सामान्यतया वित्तीय तरलता, वित्तीय स्थायित्व, नाफा आर्जन गर्ने क्षमता, न्यूनतम कर्जा तिर्न सक्ने क्षमता लगायतका वित्तीय अनुपातहरू गणना गरिन्छ भने चालुपुँजी कर्जाको आवश्यकताको पहिचानका लागि Net Trading Assets (NTA) को गणना गर्न गरिन्छ ।

कतिपय अवस्थामा कर्जा स्वीकृत गर्नुपूर्व र स्वीकृतिपश्चात् ग्राहकले पूरा गर्नुपर्ने सर्तहरू (Covenants) निर्धारण गरेर पनि कर्जा स्वीकृत गर्न सकिन्छ । सामान्यतया यस्ता सर्तहरू व्यवसायसँग, धितोसँग र वित्तीय अनुपातसँग सम्बन्धित हुने गर्दछन् । कर्जाको सावाँ तथा ब्याजहरू नियमित रूपमा भुक्तानी गर्ने, समयमा कर्जा नवीकरण गर्ने तथा तोकिएका सर्तहरू पूरा गर्नु ऋणीको अनिवार्य दायित्व हुन्छ ।

## ६. सारांश (Summary)

अतः कर्जा स्वीकृति प्रकृयाको प्रथम चरणमा कर्जाको उद्देश्य, भुक्तानीको स्रोत र त्यसको सुरक्षणको यकिन गर्नुपर्दछ । तत्पश्चात् उद्देश्यअनुसार कुन कर्जा प्रदान गर्ने, त्यसको भुक्तानी तालिका कस्तो बनाउने र कुन तहको कर्जा समितिबाट कर्जा स्वीकृत गर्ने भन्ने निक्र्यौल गर्नुपर्दछ । कर्जा स्वीकृत गर्दा ग्राहकको चरित्र विश्लेषण, वित्तीय विश्लेषण र जोखिम विश्लेषणका आधारमा सर्तहरू निर्धारण गर्नुपर्दछ । कर्जा लगानीपश्चात् त्यसको व्यवस्थापन गर्ने, समस्यामूलक कर्जाहरूको पहिचान गर्ने र पुनर्संरचना, पुनर्तालिकीकरण तथा अन्य उपयुक्त विधिमार्फत त्यस्ता कर्जाहरूको व्यवस्थापन गर्ने कार्यलाई पनि त्यति नै महत्त्व दिनुपर्दछ ।

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**जुग्री चौधरी**
अध्यक्ष

**समिक्षा चौधरी**
सचिव

**अर्जुन सोब**
कोषाध्यक्ष

**थारु संग्रहालय**
भजनी- २, कैलाली

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**खडक बहादुर चौधरी**
प्रोपाइटर

**आशिष मेडिसिन सेन्टर**
घोडाघोडी नगरपालिका- १
सुखखड, कैलाली

# हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार
लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**गाउँबासीलाई अनुरोध**

जन्मदर्ता, विवाह दर्ता, मृत्युदर्ता, बसाइसराई र सम्बन्ध विच्छेदका घटनाहरु ३५ दिनभित्र नै निःशुल्क रुपमा दर्ता गरी आफ्नो हक सुरक्षित गरौं ।

**ज्ञान बहादुर बोहरा**
अध्यक्ष

**हर्क धामी**
उपाध्यक्ष

**अमर बहादुर जेठारा**
नि.प्रमुख प्रशासकीय अधिकृत

**मष्टा गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय,
भातिखोला बझाङ, सुदूरपश्चिम

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**धर्मेन्द्र श्रेष्ठ**
अध्यक्ष

**जनक भण्डारी**
सचिव

**भजनी नगरपालिका**
**१ नं. वडा कार्यालय**
भजनी- १, कैलाली

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**गणेश वडायक**
प्रोपाइटर
**ओम के ट्रेडर्स**
जोशीपुर- ६
सिमरी, कैलाली

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार
लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**प्रो. भानदेव बोकटी**
**मालिका इन्टरप्राइजेज**
गोठलापानी- ४, बैतडी

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**दानसिंह रावल**
प्रोपाइटर
**कैलास कन्स्ट्रक्सन**
दशरथ चन्द- ५, बैतडी

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**मकबुल अलि जागा**
प्रोपाइटर
**रिवान पशु ट्रेड एण्ड सप्लायर्स**
भजनी- २, कैलाली

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**दल बहादुर विश्वकर्मा**
प्रोपाइटर
**रेखा सुनचाँदी पसल**
भजनी- १, कैलाली

हामीकहाँ आधुनिक डिजाइनका आकर्षक गरगहनाहरु पाउनुका साथै अर्डर अनुसार तयार तथा खरिद बिक्री पनि गरिन्छ ।

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**दुर्गा बहादुर पुन**
अध्यक्ष
**भजनी नगरपालिका**
**२ नं. वडा कार्यालय**
भजनी- २, कैलाली

# सम्पत्ति शुद्धीकरण निवारण र नेपाली बिमा क्षेत्र



**रमेशकुमार पोखरेल**
*पूर्व प्रबन्धक, राष्ट्रिय वाणिज्य बैंक*

## सम्पत्ति शुद्धीकरण के हो ?

गैरकानुनी क्रियाकलापबाट आर्जन गरेको सम्पत्तिलाई स्रोत लुकाई, प्रकृति बदली वा कारोबार छली कानुनी सम्पत्ति बनाउने प्रक्रियालाई सम्पत्ति शुद्धीकरण भनिन्छ । सम्पत्ति शुद्धीकरणका विभिन्न आयामहरू छन् । गैरकानुनी क्रियाकलाबाट आर्जित रकमलाई औपचारिक वित्तीय प्रणालीभित्र प्रवेश गराउने प्रारम्भिक कार्यलाई Placement भनिन्छ । प्राप्त भएको रकमको स्रोत लुकाउने तथा छल्ने मनसायले बैंक तथा वित्तीय संस्थामा निक्षेपका रूपमा राख्ने, निकाल्ने, रेमिट्यान्सका विभिन्न विधिहरूको प्रयोग गरी अरू कसैका नाममा रकमान्तर गर्ने र कारोबारको पहिचानलाई जटिल बनाई शुद्धीकरण गर्ने कार्यलाई Layering भनिन्छ । अर्थतन्त्रले स्वीकार गरेका विभिन्न क्षेत्रहरूमा लगानी गर्ने, खर्च गर्ने आदि माध्यमबाट कानुनी दायरामा ल्याउने काम Integration अन्तर्गत पर्दछ ।

अवैध स्रोतबाट प्राप्त आम्दानी घरजग्गामा लगानी हुन्छ । बैंक तथा वित्तीय संस्थामा निक्षेपका रूपमा जम्मा गर्ने, बिमा गर्ने, धितोपत्र खरिद गर्ने, बहुमूल्य गाडीहरू खरिद गर्ने तथा सुनचाँदी जस्ता बहुमूल्य गरगहना खरिद गर्ने काम हुन्छ ।

## सम्पत्ति शुद्धीकरणको प्रभाव कस्तो हुन्छ ?

सम्पत्ति शुद्धीकरणको प्रभाव व्यापक र बहुआयामिक हुन्छ । सम्पत्ति शुद्धीकरणले राजस्व छली, लागूऔषध बेचबिखन, मानव बेचबिखन, भ्रष्ट्राचार, तस्करी आदिलाई बढावा दिन्छ । नक्कली नोट प्रचलन, वन्यजन्तु तथा वनस्पतिको अवैध ओसारपसार, विदेशी विनिमय अपचलन, हतियार तथा खरखजानाको अवैध बेचबिखन, बैंकिङ कसुर, चोरी, ठगी, अपहरण, अवैध चन्दा असुली, किर्ते कागज यसले जन्माउने अपराध हुन् ।

सम्पत्ति शुद्धीकरणले समाज र राज्य व्यवस्थामा विशृङ्खलता पैदा गर्नुका साथै अन्तर्राष्ट्रिय शान्ति सुव्यवस्था र समृद्धिमा नै प्रहार गर्दछ । अन्तर्राष्ट्रिय वित्तीय प्रणाली ध्वस्त हुन्छ, यसको असर मानव सभ्यतामा नै पर्दछ । यसले कानुनको शासनलाई चुनौती दिन्छ । पर्दा पछिबाट शासन सञ्चालन गर्नेहरूलाई मलजल पुऱ्याउँछ । सरकार, राज्यव्यवस्था, आर्थिक एवम् वित्तीय प्रणालीलाई तहसनहस बनाई सर्वसाधारणमा प्रणालीप्रति वितृष्णा बढाउँछ, चारैतिर अस्थिरता पैदा गराउँछ । कानुन निर्माणमा समेत परोक्ष ढङ्गले हस्तक्षेप गर्दछ, कानुन बन्न नदिने र बनेका कानुन पनि कार्यान्वयन हुन नदिने स्थिति पैदा हुन्छ । सजिलैसँग रातारात धनी बन्न खोज्नेहरू बढ्ने हुँदा परिश्रम गरी कानुनी दायराभित्र रहेर आर्थिक उपार्जन गर्नेहरू निरुत्साहित हुन्छन् ।

**सम्पत्ति शुद्धीकरण नियन्त्रण गर्न के गर्ने ?**

घरजग्गाको खरिद बिक्रीमा संलग्न कार्यालय, बैंक तथा वित्तीय संस्थाहरू, बिमा कम्पनी, धितोपत्र कारोबारमा संलग्न पक्षहरू, बहुमूल्य धातुको कारोबारमा संलग्न व्यवसायीहरू, रेमिट्यान्स कम्पनीहरू सम्पत्ति शुद्धीकरणका दृष्टिले जोखिमयुक्त छन् । यिनीहरूको कारोबारलाई सघन रूपले अनुगमन गर्नुपर्दछ । माथि उल्लिखित जोखिमयुक्त क्षेत्र, कार्यालय तथा कार्यलाई नियमन गर्न आवश्यक पर्ने नीति, प्रक्रिया, प्रणाली र नियन्त्रणका उपायहरूको तर्जुमा गरी प्रभावकारी रूपले कार्यान्वयन गर्नुपर्दछ ।

**सम्पत्ति शुद्धीकरण नियन्त्रणका लागि अन्तर्राष्ट्रिय रूपमा के भइरहेको छ ?**

सम्पत्ति शुद्धीकरण र आतङ्कवादको कुनै सिमाना हुँदैन, यो अन्तर्राष्ट्रिय चरित्रको हुन्छ । त्यसैले यससँग जुध्न अमुक देशको एक्लो प्रयत्नले सम्भव हुँदैन । यस्तो कसुर निवारण गर्न अन्तर्राष्ट्रियस्तरको मापदण्ड र प्रयत्नको आवश्यकता पर्दछ । सम्पत्ति शुद्धीकरणले पारेको प्रभाव र निम्त्याएका समस्याहरू नियन्त्रणका लागि अन्तर्राष्ट्रियस्तरमा नीति र सञ्जाल बनाउनुका साथै ठुलो रकम लगानीसमेत भएको छ । G-7 देशका शीर्ष तहका बैठकले सम्पत्ति शुद्धीकरणलाई निस्तेज गर्ने उद्देश्यसहित सन् १९८९ मा FATF (Financial Action Task Force) नामको एउटा अन्तर्राष्ट्रिय संस्थाको आवश्यकता महसुस गरी पेरिसमा मुख्यालय रहने गरी उक्त संस्था स्थापना गरेको थियो । सन् २००१ को सेप्टेम्बरमा अमेरिकामा भएको आतङकवादी हमलापछि यसको कार्यक्षेत्रमा आतङ्कवादी क्रियाकलापमा

वित्तीय लगानी नियन्त्रणसमेत समावेश गरियो । यसले मुद्रा निर्मलीकरणका सम्बन्धमा ४० बुँदे सिफारिस र आतङ्कवादी क्रियाकलापमा वित्तीय स्रोतको उपयोगमा नियन्त्रण सम्बन्धमा ९ वटा विशेष सिफारिस गरेको छ ।

नेपाल सन् २००२ जुनमा Asia/Pasific Group on Money Laundering (APG) को सदस्य बन्यो । सन् १९९७ मा बैंककमा स्थापित अस्ट्रेलियाको सिड्नीमा मुख्यालय रहेको APG मा यस क्षेत्रका ४१ देशहरू सदस्य रहेका छन् । सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय स्रोतको दुरुपयोग नियन्त्रण गर्न स्थापित मान्यता र मापदण्डको दृष्टिबाट आफ्ना सदस्यहरूको अवस्था र उनीहरूले चालेका कदमहरूको मूल्याङ्कन गर्ने, यसका लागि आवश्यक प्राविधिक सहायता तथा तालिम उपलब्ध गराउने, यस सम्बन्धमा विकास भएका प्रवृत्ति र विधिका विषयमा अनुसन्धान र विश्लेषण गर्ने र विश्वव्यापी नीति तथा मापदण्ड निर्माणमा FATF लाई सहयोग गर्ने काम APG ले गर्दछ ।

**नेपालमा सम्पत्ति शुद्धीकरण नियन्त्रणका लागि के के प्रयासहरू भएका छन् ?**

नेपाल अन्तर्राष्ट्रिय रूपमा FATF र क्षेत्रीय रूपमा APG को सदस्य राष्ट्र हो । सम्पत्ति शुद्धीकरण निवारण र आतङ्कवादी कार्यमा वित्तीय स्रोतको उपयोग हुन नदिन नेपाल सदस्य भएका माथि उल्लिखित संस्थाहरूले सिफारिस गरेका सुझावहरू कार्यान्वयन गर्ने दायित्व नेपालको पनि छ ।

APG ले नेपालमा यसबाट सृजित समस्याहरू लागूऔषध कारोबार, मानव बेचबिखन, हातहतियारको कारोबार, भ्रष्टाचार, भारतीय मुद्राको अवैध कारोबार, कर छली, सुन तस्करी आदिमा वित्तीय स्रोतको गैरकानुनी प्रयोग भइरहेको, यसलाई रोक्न गरिएका व्यवस्था र प्रयासहरू प्रभावकारी नभएकाले नियन्त्रण गर्न उपयुक्त कानुन, नीति र संरचनाको स्थापना गरी बनेका कानुनलाई प्रभावकारी कार्यान्वयन गर्न सुझाव दिएको छ ।

नेपालमा सम्पत्ति शुद्धीकरणको प्रक्रियालाई नियन्त्रण गर्न सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ र सम्पत्ति शुद्धीकरण निवारण नियमावली, २०७३ कार्यान्वयनमा रहेको छ । यससँग सम्बन्धित विभिन्न ऐनहरू निर्माण भई कार्यान्वयनमा रहेका छन् । नेपाल राष्ट्र बैंकमा वित्तीय जानकारी एकाइ कार्यरत रहनुका साथै प्रधानमन्त्री कार्यालयअन्तर्गत सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग कार्यरत रहेको छ ।

बिमा क्षेत्रमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा भएको व्यवस्था कस्तो छ ?

नेपालको बिमा क्षेत्रको नियामक बिमा प्राधिकरणले बिमक संस्थाहरूलाई यस सम्बन्धमा आवश्यक निर्देशन जारी गरेको छ । जोखिमका आधारमा उपयुक्त ग्राहक पहिचान पद्धतिको प्रयोग गरी ग्राहकहरूको अद्यावधिक अभिलेख राख्नुपर्ने, आवश्यक आन्तरिक नीति, प्रक्रिया, प्रणाली र नियन्त्रणका उपायहरूको तर्जुमा गर्ने काम बिमकले गर्नुपर्दछ ।

बिमकले बिमासम्बन्धी कारोबार गर्दा हितग्राही वा मनोनीत व्यक्तिको पहिचानसम्बन्धी कागजातको प्रमाणित प्रति राख्नुपर्ने छ । २५ लाख रकमभन्दा बढी बिमाङ्क भएका जीवन बिमालेखमा इच्छाएको व्यक्तिसँगको सम्बन्ध खुल्ने कागजात संलग्न हुनुपर्ने छ । आमनेसामने नभएका, विदेशमा रहेका, जोखिमयुक्त मुलुक/क्षेत्रमा बसोवास गर्ने, राजनीतिक तथा प्रशासनिक क्षेत्रका उच्च पदमा रहेका व्यक्ति तथा तिनका परिवार (PEPS), धेरै नेटवर्थ भएका तर स्रोत स्पष्ट नभएका र शङ्कास्पद व्यवसाय भएका ग्राहकहरू उच्च जोखिमयुक्त ग्राहकहरू हुन् । सम्पत्ति शुद्धीकरणका दृष्टिमा उच्च पदस्थ व्यक्तिहरू जोखिमयुक्त हुने भएकाले बिमालेख जारी गर्दा, बिमालेख धितो राखी ऋण प्रदान गर्दा, समर्पण गर्दा वा बिमालेखअन्तर्गत अन्य कुनै प्रकारले भुक्तानी गर्दा उच्च पदस्थ व्यक्ति पहिचान गर्नुपर्दछ । यिनीहरूका लागि परिष्कृत ग्राहक पहिचान पद्धति लागू गर्नुपर्दछ ।

एकल बिमा शुल्क वा ५० लाखभन्दा बढी बिमाङ्क भएको बचत प्रकृतिको बिमालेख वा विदेशबाट बिमा शुल्क भुक्तानी हुने बिमालेख जारी गर्दा आर्थिक क्षमता पुष्टि हुने कागजात, पेसा, बैंकबाट भुक्तानी र बिमा गर्ने कारण उल्लेख गराउनुपर्ने छ । त्यस्ता व्यक्तिहरूबाट बिमकले आर्थिक, प्रशासनिक, आपराधिक पृष्ठभूमिको अनुसन्धान गराउन पाउने अधिकाार पनि लिनुपर्दछ । बिमित वा अभिकर्ताबाहेक अन्य व्यक्तिले एक लाख रूपैयाँभन्दा बढी बिमा शुल्क वा अन्य रकम जम्मा गर्न आएमा जम्मा गर्न आउने व्यक्तिको नामथर, सम्पर्क नम्बर वा ठेगाना र सम्बन्ध खुलाउने विवरण लिनुपर्दछ ।

केन्द्रीय बैंकले सुपरिवेक्षण गर्ने संस्था, विदेशी वित्तीय संस्थाहरू, स्टक एक्सचेन्जमा सूचीकृत पब्लिक कम्पनी, बिमा समितिबाट इजाजतपत्र प्राप्त बिमकहरू र एक लाख रूपैयाँभन्दा कम वार्षिक बिमा शुल्क भुक्तानी गर्ने ग्राहकहरू कम

जोखिमयुक्त ग्राहकहरू हुन् । यिनीहरूका लागि सरलीकृत ग्राहक पहिचान पद्धति लागू गर्नुपर्दछ । बिमकहरूले आफ्ना पुराना ग्राहकहरूको पनि ग्राहक पहिचान अद्यावधिक गर्नुपर्दछ । यस्तो विवरण आवश्यक परेका बखत कानुन कार्यान्वयन गर्ने निकायलाई उपलब्ध गराउनुपर्दछ ।

निर्जीवन बिमालेखका हकमा एक वर्षमा तीन लाख रूपैयाँ वा सोभन्दा बढी र जीवन बिमालेखका हकमा एक वर्षमा एक लाख रूपैयाँ वा सोभन्दा बढी रकम बिमा शुल्क तिर्ने गरी बिमालेख खरिद गरेमा सीमा बाहिरको कारोबारअन्तर्गत वित्तीय जानकारी एकाइमा प्रतिवेदन पठाउनुपर्दछ । एकल बिमा शुल्क भुक्तानी गर्ने गरी जीवन बिमालेख खरिद गरेमा वा १० लाख रूपैयाँभन्दा माथिको समर्पण मूल्य वा ऋणको भुक्तानी गरेमा उच्च निगरानीअन्तर्गत राख्नुपर्दछ । त्यस्ता ग्राहकहरूले गरेको कारोबारको विवरण शङ्कास्पद कारोबारअन्तर्गत प्रतिवेदन गर्नुपर्दछ ।

बिमा व्यवसायबाट सृजित भुक्तानी व्यवस्थालाई पारदर्शी बनाउन प्रविधिको प्रयोगलाई उच्च प्राथमिकता दिनुपर्दछ । बिमकले एक लाख रूपैयाँ वा सोभन्दा बढीको बिमा शुल्क स्वीकार गर्दा बैंक वा POS मेसिनमार्फत भुक्तानी लिने व्यवस्था गर्दै जानुपर्दछ । दाबी भुक्तानी गर्दा ५० हजार रूपैयाँभन्दा बढीको भुक्तानीमा एकाउन्ट पेयी चेकमार्फत भुक्तानी दिने व्यवस्था मिलाउनुपर्दछ । यससँग सम्बन्धित अभिलेख विद्युतीय माध्यममा समेत राख्ने व्यवस्था मिलाउनुपर्दछ ।

बिमाको सञ्चालक समिति वा कार्यकारी प्रमुखको नियुक्तिसम्बन्धी उपयुक्तताको परीक्षण गर्दा उनीहरूको आपराधिक पृष्ठभूमिबारे जानकारी लिन प्रहरी प्रतिवेदन लिनुपर्दछ। एक प्रतिशतभन्दा बढीको संस्थापक सेयरका लागि बिमा प्राधीकरणको स्वीकृति माग गर्दा प्रहरी प्रतिवेदन पेस गर्नुपर्ने छ । बिमकले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा आफूले गरेका कार्यको आवधिक रूपमा मूल्याङ्कन गर्ने, लेखापरीक्षण तथा सम्परीक्षण गर्ने र आफ्नो सञ्चालक समितिमा यसको प्रभावकारिता सम्बन्धमा छलफल गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने छ। यस कार्यसँग सम्बन्धित कर्मचारी तथा बिमा अभिकर्ताहरूलाई समय समयमा आवश्यक तालिम तथा अभिमुखीकरण गराउनुपर्दछ ।

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**पिरमा देवी मौनी**  **पदम बहादुर मौनी**

**प्रेमा ट्रेडर्स**
जोशीपुर- २
कैलाली

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**ई. कनक देवकोटा**
प्रोपाइटर
**इकोसेन्स सिभिल सोलुसन प्रा.लि.**
टिकापुर- १
टिकापुर, कैलाली

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार
लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**गोपाल सिंह भाट**
प्रोपाइटर
**शोभा ट्रेडर्स एण्ड अर्डर सप्लायर्स**
दि.सि. नगरपालिका- ४, पिपल्ला, डोटी

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**ज्ञान सिंह चौधरी**
प्रोपाइटर
**गणेश राइस एण्ड फ्लोर मिल**
जोशीपुर गाउँपालिका- १
लकरमाडी, कैलाली

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**जानकी शाही**
प्रोपाइटर
**तेडि प्रिन्टीङ प्रेस एण्ड गरिमा स्टेशनरी**
धनगढी, कैलाली

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार
लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**कृष्ण बहादुर नेगी**
प्रोपाइटर
**शैम लुवाखडी निर्माण सेवा**
दि.सि. नगरपालिका- ३, डोटी

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**यज्ञराज ढुङ्गाना**
अध्यक्ष

**चक्र खडायत**
प्रमुख कार्यकारी अधिकृत

**नवजीवन अस्पताल प्रा.लि.**
धनगढी, कैलाली

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**मेगेन्द्र बोहरा**
प्रोपाइटर
**शौभाग्येश्वर फार्मेसी**
धनगढी- १, कैलाली

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार
लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**खडक सिंह खड्का**
प्रोपाइटर (मोबाइल नं. : ९८६०४३४५७६)
**ओम सिमाइल कन्स्ट्रक्सन एण्ड सप्लायर्स**
दि.सि. नगरपालिका- १, तिखा, डोटी

# बैंक वा वित्तीय संस्था किन टाट पल्टिन्छन् ? बैंक टाट पल्टिए जनताको निक्षेप के हुन्छ ?



**ईश्वर उप्रेती**
*उपध्यक्ष, राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल*

अमेरिकामा सन् १८४७ देखि वित्तीय सेवा प्रदान गरिरहेको लेम्यान ब्रदर्स बैंक लगायत २५ वटा बैंक सन् २००८ मा डुबेपछि सुरु भएको वित्तीय सङ्कटले विश्वव्यापी आर्थिक मन्दीको अवस्था देखियो । सन् २०२३ को केही महिना अगाडि मात्र केही दिनमै अमेरिकाको सिलिकन भ्याली बैंक, सिग्नेचर बैंक र फर्स्ट रिपब्लिक बैंक डुबेपछि बचतकर्ताले बैंकमा राखिएको निक्षेप रकमको भुक्तानी अब के हुन्छ ? भनी संसारभरि चासोका रूपमा लिन थालिएको छ । नेपालमा बैंकहरूको वित्तीय अवस्था तत्काल स्वस्थ रहेको भनिए तापनि वित्तीय सङ्कटले सृजित असरले बैंकिङ प्रणालीमा चुनौती बढिरहेको सन्दर्भमा यसको असर कस्तो पर्छ भनी यकीन गर्न बाँकी छ ।

बैंकिङ व्यवसायमा प्रशस्त जोखिम भइरहने हुँदा प्रणालीमा कमजोर वित्तीय संस्थाहरू विघटन हुने अवस्था आउन सक्ने सम्भावना उत्तिकै रहेको हुन्छ । यद्यपि विगतमा नेपालमा बैंकहरू डुबेका ठुला उदाहरण नभेटिए तापनि १५ वर्ष अगाडि देशको पहिलो विकास बैंक नेपाल विकास बैंकको वित्तीय अवस्था खराब भई खारेजीमा भने परिसकेको छ । बैंक तथा वित्तीय संस्थाहरू ग्राहकका निक्षेपको संरक्षक भएकाले ग्राहकको निक्षेप कुनै पनि बखत फिर्ता गर्ने अवस्थामा रहनुपर्दछ ।

हाल वित्तीय प्रणालीभित्रकै केही सहकारी संस्थाहरूका सञ्चालकहरू संस्था बन्द गरेर भागेको वा चलेका संस्थाले पनि बचतकर्ताको पैसा फिर्ता गर्न नसकी टाट पल्टिने अवस्थामा पुगेका छन् । बचतकर्ताले दुःख गरेर राखेको जम्मा रकम सहकारी संस्थाले फिर्ता गर्न नसक्दा जनताले वित्तीय जोखिम व्यहोर्नु परेको समाचार आजकाल बढी नै सुन्न पाइन्छन् ।

कुनै पनि कारणले बैंक टाट पल्टिने अवस्था आई ग्राहकले बैंकमा जम्मा गरेको निक्षेप मागेका बखत ग्राहकलाई फिर्ता भुक्तानी गर्न नसक्ने अवस्था आएमा

ग्राहकको रकम नडुबोस् भनेर बैंकहरूले निक्षेपको सुरक्षण अर्थात् निक्षेपको बिमा गराउनुपर्ने बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनमा कानुनी व्यवस्था रहेको छ । बैंकहरूले निश्चित सीमासम्म निक्षेप रकमको अनिवार्य निक्षेप सुरक्षण गराउने हुँदा ग्राहकले यसमा कुनै शुल्क तिर्नुपर्दैन ।

हाल नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त ११७ वटा बैंक तथा वित्तीय संस्थामध्ये 'क' वर्गका सबै २० वटै वाणिज्य बैंकहरू, 'ख' वर्गका सबै १७ वटा विकास बैंकहरू र 'ग' वर्गका १७ वटा बित्त कम्पनीहरू र 'घ' वर्गका २ वटा लघुवित्त संस्थारुले निक्षेप सुरक्षण गराउने गरेका छन् । राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा प्राकृतिक व्यक्तिका नाममा खोलिएका बचत, चल्ती, कल तथा मुद्दती खातामा राखेको निश्चित सीमासम्मको रकम संस्था खारेजी भई फिर्ता गर्न नसकेमा उक्त सीमासम्मको निक्षेप रकम फिर्ता गर्ने गरी सुरक्षण गराउने काम नै निक्षेप सुरक्षण हो ।

बैंक तथा वित्तीय संस्थाहरू जुनसुकै कारणले विघटनमा जानुपर्ने अवस्थामा दुःख, मेहनत गरेर ग्राहकले बैंक वा वित्तीय संस्थामा राखेको रकम डुब्नु हुँदैन भन्ने मान्यता नै निक्षेप सुरक्षण हो । निक्षेप सुरक्षणले ग्राहकको संरक्षण पनि गरिरहेको हुन्छ । वित्तीय सेवा उपभोग गर्ने ग्राहकको संरक्षण गर्ने दायित्व सम्बन्धित वित्तीय संस्थाको हो भने नीति निर्माण तथा अनुगमन गर्ने कार्य नियामक निकाय र राज्यको पनि हो ।

## बैंक तथा वित्तीय संस्थाहरू किन टाट पल्टिन्छन् ?

बैंकको सम्पत्ति भन्दा भुक्तानि गर्नुपर्ने दायित्व बढी भएपछि टाट पल्टिन्छन् । नियामक निकायले दिएको निर्देशन नमानी जथाभावी कर्जा लगानी गर्ने, संस्थागत सुशासन कायम नगर्ने, तरलता व्यवस्थापन नगर्ने, खराब जोखिम व्यवस्थापन, अस्वस्थ प्रतिस्पर्धा जस्ता कारणले बैंक वा वित्तीय संस्थाहरू टाट पल्टिने गरेका छन् ।

## बैंक तथा वित्तीय संस्थाहरू कुन अवस्थामा खारेजी हुन्छन् ?

नेपालमा नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्था सुचारु रूपले सञ्चालन नभएमा वा सेयरधनी वा निक्षेपकर्ताको अहित हुने कार्य गरेको लागेमा त्यस्तो संस्थाको सञ्चालक समितिलाई निलम्बन गरी आफ्नो नियन्त्रणमा लिई सुधारका कार्य गर्दछ । यसपश्चात् पनि सुधार हुने अवस्था नभएमा राष्ट्र बैंकले त्यस्ता

बैंक तथा वित्तीय संस्थाको बाध्यात्मक खारेजीको कारबाही अदालत समक्ष सुरु गर्न सक्ने छ ।

ग्राहकको भुक्तानी दिनुपर्ने निक्षेप वा अन्य आर्थिक दायित्वहरू निर्धारित समयमा भुक्तानी गर्न नसकेमा, पुँजीकोष ऋणात्मक भएमा, राष्ट्र बैंकको निरीक्षण प्रतिवेदनका आधारमा खारेजीको सिफारिस भएमा, उल्लेख्य स्वामित्व भएका सेयरधनी वा पदाधिकारीबाट निक्षेपकर्ताको हकहित वा वित्तीय प्रणालीको विकासमा बारम्बार अवरोध भएमा, राष्ट्र बैंकले दिएको निर्देशन बारम्बार उल्लङ्घन गरेमा तथा राष्ट्र बैंकले खारेजी हुने भनी निर्धारण गरेका अन्य अवस्था पाइएमा राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूको खरेजीका लागि प्रक्रिया अगाडि बढाउने छ ।

## बैंक तथा वित्तीय संस्थाहरू टाट पल्टिए कसरी रकम फिर्ता हुन्छ ?

अदालतले कुनै बैंक वा वित्तीय संस्था बाध्यात्मक खारेजीमा लैजाने कामकारबाही प्रारम्भ गर्न राष्ट्र बैंकलाई लिक्विडेटरको नियुक्तिका लागि सिफारिस गर्न आदेश दिने छ र सिफारिस भएका मध्येबाट अदालतले एक जना लिक्विडेटरको नियुक्ति गर्ने छ । लिक्विडेटरले खारेजी हुने बैंक वा वित्तीय संस्थाको सम्पत्ति दायित्व वा सम्भाव्य दायित्वको हिसाब लागत तयार गरी लिलाम बिक्री गर्दछ ।

यसरी बिक्री गरेर प्राप्त रकमबाट लिक्विडेटरले ऐनअनुसार प्राथमिकता क्रमानुसार दायित्व रकम भुक्तानी गर्दछ । सर्वप्रथम बाध्यात्मक खारेजीका लागि भएका खर्चहरूको भुक्तानी गरिन्छ । दोस्रोमा निक्षेप सुरक्षण भएको निक्षेप फिर्ता गरिन्छ । नेपालमा अहिले पाँच लाख रुपैयाँसम्मको निक्षेपको निक्षेप सुरक्षण बिमा हुने हुँदा प्राकृतिक व्यक्तिको पाँच लाख रुपैयाँसम्मको निक्षेप फिर्ता गरिन्छ । तेस्रोमा अगाडिको दुई वटा दायित्व भुक्तानी भई बाँकी हुन आएको अरू निक्षेपको रकम फिर्ता गरिन्छ ।

यसरी अरू निक्षेपको पनि भुक्तानी भई रकम बाँकी रहेमा कर्मचारीलाई दिनुपर्ने तलब, भत्ता तथा अन्य दायित्व, सरकारलाई, राष्ट्र बैंकलाई तिर्नु बुझाउनुपर्ने रकम, अन्य बैंक वा वित्तीय संस्थालाई तिर्न बाँकी शुल्क, मूल्याङ्कन बापतको रकम, अन्य साहु वा अन्य दाबीको भुक्तानी प्राथमिकताका आधारमा गरिने व्यवस्था रहेको छ । यसरी सबै दायित्व भुक्तानी गरेपश्चात् रकम बाँकी रहेमा सेयरधनीहरूलाई दामासाहीले रकम भुक्तानी गरिन्छ ।

## नेपालमा निक्षेप सुरक्षण (बिमा) को अवस्था

नेपालमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेपको सुरक्षण (बिमा) हुने गरेको छ । नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित निक्षेप तथा कर्जा सुरक्षण कोषको कार्यालयले निक्षेप सुरक्षण गर्ने गरेको छ । यो कोषले बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गर्ने साना कर्जाहरूको पनि केही प्रिमियम लिई सुरक्षण गरी उद्यमशीलताको विकासमा सहयोग पुगेको छ । २०७९ साउन १ गतेबाट प्राकृतिक व्यक्तिका नाममा बैंक तथा वित्तीय संस्थाको बचत, चल्ती, कल तथा मुद्दती खातामा रहेको तीन लाखसम्मको रकमको निक्षेप बिमाको सीमा पाँच लाख रुपैयाँ पुऱ्याइएको छ । नेपालमा बैंक तथा वित्तीय संस्था समस्याग्रस्त भई निक्षेपकर्ताको रकम फिर्ता गर्न असमर्थ भएमा कोषले सुरक्षण सीमासम्मको रकम अर्थात् पाँच लाख रुपैयाँसम्म भुक्तानी गर्ने छ ।

कोषले वार्षिक ०.१६ प्रतिशत प्रिमियम लिई वित्तीय संस्थाहरूबाट निक्षेपको सुरक्षण गरिरहेको छ । यो प्रिमियम वित्तीय संस्थाहरूले त्रैमासिक रूपमा भुक्तानी गरिरहेका छन् । कोषले आ.व. २०७८/०७९ मा ६२ बैंक वा वित्तीय संस्थाको तीन करोड ६१ लाख ४३ हजार निक्षेपकर्ताको आठ खर्ब ७९ अर्ब रुपैयाँको निक्षेप सुरक्षण गरेको छ भने आ.व. २०७९/०८० मा ५६ बैंक वा वित्तीय संस्थाको चार करोड १३ लाख ८० हजार निक्षेपकर्ताको १२ खर्ब ३२ अर्ब रुपैयाँको निक्षेप सुरक्षण गरेको छ । यसले बैंक वा वित्तीय संस्थाको निक्षेपको सुरक्षणको अवस्था बढ्दो अवस्थामा रहेको देखिन्छ । बचत तथा ऋण सहकारी संस्थाहरूको कोषले निक्षेप सुरक्षण गर्ने गरेको छैन ।

## निक्षेप सुरक्षणमा (बिमा) के छ अन्तर्राष्ट्रिय अभ्यास ?

छिमेकी राष्ट्र भारतमा ६० को दशकमा निक्षेपको सुरक्षण गर्ने कार्य सुरुवात भएको हो । भारतीय रिजर्भ बैंकको पूर्ण स्वामित्वमा सञ्चालित डिपोजिट इन्सुरेन्स एन्ड क्रेडिट ग्यारेन्टी कर्पोरेसन (डिआइसिजिसी) ले भारु पाँच लाख रुपैयाँ रकमसम्मको निक्षेप सुरक्षण गर्ने व्यवस्था गरेको छ । क्षेत्रीय ग्रामीण बैंक तथा सहकारी बैंकहरू विघटनमा जाँदा डिआइसिजिसीले २०२१ डिसेम्बरदेखि २०२२ मार्चसम्ममा पाँच लाख रुपैयाँसम्मका निक्षेपकर्ताको ७,२४८ करोड रुपैयाँ बराबरको निक्षेप बिमा रकम भुक्तानी गरेको जनाएको छ । डिआइसिजिसीमार्फत भारतमा ७६ लाख करोड रुपैयाँ बराबरको निक्षेपको ९८ प्रतिशत रकम

निक्षेप सुरक्षण कार्यक्रमद्वारा सुरक्षित भएको भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बताउनुभएको छ ।

अमेरिकामा फेडरल डिपोजिट इन्सुरेन्स कर्पोरेसनले सन् १९३३ देखि निक्षेप सुरक्षणसम्बन्धी कार्य गर्दै आइरहेको छ । कर्पोरेसनले हाल प्राकृतिक व्यक्तिका नाममा खोलिएको दुई लाख ५० हजार अमेरिकी डलर बराबर रकमको निक्षेप सुरक्षण गर्ने गरेको छ। सन् २००२ देखि विश्वभरि निक्षेप सुरक्षणसम्बन्धी कार्यको विशेषज्ञता साझा गरी प्रभावकारी बनाउनका लागि इन्टरनेसनल एसोसियसन अफ डिपोजिट इन्सुअर्स संस्था कार्यरत छ । यस संस्थामा विश्वका ९४ राष्ट्र सदस्य छन् भने नेपालले यसको सदस्यता लिएको छैन ।

**अन्तमा,**

निक्षेप सुरक्षणबाट प्राकृतिक व्यक्तिका नाममा रहेको पाँच लाख रुपैयाँसम्मको रकम सुरक्षण हुन्छ । यसले साना तथा मध्यम निक्षेपकर्ताको पैसा सुरक्षित त अवश्य भएकै छ, यसबापत ग्राहकले कुनै आर्थिक खर्च बेहोर्नु पर्दैन । यसले वित्तीय संस्थाप्रति आम नागरिकको भरोसा बढेकै पाइन्छ । वित्तीय प्रणालीमा सहकारी संस्थाहरूले पनि सर्वसाधारणसँग बचत सङ्कलन गरिरहेका भए तापनि निक्षेप सुरक्षणमा अहिले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त ५६ वटा बैंक तथा वित्तीय संस्थाहरू मात्र आबद्ध छन् ।

सहकारी संस्थाहरूमा आर्थिक कारोबार बढ्दो छ र यदाकदा सहकारीका सञ्चालकहरू संस्था बन्द गरेर भागेका समाचार सुन्न पाइन्छन् । यसले वित्तीय प्रणालीमा स्थायित्व कायम गर्न चुनौती थपेको छ । यस्तो अवस्थामा सहकारी संस्थाहरूमा रहेका ग्राहकको निक्षेपको सुरक्षण हुनु जरुरी छ । सर्वसाधारणको बचत सङ्कलन गर्ने सहकारी संस्थाहरूलाई निक्षेप सुरक्षण कार्यक्रममा जोड्न सकेमा ग्राहक संरक्षण बढ्न गई वित्तीय प्रणालीप्रति आमनागरिकको विश्वास बढ्ने छ । यसबाट औपचारिक अर्थतन्त्रप्रति जनता आकर्षित भई आर्थिक विकासमा सहयोग पुग्न जान्छ ।

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**रामलाल चौधरी**
लेखापाल
**भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
मंगलसेन, अछाम

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**लक्ष्मी नारायण चौधरी**
प्रोपाइटर
**पूर्णिमा मोबाइल ग्यालरी एण्ड सप्लायर्स**
मंगलसेन नगरपालिका- ५, अछाम

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**अरुन कुमार ठाकुर**
प्रोपाइटर
**फुलेश्वर फर्निचर उद्योग**
मंगलसेन नगरपालिका- ५
अछाम

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**शान्त राज जोशी**
शाखा प्रबन्धक
**राष्ट्रिय वाणिज्य बैंक लि.**
शाखा कार्यालय बभाङ

...तपाईको आफ्नै बैंक

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**कृष्ण गोपाल भण्डारी**
प्रोपाइटर
**बि.बि.सि. इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.**
धनगढी- ५, कैलाली
मोबाइल नं. ९८५८४२२१७८

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**ई. तर्कराज भट्ट**
सञ्चालक
**त्रिभुवन इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.**
धनगढी- ४, कैलाली
मोबाइल नं. ९८५८४२३३३२

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**खगेन्द्र अधिकारी**
प्रोपाइटर
**जमुरा गल्ला भण्डार**
धनगढी- ८, कैलाली
मोबाइल नं. ९८५८४२०९७७

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**टेकेन्द्र सिं कुन्जेडा**
प्रोपाइटर
**डि.के.टि. वायर इन्डस्ट्रिज**
धनगढी- ८, कैलाली
मोबाइल नं. ९८५८४२३८९२

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**नेत्रप्रसाद उपाध्याय**
क्याम्पस प्रमुख
**भागेश्वर एकेडेमी फर हेल्थ साइन्स**
धनगढी, कैलाली
Operating Program HA & DPH

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**महेन्द्र सिंह**
प्रोपाइटर
**रोयल इन्जिनियरिङ कन्सल्टेन्सी**
भीमदत्त नगरपालिका- ४, कन्चनपुर
मोबाइल नं. ९८५११२४२९९
हामी कहां विभिन्न डिजाईनका घरहरुको नक्सा तथा जग्गाहरुको मूल्यांकन सहज तथा सूपथ मूल्यमा गरिन्छ ।

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**हरि प्रसाद भट्ट**
प्रोपाइटर
**नरहरि कृष्ण निर्माण सेवा**
भीमदत्त नगरपालिका- ३, कन्चनपुर
मोबाइल नं. ९८४८८८०६४०

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**जमुना चन्द**
प्रोपाइटर
**गृष्मा किराना पसल**
बभ्फाङ
मोबाइल नं. ९८४८८६१३२२

# आन्तरिक नियन्त्रण प्रणाली र बैंकिङ क्षेत्र



**चन्द्रप्रसाद तिमिल्सेना**
*उपप्रबन्धक, राष्ट्रिय वाणिज्य बैंक*

## विषय प्रवेश

कुनै पनि संस्थाको आन्तरिक कार्यवातावरण वा सङ्गठनका आन्तरिक तत्त्वहरूको प्रभावकारितामार्फत संस्थागत सफलताको आधार तयार गर्ने कार्यको अपरिहार्यता रहन्छ । सङ्गठनको स्वनियमन, अनुशासन र सुशासनको आधारका रूपमा आन्तरिक नीति, नियम र कार्यविधिका साथै संस्थागत संयन्त्र र व्यावहारिक प्रक्रियाहरूको उपस्थिति अनिवार्य रहने हुन्छ । कार्य गतिशीलका निमित्त कार्यको स्तर निर्धारण गर्ने, वास्तविक कार्यसम्पादनको अवस्थाको मापन गर्ने, स्तर र वास्तविकताबिचको विचलन पत्ता लगाउने र सुधारात्मक क्रियाकलाप सञ्चालन गर्ने जस्ता नियन्त्रणात्मक क्रियाकलापको समेत आवश्यकता पर्ने हुन्छ । यसरी संस्थाको क्रियाकलाप सञ्चालनको समयमा नियन्त्रणात्मक वातावरण तयार गर्ने एकभन्दा अधिक व्यक्ति, निकाय र संरचनाको प्रयोग गरी Cross Checking or Check and Balance को वातावरण तयार गर्ने कार्यप्रक्रियालाई आन्तरिक नियन्त्रण प्रणालीका रूपमा बुझ्न सकिन्छ ।

संस्थागत उद्देश्य परिपुर्तिमा समस्या सृजना, वित्तीय पारदर्शिता, सरोकारवालाप्रति जिम्मेवार, प्रभावकारी तरिकाले कार्य सम्पादन, छलकपट र त्रुटिहरूको पहिचान र रोकथामका साथै संस्थाको सञ्चालन दक्षता अभिवृद्धिका निमित्त आन्तरिक नियन्त्रण प्रणालीको महसुस भई सबै संस्थाहरूमा यसको अवलम्बन गरेको पाइन्छ । सम्भावित नोक्सानी तथा जोखिमको अन्त्य गर्नका निमित्त समेत अन्योन्याश्रित तत्त्वका रूपमा आन्तरिक नियन्त्रण प्रणाली रहने भएकाले यसको प्रयोग सर्वव्यापी रहेको पाइन्छ ।

## आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभाव पार्ने तत्त्वहरू

कुनै पनि सङ्गठनमा भएको आन्तरिक नियन्त्रण प्रणालीबाट सङ्गठनात्मक लक्ष्य,

उद्देश्य र लिइएका रणनीति हासिल गर्न सहयोग पुग्ने गर्दछ । कुशल र प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीका लागि देहायका ५ तत्त्वहरू आवश्यक हुन्छन् ।

**(क) नियन्त्रण वातावरण (Control Enviroment)**

नियन्त्रण वातावरणले नीति, नियम र प्रक्रियाको पालनामा उच्च व्यवस्थापनलाई सहयोग गर्दछ । यसअन्तर्गत सङ्गठनका आन्तरिक वातावरणीय तत्त्वहरू पर्दछन् । सङ्गठनको व्यवस्थापनले नियन्त्रण गर्न सक्ने तत्त्वहरू सङ्गठनको मूल्य, मान्यता, असल व्यवहार, मावन संसाधनसम्बन्धी नीति, सङ्गठनको संरचना, उत्तरदायित्व, जिम्मेवारी जस्ता तत्त्वहरूले नियन्त्रण वातावरणका रूपमा कार्य गर्दछन् ।

**(ख) जोखिम विश्लेषण (Risk Analyais)**

हानीको सम्भावना, अनिष्ट वा विपत्तिको आशङ्कालाई जोखिमका रूपमा बुझ्नुपर्दछ । साङ्गठनिक क्रियाकलाप सम्पादनका बखत जोखिमको पहिचान गर्दै सम्भावित जोखिम पहिचानका लागि लागतको यथार्थपरक विश्लेषण गर्नुपर्दछ । तसर्थ व्यवस्थापनले जोखिमको विश्लेषण गर्दै आन्तरिक तत्त्वबाट हुन सक्ने जोखिम न्यूनीकरण गर्ने र बाह्य जोखिमबाट सङ्गठनलाई जोगाउनुपर्दछ ।

**(ग) सूचना तथा सञ्चार प्रणाली (Information and communication System)**

आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रणालीको महत्त्वपूर्ण भूमिका रहने गर्दछ। सूचना तथा सञ्चार प्रणालीले कर्मचारीमा वास्तविक र यथार्थपरक सूचनाको प्रवाह गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सहयोग गर्दछ। कार्यप्रक्रियासँग सम्बन्धित नीति, नियम र कार्यविधिलाई कर्मचारीमा सञ्चार गर्दै एवम् सङ्गठनका नीति, नियम र प्रक्रियामार्फत रचनात्मक अनुशासन, अधिकार, उत्तरदायित्व र जिम्मेवारीको अवस्था स्पष्ट गर्दै आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

**(घ) अनुगमन तथा मूल्याङ्कन प्रणाली (Supervision and Monitoring System)**

नियमित मूल्याङकनले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने गर्दछ । व्यवस्थापन नियन्त्रणको क्रियाकलापका लागि वास्तविक समयमा आधारित नियन्त्रण प्रणाली सङ्गठनात्मक क्रियाकलाप उद्देश्य केन्द्रीत रहे नरहेको जानकारी लिई शीघ्र सुधार गर्ने, सम्पत्ति र क्रियाकलापको शीघ्र जाँच

गर्ने, कारोबारको प्रवृत्ति विश्लेषण गर्ने, कागजातको पुनरावलोकन गर्ने, आन्तरिक लेखापरीक्षण र आन्तरिक जाँचलाई मजबुत बनाउने लगायतका कार्यमार्फत आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाउनुपर्दछ ।

(ङ) **नियन्त्रण गतिविधि (Control Activities)**

व्यवस्थापकीय निर्देशनलाई परिपालना गराउने प्रमुख तत्त्वका रूपमा नियन्त्रण गतिविधिलाई लिन सकिन्छ । यसअन्तर्गत जिम्मेवारीको बाँडफाँड गरी आफ्नो जिम्मेवारीप्रति उत्तरदायी बनाउने, एउटै कर्मचारीलाई एउटै काममा सीमित नबनाउने, सम्पत्तिको भौतिक सुरक्षा, भौतिक परीक्षण एवम् कागजातलाई भौतिक रूपमा सुरक्षित र व्यवस्थित बनाउने कार्यहरू पर्दछन् ।

## बैंकिङ क्षेत्र र आन्तरिक नियन्त्रण प्रणाली

वित्तीय क्षेत्रको महत्त्वपूर्ण हिस्सा रहेको बैंकिङ क्षेत्र संवेदनशील क्षेत्रका रूपमा रहन्छ । Others People Money मा कार्य गर्ने भएकाले एवम् सरोकारवाला पक्षका रूपमा सरकार, नेपाल राष्ट्र बैंक, लगानीकर्ता, निक्षेपकर्ता, कर्जाग्राही र अन्तर्राष्ट्रिय वित्तीय निकाय समेतको संलग्नताले बैंकिङ क्षेत्रमा आन्तरिक नियन्त्रण प्रणालीको महत्त्वपूर्ण भूमिका रहने गर्दछ । कारोबारको जटिल प्रक्रिया र प्रभावको पूर्वानुमानका साथै कार्य वातावरणको पूर्व विश्लेषणसमेतको नितान्त आवश्यकता रही समग्र अन्य क्षेत्रमा समेत प्रभाव रहने हुँदा बैंकिङ क्षेत्रमा आन्तरिक नियन्त्रण प्रणालीले संस्थागत सुशासन कायम गराउने तत्त्वका रूपमा समेत कार्य गर्दछ । यसर्थ आन्तरिक नियन्त्रण प्रणालीका सम्बन्धमा बैंक तथा वित्तीय संस्थामा देहायबमोजिमका व्यवस्थाहरू रहेको पाइन्छ ।

## नीतिगत व्यवस्था

नीतिगत व्यवस्थाअन्तर्गत देशको मूल संविधान, ऐन, नियम, विनियम, निर्देशन र कार्यविधिहरू पर्दछन् । बैंक तथा वित्तीय संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउन भएका नीतिगत व्यवस्थाहरूमा बैंकिङ विषयगत ऐनहरूमध्ये नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ कसुर तथा सजाय सम्बन्धी ऐन २०६४ मा गभर्नर, सञ्चालक समिति, कार्यकारी प्रमुखका काम, कर्तव्य, अधिकार, उत्तरदायित्व, गर्न हुने र गर्न नहुने काम, योग्यता जस्ता कुराहरूको स्पष्ट व्यवस्था गरेको, नेपाल राष्ट्र बैंकले समय समयमा एकीकृत निर्देशिकामार्फत संस्थागत सुशासन शीर्षकमा कर्मचारीको

आचारसंहिता स्पष्ट गरेको, एकीकृत निर्देशिका नं. ४ ले लेखानीति र वित्तीय विवरणका सन्दर्भमा नेपाल राष्ट्र बैंकले तोकेको ढाँचाको व्यवस्था गरेको, बैंक तथा वित्तीय संस्थामा लेखा निर्देशिका, कर्जा लगानी निर्देशिका, जोखिम व्यवस्थापन निर्देशिका, शाखा सञ्चालन निर्देशिका जस्ता आन्तरिक कार्यविधिहरू तयार गरेको, बैंकिङ क्रियाकलापका लागि समय समयमा परिपत्रहरू जारी गरी आन्तरिक नियन्त्रण प्रणाली सबल गर्न प्रयास गरिएको जस्ता व्यवस्थाहरू रहेको पाइन्छ ।

### संस्थागत व्यवस्थाहरू

आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन बैंक तथा वित्तीय संस्थामा नीतिगत व्यवस्थापनका निमित्त सञ्चालक समिति, संस्थागत सुशासनलाई प्रभावकारी बनाउन जोखिम व्यवस्थापन समिति, AML/CFT समिति, कर्मचारी सेवासुविधा समिति, लेखापरीक्षण समितिको व्यवस्था गरेको शाखा कार्यालय, प्रादेशिक कार्यालय, विभागहरूमा कर्जा लगानी समिति, प्रशासन समिति, कर्जा असुली समिति जस्ता समितिहरूका साथै व्यवस्थापन समितिको समेत व्यवस्था रहेको छ ।

### कार्यगत व्यवस्थाहरू

कर्मचारीहरूले दिनभर गरेको कारोबारको Transaction List Verification गर्नुपर्ने, CCTV क्यामेरा कम्तीमा ९० दिनसम्मको व्यवस्था गर्नुपर्ने, हरेक बैंकिङ क्रियाकलापमा एक जनाले कार्य गर्ने र अर्को व्यक्तिले Approve गर्ने व्यवस्था, अनिवार्य घर बिदामा, कर्मचारीलाई २/२ वर्षमा सरुवा, कार्य परिक्रमामार्फत आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउने प्रयास गरिएको, Data Center, Data Recovery Center को व्यवस्था गरिएको, जम्मा भौचर अनिवार्य रूपमा प्रिन्ट गरेर दिने गरेको जस्ता व्यावहारिक व्यवस्थासमेत गरेको छ ।

### आन्तरिक नियन्त्रण प्रणालीका सिद्धान्तहरू र बैंकिङ क्षेत्रमा प्रयोग

आन्तरिक नियन्त्रणका आधारभूत मान्यता जसले आन्तरिक नियन्त्रण प्रणालीलाई दिशानिर्देश गर्ने गर्दछन् भने त्यसलाई आन्तरिक नियन्त्रण प्रणालीका सिद्धान्तहरू भनिन्छ । अर्थात् आन्तरिक नियन्त्रण प्रक्रियालाई मार्गदर्शन गर्ने सर्वमान्य मान्यताहरू नै आन्तरिक नियन्त्रण प्रणालीका सिद्धान्तहरू हुन्, जसलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ ।

### जिम्मेवारिताको सिद्धान्त

कुनै पनि क्रियाकलापप्रति व्यक्तिलाई जिम्मेवार बनाएको अवस्थामा व्यक्ति आफ्नो कार्यसम्पादनप्रति पारदर्शी तरिकाले लाग्ने गर्दछ । काम, कर्तव्य प्रतिको जिम्मेवारी तोकिनाले सो कार्यको पूर्णरूपमा जवाफदेहिता कायम हुन गई आन्तरिक नियन्त्रण प्रणालीसमेत प्रभावकारी बन्ने हुन्छ ।

बैंक तथा वित्तीय संस्थामा कर्मचारीलाई जिम्मेवार बनाउन निश्चित फाँट वा विभाग तोकेर कार्यसम्पादनको बाँडफाँड गरिएको हुन्छ । यसरी गरिएका सम्पूर्ण कार्यमा जिम्मेवारी तोकेको व्यक्ति पुर्णरूपमा जिम्मेवार भई आन्तरिक नियन्त्रणको अवस्था कायम हुने हुन्छ ।

### अभिलेखीकरणको सिद्धान्त

कुनै पनि कार्यसम्पादनको वास्तविक र पूर्ण लेखाङ्कन-अभिलेखाङ्कन गरिनाले भविष्यको स्मृतिका आधारका रूपमा प्रस्तुत गर्न सकिने एवम् चाहेका वेलामा सङ्गठित गरी राखिएको लेखाङ्कन प्रणाली पहुँचयोग्यता र उपलब्धताले आन्तरिक नियन्त्रण प्रणाली कायम हुन्छ भन्ने सिद्धान्त नै अभिलेखीकरणको सिद्धान्त हो ।

बैंक तथा वित्तीय संस्थामा हरेक आर्थिक कारोबारलाई विद्युतीय र भौतिक रूपमा अभिलेखीकरण गरी राख्ने गरिन्छ । ऋयचभ द्यबलपष्लन क्थकतभ्क को प्रयोग गरी केन्द्रीकृत रूपमा एवम् हरेक शाखा कार्यालयमा हरेक कर्मचारीले गरेको भिन्नाभिन्नै कागजातहरूको प्रकृतिका आधारमा फाइलिङ गरी राख्ने गरिन्छ ।

### रुजु र हिसाबमिलान गर्ने कार्यको सिद्धान्त

कार्यसम्पादनमा हरेक चरणमा केही न केही त्रुटि वा कमीकमजोरी भएका हुन सक्दछन् । कुनै एउटा व्यक्तिले गरेको कार्य पूर्ण कार्यका रूपमा नरहन सक्दछ भन्ने आधारभूत मान्यताका साथ अर्को व्यक्तिले सो कार्यको विवरणलाई रुजु गर्नुपर्दछ र विचलन वा समस्या देखिएमा हिसाबमिलान गर्नुपर्दछ भन्ने सिद्धान्त नै रुजु एवम् हिसाबमिलानको सिद्धान्त हो ।

बैंक तथा वित्तीय संस्थामा हरेक कार्यमा Maker/Checker को अवधारणालाई अवलम्बन गरिएको हुन्छ । संवेदनशील आर्थिक क्रियाकलापहरू गरिने भएकाले दुई वा दुईभन्दा बढी पक्षको संलग्नतामा कार्य हुने, भौचरमा दुई जनाको

दस्तखत, कर्जा समिति, प्रशासन समिति जस्ता विषयगत समितिको समेत व्यवस्था गरिएको यस सिद्धान्तलाई अवलम्बन गरिएको हुन्छ ।

**आचरण र अनुपालनाको सिद्धान्त**

आन्तरिक नियन्त्रण प्रक्रियाको सबैभन्दा ठुलो औजार भनेकै आचरण र कानुनको अनुपालना हो । व्यक्ति नैतिक रूपमा अब्बल बनाउन आर्थिक, प्रसाशनिक र नैतिक आचरणको आवश्यकता पर्दछ । यसरी संस्थाको प्रभावकारिताका निमित्त आचरणको स्पष्टता र गर्न हुने, नहुने कामको जस्ता कुराको स्पष्टता हुनुपर्दछ भन्ने अवधारणा नै आचरण र अनुपालनको सिद्धान्त हो ।

बैंक तथा वित्तीय संस्थामा नैतिक आचरणका सम्बन्धमा नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशिका नं. ६ र कर्मचारी सेवा विनियमावलीमा स्पष्ट व्यवस्था गरी यस सिद्धान्तको अवलम्बन गरेको पाइन्छ ।

**कुशल सञ्चारको सिद्धान्त**

प्रतिवेदन प्रणाली, गुनासो, सुझाव, कार्यको अस्पष्टता आदिलाई प्रभावकारी बनाउन एवम् सरोकारवालासम्म पुऱ्याई आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न सकिन्छ भन्ने मान्यता नै कुशल सञ्चारको सिद्धान्त हो । सञ्चारको संरचना, छड्के च्यानलको प्रयोग एवम् प्रभावकारी सञ्चार प्रणालीको आवश्यकता आन्तरिक नियन्त्रणका निमित्त अपरिहार्य रहन्छ ।

बैंक तथा वित्तीय संस्थामा सञ्चारको छड्के च्यानलको प्रयोग, व्यवस्थापन सूचना प्रणालीको अवलम्बन, गुनासो पेटिका, सूचना पार्टी, सुझाव पेटिका र सूचना अधिकारीसम्बन्धी व्यवस्था गरी आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउने अभ्यास गरेको पाइन्छ ।

यसका साथै आन्तरिक नियन्त्रण प्रणालीका सिद्धान्तका रूपमा जोखिम विश्लेषणको सिद्धान्त, भौतिक नियन्त्रणको सिद्धान्त, कार्यमा विविधीकरणको सिद्धान्त र स्वतन्त्र अवलोकनको सिद्धान्त जस्ता सिद्धान्तहरूसमेत रहेको पाइन्छ ।

**बैंक तथा वित्तीय संस्थामा आन्तरिक नियन्त्रण प्रणालीका फाइदा तथा महत्त्वहरू**

कार्यसम्पादनमा हुन सक्ने सम्भावित हानी नोक्सानी एवम् त्रुटिको प्रभावकारी व्यवस्थापनका साथै संस्थागत उद्देश्यमा विचलन आउन नदिने महत्त्वपूर्ण

औजारका रूपमा आन्तरिक नियन्त्रण प्रणाली रहने गर्दछ । आन्तरिक नियन्त्रण प्रणालीले नीति, नियम, निर्देशन र कार्यविधिको पालन गराउँदै कानुनको शासन स्थापित गर्ने, व्यवसायको सम्पत्तिको दुरूपयोग हुनबाट जोगाउने, पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउने, कर्मचारीलाई नैतिकवान बनाउने, असान्दर्भिक क्रियाकलापलाई न्यूनीकरण गर्ने, समयबद्धता कायम गर्ने, वैज्ञानिक खर्च प्रणालीलाई अवलम्बन गर्ने, चोरी एवम् दुर्घटना हुनबाट जोगाउने, गुणस्तर नियन्त्रण गर्ने, प्रभावकारी सुपरिवेक्षण प्रणालीलाई स्थापित गर्नुका साथै वित्तीय सुशासन र संस्थागत सुशासनको आधार तयार गर्ने कार्यसमेत गर्दछ ।

**उपसंहार :**

बैंक तथा वित्तीय संस्था अन्य संस्थाको तुलनामा धेरै सरोवकारवाला भएको, आर्थिक तथा मौद्रिक क्रियाकलापलाई प्रत्यक्ष प्रभाव पार्ने, अन्य क्षेत्रमा समेत सुशासन कायम गर्ने, अरूको सम्पत्तिको कारोबार गर्दै उच्च जोखिम लिँदै मुनाफा आर्जन गर्ने र हरेक क्रियाकलापमा नियन्त्रण प्रणालीको आवश्यकता रहने संस्था भएकाले आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न आन्तरिक लेखापरीक्षणको स्वायत्तता, आन्तरिक जाँचको प्रयोग, गुणस्तरको स्तर निर्धारण, कार्य परिक्रमा, रचनात्मक अनुशासनको अवलम्बन, कार्य विभाजन, भौतिक परीक्षण, योजनाबद्ध कार्यसम्पादन, जिन्सी निरीक्षणको व्यवस्था, नेपाल राष्ट्र बैंकको निर्देशनको परिपालना, प्रविधिमैत्री मूल्याङकन प्रणालीको प्रयोग जस्ता उपायहरू अपनाउन सान्दर्भिक हुन्छ ।

**सन्दर्भ सामाग्री**


तिमिल्सेना, चन्द्र र खनाल, अजय, बैंकिङ दृष्टिकोण : राष्ट्रिय वाणिज्य बैंक लि. तह ६ सहायक प्रबन्धक परीक्षा अभिरुचि, काठमाडौं : जे.बि. पब्लिकेसन ।

तिमिल्सेना, चन्द्र र खनाल, अजय, राष्ट्रिय वाणिज्य बैंक परिक्षा दर्पण तह ४ र ५, काठमाडौं : जे.बि. पब्लिकेसन, कीर्तिपुर ।

राष्ट्रिय पत्रपत्रिकामा आउने बैंकिङ सम्बन्धी लेखरचनाहरू ।

www.nrb.gov.np
www.rbb.com.np
https://chat.openai.com
www.prasasan.com

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**मोहन सिह बिष्ट**
प्रोपाइटर
**महादेव इन्टरप्राईजेज**
महाकाली नगरपालिका-५,
किम्तडी दार्चुला
मोबाइल नं. ९८४८७३४१००

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**लाल बहादुर किमाडी**
शेयरहोल्डर
**एच एल वि कन्सट्रक्सन फर्म**
दिपायल, नेपाल

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार
लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**चेत बहादुर खड्का**
प्रोपाइटर
**जगन्नाथ कन्ट्रक्सन एण्ड सप्लायर्स/नमादेव जनरल स्टोर**
दि.सि. नगरपालिका- ३, दिपायल

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**भागीरथी चौधरी**
प्रोपाइटर
**एडमिन आइटि सप्लायर्स**
धनगढी- ८, कैलाली
मोबाइल नं. ९८५८४२१८०७

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**गणेश प्रसाद पौडेल**
शेयरहोल्डर
**केल्स एकेडेमी प्रा.लि**
पोखरा १५, कास्की
मोबाइल नं. ९८५६०३८४७४

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**कुमार बानिया**
शेयरहोल्डर
**नम शिवशक्ति प्लाइ एण्ड ग्लास हाउस**
पोखरा १०, कास्की
मोबाइल नं. ९८५६०३७००६

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**बर्तराज उपाध्याय**
प्रोपाइटर
**जगन्नाथ छापाखाना**
जगन्नाथ-१, पिलिचौर, बजार

छपाई सम्बन्धि सम्पर्ण कार्य गरिनूका साथै स्टेसनरि समान,
इलेक्ट्रोनिक्स समान,कम्प्यूटर प्रिन्टर पाउनूका साथै मर्मत कार्य गरिन्छ ।

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**राजिव शर्मा**
प्रोपाइटर
**जब्स डाइनामिक**
नक्साल , काठमाण्डौ
मोबाइल नं. ०१-४५३२४५८



## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**पुष्पा पौडेल**
सहायक शाखा प्रबन्धक
**राष्ट्रिय वाणिज्य बैंक लि.**
शाखा कार्यालय अमंरसिंहचोक
मोबाइल नं. ९८४१६३८८७०

..तपाईको आफ्नै बैंक



## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**विष्णु जैशी**
प्रोपाइटर
**न्यु कालीका ट्रेडर्स**
कोल्टी बाजुरा

हार्डवेयर सम्बिन्धी सम्पुर्ण समान सरिया सिमेन्ट पाइप जाली तथा सबै
किसमका घरायसी भाडाकुडा सुपथ मुल्यमा खरिद गर्न हामिलाई सम्भिनु होस् ।



## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**सञ्जय रोकाया**
प्रोपाइटर
**न्यु रारा सपिङ सेन्टर , रारा बुक्स एण्ड स्टेसनरी सप्लायर्स**
बुढीनन्दा-२, कोल्टी बजार

# संघ, प्रदेश र स्थानीय तहको सबलीकरण : वित्तीय क्षेत्रलाई अवसर



**रिसव गौतम**
*आर्थिक लेखक तथा विश्लेषक*

मुलुकमा अहिले संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार सक्रिय छ । यी तीनै तहका सरकारहरूमध्ये पनि जनताको आर्थिक विकास तथा सामाजिक सांस्कृतिक सरोकारसँग स्थानीय सरकारको अझ बढी सामिप्यता रहेको छ । विकास निर्माणमा स्थानीय सरकार प्रभावकारी एवम् अर्थपूर्णसमेत देखिएको छ । यद्यपि तीनै तहका सरकारहरूको महत्त्वपूर्ण अग्रसरता, आपसी प्रतिस्पर्धा, नवीनतम विकास गतिविधिहरूबाट मात्रै सम्पूर्णतामा देश विकास सम्भव छ ।

२०७२ असोज ३ गते नयाँ संघीय संविधान जारी भए यता आवधिक निर्वाचनहरू समयमै हुँदै आएका छन् । संघीय व्यवस्था लागू हुँदा पनि मुलुकले आर्थिक विकासमा फड्को मार्न सकेको छैन । राजनीतिमा लागेकाहरूलाई यो व्यवस्थाले काम गरेर एक हिसाबको रोजगारी त सिर्जना गरेको छ । तर २०७२ यता जस-जसले अवसर पाए, उनीहरूमध्ये धेरै कमले मात्र सक्षमता देखाएका छन् । अधिकांश जनप्रतिनिधिहरूले काम गरेर देखाउनै सकिरहेका छैनन् । संघीयताको मर्मअनुसारको आर्थिक परिवर्तन र विकासको क्रान्ति हुन सकेको छैन । बरु मुलुकमा संघीयतामा गइसकेपछि केन्द्रबाट भ्रष्ट्राचार तथा अनियमितताको डढेलो स्थानीय तहमा सल्किरहेको छ । हालका वर्षहरूमा अख्तियारमा भ्रष्ट्राचार भएको भन्दै उजुरी पर्नेमा ३५ प्रतिशतभन्दा ज्यादा स्थानीय तहका छन् । प्रदेशहरूमा त्यत्तिकै भ्रष्ट्राचार र बेरुजुहरू बढिरहेको छ। संघीयता कार्यान्वयनको ७-८ वर्षबिच भएका प्रसाशनिक गतिविधिहरू आशालाग्दा भन्दा निराशाजनक देखिन्छन् ।

संघीयता एउटा झन्झटिलो र आर्थिक रूपले पनि अत्यन्त खर्चिलो प्रावधान हो । जुन हामीले महसुस गरिसकेका छौँ । मुलुकको आन्तरिक राजस्वले चालु खर्चसमेत धान्न नसकेको, कर्मचारीहरूलाई तलब दिन ऋण गर्नुपर्ने अवस्था आउन लागेको जस्ता कुराहरू सतहमा आइनै सकेका हुन् । तापनि संघीयता शीघ्र आर्थिक विकास र समृद्धिका लागि आधुनिक राज्य प्रणाली मानिन्छ ।

तसर्थ संघीयताका कारण देश पछि पर्‍यो अथवा जटिलताहरू झन् थपिए भनेर भनिहाल्ने बेला भएको छैन ।

संघीय राज्य प्रणालीबाट तलसम्मका जनताहरूको राज्यमा पहुँच र अधिकार विस्तारित भएको छ। प्रदेश-प्रदेशबिच आर्थिक प्रतिस्पर्धा गर्ने आधार तय भएको छ। विकासका लागि प्रतिस्पर्धा चलाएर प्रतिस्पर्धात्मक रूपमा देशको द्रुत आर्थिक विकास गर्न सकिने अधार तय भएको छ । तर त्यसका लागि ठुलो मात्रामा स्वदेशी तथा विदेशी लगानी, राज्यको स्रोत तथा साधनको अधिकतम उपयोग गरिनु आवश्यक छ ।

विदेशिएका युवाहरूलाई स्वदेशमै अवसरहरू सिर्जना गरेर फर्काउने, देशमै भएकाहरूलाई रोजगारी र विकास निर्माणमा लगाउने सरकारको अधिकतम प्रयास हुनपर्छ ।

**FIGURE 2: CHANGE IN NUMBER OF BFIS BETWEEN 2015 – 2022**




*Source: Nepal Rastra Bank, 2022*

## संघीयता र वित्तीय क्षेत्र

खास गरी बैंक तथा वित्तीय क्षेत्र भनेका पुँजीका मूल स्रोत हुन् । कुनै पनि मुलुकको आर्थिक सामाजिक विकासमा बैंक तथा वित्तीय क्षेत्रको योगदान अधिक रहने गर्छ । नेपाल राष्ट्र बैंकको पछिल्लो अध्ययनअनुसार नेपालमा अहिले कुल नागरिकको ६७.४ प्रतिशतमा बैंकिङ पहुँच पुगेको छ । राष्ट्र बैंकले वाणिज्य

बैंक, विकास बैंक, फाइनान्स कम्पनी र लघुवित्तहरूसमेतलाई साबिक पुँजीको अनिवार्य ४ गुणा पुँजी वृद्धिको प्रावधान ल्याएर वृद्धि गराएपछि वित्तीय क्षेत्र प्रतिस्पर्धात्मक रूपमा गाउँ-गाँउ पुग्न थालेको छ। राष्ट्र बैंकको मर्जर तथा पुँजी वृद्धिको नीतिगत प्रोत्साहनपछि वाणिज्य बैंकहरूको सङ्ख्या घटेर २० वटामा, विकास बैंक र फाइनान्स कम्पनीहरूको सङ्ख्या घटेर १७-१७ वटामा झरेको छ। यसबिच लघुवित्तहरूको पनि सङ्ख्यामा घटेर ६० वटामा झरेको छ।

तथापि वित्तीय संस्थाहरू मर्जर तथा पुँजी वृद्धिका कारण सबल हुँदै जाँदा बैंकसँग जनताको पहुँच पनि बढेको देखिन्छ। पुँजी, प्रविधि र मानव संसाधनले सक्षम हुँदै गएका वित्तीय संस्थाहरू पछिल्ला वर्षहरू बिजनेस विस्तार गर्ने हिसाबले गाउँ-गाउँसम्म पुगिरहेका छन्। खास गरी बैंक तथा वित्तीय क्षेत्रलाई गाउँ-गाउँसम्म पुग्ने आधार र ढाडस तीन तहको संघीय सरकारले नै दिएको हो। संघीयताको प्रभावकारी कार्यान्वयन हुँदै जाँदा वित्तीय क्षेत्रले आफ्नो सेवा गाउँसम्म विस्तार गर्ने हिम्मत गरेका हुन्, जसले गर्दा अहिले ७५३ वटै स्थानीय तहमा बैंकका शाखाहरू पुगिसकेका छन्। संघीयताकै कारण गाउँहरूले पनि ठुलो पुँजीको बागडोर सम्हालेर बसेका बैंकहरूको पहुँच पाएका छन्। गाउँसम्म पुगेका वित्तीय संस्थाहरूले गाउँहरूमा स्थानीय तहहरूको सहकार्यमा उद्यमशीलता तालिम, सामाजिक उत्तरदायित्वका कार्यहरू गरिरहेका छन्, जसले गर्दा सानो सानो एसएमइ कर्जा प्रवाहका लागि बैंकहरूलाई अनुकूलता मिलिरहेको छ। अति विकट स्थानीय तहका नागरिकहरू पनि पुँजीको खातिर बैंकहरूसम्म ठोकिन थालेका छन्। बैंकहरूले पुँजी वृद्धि गर्दाको प्रत्यक्ष वा अप्रत्यक्ष लाभ संघीय राज्य व्यवस्थालाई हुने देखिन्छ। यद्यपि बैंकहरूले खास गरी ग्रामीण भेगहरूमा अझै खुलेर लगानी बढाउन सकिरहेका छैनन्।

नेपालमा लागू भइरहेको विकेन्द्रीकरणको उपकरणको रूपमा रहेको संघीय राज्य प्रणाली सफल हुने भनेको पुँजीको आडमा हो। संघीयतामा ७ ओटा प्रदेश सरकारहरू बनेका छन्। ७५३ स्थानीय सरकारहरू छन्। ती सरकारहरू जनताको निकट छन्। अहिले पुँजी वृद्धि गरिसकेपछि बैंकहरूले व्यापारको खोजीमा गाउँ-गाँउमा शाखा विस्तार गरिरहँदा संघीयतालाई त्यसले फाइदा गर्छ। अर्को पक्ष संघीयताकै कारण पनि बैंकहरू सहर मात्रै केन्द्रित नरहेर गाउँ-गाउँसम्म पुग्ने आधार सिर्जना भएको छ। फलस्वरूप त्यहाँको कृषि, पर्यटन, व्यापार तथा उद्यम सञ्चालनमा मद्दत मिल्दछ। यसरी हेर्दा गाउँ-गाउँ पस्दै गरेका बैंक तथा वित्तीय क्षेत्रहरूलाई संघीयताले फाइदा गर्छ। र,

संघीयतालाई सफल बनाउन गाउँका कुनाकन्दरासम्म पस्दै गरेका बैंकहरूले महत्त्वपूर्ण योगदान दिन सक्छन् ।

अहिलेको संघीय सरकारहरूले प्रतिस्पर्धात्मक आर्थिक विकासको लहर चलाउन आवश्यक छ । आफ्ना-आफ्ना प्रदेश जसरी हुन्छ, आर्थिक समृद्धिका हिसाबले अगाडि बढाउन जरुरी हुन्छ । त्यहाँ कर लगाउने कुरा, रोजगारी सिर्जना गर्ने कुरा, औद्योगिक विकास गर्ने कुरा, कृषि उत्पादकत्व वृद्धि गर्ने लगायत यावत् आर्थिक कृयाकलापका लागि पहिला त पुँजी नै आवश्यक पर्दछ। त्यो आवश्यकता बैंकहरूले पूरा गर्न सक्छन् । तर त्यहाँका संघीय सरकारहरूले बैंकहरूलाई लगानीको वातावरण बनाउन आवश्यक देखिन्छ ।

मूल रूपमा अहिले पनि बैंक तथा वित्तीय संस्थाहरू सहर केन्द्रित नै छन् । जोखिमरहित ठाउँहरूमा उनीहरू केन्द्रित छन् । केही हदसम्म गाउँ-गाउँसम्म शाखा खोल्ने क्रम बढे पनि उनीहरूको व्यावसायिक कारोबारको अधिकांश हिस्सा सहर केन्द्रित छ । उनीहरूको लगानी पनि उत्पादनमूलकभन्दा सेवामूलक क्षेत्रमै केन्द्रित छन् । तर बैंकहरूले त्यो नीतिलाई परिवर्तन गर्ने बेला आएको छ । त्यो नगरिए उनीहरूको पनि गुन्जायस देखिँदैन । किनकि बैंकहरूले ४ गुणा पुँजी वृद्धि गरेसँगै उनीहरूको दायित्व पनि ४ गुणा नै वृद्धि भएको छ । हिजो जे-जति नाफाहरू बैंकहरूले गर्दै आएका थिए, अब त्यो नाफालाई ४ दोब्बर बनाउनुपर्ने चुनौती उनीहरूमाझ छ । त्यसका लागि बैंकहरूले बिजनेस बढाउनै पर्छ । अर्थात् भएका पुँजीहरूको अधिकतम लगानी गर्नुपर्छ ।

बैंकहरूले सघन रूपमा गाउँ-गाउँसम्म गएर, आफ्ना शाखाहरू नेपाल अधिराज्यका कुनाकन्दरासम्म पुऱ्याएर संघीयता सफल बनाउने र आफ्ना बैंकिङ गतिविधि बढाउने तिर लाग्न जरुरी छ । संघीयता सफल हुन्छ वा हुँदैन भनेर बहस हुन थालेको अहिलेको परिवेशमा बैंकहरूले आर्थिक विकासका लागि उपयुक्त मानिएको यस व्यवस्थालाई सहयोग गर्नु आवश्यक छ । खास गरी बैंकहरू जनताकै लगानीमा सञ्चालित छन् । जनताको नै सेयर हुने भएकाले अधिकतम जनताकै हितमा हुने यस प्रणालीलाई सहयोग गर्न वित्तीय क्षेत्र हरेक प्रदेश, हरेक स्थानीय तहमा पुग्न जरुरी छ ।

अर्को कुरा, अब वित्तीय क्षेत्रले पनि संघीयतामा आफूलाई विकेन्द्रित गर्न जरुरी छ । जस्तो अहिले धेरैजसो कामहरूका लागि बैंकहरूले केन्द्रलाई, जसलाई प्रधान बनाएका छन्, त्यसलाई तोड्न जरुरी छ । जसरी संघीयतामा ७ ओटा सरकार

बनेका छन्, त्यसै गरी बैंकहरूका पनि त्यस्तै प्रकारले ७ ओटै प्रदेशमा अधिकार सम्पन्न कार्यालयहरू खोलिनुपर्दछ । जसले गर्दा बैंकिङ गतिविधिहरू प्रभावकारी बनुन् र स्थानीय निकायहरूमा आर्थिक गतिविधिहरू बढोस् ।

संघीयता सफलताको कडी बलियो पुँजीको स्रोतमा अन्तर्निहित छ । तसर्थ सरकारले संघीय प्रणालीलाई सफल बनाउन आर्थिक व्यवस्थापन, लगानी र व्यापारमा जोड दिनुपर्छ । अहिले नेपालको व्यापार घाटा १४ खर्ब नाघिसकेको छ । त्यसलाई कसरी न्यूनीकरण गर्दै व्यापार सन्तुलन गर्ने भन्नेतर्फ सरकार केन्द्रित हुन जरुरी छ । खास गरी अहिले बैंक तथा वित्तीय क्षेत्रले जसरी आफ्ना संस्थाहरूको पुँजी बढाएका छन्, संघीयता अवलम्बन गरेको मुलुकका लागि बैंकहरूले त्यसरी नै आर्थिक गतिविधि बढाउन जरुरी छ । लगानीका हिसाबले निकै ठुलो स्रोतका रूपमा नेपालका बैंक तथा वित्तीय क्षेत्र मजबुत भएका छन् । तर लगानीका लागि प्रभावकारी वातावरण नपाएका बैंकहरूलाई प्रदेश सरकारहरूले त्यो वातावरण बनाइदिन जरुरी हुन्छ । लगानीयोग्य वातावरण बेगर बैंकहरूले निश्चय पनि लगानी गर्न सक्दैनन् ।

तसर्थ संघीय सरकारले लगानीको वातावरणका निम्ति दोहोरो, तेहोरो कर प्रणाली अवलम्बन गर्नु हुँदैन । बरु ग्रामीण भेगहरूमा उदाएका कृषि, पर्यटन लगायतका उद्यमहरूलाई कर छुट लगायतका विविध खालका प्रोत्साहनका प्याकेजहरू ल्याउन जरुरी छ । त्यसो गर्न सकिए बैंकहरूले त्यहाँ लगानी अभिवृद्धि गर्न सक्छन् । फलस्वरूप त्यहाँ रोजगारी सिर्जना हुन्छ र आर्थिक गतिविधिहरू बढ्दछन् । नागरिकहरूको आर्थिक हैसियत बढ्छ । मुलुकको उत्पादकत्व बढ्नुका साथै व्यापार घाटा कम हुन्छ । र नेपालको पैसा विदेशमा जानबाट बच्छ । त्यसरी नेपाली पैसा विदेशिनबाट जोगिँदा मात्रै पनि नेपालको अर्थतन्त्रले एउटा उचाइ लिन सक्दछ । तसर्थ अहिलेका प्रदेश तथा संघीय सरकारहरूले लगानीको वातावरण बनाउँदा एकातर्फ बैंकहरूले बिजनेस पाउँछन्, आन्तरिक लगानी बढ्छ भने अर्कोतर्फ समुचित लगानीको वातावरण बनेको र औद्योगीकरण एवम् आर्थिक गतिविधि बढ्नाले विदेशी लगानीहरू भित्रिन थाल्दछन् । आन्तरिक अवस्थाको मजबुतीकरण, स्थायी सरकार र लगानीयोग्य वातावरण देखेर नै नेपालमा विदेशी लगानीकर्ताहरू आर्कषित हुन सक्दछन् । त्यसका लागि संघीय सरकारहरूले आन्तरिक स्रोतको परिचालन गर्ने पहिलो नीति र त्यसैको जगमा विदेशी लगानीसमेत भित्र्याएर मुलुकको समृद्धि तर्फको अभियान थाल्नुपर्छ । आन्तरिक लगानीको प्रथम स्रोत नेपालका

बैंक तथा वित्तीय क्षेत्र हुन् । त्यसको समुचित उपयोग गर्ने गरी अविलम्ब काम थाल्न जरुरी छ ।

अन्त्यमा, स्थानीय तहमा अथवा पिँधमा हुने भनेका बहुसङ्ख्यक निम्न वर्गीय जनता हुन् । खास गरी नेपाल राष्ट्र बैंकका कडा खालका प्रावधानका कारण बैंकहरू चाहेर पनि गरिबमैत्री हुन सकिरहेका छन् । धेरै त बैंकहरूले हुनेखाने र पुँजीपति वर्गलाई नै सघाएका छन् । गरिबहरू कर्जाको पहुँचबाट टाढै छन् । बैंकहरूले आफ्ना शाखा विस्तार गरिरहँदा गरिब तथा किसान वर्गमा कर्जाको पहुँच विस्तार हुने गरी सहजता प्रदान गर्न सक्नुपर्छ । उनीहरूलाई बैंकिङ प्रावधानअनुसार कागजात, प्रक्रिया पूरा गर्न सकिने हिसाबका नीतिहरू राष्ट्र बैंकले ल्याउन सक्नुपर्छ । त्यसो गर्दा मात्र गाउँ-गाउँमा कर्जा विस्तार गर्ने, निक्षेप सङ्कलन गर्ने, उद्यमशील गतिविधि बढाउने र समग्र आर्थिक विकास हुने कुरा सम्भव हुन्छ । समग्रमा संघीयता वित्तीय क्षेत्रका लागि अवसर हो । वित्तीय क्षेत्रका नियामक निकाय, सरोकारवाला निकाय र समग्र व्यावसायिक जगत्ले त्यसतर्फ सोच्नुपर्छ । अप्ठेराहरू फुकाउनुपर्छ । गाउँका सिंहदरबार वरपर पनि आर्थिक गतिविधिहरू फस्टाउनु पर्छ । अनि मात्र जनताले संघीयताको फल चाख्न पाउँछन् ।


हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**सिद्धबाबा लेखापढि तथा भू सेवा केन्द्र**
सुख्खानगर -८, बुटवल कुसुमपथ

हामिकहाँ मालपोत तथा नापि सम्बन्धि सम्पुर्ण काम गर्नुका साथै कानूनि परामर्श दिईन्छ ।

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**नारायण सिंह बेलबासे**
प्रोपाइटर
**सुबोध कन्ट्रक्सन**
शितगंगा न.पा.-४, भेडामारा अर्घाखाँची

हामिकहाँ बिद्युत लाईन लगायत सम्पुर्ण निमार्णका कार्य गरीन्छ ।

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**सुमन थापा**
प्रोपाइटर
**स्मार्ट टायर जोन**
पोखरा १०, कास्की
मोबाइल नं. ९८५६०३८४११

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**अमृता धामी**
प्रोपाइटर
**प्रतिक होटल एण्ड लज**
बुढीनन्दा-१, कोल्टी बजार

खान तथा बस्नको लागी हामिलाई सम्झिनू होला

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**मिलन खड्का**
प्रोपाइटर
**अमृत कन्स्ट्रक्सन**
गोरखा १०, चेबेटार
मोबाइल नं. ९८२४१५२२२३

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**रामबाबु जोशी**
प्रोपाइटर
**जोशी स्टेशनरी सेन्टर**
गोरखा-६, गोरखाबजार
मोबाइल नं. ९८५६०२४९१९

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**रामचन्द्र शर्मा**
प्रोपाइटर
**पशुपति निर्माण सामाग्री केन्द्र**
पोखरा १७, छोरेपाटन, कास्की
मोबाइल नं. ९८५६०२२८७३

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**अस्मत बाबु श्रेष्ठ**
प्रोपाइटर
**न्यु प्रगती इन्टरप्राइजेज**
पोखरा १०, अमरसिंह चोक, कास्की
मोबाइल नं. ९८५६०२६५३३

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**शंकर बहादुर अधिकारी**
प्रोपाइटर
**दिब्या शक्ति हार्डवयर**
पोखरा १९, लामाचौर, कास्की
मोबाइल नं. ९८१६६५७४६०

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**जय प्रकाश प्रधानाङ्ग**
प्रोपाइटर
**सुवानी अफसेट प्रेस**
पोखरा ९, नयाँबजार, कास्की
मोबाइल नं. ९८५६०२३२८२

# वित्तीय साक्षरता : नेपालको सन्दर्भ



**ध्रुव पाण्डे**
*सहायक प्रबन्धक, राष्ट्रिय वाणिज्य बैंक*

## परिचय

वित्तीय साक्षरता भन्नाले उपलब्ध विभिन्न आर्थिक तथा वित्तीय स्रोत साधनको प्रभावकारी, पारदर्शी र मितव्ययी तवरले उपयोग गर्नका लागि दक्षता र ज्ञान हासिल गर्दै आर्थिक तथा वित्तीय क्रियाकलापमा उचित निर्णय लिन सक्ने क्षमताको विकास गर्ने कार्य हो । वित्तीय क्षेत्रसँग सम्बन्धित विभिन्न उत्पादनहरूका बारेमा जानकारी लिई ती उत्पादनहरूसँग जोडिएका विभिन्न जोखिमहरूको गहिराइको पहिचान गर्दै तिनीहरूको आदर्शतम र कुशलतम प्रयोगका लागि आवश्यक क्षमता विकास गर्ने कार्य नै वित्तीय साक्षरता हो ।

वित्तीय साक्षरताले समग्र वित्तीय प्रणालीमा सर्वसाधारणको विश्वासको अभिवृद्धि गराई सहभागितामा समेत वृद्धि गराउन मद्दत गर्दछ । वर्तमान समयमा विश्व आर्थिक क्षेत्रमा वित्तीय साक्षरताको विषयले विशेष महत्त्व पाउन थालेको अवस्था छ । ग्राहक सम्बन्ध, बजार व्यवस्थापन, उत्पादन व्यवस्थापन, मौज्दात व्यवस्थापन, वित्त व्यवस्थापन, बजेटिङ, लगानी जस्ता वित्तीय सेवा सुविधाको प्रभावकारी प्रयोग गर्दै त्यसलाई आफ्नो हितअनुकूल बुझ्न सक्ने क्षमताको विकास गर्नु नै वित्तीय साक्षरताको सार हो । हरेक व्यक्तिसँग भएको सीमित स्रोत र साधनको कुशलतम उपयोगको जानकारी प्रदान गर्दै ती स्रोत साधनलाई उत्पादनशील तथा आयमूलक क्षेत्रमा लगानीका लागि प्रेरित गराउँदै समग्र मुलुककै आर्थिक विकास, आर्थिक वृद्धि र आर्थिक उन्नति हासिलका लागि ज्ञान तथा क्षमता विकास गराउनु नै वित्तीय साक्षरताको प्रमुख उद्देश्य हो । जब मानिस वित्तीय रूपमा साक्षर हुन्छन्, तब मात्र उद्यमशीलता वा उद्योग क्षेत्रको विकास भई रोजगारी सिर्जना हुँदै व्यापार घाटासमेत कम गर्न सम्भव हुन्छ ।

नेपाल सरकारको हरेक स्थानीय तहमा वाणिज्य बैंकका शाखा कार्यालय पुऱ्याउनुपर्ने नीतिसँगै बैंक तथा वित्तीय संस्थाका शाखाहरूको उपस्थिति हरेक

स्थानीय तहमा भएसँगै सर्वसाधारण जनताको बैंकिङ पहुँच पुगी नागरिकहरूमा बैकिङ आदत बढ्न गई वित्तीय चेतना र वित्तीय साक्षरता दुवैमा सकारात्मक परिवर्तन हुने देखिन्छ। कुल जनसङ्ख्याको करिब ६८% जनतामा बैंकिङ सेवाको पहुँच पुगेको छ। करिब ६०% जनता वित्तीय साक्षर भएको तथ्याङ्कसँगै ग्रामीण तहसम्म वित्तीय साक्षरतामा अभिवृद्धि भई ग्रामीण अर्थतन्त्रको बचतलाई वित्तीय माध्यममा भित्र्याई राष्ट्रिय पुँजी निर्माण र राष्ट्रिय बचतमा समेत ठुलो सहयोग पुगेको छ । सर्वसाधारणको वित्तीय चेतनामा अभिवृद्धि गरी देशमा उपलब्ध विभिन्न वित्तीय सेवा तथा सुविधाको प्रयोगमा बढोत्तरी ल्याई यसबाट बचतको परिचालन गर्दै विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित क्रियाकलापमा समेत वृद्धि होस् भन्ने उद्देश्यका साथ बहुवर्षीय वित्तीय साक्षरतासम्बन्धी रणनीतिहरू पनि निर्माण भइरहेका छन्। वित्तीय साक्षरताका माध्यमबाट बैंक तथा वित्तीय संस्थाले बैंक खाता खोल्ने प्रक्रिया, बचतको महत्त्व, बैंक कर्जा, कर्जा दुरुपयोग, वित्तीय संस्थाले दिने सेवा, विद्युतीय भुक्तानी, यसबाट हुन सक्ने जोखिम, सफा नोट नीति, विप्रेषण, बिमालगायतका विषयमा जानकारी दिई सर्वसाधारण जनतालाई सुसूचित बनाउँदै आएका छन् ।

## वित्तीय साक्षरताको महत्त्व तथा आवश्यकता

कुनै पनि मुलुकको आर्थिक विकास र अर्थिक समृद्धिका लागि वित्तीय साक्षरताको महत्त्वपूर्ण भूमिका मानिन्छ । वित्तीय क्षेत्रको विकास र विस्तारविना कुनै पनि देशको आर्थिक विकास सम्भव नहुने भएकाले वित्तीय साक्षरतामार्फत सर्वसाधारणको वित्तीय चेतनामा अभिवृद्धि गराई सबै नागरिकलाई वित्तीय सेवा सुविधाको प्रयोगमा जोडेर त्यसबाट बचतको परिचालनमार्फत पुँजी निर्माण गराई गुणस्तरीय कर्जा लगानीमार्फत रोजगारी सिर्जना गर्दै गरिबी निवारणमा टेवा पुगी जनताको जीवनस्तर सुदृढ गर्न आवश्यक ज्ञान प्रदान गर्ने कार्यमा वित्तीय साक्षरताको प्रमुख महत्त्व छ। यसका अन्य महत्त्वहरूमा :

- सर्वसाधारणलाई वित्तीय स्रोत साधनको महत्त्व बुझी सोसम्बन्धी उचित निर्णय गर्न सक्षम बनाउन,
- सर्वसाधारणको वित्तीय सेवामा पहुँच र वित्तीय समावेशीकरणमा सहयोग पुऱ्याउन,
- बैंक तथा वित्तीय संस्थाका उत्पादकका बारेमा जानकारी गराउँदै

तिनीहरूको उपयोगमा आउन सक्ने जोखिमको न्यूनीकरणका लागि आवश्यक सहयोग गर्न,

- वित्तीय सेवा सुविधामा भएको परिवर्तनबारे जनतालाई जानकारी गराउन,
- सूचना प्रविधिमा भएको तीव्र विकाससँग सर्वसाधारणलाई समाहित गराउन,
- वित्तीय बजारको दिगो र दीर्घकालीन विकास गर्न,
- वित्तीय स्रोतको प्रभावकारी उपयोग गराई वित्तीय व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन,
- रोजगारी सिर्जना र लगानी वृद्धि गर्दै गरिबी निवारणमा टेवा पुऱ्याउन,
- आर्थिक स्थायित्व, आर्थिक वृद्धि र सामाजिक न्याय कायम गर्न,
- गैरकानुनी आर्थिक कारोबारलाई निरुत्साहित गर्दै सर्वसाधारणको वित्तीय चेतनामा अभिवृद्धि गर्न,
- राष्ट्रिय पुँजी निर्माण, औद्योगिकीकरण र उत्पादन क्षेत्रको विकास र विस्तार गर्न सहयोग गर्न,
- कर्जासम्बन्धी पूर्ण ज्ञान प्राप्त गर्दै व्यवसाय विस्तारका लागि कर्जाको समुच्चतम उपयोग गर्न, आदि ।

## वित्तीय साक्षरताका लागि भएका प्रयासहरू

सन् २००८ को विश्वव्यापी वित्तीय सङ्कटपश्चात् वा त्यसपछिका विभिन्न घटनाक्रमलाई नियाल्दा वित्तीय साक्षरताको आवश्यकता बढेको पृष्ठभूमिमा G-20, Organization for economic cooperation and development (OECD) जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले वित्तीय क्षेत्रसँग सम्बन्धित विभिन्न औजारहरू बचत, लगानी जस्ता महत्त्वपूर्ण क्षेत्रहरूमा सर्वसाधारणको ज्ञान तथा क्षमता बढाउनका लागि विशेष महत्त्व दिँदै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् ।

नेपाल सरकारको वित्तीय क्षेत्र विकास रणनीति (२०७३/०७४-२०७७/०७८) मा वित्तीय पहुचँ र वित्तीय समावेशीकरणलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गरिएको थियो । नेपाल राष्ट्र बैंकको तेस्रो रणनीतिक योजना (२०१७-२०२१) को रणनीतिक स्तम्भमा वित्तीय स्थायित्व र वित्तीय क्षेत्र विकासअन्तर्गत वित्तीय पहुँच र

समावेशीकरण गर्ने उद्देश्य राखी कार्यान्वयन भइसकेको छ। नेपाल सरकारको सोह्रौं आवधिक योजनाको आधारपत्रले वित्तीय साक्षरता अभिवृद्धि गर्ने रणनीति तय गर्दै त्यसैअनुसार कार्यनीति तय गरेका देखिन्छ। आर्थिक वर्ष २०८०/०८१ को मौद्रिक नीतिले वित्तीय साक्षरतासम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउँदै वित्तीय सेवाको माग अभिवृद्धि गर्ने र वित्तीय साक्षरता कार्यान्वयन गर्ने नीति लिएको पाइन्छ।

नेपाल राष्ट्र बैंकले वित्तीय साक्षरता प्रशिक्षणका निम्ति २५ जना विज्ञ प्रशिक्षकहरू तयार गरेको छ। बैंकले वेबसाइटमार्फत प्रशिक्षकको विवरणसमेत प्रकाशन गरेको छ। वित्तीय साक्षरतालाई प्रभावकारी बनाउन प्रशिक्षकहरूलाई 'वित्तीय साक्षरता ढाचाँ २०२२' ले निर्धारण गरेबमोजिमका लक्षित समूहलाई वित्तीय साक्षरतासम्बन्धी प्रशिक्षण दिनुपर्ने जिम्मेवारी तोकिएको छ।

यसरी वित्तीय साक्षरताको विश्वव्यापी बढ्दै गएको आवश्यकतालाई मध्यनजर गर्दै नेपाल सरकारले विभिन्न नीतिगत र कार्यगत कार्यक्रमहरू तय गर्दै लक्षित वर्ग समक्ष माग र आवश्यकताअनुसारका वित्तीय साक्षरताका कार्यक्रमहरू सञ्चालन गर्दै आएको अवस्था छ। बैंक तथा वित्तीय संस्थाले ग्रामीणस्तरसम्म विभिन्न वित्तीय साक्षरतासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै ग्रामीण अर्थतन्त्रको बचतलाई परिचालन गर्दै राष्ट्रिय पुँजी निर्माणमा टेवा पुऱ्याउन सर्वसाधारणको वित्तीय चेतनामा अभिवृद्धि र वित्तीय सेवाको प्रयोगसम्बन्धी ज्ञान बढाउनका लागि अतुलनीय भूमिका खेलिरहेका छन्।

## वित्तीय साक्षरताको प्रवर्धनमा देखिएका चुनौतीहरू

वर्तमान विश्वमा वित्तीय क्षेत्रको विकास र विस्तारविना आर्थिक क्षेत्रको विकास असम्भव जस्तै भइसकेको अवस्थामा वित्तीय क्षेत्रको गुणस्तरीय विकासका लागि वित्तीय साक्षरतामार्फत सर्वसाधारणको वित्तीय चेतनाको स्तरमा सुधार गर्न आवश्यक हुँदाहुँदै पनि वित्तीय साक्षरताको प्रवर्धनमा नेपालमा देखिएका केही चुनौतीहरूलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

- वित्तीय साक्षरताका लागि लक्षित वर्ग र क्षेत्रअनुसारका कार्यक्रमहरू तय गर्नु,
- अशिक्षित समुदायमा वित्तीय साक्षरता आवश्यकताको बोध गराउनु,
- सहर केन्द्रित बैंक तथा वित्तीय संस्थाका शाखालाई ग्रामीण क्षेत्रमा अझ बढी उपस्थित गराउनु,

- कर्जाको गुणस्तर बढाउनु र ब्याजदर कम गर्नु,
- वित्तीय साक्षरतासम्बन्धी विभिन्न त्भचक हरू सर्वसाधारणलाई बुझाउनु,
- वित्तीय साक्षरताको अभिवृद्धिका लागि सम्बन्धित निकायहरूबिच समन्वय कायम गर्नु,
- वित्तीय साक्षरताको प्रभावकारिताका लागि कानुनी र नीतिगत व्यवस्था तथा आधारहरू तय गर्नु,
- वित्तीय साक्षरताको अभिवृद्धिका लागि वित्तीय क्षेत्रको जानकारी प्रवाहका लागि स्तरीय ढाँचा तयार गर्नु,
- वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम र उद्देश्यबिच तालमेल गराउनु,
- स्थानीय सरकारका वार्षिक कार्यक्रममा वित्तीय साक्षरतालाई समावेश गराउनु,

**नेपालमा वित्तीय साक्षरताको प्रभावकारिताका लागि चाल्नुपर्ने कदमहरू**

ग्रामीण क्षेत्रमा बस्नेदेखि लिएर अशिक्षित वर्गको समेत वित्तीय क्षमतामा सुधार गर्दै वित्तीय चेतनामा अभिवृद्धि गर्नका लागि नेपालमा वित्तीय साक्षरतासम्बन्धी विभिन्न कामहरू समय समयमा हुँदै आइरहेका छन् । तर पनि यसलाई अझ बढी यर्थाथपरक, उद्देश्यअनुकूल र समग्र वित्तीय स्थायित्वमा समेत सकारात्मक प्रभाव पार्ने बनाउनका लागि निम्नानुसारका कदमहरू चाल्नुपर्ने देखिन्छ, जसलाई निम्नानुसार बुदाँगतरूपमा प्रस्तुत गरिएको छ :

- मुलुकका हरेक ग्रामीण तहसम्म विकासका पूर्वाधारको निर्माणसँगै बैंक तथा वित्तीय संस्थाका शाखाहरू उल्लेख्य रूपमा वृद्धि गर्दै जाने,
- वित्तीय साक्षरता के का लागि ? कुन स्तरको साक्षरता ? कसले लिने र कसले दिने जस्ता कुराहरूको योजनाबद्ध रूपमा वित्तीय साक्षरता अभियान बनाएर त्यसैअनुसारका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,
- वित्तीय साक्षरतालाई औपचारिक शिक्षासँग जोडी माध्यमिक तहभन्दा माथि अध्ययन गर्ने विद्यार्थीलाई अनिवार्य बैंक तथा वित्तीय संस्थामा बचत खाता खोल्न लगाई वित्तीय क्षेत्रसम्बन्धी ज्ञान प्रदान गर्ने,
- शैक्षिक पाठ्यक्रममा वित्तीय साक्षरतासम्बन्धी सामग्रीलाई अनिवार्य समावेश गर्नुका साथै हरेक पुस्तकालयमा सरल भाषामा सामग्री उपलब्ध गराउने,

- वित्तीय साक्षरताको प्रभावकारिताका लागि आवश्यक कानुनी र नीतिगत व्यवस्था तथा आधारहरू तयार गरी व्यवस्थित गराउने,
- स्थानीय सरकारको वार्षिक कार्यक्रममा वित्तीय साक्षरतालाई समावेश गराई स्तरीय र प्रभावकारी कार्यक्रमहरू तय गरी कार्यान्वयनको प्रभावकारितामा जोड दिने,
- सरकार र सबै सम्बन्धित सरोकारवालाले निष्पक्ष, जिम्मेवारीपूर्ण र समन्वयात्मक ढङ्गबाट वित्तीय शिक्षाको प्रवर्धन गर्नुपर्दछ,
- वित्तीय साक्षरताको सफल कार्यान्वयनका लागि बैंक तथा वित्तीय संस्थामा संस्थागत सुशासन कायम गरी बैंक तथा वित्तीय संस्थामा पूर्णरूपमा विश्वासको वातावरण सिर्जना गर्नुपर्दछ,
- वित्तीय साक्षरतासम्बन्धी विभिन्न कार्यक्रमहरूको उत्पादन र वितरण गर्ने कार्यमा आधुनिक सञ्चारका माध्यमहरू र आधुनिक प्रविधिको प्रयोग गर्ने ।

**निष्कर्ष**

वर्तमान परिप्रेक्ष्यमा विश्व आर्थिक तथा वित्तीय क्षेत्रको जगत्मा दिनानुदिन नयाँ नयाँ प्रविधि तथा सेवा सुविधाहरूको विकास भइरहेको अवस्था छ। यस अवस्थामा वित्तीय क्षेत्रसँग सबै नागरिकको पहुचँ र सहभागिताको आवश्यकता हुन्छ । कुनै पनि देशमा हरेक नागरिकको दैनिकीसँग वित्तीय क्षेत्र जोडिएको हुन्छ । वित्तीय प्रणालीमा बढ्दो जनसहभागिताले देशभित्रका आर्थिक गतिविधिहरू चलायमान हुँदै जानुका साथै वित्तीय क्षेत्रको स्थायित्व र दिगो बन्नका लागि समेत महत्त्वपूर्ण मानिन्छ । कुनै पनि मुलुकले अबका दिनमा आर्थिक विकास र समृद्धिका लागि वित्तीय क्षेत्रको दिगो विकास र विस्तार गर्नु अपरिहार्य छ । यसका लागि देशका सबै नागरिकहरू वित्तीय रूपमा साक्षर हुनु आवश्यक छ । वित्तीय साक्षरताले नागरिकलाई वित्तीय स्रोत साधनको नीतिगत तथा कानुनी विषयमा, वित्तीय उपकरण तथा त्यसको मूल्य र जोखिमका बारेमा र ती उपकरणको कुशलतम प्रयोगका बारेमा ज्ञान अभिवृद्धि गराउने हुनाले वित्तीय क्षेत्रमा उपभोक्ताको संरक्षणका दृष्टिले पनि वित्तीय साक्षरताको आवश्यकता दिनानुदिन बढ्दै गएको पाइन्छ । नेपालको जनसङ्ख्याको अझै पनि करिब ३०% जनसङ्ख्या वित्तीय पहुँचबाट टाढा छ । यस सन्दर्भमा वित्तीय समावेशिता र वित्तीय साक्षरता आजको आवश्यकता हो । नेपाल सरकार र नेपाल राष्ट्र बैंकले वित्तीय पहुँच र

वित्तीय समावेशीकरणका लागि लिएका विभिन्न व्यवस्था तथा कार्यक्रमहरूको तय गरी कार्यान्वयन गरिरहेको अवस्थामा यसलाई अझ बढी समयसान्दर्भिक र परिमार्जन गर्दै जानु आवश्यक छ । वित्तीय साक्षरतामार्फत बचत परिचालन गर्नाले पुँजी निर्माणमा सहयोग पुग्ने र यसबाट आर्थिक गतिविधिहरू बढ्न गई उत्पादनको वृद्धिसँगै रोजगारी सिर्जना भई नागरिकको जीवनस्तरमा सुधार आएर नेपाल सरकारले लिएको 'समृद्ध नेपाल सुखी नेपाली' अभियान पूरा हुने कुरामा विश्वस्त हुन सकिन्छ ।

**सन्दर्भ सामग्री**


www.nrb.org.np
monetary policy 2080/81
www.rbb.com.np
www.mof.gov.np



हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**हुमकान्त अधिकारी**
प्रोपाइटर
(सुपादेउराली मन्दिर नजिक)
**होटल दरवार**
शितगंगा न.पा.४, भेडामारा अर्घाखाँची
हामिकहाँ खाना, नास्ता र बासको उचित प्रबन्ध रहेको छ । एकपटक सेबा गर्ने मौका प्रदान गर्नुहोला ।

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**चिन्ताराज अधिकारी**
प्रोपाइटर
**अधिकारी किराना पसल**
शितगंगा न.पा.-०३, ठाडा अर्घाखाँची

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**राम प्रसाद शर्मा**
प्रोपाइटर
**पर्वते सप्लायर्स**
पोखरा ८, दमकलमार्ग, कास्की

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**राज कुमार सुनार**
प्रोपाइटर
**सिद्धार्थ ज्वेलर्स**
पोखरा ९, कास्की
मोबाइल नं. ९८५६०३०५०९

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**गणेश शाही**
प्रोपाइटर
**वडावन कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.**
महावु-५, दैलेख
मोबाइल नं. ९८६०७५४४२३

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**प्रतिक श्रेष्ठ**
प्रोपाइटर
**प्रतिमा प्रतिक इन्टरप्राईजेज**
रामपुर, पाल्पा

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**राधिका कुमारी भण्डारी**
प्रोपाइटर
**जय गणेश सिद्धि सप्लायर्स**
रामपुर, पाल्पा

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**राजुप्रसाद श्रेष्ठ**
प्रोपाइटर
**दिर्घायु मेडिसीन डिष्ट्रीव्युटर्स**
रामपुर, पाल्पा



## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**मोहन बाबु खड्का**
प्रोपाइटर
**मोनीका सप्लायर्स**
पोखरा ९, नयाँबजार, कास्की
मोबाइल नं. ९८५६०२०३१७

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**उमा देवी सापकोटा**
प्रोपाइटर
**जगत्र देवि ट्रेडर्स**
पोखरा ९, नयाँबजार, कास्की
मोबाइल नं. ९८५६०६८०२२

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**नेको इन्स्योरेन्स**
पोखरा ८, न्युरोड, कास्की

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**भगवान पोखेल**
प्रोपाइटर
**अस्मिता स्टेशनरी**
पोखरा ८, सृजनाचोक, कास्की

# संघीयतापछिको समृद्धिको आशा



**ऋषि ज्ञवाली**
*कोषाध्यक्ष, राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल*

पञ्चायतको बर्हिगमन र प्रजातन्त्रको आगमनसँगै जन्मिएका म र मजस्ता पुस्ताहरूले यो तीन दशकमा केही थान राजनीतिक क्रान्ति देख्यौँ तर आर्थिक क्रान्ति, औद्योगिक क्रान्तिको प्रतिक्षामा बसिरह्यौँ । हाम्रो पुस्ताका आवश्यकता र चाहना एवम् भावी पुस्ता स्वदेशमै बस्ने वातावरण सिर्जना गर्ने बहस सुन्ने अवसर पाएनौँ ।

यसबिचका करिब ३० वर्ष मध्येको पहिलो दशक सशस्त्र द्वन्द्व र दोस्रो दशक 'सङ्क्रमण' का दशक रहे । उद्यमशील युवामात्र होइन स्थापित व्यवसायीहरू पनि 'गरी खान देऊ !' भनिरहे । चक्काजाम, बन्द, हडतालको निरन्तर विरोध गरिरहेको नेपाल उद्योग वाणिज्य महासंघ स्वयं पटकपटक सडक आन्दोलनमा उत्रियो । उद्योग चलाउन सकिँदैन, तालाचाबी तिमी बुझ सरकार ! लेखेर टाँगिएका काला तुल विराटनगर, वीरगञ्ज औद्योगिक करिडोरमा धेरै देखिए । आठ वर्ष अघि भूकम्पले अर्थतन्त्रलाई हल्लायो, संविधान घोषणापछि पुनर्जीवन मिल्ला भन्ने अनुमान गर्न नपाउँदै संविधानको विरोध भयो । राजनीतिक गतिरोध र लगत्तैको अमानवीय पारवहन नाकाबन्दीले जनजीवन नराम्ररी प्रभावित भयो ।

दुई पटक संविधान बमोजिमका राज्यका तीनै तहमा निर्वाचन सम्पन्न भयो र दोस्रो निर्वाचनको तीनै तहको निर्वाचन परिणाम केही फरक र युवा पङ्क्तिको मतदान फरक देखियो । प्रदेशको संरचनाको विषयमा चर्को विवाद भयो भने कोशी प्रदेशको नामाकरणको विवाद अद्यापि कायमै छ ।

संघीय निर्वाचनपछि राष्ट्रिय दल बन्नका निमित्त कम्तीमा एक जना प्रत्यक्षतर्फ निर्वाचित हुनुपर्ने र खसेको कुल मतको न्यूनतम तीन प्रतिशत मत प्राप्त गर्नुपर्ने कानुनी प्रबन्धले संघीय र प्रादेशिक दुवै तहमा एउटा दलको मात्र बहुमत आउने छ, विगतमा जस्तो 'भ्यागुताको धार्नी' जस्तो गठबन्धन बनाउनु पर्ने छैन, विगतको जस्तो सरकार गिराउन र गठबन्धन तोडफोड गर्न च्याँखे थाप्ने

साना दलहरू रहने छैनन्, संविधानबमोजिम संघीय र प्रादेशिक व्यवस्थापिकाले प्रधानमन्त्री वा मुख्यमन्त्री नियुक्त गरेपछिको पहिलो दुई वर्षमा अविश्वासको प्रस्ताव पेस हुने छैन, विगत दुई दशकभन्दा बढी अवधिमा भोगिए जस्तो अस्थिरता पक्कै हुनेछैन ! राजनीतिक अस्थिरताबिच हुर्केको र अन्त्यहीन जस्तो लाग्ने अस्थिरताले अत्तालिएको पछिल्लो नेपाली पुस्तालाई उच्च राजनीतिक नेतृत्वले निश्चित रूपमा आश्वस्त पार्ने छ भन्ने जस्ता अनेकौं आशा र अपेक्षा आम नेपालीको थियो ।

राजनीतिक अस्थिरताले नेपालको अर्थतन्त्रमा धेरै नकारात्मक प्रभाव पारेको छ । न्यून आर्थिक वृद्धि, मूल्य अस्थिरता, बढ्दो मुद्रास्फीति, न्यून रोजगारी सिर्जना, युवा जनशक्ति पलायन, बढ्दो व्यापार घाटा, वैदेशिक रोजगारी तथा विप्रेषणमा आधारित अर्थतन्त्र, न्यून पुँजीगत खर्च, अत्यधिक प्रशासनिक खर्च आदि-इत्यादि, सबै राजनीतिक अस्थिरताका उत्पादन मानिए ।

## किन राजनीतिक स्थिरता ?

हो, राजनीतिक स्थिरताका सैद्धान्तिक लाभहरू छन् । तर हाम्रो आफ्नै र अन्तर र्राष्ट्रिय परिदृश्यमा राजनीतिक स्थिरताका लामा कालखण्डहरू समृद्धिका होइन कि दुर्गतिका रहेका छन् । उदाहरणहरू बग्रेल्ती छन् – १०४ वर्ष लामो राणा शासनका । राजनीतिक अस्थिरता देखिने आवरण मात्रै हो । यदि सार्वजनिक संस्थाहरूमा असल व्यवस्थापकीय नेतृत्व तथा तिनको कार्यकालको सुनिश्चितता हुने, विधिको शासन र राजकीय कोषको उत्तरदायी तथा उद्देश्यमूलक उपयोग हुने हो भने सरकार परिवर्तनको स्वरूपमा अभिव्यक्त हुने विशुद्ध राजनीतिक अस्थिरताले मात्रै विकास र समृद्धिलाई कुण्ठित गर्दैन ।

गणतान्त्रिक नेपालको संविधान लागू भएपछिको अवधिमा सबैजसो ठुला दलका ठुला नेताहरूले समृद्धिका ठुला कुरा गरेका छन् । कतिपय वर्तमान नेपाली धरातलमा अकल्पनीय लाग्ने विकास आयोजना बनाउँछु भन्ने नेतृत्वको भाषण सामाजिक सञ्जालमा खिल्लीको विषय बनेको छ । आम मानिसहरू आफ्नो जनजीविका सहज तुल्याउने ससाना विकास खोजेका छन् । खानेपानीको आपूर्ति नियमित होस्, खेतीलाई चाहिएको बेला सिचाइँ कुलोमा पानी बगोस्, बिउ र मल समयमै पाइयोस्, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा सर्वसुलभ होस्, धूलो नउड्ने खाल्डाखुल्डी मुक्त सडक होस्, बिजुली नियमित आओस्, सरकारी

कार्यालयबाट पाउनुपर्ने सेवासुविधा बिना झन्झट कुनै अतिरिक्त शुल्क नदिई समयमा नै प्राप्त होस्, जिउ-ज्यान र निजी सम्पत्तिको सुरक्षा होस्, रोजगारी तथा उद्यममा अवसरहरू हुन्, महिला हिंसाको अत्य होस्, भ्रष्टाचाररहित सार्वजनिक प्रशासन बनोस्, देशभित्रै रोजगारीको सिर्जना होस्, विदेशी भूमिमा समृद्ध नेपाल सुखी नेपालीको सपना बोकेका युवाहरूले सिकेको सिप र ज्ञान स्वदेशमै उपयोग गर्ने वातावरण बनोस्, आदि जस्ता सुशासन खोजेका छन् ।

ठुला कुराले रोमाञ्चित त तुल्याउँछ तर बर्सौंदेखि अलपत्र परेका हुलाकी सडक, भेरी बबई डाइभर्सन, पञ्चेश्वर, बुढीगण्डकी जलविद्युत्, द्रूतमार्ग, मध्यपहाडी लोकमार्ग, उत्तर-दक्षिण लोकमार्गहरू लगायत विकास आयोजनाको प्रगति हेरिसकेका छौं ।

नेपालको इतिहासमा सत्ता पतन हुन लाग्दा २००७ साल पुस १४ गते तत्कालीन प्रधानमन्त्री मोहन समसेरले एउटा घोषणामा भनेका थिए - "कि महाराज जङ्गबहादुर र उहाँका अनुगामीहरूले नेपालको अमूल्य रत्न अर्थात् स्वाधीनता कायम मात्र राखेका होइनन् कि झन् बलियो गराई देशवासीहरूलाई सुरक्षा, उन्नति र स्थायी सरकारको फाइदा दिएका पनि हुन् । यी कुराहरू सबै जातिको समृद्धि र सुखको निमित्त नितान्त आवश्यक हुन् ।"

संघीयतापछि पनि प्रयोग भएको 'स्वाधीनता, स्थायित्व र समृद्धि' को नारा शासनको गहनाका रूपमा मोहन समसेरले प्रयोग गर्न खोजेजस्तै भएको छ । यथार्थमा आम नागरिकको जीवनस्तरमा उल्लेख्य परिवर्तन देख्न सकिएन, अनुभव गर्न सकिएन । निरपेक्ष गरिबीको अन्त्य भएन र सानो विपद् पर्दा पनि छिमेकी मुलुक वा दातृ राष्ट्रको मुख ताक्नुपर्ने अवस्था यथावत रह्यो, देश छोड्नेको सङ्ख्यामा कमी आएन ।

नेपालमा राम्रा नीति, कार्यक्रम र आयोजनाहरूको अभाव होइन । (क) विधिको शासन, (ख) समयमा निर्णय गरी गरेको निर्णय समयमा कार्यान्वयन गर्ने क्षमता र (ग) वित्तीय स्रोतको सर्वोत्तम उपयोग गर्ने उल्लिखित तीन कमजोरी सुधार गर्ने हो भने हामी हाम्रा निर्धारित लक्ष्यमा अवश्य पुग्ने छौं । हामी हाम्रा समृद्धिका सपना पूरा गर्न सक्ने छौं ।

जबसम्म विधिको शासन कायम हुँदैन, तबसम्म समृद्धि नारामा मात्र सीमित रहने छ। यदि फेरि पनि शासकीय अधिकारको प्रयोग आफ्नो दल, आफ्नो परिवार, आफ्नो

मान्छेको स्वार्थ पूरा गर्न गरियो भने सहिदले देखाएको सपना पूरा हुन सक्दैन। विधिको शासन छ भने उद्योगी, व्यवसायी, लगानीकर्ता जस्तोसुकै लगानीजन्य जोखिम मोल्न पनि तयार हुन्छन्। पुँजी निर्माण गर्ने लगानीले मात्र दीर्घकालीन र गुणस्तरयुक्त रोजगारीको अवसर सिर्जना गर्न सक्छ। राष्ट्रिय उत्पादन बढाउन सक्छ। बितेका ३० वर्षमा सार्वजनिक संस्थाहरूलाई हदैसम्म पङ्गु बनाइयो। परिणामस्वरूप असल निर्णय गर्ने र गरेको निर्णय निर्धारित समयभित्र कार्यान्वयन गरिसक्ने सामर्थ्य संस्थाहरूले गुमाए। उन्नत आर्थिक र सामाजिक पूर्वाधारविना निजी क्षेत्रलाई लगानीको वातावरण बन्दैन। व्यावसायिक लागत बढ्छ। मूलभूत रूपमा यस्ता पूर्वाधार निर्माण गर्नु सरकारको दायित्व हो। जब सरकारी संयन्त्रले समयमा निर्णय गर्न सक्दैनन्, गरेको निर्णय पनि कार्यान्वयन गर्न सक्दैनन्, तब विकासको गति धिमा हुन्छ। हामीले भोगेको यही हो।

राज्यको पहुँचमा रहेका वित्तीय स्रोतको उपयोग जुन मुलुकमा राम्रो भयो, त्यही मुलुकले तीव्र गतिले विकास गरेको छ। वित्तीय स्रोतको दुरुपयोग अल्पविकासको एउटा प्रमुख कारण हो। वर्तमान संविधानको एउटा सुन्दर पक्ष वित्तीय संघीयता हो। राजस्व उठाउने अधिकार र त्यसको उपयोग गर्ने कर्तव्य जति नागरिकको निकट हुन सक्यो, त्यति वित्तीय उत्तरदायित्व राम्रो हुन सक्छ। गतिलो भौतिक पूर्वाधार, गतिलो सामाजिक सेवा र सामाजिक सुरक्षा स्थानीय सरकारले नै दिन सक्ने भएपछि नागरिक कर तिर्न झन्झट मान्दैनन्। आफ्नो समीपको स्थानीय सरकारले कर लिएअनुसारको विकास दिन सकेन भने उनीहरू त्यहीँ प्रश्न गर्छन्।

पछिल्लो सयम अनेकौं निराशाका बिम्बसँगै केही आशाका किरण पनि पलाएका छन्। जसमध्ये नयाँ नेतृत्वको व्यवस्थापनसँगै लोडसेडिङको अन्त्य, केही स्थानीय तहमा भएका फरक खालका कार्य, केही सार्वजनिक संस्थानको कुशल व्यवस्थापन तथा उत्पादकत्व वृद्धि, सहज तरलताको अवस्था र उत्पादनशील क्षेत्र कर्जा विस्तारको सम्भावना, विद्युत् निर्यातका लागि सम्झौता र प्रयास, होटलहरूको व्यावसायिक विकास तथा विस्तार, स्थानीय तहमा बढ्दो पुँजीगत खर्च आदिलाई सुधारका केही उदाहरणका रूपमा लिन सकिन्छ।

खास गरी स्थानीय उपभोगमा लाग्ने मूल्य अभिवृद्धि करको बढी हिस्सा स्थानीय तहलाई दिने र उठाउने अधिकार पनि उनीहरूलाई दिने हो भने कर प्रभावकारिता बढ्न सक्थ्यो र कर चुहावट रोक्न स्थानीय सरकार सक्रिय हुन्थे। उनीहरूले पाउने अंश कम भएपछि स्वाभाविक रूपमा चुहावट रोक्ने जाँगर पनि कम हुन्छ।

वास्तवमा राजस्व बाँडफाँट र साझा अधिकारको व्यवस्थापनसम्बन्धी कानुनहरू बन्नु अघि संविधानले परिकल्पना गरेको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग गठन गरेको भए वित्तीय संघीयताको अहिलेको भन्दा राम्रो खाका आउन सक्थ्यो । राजनीतिक दलहरूले गरेका समृद्धि वाचा स्थानीय सरकार सफल हुन सके मात्र हासिल हुन सक्छ । आर्थिक गतिविधिहरू, रोजगारी सिर्जनाका क्रियाकलापहरू स्थानीय तहमै हुन्छन्, केन्द्रमा रिक्तता (भ्याकुम) मा होइन ।

स्थानीय तह उत्सुक, सहयोगी र समर्थ नभएसम्म र प्रादेशिक तहले सुशासन नदिएसम्म समृद्धिको यात्रा कठिन हुन्छ ।

कृषिको आधुनिकीकरण गरी आत्मनिर्भर सहितको कृषि उत्पादनमा जोड, औद्योगिक विकास तथा विस्तार, नयाँ पर्यटन क्षेत्रको खोज तथा गुणस्तरीय पर्यटनको विकास, सम्भाव्य खनिज प्रदार्थको उत्खनन, शिक्षा र स्वास्थ्यमा बढ्दो लागत न्युनीकरणका लागि सरकारका नीति तथा कार्यक्रम, प्रत्येक स्थानीय तहमा न्यूनतम रोजगार कार्यक्रम, अनलाइनमा आधारित सरकारी सेवाप्रवाह, क्षतिपूर्तिसहितको सार्वजनिक सेवाप्रवाह, भरपर्दो र विश्वसनीय सुरक्षासहितको राज्य संयन्त्र विकास गरे स्वदेशमै बस्ने, स्वदेशमै फुल्ने, स्वदेशमै फल्ने हाम्रा सपना साकार हुने थिए ।


## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०, नेपाल सम्वत् ११४४, छठपर्व, ईद, चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**जयन्ती चन्द**
प्रोपाइटर

**श्रीलंका महिला सामूदायीक वन उपभोक्ता समिति**
धनगढी-१३, कैलाली

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका
सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**देव बहादुर शाही**
प्रोपाइटर
**वडावन कृषि नर्सरी तथा पशुपंक्षी फर्म**
महावु, दैलेख
मोबाइल नं. ९८६०७५५४८३

## हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली २०८०,
नेपाल सम्वत् ११४४, छठपर्व, ईद,
चासोकतङ्नाम, ल्होसार लगायतका सम्पूर्ण
राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**रिता चौधरी**
प्रोपाइटर
**सि.जि. कम्प्युटर एजुकेशन**
धनगढी-४, उत्तर बेहडी
मोबाइल नं. ९८६९७०२५६६
